कोच राजवंशी जातिको चिनारी

टेक नारायण राजवंशी

साथमा

रण कुमार राजवंशी
पानी लाल राजवंशी
लखन लाल राजवंशी
दल सिंह राजवंशी
पवन राजवंशी
पामर राजवंशी
कमल प्रसाद राजवंशी

कोच राजवंशी
जातिको चिनारी

कोच राजवंशी जातिको चिनारी

टेक नारायण राजवंशी

साथमा

रण कुमार राजवंशी

पानी लाल राजवंशी

लखन लाल राजवंशी

दल सिंह राजवंशी

पवन राजवंशी

पामर राजवंशी

कमल प्रसाद राजवंशी

सुपरिवेक्षण, समीक्षा एवं भाषा सम्पादन

डा. लाल-श्याँकारेलु रापचा, पोष्ट-पीएचडी

प्रकाशक

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

जातिशास्त्रीय चिनारी शृङ्खला ३१

T.U. Central Library of Nepal Cataloguing - in - Publication Data
कोच राजवंशी जातिको चिनारी/टेकनारायण राजवंशी...(र अरूहरू).– ललितपुर: आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०८१ वि.
२८५ पृ. : सचित्र
सन्दर्भग्रन्थसूची : पृ.२८४-२८५
ISBN: 978-9937-9610-9-7
१. जनजाति - नेपाल I. आख्या
N305.891495
ko372 dc 23 20240628018

कृतिः **कोच राजवंशी जातिको चिनारी**

लेखकः **टेक नारायण राजवंशी**

साथमा
रण कुमार राजवंशी
पानी लाल राजवंशी
लखन लाल राजवंशी
दल सिंह राजवंशी
पवन राजवंशी
पामर राजवंशी
कमल प्रसाद राजवंशी

सुपरिवेक्षण, समीक्षा एवं भाषा सम्पादन
डा. लाल-श्याँकारेलु रापचा, पोष्ट-पीएचडी

प्रकाशक
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

सर्वाधिकारः प्रकाशकमा
प्रथम संस्करणः २०८१ असार
प्रकाशन प्रतिः ३००

आवरण कलाः पवन राजवंशी
ले-आउटः काम सिं चेपाङ

ISBN: 978-9937-9610-9-7

समर्पण

किनारामा धकेलिएका
मूलआदिवासी कोच राजवंशी जातिमा...

नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर
फोन नं. : ०१-५१८३२५२, Web: www.nfdin.gov.np

प.सं.
च.नं.

प्रकाशकीय

जातिशास्त्रीय चिनारी शृङ्खला- ३१ मा *कोच राजवंशी जातिको चिनारी* (वि.सं. २०८१) कृतिलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय (आजउरा) प्रतिष्ठान र राजवंशी समाज विकास समितिको संयुक्त प्रयासबाट प्रकाशनमा ल्याउन सफलता मिलेकोमा अत्यन्तै खुशी लागेको छ।

नेपालका आदिवासी जनजातिहरूका जातीय, भाषिक, धार्मिक, सांस्कृतिक जस्ता विविध पक्षहरूमा सहयोग तथा सहकार्य गर्न आजउरा प्रतिष्ठानको स्थापना भएको हो। वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपछि नेपालमा राष्ट्रिय विकास (रावि) समितिमार्फत् मूलआदिवासी जनजातिहरूलाई सहयोग भइरहेकै थियो। तत्पश्चात् वि.सं. २०५८ सालमा प्रतिनिधि सभाले ऐनमार्फत नै आजउरा प्रतिष्ठानको स्थापना तथा रावि समितिको समायोजन मूलआदिवासी जनजातिहरूका हितमा बृहत्तर र प्रभावकारी रूपमा सूचीकृत समुदायहरूका लागि काम गरिरहेको छ।

विभिन्न पिछडिएका समुदायहरूलाई देशको मूल प्रवाहमा समावेश गराउनका लागि वर्षेनी विभिन्न कार्यक्रम र परियोजनाहरू मार्फत सहयोग भइरहेकै छ। मूलआदिवासी जनजातिका बारेमा लेखिएका ऐतिहासिक दस्तावेज, जातीय, भाषिक, सांस्कृतिक, सामाजिक, आर्थिक, धार्मिक आदि विविध आयामका दस्तावेजहरूलाई प्रतिष्ठानले कुनै सिधै त कुनै अध्ययन-अनुसन्धान गराई कृतिको रूपमा प्रकाशन गर्दै पाठकसामु ल्याउने काम भइरहेको छ। यसैको निरन्तरतास्वरूप *कोच राजवंशी जातिको चिनारी* (२०८१) प्रकाशन गरिएको छ।

आजउरा प्रतिष्ठानले सूचीकृत आदिवासी जनजाति समूहका जातीय चिनारी (एथ्नोग्राफिक प्रोफाइल) तयार पार्ने क्रममा अनुसन्धाता तथा लेखक टेक नारायण राजवंशी तथा उहाँसँग हातेमालो गर्नु हुने रण कुमार राजवंशी, पानीलाल राजवंशी, लखनलाल राजवंशी, दलसिंह राजवंशी, पवन राजवंशी, पामर राजवंशी आदि मिलेर यो कृति लेखन गर्नु भएको छ। सो अध्ययन र लेखन प्रक्रियामा वैज्ञानिक पद्धति, मार्गनिर्देशन, सुपरीवेक्षण तथा सम्पादन कार्य आजउरा प्रतिष्ठानका पूर्व प्रमुख अनुसन्धान अधिकृत तथा हाल युनाइटेड कलेज, त्रिविका क्याम्पस प्रमुख डा. लाल-श्याँकारेलु रापचाले जिम्मेवारी लिनु भएकोमा हामी उहाँप्रति आभारी छौं।

कोच राजवंशी जातिको बारेमा यस कृतिले धेरै हदसम्म जान्न र बुझ्नलाई सहयोग पुग्ने नै छ भन्ने अपेक्षा गरेका छौं। प्रकाशित कृतिमा व्यक्त विचारहरू लेखकहरूकै वौद्धिक तथा निजी हुन्।

अन्त्यमा, अध्ययन-अनुसन्धान, लेखनदेखि प्रकाशनसम्मको कार्यमा लेखक तथा कोच राजवंशी विकास समितिको सहकार्य तथा यस कार्यमा सहयोग गर्नुहुने सहभागीहरू, भाषा सम्पादन गर्नु हुने डा. लाल-श्याँकारेलु रापचा साथै यो पुस्तक प्रकाशनसँग प्रत्यक्ष-परोक्ष रूपमा जोडिनु भएका महानुभावहरूलाई एकमुष्ट धन्यवाद व्यक्त गर्दछु।

सरीना गुरुङ
शाखा अधिकृत
अनुसन्धान महाशाखा

विषयसूची

प्रकाशकीय घ
उपाध्यक्षको मन्तव्य झ
राजवंशी विकास समितिको शुभकामना सन्देश ञ
प्राक्कथन तथा कृतज्ञता ट
भन्नै पर्ने कुरा ड

अध्याय - एक
अध्ययनको सिंहावलोकन

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको प्रस्तुति २
१.३ अध्ययनको महत्त्व र औचित्य ३
१.४ अध्ययनको उद्देश्य ४
१.५ अध्ययन विधि ५
१.५.१ तथ्याङ्कको प्रकृति र स्रोत ५
१.५.२ तथ्याङक संकलन विधि ६
१.६ अध्ययन क्षेत्रको छनोट ७
१.७ अध्ययनको सीमा ८
१.८ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण ९
१.९ अध्ययनको संगठन ९

अध्याय - दुई
सामान्य परिचय

२.१ पुर्ख्यौली थातथलो १२
२.२ भौगोलिक क्षेत्र १४
२.३ जनसंख्या १६
२.३.१ झापामा वासबास १६
२.३.२ मोरङमा वसोवास १७
२.३.३ सुनसरीमा वसोवास १८
२.३.४ अन्य जिल्लामा वसोवास १९
२.४ भाषिक र धार्मिक समूह १९
२.५ कोच राजवंशी स्वपहिचान २१

अध्याय - तीन

जातीय इतिहास

३.१	उत्पत्ति इतिहास	२३
३.२	भूमिसँग जोडिएको आदिवासी इतिहास	२४
३.३	अन्य समुदायसंगको सम्बन्ध	२६
३.४	मूलआदिवासी र हिन्दुसँगको सम्बन्ध	२७
३.५	महत्त्वपूर्ण पुर्खाहरूको नाम	२९
	३.५.१ शङकल देव	२९
	३.५.२ भाष्कर बर्मा	२९
	३.५.३ सुदक्षिण	३०
	३.५.४ मयनामति गोपिचन्द	३०
	३.५.५ भगदत्त पाल	३०
	३.५.६ दनुजा मर्दन देव	३०
	३.५.७ नीलध्वज	३१
	३.५.८ विश्व सिंह	३१
	३.५.९ नर नारायण	३१
	३.५.१० शुक्लध्वज (चिला राय)	३१
३.६	आधुनिक राज्य विस्तारपूर्व कोच राजवंशी इतिहास	३२

अध्याय - चार

भूमि र भूगोल

४.१	मूलथलोको साँध सिमाना	४३
४.२	मूल थलोका आदिवासी नामहरू	४५
४.३	वर्तमान नामकरणको स्थिति	४५
४.४	आफ्नो मूल थलोसंगको सम्बन्ध	४७
४.५	जल, जमिन, जंगल, खानी, चरन जैविक विविधता	४८
४.६	भूमिहरण र विस्थापन	४९

अध्याय - पाँच

वासस्थान तथा सामाजिक संरचना

५.१	घरको संरचना	५१
५.२	सामाजिक संरचना	५३
	५.२.१ परिवार	५३
	५.२.२ थर, उप-थरहरू र गोत्र	५५
	५.२.३ नाता कुटुम्ब प्रणाली	५५
	५.२.४ धार्मिक परम्परा र चाल चलनहरू	६०

अध्याय - ६

प्रमुख जीवनचक्र संस्कारहरू

६.१	जन्म संस्कार	७२
६.२	विवाह सस्कारमा परम्परागत विवाह	७७

६.२.१ निमागानी ८८
६.२.२ शुभ विवाहको प्रकृया ९३
६.२.३ मारुवा खुदा ९५
६.३ मृत्यु संस्कार १००
६.४ अन्य संस्कारहरू १०५

अध्याय - सात

मूलआदिवासी धर्म तथा लैंगिक समानता

७.१ धार्मिक संस्कार र लैंगिक पहिचान १०७
७.२ नेतृत्वदायी जिम्मेवारी र भूमिका १०८
७.३ नारीको सम्मानसँग सम्बन्धित पूजाहरू १०८
७.४ विशेष अवस्थामा सुतक बार्ने १०९

अध्याय - आठ

आर्थिक जीवन

८.१ परम्परागत जीविकोपार्जन पद्धति १११
८.२ उत्पादनको साधन र उत्पादन सम्बन्ध १११
८.३ सम्पतिको अवधारणा तथा वितरण प्रणाली ११२
८.४ मूलआदिवासीको भू-स्वामित्व ११३
८.५ श्रमको विभाजन ११४
८.६ खाद्य सुरक्षा ११६
८.७ परम्परागत ज्ञान, सीप र प्रविधि ११६
८.८ परम्परागत आर्थिक संस्थाको उपयोगिता ११८
८.९ स्वदेशी तथा विदेशी रोजगारी ११८
८.९.१ बधुवा मजदुरी ११९
८.९.२ आर्थिक उदारीकरण ११९

अध्याय - नौं

राजनीति तथा मातृभाषाको अवस्था

९.१ परम्परागत राजनैतिक शासन प्रणाली १२१
९.२ परम्परागत न्याय प्रणाली १२२
९.३ परम्परागत संस्थाहरूको भूमिका र महत्त्व १२३
९.४ मातृभाषा १२५
९.४.१ राजवंशी मातृभाषाको वक्ता तथा अवस्था १२५
९.४.२ लेख्य परम्पराको स्थिति १३०
९.४.३ लिपि तथा साहित्य १३१
९.४.४ मातृभाषामा शिक्षाको स्थिति तथा प्रयोग १४०
९.४.५ मातृभाषाको प्रयोग १४१
९.४.६ मातृभाषामा नामकरण १४२
९.४.७ मातृभाषा संरक्षण र सम्बर्द्धन प्रयासहरू १४६

अध्याय-दश

शिक्षा तथा स्वास्थ्य

१०.१ परम्परागत शैक्षिक प्रणाली एवं वर्तमान अवस्था १४७
१०.२ वर्तमान साक्षरता र शैक्षिक अवस्था १५१
१०.३ परम्परागत औषधी उपचार पद्धति तथा वर्तमान अवस्था १५६
१०.४ स्वास्थ्य कर्मीहरू १६१
१०.५ स्वास्थ्य चौकी साथै अस्पतालको सुविधा १६४
१०.६ खानेपानीको सुविधासँगै पहुँच १६६

अध्याय - एघार

भेषभूषा, चाडवाड, खानपान तथा लोकवार्ता

११.१ परम्परागत भेषभूषा १६८
११.१.२ परम्परागत गरगहना र साज सज्जा १७२
११.२ मुख्य मुख्य जातीय चाडवाडहरू १७९
११.२.१ सिरूवा (सिरूआ) पाबनी १८१
११.२.२ कलशा, डेला तथा जात्रा पावनी (बडा दशैं) १८७
११.२.३ गरूवाँसी पाबनी (तिहार) १९०
११.२.४ बड एकादशी १९८
११.२.५ फाकडोल २०१
११.२.६ आसारी घासारी प्रसाद २०४
११.२.७ जगबन्दु पूजा २०८
११.२.८ जन्माष्टमी र दधिकाद २१०
११.२.९ डरा पावनी २१३
११.२.१० बेरा पावनी २१५
११.२.११ जितुवा पावनी २१६
११.२.१२ चरक पूजा वा भक्तियार २२२
११.२.१२.१ माघी सिनान २२६
११.२.१२.२ अन्य संस्कारहरू २२७
११.२.१३ परम्परागत खानासँग प्रचलित चलनहरू २३२
११.२.१३.१ लोकवार्ता २३९
११.२.१३.२ लोक बाजाहरूको सांस्कृतिक पक्ष २४२
११.२.१४ लोक गीत संगीत परम्पराको वर्तमान स्थिति २४७
११.२.१५ दैनिक तथा विशेष बेलामा प्रयोग हुने सामग्रीहरू २५०

अध्याय - बाह

निष्कर्ष २६८

अनुसूचीहरू २७१-२७८
लेखक तथा सम्पादक-सुपरिवक्षक परिचय २७९
सन्दर्भसूची २८५

नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर
फोन नं. : ०१-५१८३२५२, Web: www.nfdin.gov.np

प.सं.
च.नं.

उपाध्यक्षको मन्तव्य

नेपालका आदिवासी जनजातिहरूको मातृभाषा, लिपि, चिनारी, संस्कार-संस्कृतिको अध्ययन-अनुसन्धान गरी प्रकाशन गर्ने सिलसिलामा *कोच राजवंशी जातिको चिनारी* (२०८१) नामक कृति प्रकाशन गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

नेपालको अमूल्य सम्पत्तिका रूपमा रहेका बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक सामाजिक विशेषताहरू हाम्रो देशको अमूल्य तथा विशिष्ट नीधि हुन् । अमूल्य अमूल्य नीधि विकास, संरक्षण, संवर्द्धन एवं प्रवर्द्धन गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय (आजउरा) प्रतिष्ठान ऐन २०५८ मार्फत ५९ समुदायलाई मूलआदिवासी जनजातिको रूपमा सूचीकृत गरिएको छ ।

यही सरकारी संयन्त्रमार्फत् मूलआदिवासी जनजातिसँग सम्बन्धित जाति, भाषा, धर्म, संस्कार-संस्कृति, इतिहास र मातृभाषा साहित्यका अध्ययन-अनुसन्धानदेखि प्रकाशनमा प्रतिष्ठानले सहयोग गर्दै आएको छ। *कोच राजवंशी जातिको चिनारी* (२०८१) त्यही श्रृङ्खलाको निरन्तरता स्वरूप प्रकाशन गरिएको हो ।

यस कृतिले कोच राजवंशी समुदायको भाषिक, सांस्कृतिक, धार्मिक राजनैतिक, आर्थिक र शैक्षिक अवस्थाको उजागर गरी उनीहरूको विभिन्न पक्षमा अध्ययन-अनुसन्धान गर्न चाहने अध्येताका लागि महत्त्वपूर्ण सन्दर्भ सामग्री बन्ने कुरामा विश्वस्त छु ।

अन्त्यमा, अनुसन्धाता तथा लेखक टेक नारायण राजवंशी तथा उहाँसँग हातेमालो गर्नु हुने रणकुमार राजवंशी, पानीलाल राजवंशी, लखनलाल राजवंशी, दलसिंह राजवंशी, पवन राजवंशी एवं पामर राजवंशीका अनुसन्धान तथा लेखन कार्य अझै निखारिदै मूलआदिवासी जनजातिहरूको भाषा, धर्म, संस्कति, संस्कार परम्परागत ज्ञान/सीपप्रतिको चासो औधी प्रगाढ हुदै जानेछ भन्नेमा विश्वस्त छु। साथै यो कृतिको अनुसन्धान, लेखन, सम्पादन, विश्लेषणात्मक टिप्पणी तथा प्रकाशनमा संलग्न सम्बन्धित सबैलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु ।

गोकुलप्रसाद घर्ती
(उपाध्यक्ष)
आजउरा प्रतिष्ठान, सानेपा, ललितपुर

जि.प्र.का. झापा र.नं १४९/२०५०

राजवंशी समाज विकास समिति

केन्द्रिय कार्यालय, झापा

RAJBANSI SOCIETY DEVELOPMENT COMMITTEE

CENTRAL OFFICE, JHAPA मो.नं.:-९८४२०७१९०६, ९८४२०२६६०१

२०८१/०२/२५

शुभकामना सन्देश

नेपालको पूर्वी-दक्षिण भागमा पर्ने झापा, मोरङ र सुनसरी जिल्लाहरूमा सघन वसोवास गर्ने कोच राजवंशी जाति हालमा आन्तरिक र बाह्य बसाइँसराइको प्रभावले आफ्नै ठाउँमा अल्पसंख्यक जातिको रूपमा परिणत हुन पुगेको छ। त्यकारण आफ्नो मौलिक पहिचान दिनानुदिन धरापमा पर्दै गएको छ। राज्य सत्ताद्वारा राष्ट्रिय मूलधारबाट बन्चित गराइएको र राज्यका मुख्य अंगहरूमा समावेशिता न्यून रहेकोले जीवनस्तर लगातार खस्किदै गइरहेको छ।

यस अवस्थामा बाह्य भाषा-संस्कृतिको अत्यधिक प्रभावले गर्दा आफ्नो मौलिक स्वपहिचान जोगाउन हम्मेहम्मे परेको छ। जातीय संस्था राजवंशी समाज विकास (रासवि) समितिले संस्थागतरूपमा आफ्नो मौलिक पहिचान बचाउन निरन्तर प्रयास गर्दै आएको र आजउरा प्रतिष्ठानमा आवद्ध गराई साझेदारीमा विभिन्न गतिविधिहरू सन्चालन गर्न सफल भएकोमा रासवि समिति समस्त प्रतिष्ठान परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछ।

मूल(आदि)वासी जनजातिहरू आफ्नो मौलिक स्वपहिचान संरक्षण गर्ने सिलसिलामा आजउरा प्रतिष्ठानद्वारा *कोच राजवंशी जातिको चिनारी* (वि. स. २०८१) प्रकाशनमा ल्याएकोमा खुशी लागेको छ। यस प्रकाशनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु हुने प्रतिष्ठानका उपाध्यक्ष गोकुल प्रसाद घर्तीमगर र सदस्य सचिव कमल प्रसाद राजवंशीज्यू एवं अनुसन्धान महाशाखा अधिकृत सरीना गुरुङ तथा दिलिप बास्के लगायत समस्त कर्मचारीवर्गप्रति सादर आभार व्यक्त गर्दछौं।

प्रकाशित कृति *कोच राजवंशी जातिको चिनारी* (वि. स. २०८१) ले समस्त कोच राजवंशी समाजलाई जागरुक गराउनुका साथै भाषिक एवं सांस्कृतिक जागरणमा पनि योगदान पुग्ने आशा लिएका छौं। हाम्रो जातिको यथार्थ इतिहासको चित्रण प्रस्तुत गर्ने कार्य, भौगोलिक वसोवास क्षेत्र, भाषा-साहित्य, लिपि, कला, संस्कार-संस्कृति, धर्म-कर्म, चाडवाड, भेषभूषा लगायत तमाम लोकवार्ताको सटिक व्याख्या गर्ने कार्य अति प्रशंसनीय छ।

अन्त्यमा, विगत लामो समयदेखि अहोरात्र खोज-अनुसन्धान कर्म गरी कृति तयार गर्ने सामाजिक तथा वौद्धिक व्यक्तित्व टेक नारायण राजवंशी तथा समूहमा साथ दिनु हुने रण कुमार राजवंशी, दल सिंह राजवंशी, पानीलाल राजवंशी, लखनलाल राजवंशी, पवन राजवंशी, पामर राजवंशी साथै अध्ययन सुपरिवेक्षण, मूल्याङ्कन तथा भाषा सम्पादनमा संलग्न मूलवासी विद्वान् डा. लाल-श्याँकारेलु रापचा समेतलाई रासवि समिति र हाम्रो व्यक्तिगततर्फबाट धन्यवाद दिन चाहन्छौं।

महासचिव
चन्द्र प्रसाद राजवंशी

अध्यक्ष
सुवन्त कुमार राजवंशी

प्राक्कथन तथा कृतज्ञता

नेपालको सबभन्दा पूर्वी-दक्षिणी क्षेत्रमा रहेका ३ वटा जिल्लाहरू झापा, मोरङ र सुनसरीमा सदियौंदेखि सघनरुपले बसोबास गर्ने कोच राजबंशी जातिको आफ्नै किसिमको मौलिक विशिष्ट पहिचान रहेको छ। उनीहरूको अलग पहिचानबाट नेपालको विशेषता अनेकतामा एकताको भावनालाई अझ मजबूत बनाउन मद्दत पुगेको छ।

उनीहरूको आफ्नो अलग्गै मातृभाषा, लिपि, साहित्य, कला, संस्कार, संस्कृति, चाडवाड, धर्मकर्म, भेषभूषा, गरगहना, खानपान, नाचगान, चालचलन रहेको साथै आफ्नै अलग थातथलो र (अ)लिखित इतिहाससमेत रहेकोमा आफूलाई आदिवासी कोच राजवंशीको रूपमा पहिचान गराउँदा आफूलाई गर्वको महसुस गर्दछन्। यसै बारेमा *कोच राजवंशी जातिको चिनारी* (Ethnographic Profile) मा विस्तृत व्याख्या गर्ने प्रयास भएको छ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय (आजउरा) प्रतिष्ठानद्वारा आदिवाासी जनजातिमा सूचीकृत जातिहरूको आ-आफ्नो जातीय चिनारी अध्ययन तथा प्रकाशन गर्ने कार्य अत्यन्तै सह्रानीय छ। यसरी कुनै पनि जातिको जातीय चिनारी सो जातिको अमूल्य सम्पत्तिको रूपमा रहेको मात्र नभई देशकै सम्पत्तिको रूपमा लिइनु पर्दछ।

यस्तो कार्यबाट नै सो जातिको मौलिक पहिचान के, कस्तो, कुन अवस्थामा रहेको छ? भनी ऐना जस्तो छर्लङ्ग देख्न सकिन्छ। यसबाट नै आफ्नो मौलिक पहिचानलाई विश्व समक्ष पुऱ्याउन र पहिचानको विशिष्टताबाट समाज तथा देशले प्राप्त गर्न सक्ने उपलब्धीहरूलाई सुनिश्चित गर्न मद्दत पुग्दछ।

नेपाल सरकारले सामाजिक संरचना अन्तर्गत जातीय सभ्यतालाई पनि उठाउन लिएको लक्ष्य अनुरुप कोच राजवंशी मूलआदिवाासी जातिको आफ्नै थातथलोमा आफ्नै किसिमको मौलिक जातिगत संग्राहालय, विभिन्न ऐतिहासिक, धार्मिक, पर्यटन प्रवर्द्धन केन्द्रहरू, विभिन्न ठाउँमा होमस्टे, होममेड उत्पादन कार्यक्रम संचालनका लागि देखाएको तदरुकताले राष्ट्रियताको जग बलियो हुनुका साथै भविष्यमा नेपालमा पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने कुरामा दुई मत रहँदैन।

मूलआदिवासी कोच राजवंसी जातिको कला संस्कृति, धार्मिक परम्परा, विभिन्न नाचगानमा धनी जातिको रुपमा लिन सकिने आधारहरू छन्। उनीहरूका महिलाहरूले उन्ने र बुन्ने कलादेखि घरको सजावट गर्न साथै पुरुषहरूमा चित्रकला, मुर्तिकला, माटाका सजावटका सामानदेखि काठ र बाँसबाट निर्मित अनेकौं हस्तकला सामान बनाउनमा निकै सिपालु हुन्छन्।

साथै यिनीहरूको परम्परागत थुप्रै नाचगानहरू कतिपय धार्मिक प्रकृतिका मुखुण्डो लगाएर नाच प्रदर्शन गर्नेदेखि लिएर समाजमा घटेका परिघटनामा

आधारित घटनाहरू दुरुस्तै उतारेर सटिक रूपले कटाक्ष अभिनय गर्न सक्ने पाचाली, नटुआ, हुदुरधुरा, ढोलसाहेना जस्ता मौलिक हास्य व्यांगात्मक नाटक तथा प्रहसनहरू प्रर्दशन गर्न अनि उनीहरू गीत गाउन र अभिनय गर्न माहिर हुन्छन् ।

त्यसकारण पहिचानको रुपमा उनीहरूलाई विशिष्ट जातिको रुपमा लिन सकिन्छ। अत: यस आजउरा प्रतिष्ठानका संस्थापक सदस्य आदरणीय बुद्धिजीवी समाजसेवी व्यक्तित्व लेखक टेकनारायण राजवंशीद्वारा मिति २०६७ सालमा उनीहरूको जातीय पहिचान (Ethnographic Profile) तयार गर्ने काम प्रथम पटक भएको थियो। लेखकले तयार पारेको चिनारीकै जगमा र प्रतिष्ठानले निर्धारण गरेको मापदण्डको आधारमा या चिनारी अभिलेखको दोश्रो पटक पुन:लेखन गर्ने कार्य सु-सम्पन्न गरिएको छ।

आवश्यक परिमार्जन गर्नका लागि विभिन्न खोजपूर्ण तथा विभिन्न विद्वान्हरूले लेखेका कृतिहरूको अध्ययन-अनुसन्धान लगायत सामूहिक घनिभूत छलफल र विचार विमर्शपश्चात् दोश्रो पटक यो जातीय चिनारी परिष्कृत रूपमा प्रकाशनमा ल्याउन सफल भएका छौं। यो जातीय चिनारी निर्माणमा प्राज्ञिक भूमिका निर्वाह गरी दिनु हुने प्रतिष्ठानका पूर्व अनुसन्धान प्रमुख डा. लाल-श्यॉंकारेलु रापचा र प्राज्ञिक तथा अनुसन्धान महाशाखाका निमित्त प्रमुख सरीना गुरुङप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं।

प्रकाशन कार्यमा भरपूर सहयोग गर्नु हुने आजउरा प्रतिष्ठानका कार्यकारी सस्य सचिव श्री कमल प्रसाद राजवंशी लगायत सम्पूर्ण टिमलाई हार्दिक आभार व्यक्त गर्दछौं। यसमा कतिपय कुराहरू छुटेका पनि होलान्। त्यसको लागि क्षमा व्यक्त गर्दै आगामी दिनमा यसलाई अझ परिष्कृत बनाउनमा सहयोग, सल्लाह सुझाव दिन सबैमा हार्दिक अनुरोध गर्दछौं।

यो कृतिलाई परिष्कृत गर्ने कार्यमा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याउने सबैमा हार्दिक आभार व्यक्त गर्दै यसको उपसंहार तथा जिल्दा डिजाइन निर्माणमा सहयोग गर्नु हुने आदरणीय मित्र प्राज्ञ पवन एस राजवंशी "मोती" लगायत तथ्याङ्क उपलब्ध गराउने आदरणीय मित्र दिलिप बास्के साथै पेज सेटिङमा मूलवासी काम सिं चेपाङ लगायत प्राविधिक कार्यमा सहयोग गर्ने आदरणीय व्यक्तित्वहरू पामर राजवंशी, लक्ष्य कुमार राजवंशी अनि वर्ण विन्यासमा सहयोग गर्नु हुने परम मित्र सुपेन चन्द्रसिंह राजवंशी तथा भाषा सम्पादनमा डा. लाल-श्यॉंकारेलु रापचालाई विशेष आभार व्यक्त गर्दछौं।

टेक नारायण राजवंशी
रण कुमार राजवंशी (संयोजक)
झापा, प्रदेश नं. १, संघीय गणतन्त्र नेपाल

भन्नै पर्ने कुरा

मैले आजसम्म सुपरिवेक्षण, मूल्याङ्कन तथा सम्पादन गरेका जातिशास्त्रीय चिनारी वा एथ्नोग्राफिक प्रोफाइलका लगभग २५ वटा कृतिहरूमध्ये *कोच राजवंशी जातिको चिनारी* (वि.सं. २०८१) कृतिमा विशेष अनुभव संगाल्ने अवसर मिल्यो। त्यस अवसरका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय (आजउरा) प्रतिष्ठानको अनुसन्धान महाशाखालाई विशेष धन्यवाद दिन चाहन्छु ।

कृतिको अध्ययन चरणको शुरूदेखि नै लेखन कार्यसम्मै मैले सुपरिवेक्षण गर्नु पर्ने कर्तव्य साथै दायित्व हुँदाहुँदै पनि अन्तिममा आएर म आफूले देश तथा विदेशमा उच्च शिक्षा हासिल गर्दाको तथा सिकेको ज्ञान त्यति सदुपयोग गरेर हाम्रा मूल(आदि)वासी जनजाति कोच राजवंशी अनुसन्धाता तथा लेखकहरूको सशक्तिकरणमा योगदान गर्ने खासै मौका नै मिलेन।

मैले आफ्नो बौद्धिक जीवनमा जे जस्तो भूमिका निर्वाह गरेको छु–ती सबैमा मैले दरोखरो काम गरेको छु। सिकेर मात्रै सिकाएको छु। काम पक्का गर्ने प्रयास आजसम्म पनि जारी नै राखेको छु। मसंग "यनकेन प्रकारेण" चल्दैन। काम सही र समयमै हुनु पर्दछ। कामको गुणस्तरमा कमी हुनु हुदैन भन्नेमा म अडिग छु।

हिजो र आज पनि बौद्धिक चोरीको मामलामा अत्यन्तै सजक छु। त्यो मेरो बौद्धिक धर्म हो। त्यसमा हामी सबैले अडिग रहनु नै पर्दछ। किनभने हाम्रो देशको जेठो विश्वविद्यालयमा कुनै एक उच्च पदाधिकारीलाई बौद्धिक चोरी प्रमाणित भएको बौद्धिक कुरीकुरीको इतिहास छ हामीसंग। त्यस्तो कलंकलाई मेट्न हामी सबैले आफ्नो बौद्धिक सीमामा रहनै पर्दछ। यसको मतलव लेखकीय पद्दति वा धर्मलाई अक्षरस पालना गर्नै पर्दछ। जसले जे काम गरे पनि त्यसमा पारङ्गत हुनु अत्यावश्यक छ। अनि मात्रै हाम्रो उन्नयन सम्भव छ। हाम्रो विकास हामी आफैंले गर्ने हो। त्यसैलाई असल नागरिकले पेशागतरूपमा गर्ने कार्यलाई गुड गभरनेन्स वा सुशासन भनिन्छ। सुशासनमा मात्रै मूल(आदि)वासी जनजातिहरूको विकास सम्भव छ।

सिक्ने र सिकाउने कार्यमा हामी जुनै बखत पनि तम्तयार रहनु पर्दछ। यस क्रममा प्रतिष्ठानले पनि त्यस्तो वौद्धिक कर्ममा लागेका हाम्रा मूल(आदि)वासी अनुसन्धाता तथा लेखकहरूलाई सशक्तीकरणको सुकर्मतर्फ पाइला चाल्न ढिला भएको छ। शैक्षिक परिसूचाङ्कमा तल पारिएका निकै मूल(आदि)वासीहरूको वौद्धिक सशक्तीकरणको खाँचो छ।

यस क्षेत्रमा भएका नयाँ परिवर्तनलाई आत्मसात् गर्दै सिकाइ कर्मलाई व्युँताइ रहनु आवश्यक छ। *कोच राजवंशी जातिको चिनारी* (वि.स. २०८१) को तयारी क्रममा मैले अध्ययन टोलीसंग बहस गर्ने र ज्ञान हस्तान्तरण गर्ने प्रयास गरेकै हुँ। विभिन्न चुनौतीहरूका कारण इलेभेन्थ वा जिरो आवर (अन्तिम वा शून्य समय) मा मात्रै मिल्ने साथै बहस गर्ने मौका जुरेको हो। शून्य समयमा मैले जे जति सकें त्यति नै मेरो वौद्धिक कर्म, धर्म र विवेकको रूपमा प्रयोग गरेको छु।

मेरो प्रयाश सफल रह्यो कि रहेन ? भन्ने प्रश्नको उत्तर पाठक वर्गकै मूल्याङ्कनमा सुम्पेको छु। म आफैं पनि आजउरा प्रतिष्ठानमा प्रथम श्रेणी सेवकको रूपमा ई. २०१० देखि २०१५ सम्म कार्यरत थिएँ। सो ५ वर्षको अवधिमा निकै सिक्ने र सिकाउने अवसर पाएको थिएँ। त्यस अवसरको उपयोगिता यस कृतिमा पनि गरेकै छु। जस अपज सबै मेरै तथा परिस्थितिको हो। यस अध्ययनमा अनुत्तरित प्रश्नहरू धेरै छन्। थप खोजको आवश्यकता छ। नेपाली भाषा सम्पादनमा राजवंशी भाषाको हलुका रंगलाई स्थान दिइएको छ भने मानक नेपालीको बहुलवहसलाई स्वीकारिएको छ। पाठक तथा कोच राजवंशी समुदायलाई औधी धन्यवाद छ। हामी सबैको समावेशी जय होस्।

डा. लाल-श्याँकारेलु रापचा, पोष्ट-पीएचडी
सुपरिवेक्षक, समीक्षक एवं भाषा सम्पादक
हाल: क्याम्पस चिफ
युनाइटेड कलेज, त्रिभुवन विश्वविद्यालय

तस्वीर तथा अनुसूचीहरू

तस्वीर नं. १ः कोच राजवंशी घर संरचना साभार स्केच टेक नारायण राजवंशी ५२
तस्वीर नं. २ः पाटत बेहार प्रसाद, कुल गुरुद्वारा पूजा गरिदै ६२
तस्वीर नं. ३ बेहार ठाकुरबारी देवता स्थानमा घरमूलीले पूजा गर्दै गरेको ६३
तस्वीर नं. ४ः किर्तिनिया श्राद्ध कर्ममा शोक धुन बजाउँदै ६३
तस्वीर नं. ५ः किर्तिनियाला पूजा स्थानमा प्रार्थनायुक्त गीत गाउदै गरेका ६४
तस्वीर नं. ६ः गाइन नाच (विवाहको अबसरमा विषहरी देवता खुशी पार्ने नाच) ६४
तस्वीर नं. ७ः राब्निया नाच (विवाहको अवसरमा पवन देवता खुशी पार्न गरिने नाच) ६५
तस्वीर नं. ८ः नाउ, हजाम (श्राद्ध कर्ममा केश, कपाल मुण्डन गरेको र छुरा पानीमा चोभेको) ६६
तस्वीर नं. ९ः हरिलोट (कुल देवताको भजन, किर्तन गाउदै गरेको) ६७
तस्वीर नं. १० ः ग्रामथान (ग्राम माहाराजको प्रतिकको रूपमा हात्तीका मुर्तीहरू) ७१
तस्वीर नं. ११ः पाछटी (कपाल खौरेर सुद्धाइ गरिदै) ७४
तस्वीर नं. १२ः पाछटी समय गोलकुलात थाकाए (गोलो नाङलामा बच्चा सुताएको) ७५
तस्वीर नं. १३ः झाप दुआ गारी (गोरू गाडा) ७९
तस्वीर नं. १४ः शुभदेखा, (केटी हेर्ने परम्परा) ८१
तस्वीर नं. १५ः दुल्हादेखि, (बेहुला हेर्ने परम्परा) ८२
तस्वीर नं. १६ः डालिखारा, (दुलहीका घरमा पान, सुपारी, गर गहना, लुगा कपडा हस्तान्तरण) ८७
तस्वीर नं. १७ः डालि खारा बाद कइना चुमा (डालि खारापछि बेहुलीलाई आशिर्वाद) ८९
तस्वीर नं. १८ः ठाकुरबारीत आदोबास (विवाहको बेला कुल देवताको पूजा) ९३
तस्वीर नं. १९ः मारूआखुदा, (दिदी भिनाजू द्वारा विवाहमा केरागाछी गाड्दै गरेको) ९५
तस्वीर नं. २०ः मारूआर भित्रत बेहा (बेहुला र बेहुली मण्डप भित्र विवाह गर्दै) ९७
तस्वीर नं. २१ः माटित गार्हबा (माटोमा गाडने), मुच्लि (टाँड) १०२
तस्वीर नं. २२ः आँचित जलाबा (चितामा लाश राखिएको) १०२
तस्वीर नं. २३ः कबर उपरत चिल आर परसाद, (अस्थि भूइमा बिसर्जन गरिसकेर
माटोको ढिस्को उपर दिइने पूजा) १०३
तस्वीर नं. २४ः करतियाक हाल्का दिते (क्रियापुत्रीलाई माला लगाइ दिदै) १०३
तस्वीर नं. २५ः दो नरीया चन्द्रहार, ठेङ बाजू, ठेङ खारू, बाजू
(गलामा लाउने माला, खुट्टा लगाउने गहना) १७२
तस्वीर नं. २६ः कमर कोस, (कमरमा लाउने गहना) हासली (घाँटीमा लगाउने गहना) १७२
तस्वीर नं. २७ः गोट माला, चन्द्रहार, टाकारहार (घाँटीमा लगाउने चाँदीका मालाहरू) १७३
तस्वीर नं. २८ः कृष्ण चुरा, नथ (पाखुरामा लगाउने गहना, नाकमा लगाउने गहना) १७३
तस्वीर नं. २९ः सितिबन, ठेङ्खारू, चुराति (निधारमा लगाउने गहना,
खुट्टामा लगाउने गहना, हातमा लगाउने चुरा) १७४
तस्वीर नं. ३०ः कानेर सना, माठा (कानमा लगाउने सुन, हातमा लगाउने चुरा) १७४
तस्वीर नं. ३१ः चुलीचापा, छरानी थका (कपालमा लगाउने गहना, सारीको
पछ्यौरामा बाँधीने साँचोको झुप्पो) १७४
तस्वीर नं. ३२ः ठेङबाजू (खुट्टामा लगाउने गहना) १७५
तस्वीर नं. ३३ः पाथल बाला आङठी, आङठी (औलामा लगाउने औंठी) १७५
तस्वीर नं. ३४ः नाकेर बेसन, कानेर मात्री (नाकमा लगाउने गहना, कानमा लगाउने गहना) १७५
तस्वीर नं. ३६ः बिदागि चार्नि (कुलगुरु विदयीमा दिइने आरती) १९२
तस्वीर नं. ३५ः चुमानि डालि (देउता थान पुजिने आरती) १९२

तस्वीर नं. ३७: बड एकादशी पाबनी (एकादशी बर्त) १९८
तस्वीर नं. ३८: दधिकाद खेल (कृष्ण जन्माष्ठमीमा खेलिने हिले खेल) २१०
तस्वीर नं. ३९: जितुआ पावनी (सोह्र श्राद्धको पूजा) २१७
तस्वीर नं. ४०: भक्तियार पूजा (चरक पूजा) २२२
तस्वीर नं. ४२: तिस्ताबुढि, साजि (साजी नामको देउताको लागि गाउँ घर डुल्दै) २२७
तस्वीर नं. ४३: आसारी-घासारी पर्साद (असार महिनामा धान रोपाइँको शुरूवातको पूजा) २२८
तस्वीर नं. ४४: गुछि लिबार (धान रोपाइँको शुरूवातको पूजा) २२९
तस्वीर नं. ४५: उँका-हुकाहुकि, उँका-हुकाहुकि चुमानि (सन्ठीको अगुल्टो,
ती अगुल्टोहरूलाई आरती गरिदै)। २२९
तस्वीर नं. ४६: चोर चुमानी पर्साद, (चोर चुमानी देवता पूजा)। २३०
तस्वीर नं. ४७: चुलि फेका (भाकल अनुसार कपाल काटने पूजा) २३१
तस्वीर नं. ४८: मुरियालारु, चिउरालारु (मुरही र चिउरा बाट बनेको मिठाई) २३३
तस्वीर नं. ४९: लावा-खोइ, लावालारू (धान भुटेर खेवा, खेवाको मिठाई) २३३
तस्वीर नं. ५०: भाका, पिठ (चामलको पिठोबाट बनाइएको परिकार) २३४
तस्वीर नं. ५१: पअ (चामलको पिठोबाट तयार पारेको परिकार)। २३४
तस्वीर नं. ५२: पेल्का साग, फदगो साग, खारि साग (च्युरा, मुरहीको पिठो र
सागमा सोडा हालेर पकाइएको तरकारी) २३६
तस्वीर नं. ५३: निचा माच, लदियारी माच, पुठि माच (झिङे माछा माछाहरू) २३८
तस्वीर नं. ५४: बाजनाला (बाजाहरू) २४६
तस्वीर नं. ५५: माटिर सामानला (माटाका सामानहरू) २५२
तस्वीर नं. ५५: माटिर सामानला (माटाका सामानहरू) २५३
तस्वीर नं.५६: माटिर भान्डाला (माटाका सामानहरू)। २५४
तस्वीर नं. ५७: बाँससे बेनाल सामनला (बाँसबाट बनेका सामानहरू) २५५
तस्वीर नं. ५८: खुटासे बेनाल सामानला (काठबाट बनेका सामानहरू) २५६
तस्वीर नं. ५९: रेखा तस्वीर खुटासे बेनाल सामानला (काठबाट बनेका सामानहरू) २५७
तस्वीर नं. ६०: पाटार सुतासे बेनाल सामानला (धागोबाट बनेका सामानहरू) २५८
तस्वीर नं. ६१: पाटा, बेँत, पुआलसे बेनाल सामानला, (सनपाट, बेंत,
परालबाट बनेका सामानहरू) २५८
तस्वीर नं. ६२: लुहार सामानला, (फलामबाट बनेका सामानहरू) २६०
तस्वीर नं. ६३: माच मारा सामानला (माछा मार्ने सामग्रीहरू) २६१
तस्वीर नं. ६४: बाँस से बेनाल माच मारा सामानला (बाँसबाट बनेका माछा मार्ने सामानहरू) २६२
तस्वीर नं. ६५: रेखा तस्वीर माच मारा सामानला (माछा मार्ने सामानहरू) २६२
तस्वीर नं. ६६: धक्रा, झालङ बेना सामानला (झल्ला, तन्ना बुन्ने उपकरण) २६३
तस्वीर नं. ६७: गरू गाडिर सामानलार नाम, (गोरू गाडाका पार्टसका नामहरू) २६४
तस्वीर नं. ६४: रेखा तस्वीर- (खेति किसानि आर भान्सा घरेर सामानला) २६५
तस्वीर नं. ६५: रेखा तस्वीर- भान्सा घरेर सामानला (भान्सा घरका सामानहरू) २६५
तस्वीर नं. ६९: रेखा तस्वीर- माच मारा सामानला (माछा मार्ने सामानहरू) २६७
तस्वीर नं. ७०: रेखा तस्वीर- भार बुका सामानला, (भारी बोक्ने औजारहरू) २६७

अध्याय - एक

अध्ययनको सिंहावलोकन

१.१ अध्ययनको पृष्ठभूमि

कोच राजवंशी जाति पूर्वी नेपालको तीन जिल्ला झापा, मोरङ र सुनसरीमा सघन रूपले बस्दै आएका छन् । उनीहरू यहाँका निकै पुरना मूलादिवासी भूमिपुत्रको रूपमा मानिएका छन् । यिनीहरूको जातीय संस्थाको रूपमा राजवंशी समाज विकास, केन्द्रीय समिति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा भगिनी सदस्यको रूपमा संलग्न रही आएको छ ।

उनीहरूको आफ्नै मौलिक भाषा, लिपि, संस्कार, संकृति, धर्मकर्म, चाडवाड, खानपान र नाचगान छ । साथै उनीहरूको प्रथम इतिहास र निश्चित भूगोलमा बसोबास भएकोले प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजातिको सूचीमा सूचीबद्ध भएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय आजउरा प्रतिष्ठान ऐन २०५८ मा सूचीकृत ६० आदिवासी जनजातिमध्ये कोच राजवंशी जाति पनि एक रहेको हुँदा कोच राजवंशी जातिको उत्थानका लागि संस्थागत रूपले प्रयासहरू हुँदै आएका छन् । तर पनि यस जातिको शैक्षिक, आर्थिक, सामाजिक तथा राजनैतिक स्तर उठ्न भने नसकेको प्रस्टै छ ।

भाषिकरूपमा कोच राजवंशी जातिको शब्दकोश, वर्णविन्यास, लिपि, व्याकरण जस्ता सामग्रीहरूको अभाव रहेको छ । साहित्य सिर्जनाका लागि नेपालको सन्दर्भमा आफ्नो स्वलिपि प्रयोग नगरी देवनागरी लिपि प्रयोग गर्न बाध्य भएको अवस्था छ । यसले गर्दा लिपि नै लोपोन्मुख अवस्थामा पुगेको छ । बोलिचाली भाषाको रूपमा

पनि धेरै हदसम्म बाहिरी भाषाको अतिक्रमले यस कोच राजवंशी भाषाको सवलता दिनानुदिन घट्दै गइरहेको पाइन्छ ।

केही युवा पिढीहरूको प्रयासले २ र ४ वटा भिडियो फिल्म र गीति एलबम निकाल्ने बाहेक अरू केही काम गर्न सकिराखेका छैनन्। त्यसर्थ, राज्य स्तरबाट नै मातृभाषा देशको सम्पतिको रूपमा ठानी यसलाई संरक्षण र सम्वर्द्धन गर्न नितान्त जरूरी देखिन्छ।

कोच राजवंशी जातिको उत्पत्तिको इतिहास, ऐतिहासिक दस्तावेजहरू, कोच विहारको इतिहाससँग सम्बन्धित भएको र ती इतिहासको खोज तथा अध्ययन-अनुसन्धान गर्न आवश्यकता रहेको देखिन्छ । आफ्नो गौरवमय इतिहासको जानकारी नभई आफूलाई हिनताबोध भएर बसिरहनु परेको छ ।

त्यसैगरी आर्थिक र सामाजिकरूपले पछि परेको साथै पारिएको र कतिपय जातिगत कला, सीप, तथा जंगली वनस्पति तथा जीवजन्य जडिबुटीहरू पनि हराउँदै गएको अवस्था छ । यसलाई संरक्षण र संम्बर्द्धन गर्न अति नै जरूरी देखिन्छ ।

यस क्षेत्रमा आन्तरिक तथा बाहिरी बसाइँ सराइको प्रभावले गर्दा कोच जाति अल्प संख्यकमा परिणत भएकोले राजनैतिक पहुँचबाट विमुख हुँदै गइरहेको र दिनानुदिन आर्थिक अवस्था झनै गिर्दो छ । ठूला ठूला जमिन्दारहरूकामा कोच राजवंशीका छोरा-छोरीहरू जन मजदुरी गर्न बाध्य हुन पुगेको अवस्था छ ।

उनीहरूको जातीय स्व-अस्तित्व बचाउनका लागि राज्य स्तरबाट पहलकदमी हुनु जरुरी छ। साथै संस्थागत रूपले पहिचान संरक्षणका खातिर जनचेतना अभिवृद्धि गर्न पनि नितान्त जरूरी देखिन्छ।

१.२ समस्याको प्रस्तुति

कोच राजवंशी जातिको आफ्नो ऐतिहासिक मूल थातथलो भूगोल, छुट्टै भाषा, संस्कृति, रहन-सहन, चाडपर्व, धर्म-कर्म, भेष-पहिरन, गर-गहना, नाच-गान, खान-पान मौलिक परम्परा रहेकोले गर्दा आदिवासी जनजातिमा सूचिकृत गरिएको छ। कतिपय मूलवासी वा

आदिवासीहरू देशको प्रमुख अंगहरूमा जस्तैः व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा संलग्न हुन अवसर नपाई देशको मूल धारबाट बञ्चित भएका छन् ।

झन् कोच राजवंशी जातिको त आर्थिक तथा सामाजिक स्तर गिर्दो अवस्थामा छ । शिक्षा, स्वास्थ्य र रोजगारीमा सचेतना हुन सकिरहेको छैन । आफ्नो स्व-पहिचानका बारेमा पनि खासै चासो नभएको अवस्थामा पुगेको छ। आफ्नो भाषा, लिपि, संकट अवस्थामा छ । इतिहास दस्तावेजहरू लुप्त अवस्थामा छ । आफ्नो चाडवाड, धर्मकर्महरू तथा संस्कार-संस्कृतिहरू विलय भएर गइरहेको अवस्था जगजाहेर छ ।

यसरी जातिको पहिचान मेटिएमा उक्त जातिको अस्तित्व नै मेटिन्छ। त्यसर्थ, यस अध्ययनले मुख्यतया निम्न लिखित समस्याहरूको समाधान खोज्ने प्रयास गरेको छ ।

१) जातिको सामाजिक, आर्थिक र सास्कृतिक पहिचानको अवस्था कस्तो रहेको छ ?
२) जातिको उत्पत्तिको इतिहास, मूल थातथलो, सघन बसोबास, ऐतिहासिक पृष्ठभूमि के कस्तो रहेको छ ?
३) परम्परागत नियम, नीति, विचार, प्रथाजनित संस्थाको अवस्था र परम्परागत तान्त्रिक प्रकृया तथा जंगली जडीबुटीको अवस्था कस्तो छ ?
४) जातिको भाषागत रूपमा साहित्य, लिपि, व्याकरण पद्धति, वर्ण विन्यास, शब्दकोश निर्माणको अवस्था के कस्तो छ ?
५) जातिको धर्मको बारेमा प्रकृति पूजक (सनातनी) को अवस्था कस्तो छ ?

उल्लिखित प्रश्नहरूको उत्तर खोजीमा नै यो अध्ययन केन्द्रित रहेको छ ।

१.३ अध्ययनको महत्त्व र औचित्य

कोच राजवंशी जातिको अध्ययनले उनीहरूको इतिहास, भूगोल,

आर्थिक सामाजिक, शैक्षिक र परम्परागत राजनैतिक अवस्था चित्रण गर्ने प्रयास गरिएको छ । यसबाट जातीयय स्व-पहिचान अस्तित्व कायम गर्ने र आफ्नो अधिकारप्रति सचेत रहन वा अधिकार प्राप्तीमा सहयोग हुने छ ।

यस अध्ययनमा उल्लिखित तथ्याङ्कको आधारमा यस जातिको उत्थानकालागि योजना बनाउन, योजना तर्जुमा गर्न र योजना कार्यान्वयन गर्न सम्बन्धित संस्था, नेपाल सरकार, विज्ञ व्यक्ति तथा जुनसुकै सामाजिक संस्थालाई पनि यस अध्ययन महत्त्वपूर्ण हुनेछ ।

१.४ अध्ययनको उद्देश्य

यो अध्ययनको प्रमुख यद्देश्य नै यस कोच राजवंशी जातिको ऐतिहासिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, परम्परागत राजनैतिक अवस्थाको ऐना जस्तै छर्लङ्ग पारी यस जातिको आर्थिक, सामाजिक स्तर उठाउने र आफ्नो स्व-पहिचानलाई जोगाइ आफ्नो अस्तित्वको संरक्षण र सम्बर्द्धन गर्नु रहेको छ। यस अध्ययनको अन्य उद्देश्यहरू निम्न लिखित छन् ।

१) कोच जातिको उत्पति इतिहास, ऐतिहासिक पक्षको मूल थातथलो भूगोलको बारेमा अध्ययन र दस्तावेजीकरण गर्नु।
२) परम्परागत सामाजिक, धार्मिक, सांस्कृतिक, भाषिक र आर्थिक अवस्थाको विश्लेषण गर्नु ।
३) लोप हुन गइरहेको भाषा, लिपि, संस्कार, संस्कृति, नाचगान, चाडवाडहरू प्रकाशमा ल्याई कार्यान्वयन गर्न गराउनमा सचेत गराउनु ।
४) जातिको परम्परागत राजनैतिक, प्रशासनिक, न्यायिक प्रणालीहरूको उल्लेख तथा अभिलख गर्नु ।
५) जातिको लागि विभिन्न निकाय र पक्षका कार्यक्रममा उनीहरूको परामर्श, सहभागिता, समावेशीकरणको अवस्थाबारे जानकारी संकलन गर्नु ।

१.५ अध्ययन विधि

१.५.१ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनका लागि तथ्याङ्कको प्रकृति गुणात्मक तथा परिमाणात्मक दुवै रहेका छन् । यस अध्ययनमा आवश्यक पर्ने जानकारी सूचना तथ्याङ्कहरू दुई भागमा विभाजन गरी संकलन र विश्लेषण गरिएका छन् ।

१) प्राथमिक स्रोत

यस जातिको अध्ययनका लागि प्राथमिक स्रोतको रूपमा स्थलगत भ्रमण तथा चार ठाउँमा सामूहिक छलफल, पाँच पटक बैठक, केही अन्तर्वाता, अवलोकन, फोटो संकलन जस्ता तथ्याङ्कलाई प्रमुख आधार बनाइएको छ। स्थलगत भ्रमणको क्रममा झापाको किचकबध र चिलाहारा तथा मोरङको भेरूवाथान, सुनबर्सी महाराज थान भ्रमण गरी विभिन्न धार्मिक स्थलहरूको विवरण संकलन गरिएको छ ।

अनि त्यस भूगोलमा रहेका विभिन्न स्थानीय विज्ञ विद्वान्हरूको भेला र भागुडुब्बा, महेशपुर, ढुहागढी, आमबारी र कटहरी गरी पाँच स्थानहरूमा पाँच पटक बसी विभिन्न तथ्यहरूको खोज अध्ययन(अनुसन्धान गर्नुका साथै समाजका प्रवुद्ध व्यक्तित्व भिमराज चौधरी, फुलसिंह राजवंशी, अमृतलाल राजवंशी, दरपलाल राजवंशी जस्ता व्यक्तिहरूबाट विविध तथ्यहरू बारे अन्तर्वाता सोधनी गर्ने गरिएको र दलसिंह राजवंशी, पवन राजवंशी, लखनलाल राजवंशीबाट फोटो संकलन गरी जातिगत चिनारीको अध्ययनलाई पूर्ण बनाउन ठूलो सहयोग भएको छ ।

२) द्वितीय स्रोत

कोच राजवंशी जातिको सघन बसोबास क्षेत्र झापा, मोरङ्ग र सुनसरी जिल्लाहरूमा रहेका प्रबुद्ध व्यक्तिहरूहरूले लेखेका अनेकौं कृतिहरूको अध्ययन-अनुसन्धान गरी सत्य तथ्य ढंगले यस जातिको अध्ययनमा समावेश गर्ने प्रयास गरिएको छ । जस्तै: लखनलाल राजवंशी, पानीलाल राजवंशी, ठकनुलाल राजवंशी, फुलसिंह राजवंशी

जस्ता प्रबुद्ध व्यक्तित्वहरूले लेखेका अनेकौं कृतिहरूलाई द्वितीय स्रोतको रूपमा यस जातिको अध्ययनमा राखिएको छ ।

त्यसैगरी राष्ट्रिय स्तरमा रहेका लेखक राजकुमार पोखरेल, प्रा. डा. द्रोण कुमार उपाध्याय, डोरबहादुर बिष्ट, एस.एल शर्मा जस्ता अनेकौं विद्वान्हरूले लेखेका अनेकौं कृतिहरू यसको स्रोतको रूपमामा राखिएको छ भने विदेशी लेखकहरू लखी देवी, एडवाड गैट, चारूचन्द्र सन्याल, कनकलाल बरूवा, अम्बिका चरण चौधरी जस्ता ख्याति प्राप्त लेखकहरूको अनेकौं कृतिहरू पनि दोस्रो स्रोतको रूपमा यस अध्ययनमा राखिएको छ । त्यसैगरी राष्ट्रिय जनगणना, स्मारिका, लेख, रचना जस्ता कुराहरू पनि यस अध्ययनमा लिइएको छ ।

यसरी संकलन गरिएका प्राथमिक तथा द्वितीय स्रोतका तथ्याङ्कहरूलाई निश्चित गुण विशेषता एवं प्रकृतिका आधारमा वर्गीकरण, सम्पादन र प्रशोधन गरी ब्याख्या तथा विश्लेशण गरिएको छ ।

१.५.२ **तथ्याङ्क संकलन विधि**

१) **अन्तर्वार्ता**

जातिको भाषा, साहित्य, लिपि, संस्कार, संस्कृति, धर्मकर्म, चाडवाड, खानपान, भेषपहिरन, गरगहना, भूगोल, इतिहास आदि संरचित-असंरचित प्रश्नावली तथा चेकलिष्टका आधारमा विभिन्न प्रवुद्ध व्यक्तित्वहरू, संस्थाका पदाधिकारीहरू, बुद्धिजीवी, समाजसेवी, अग्रीम नेतृत्वमा रहेका जन प्रतिनिधिहरूबाट पनि अन्तर्वाता लिई आवश्यक सूचना र जानकारी संकलन गरिएको छ ।

२) **अवलोकन**

कोच राजंवशी जातिको सघन बसोबास भएको गा.पा. बाह्रदशीको मटपानी गायाँ, कचनकवल गा.पा.को फेर्साडांगी गाउँ, गौरिगन्ज गा.पा.को हेंगाटोल गाउँ, झापा गा.पा.को कुवाडी गाउँ, त्यसैगरी बयरबन, केरौन, दर्बेसा जस्ता गाउँमा गएर उक्त जातिको सामाजिक

संरचना, खानपान, चालचलन, संस्कार, संस्कृति, कला, सीप, नाचगान, भौगोलिक अवूथा, बसोबास, घरद्वार दैनिक जीवन र अन्य भौतिक सांस्कृतिक सम्बन्धी सूचना र जानकारी संकलन गरिएको छ ।

३) समूह छलफल

यस जातिका बारेमा जान्ने प्रबुद्ध व्यक्तित्वहरू ठाउँ ठाउँमा भेला गराई सामूहिक घनिभूत छलफल गरी यस जातिको मौलिक परम्परा, संस्कार, संस्कृति, चाडवाड, भाषा, उत्पति, इतिहास, साँध सिमाना, धर्म, प्रथाजनित संस्था र कानुन आदि बारे आवश्यक सूचना संकलन गरिएको छ ।

४) मूख्य सूचना दातासँग अन्तर्वार्ता

यस जातिको संस्कार, संस्कृति, चाडवाड, भाषा, साहित्य, इतिहास जस्ता गहन विषयहरूका बारेमा आवश्यक सूचना र जानकारी संकलनका लागि चेकलिष्टका आधारमा विभिन्न जातीय संस्थाका पदाधिकारी व्यक्तित्वहरूसँग अन्तर्वाता लिएर आवश्यक सूचना संकलन गरिएको छ ।

१.६ अध्ययन क्षेत्रको छनोट

यस जातिको सघन बसोबास भएका जिल्ला झापा, मोरङ र सुनसरी अन्तर्गत विभिन्न गा.पा., न.पा. स्थित बस्ती तथा टोलहरूलाई अध्ययनको क्षेत्रको छनोट गरिएका थिए । झापा जिल्लामा सबभन्दा बढी जनसंख्या भएका कारणले यस जिल्लाको बढी ठाउँहरू लिएर अध्ययन क्षेत्र लिइएको छ भने सुनसरी जिल्लामा सबभन्दा कम जनसंख्या भएको कारणले सुनसरीका केही थोरै ठाउँलाई लिएर अध्ययनको क्षेत्र बनाइ आवश्यक जानकारी सूचना लिइएको छ ।

झापा अन्तर्गत मोटापानी, माघुगाउँ, सतानुबारी, मेघाबारी, मन्त्रीबारी, धुलाबारी, तेलीबारी, चैतुबारी, मदन बस्ती, घेराबारी, हल्दीबारी, जलथल आदि जस्ता सघन बसोबास भएका बस्तीहरूलाई

अध्ययनको क्षेत्र बनाइएका छन् भने त्यसैगरी मोरङ जिल्लामा आमगाछी, झुर्किया, रंगेली, दरबेसा, अमरदह, बयरबन, केरोन आदि जस्ता सघन बसोबास भएका क्षेत्रहरूलाई अध्ययनको क्षेत्र बनाइएको थियो ।

१.७ अध्ययनको सीमा

यस अध्ययनको सैद्धान्तिक र व्यवहारिक महत्त्व हुँदाहुदै पनि अध्ययनको उद्देश्यतर्फ सम्बन्धित विषय मूलरूपमा प्रभावित हुन सकोस् भनेर अध्ययनलाई सिमावद्ध गरिएको छ। ती सीमाहरू तपसिल बमोजिमका छन्-

१) अध्ययनको क्षेत्र झापा, मोरङ र सुनसरीमा यस जातिको सघन बसोबास भएका बस्ती ठाउँहरूलाई लिएर अध्ययन गरिएकाले यी जिल्लाहरू बाहेक अन्य क्षेत्रको कोच राजवंशी जातिसँगको सम्पूर्ण कुराहरू मिल्दो-जुल्दो नहुन सक्दछ ।

२) जातिको विभिन्न उप-जाति रहेका छन्; जस्तै: पोलिया राजवंशी, बङहा राजवंशी, मात्रा राजवंशी, खटाहा राजवंशी, देशीया राजवंशी, विराट राजवंशी, कोच राजवंशी, पौण्ड्र राजवंशी, कान्गोई राजवंशी, चाउनिया राजवंशी, 'शरनिया राजवंशी, कामतालि राजवंशी, नेवार राजवंशी, काहार राजवंशी, जलदा राजवंशी, हाजङ राजवंशी, दोभासीया राजवंशी आदि । यस अध्ययनमा कोच राजवंशीलाई मात्र लिइएको हुँदा अन्य राजवंशीसँग मेल नखान सक्कदछ ।

३) कोच राजवंशी जातिको अध्ययन छोटो समय अवधिमा गरिएको हुँदा प्राप्त भएका सबै तथ्य तथा तथ्याङ्कहरू पर्याप्त नहुन सक्छ ।

४) यस जातिका लागि सीमित साधन स्रोत र निश्चित छोटो समयमा अध्ययन गर्नु पर्दा यस जातिको सबै पक्षको विस्तृत अध्ययन गर्न सकिएको छैन ।

५) यस जातिको अध्ययनमा सम्पूर्ण प्राप्त तथ्यहरू, तथ्याङ्कहरू,

सूचनाहरू, वणर्नात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गर्न प्रयास गरिएको छ। यसैका आधारमा यस जातिको ऐतिहासिक पृष्ठभूमि, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक अवस्था, दैनिक जनजीवनको अवस्था, उत्पत्ति पुर्ख्यौली भूमि, वनजंगल, चरन, हालको जग्गा(जमिनको स्वामित्वको अवस्थाबारे उल्लेख गरिएको छ।

१.८ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यस अध्ययनको उद्देश्य अनुसार संकलित तथ्याङ्कहरूको गुण, विशेषता र प्रकृतिको आधारमा विश्लेषण, संश्लेषण र वर्गीकरण गरी प्रस्तुत गरिएको छ। यस अध्ययनमा उपलब्ध भएका तस्वीरहरू, केही रेखा तस्वीरहरू रहेका छन् र ती सबै तस्वीरहरू यस अध्ययनमा तथ्याङ्कककको आधारमा उपलब्ध भएका रेखा तस्वीर, तस्वीरहरू शीर्षक अनुसार क्रमबद्ध विश्लेषण गरी राखिएका छन् भने केही गुणात्मक तथ्याङ्कहरूलाई गहन र बोध गम्य बनाउने आवश्यकता अनुसार वर्णन, व्याख्या र विश्लेषण गरिएको छ। परिणात्मक तथ्याङ्कहरूलाई आवश्यक्ता अनुसार प्रतिशतमा व्याख्या र विश्लेषण गरी तुलनात्मक अध्ययनलाई पनि जोड दिने गरिएको छ।

१.९ अध्ययनको संगठन

यस अध्ययनलाई १२ वटा अध्यायहरूमा संगठित गरिएको छ।

- अध्याय एकमा अध्ययनको सिंहवलोकन,
- अध्याय दुईमा सामान्य परिचय,
- अध्याय तीनमा जातीय इतिहास,
- अध्याय चारमा भूमि र भूगोल,
- अध्याय पाँचमा बासस्थान तथा सामाजिक संरचना,
- अध्याय छमा प्रमुख जीवनचक्र र संस्कारहरू,
- अध्याय सातमा (मूल)आदिवासी धर्म तथा लैंगिक समानता,
- अध्याय आठमा आर्थिक जीवन,

- अध्याय नौमा राजनीति तथा मातृभाषाको अवस्था,
- अध्याय दशमा शिक्षा तथा स्वास्थ्य,
- अध्याय एघारमा भेषभूषा, चाडवाड तथा खानपान,
- अध्याय बाह्रमा निष्कर्ष जस्ता शीर्षकहरूको व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय - दुई

सामान्य परिचय

नेपाली समाज बहुभाषी, बहुधार्मिक, बहुसांस्कृतिक, जात र जातिहरूको बसोबास गर्ने संगम स्थल हो। यहाँ आफ्नै सामाजिक, धार्मिक, तथा सांस्कृतिक पृष्ठभूमि बोकेका विभिन्न मूलवासी आदिवासी जनजातिहरू परापूर्व कालदेखि नै बसोबास गर्दै आएको थलो हो । नेपालमा बसोबास गर्ने यी मूलवासी आदिवासी जनजातिहरूमध्ये सुदूर पूर्वका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा प्राचीन कालदेखि नै बसोबास गर्ने आदिवासी कोच राजवंशी पनि एक हो। यिनीहरूको आफ्नै छुट्टै पहिचान छ, । आफ्नै धर्म, संस्कार, संस्कृति, लुवाइ-खुवाइ, पहिरन, भाषा र लिपि छन्। यिनै पहिचानका आधारहरूले नै यिनीहरू अन्य समुदायहरू भन्दा पृथक छन् ।

विभिन्न विद्वान्हरूले यिनीहरूलाई मंगोलोइड प्रजातिका हुन् भनेर भनेका छन् । ओ. डोनेल (O. Donnel) ले यी कोच राजवंशीहरूलाई मंगोलाइनको तेस्रो शाखाको रूपमा मानेका छन् भने एच.एफ.आइ.टी मागुइरे (H.F.I.T. Maguire) ले पनि यिनीहरूलाई उत्तरतिरबाट आएका मंगोलोइड मूलका हुन् भनेका छन्। त्यस्तै चारूचन्द्र सान्यालले पनि यी कोच राजवंशीहरूलाई मंगालोइड भनेर नै उल्लेख गरेका छन्। सङ्बाङ्भे (सं. २०६८ पा. ३६-४७) ले ताजपुरिया राजवंशी (कोच) ले आफूहरू किरात भएको दावी गर्ने र कोच वंशका चित्र राय इतिहासमा प्रख्यात रहेको ऐतिहासिक तथ्यको उल्लेख गरेका छन् । अत: के भन्न सकिन्छ भने कोच राजवंशीहरू मंगोलोइड मूलका एक प्राचीन जातिहरूमध्ये एक मूलवासी आदिवासी जाति हुन् ।

२.१ पुर्ख्यौली थातथलो

यिनीहरूको प्राचीन पुर्ख्यौली थातथलोको बारेमा पनि विभिन्न विद्वान्हरूले भिन्नभिन्न मत प्रकट गरेको पाइन्छ । प्रा. अम्बिका चरण चौधरीले आफ्नो पुस्तक *Verieties* मा लेखे अनुसार कोच राजवंशीहरूको थातथलो तिब्बतको माथिल्लो पठार कोक-बड क्षेत्र हो । बडको अर्थ भोट-बर्मेली भाषामा 'भूमि' हुन्छ । अथवा कोक भूमिमा आदिम कालदेखि बसोबास गर्ने मानव समूह नै कोच राजवंशीहरू हुन् ।

त्यहाँ यिनीहरूको जनसंख्या वृद्धि र भौगोलिक परिवर्तनको कारणले राम्रो बसाइ र खानाको खोजिमा पहाड, पर्वत र दुर्गम बाटो हुँदै ई. पू. ७००० देखि ५००० वर्ष पूर्व तिब्बतको दक्षिणी क्षेत्र भुटान र ब्रम्हपुत्र नदीको बाटो हुँदै भारतको उत्तर पूर्वको भूमिमा आएका हुन् भनेर चौधरीले लेखेका छन् ।

त्यस्तै बुकानन हेमिल्टनले के भनेका छन् भने R.M. Nath को *द ब्याकग्राउण्ड अव् असामिज कल्चर,* १९७८ *(The Background of Assamese Culture*-1978) कृतिको भनाइ उद्धृत गर्दै कोच राजवंशीहरूको मूल स्थान वा भूमि कुचा भूमि हो। यो कुचा भूमि वर्तमान उत्तरी चीनको सिक्याङ स्वायत्त प्रदेशमा पर्दछ। यस कुराको समर्थन एडभोकेट शिवेन्द्र नारायण कोचले पनि गर्नु भएको छ । सम्भवत: यिनीहरू जनसंख्या वृद्धिको कारणले गर्दा तिब्बतदेखि तिस्ता (टिस्टा) र धर्लानदी हुँदै भारतको उत्तर तथा पूर्वाञ्चल, नेपालको पूर्वी सिमान्त भूमिमा छरिन पुगे ।

वर्तमान नेपालमा यिनीहरू पूर्वका तीन जिल्ला झापा, मोरङ, र सुनसरीमा सघन बसोबास गरी बसे। सं. २०६८ को जनगणना अनुसार यिनीहरूको जनसंख्या झापामा ७३,३८२ मोरङमा ३७,१४८ र सुनसरीमा १,६२५ गरी जम्मा जनसंख्या १,१२,१५५ रहेको छ । यसरी नै स. २०७८ सालको जनगणना अनुसार झापामा ८२,४२१, मोरङमा ४३,१३० र सुनसरीमा १,९७३ गरी जम्मा १,२७,५२४ रहेको छ । यसमा बाहिरी जिल्लाहरूको जनसंख्या ५,०४० थप भई कुल

जनसंख्या १,३२,५६४ रहेको देखिन आउँछ। नेपालको कुल जनसंख्या २,९१,९२,४८० मा ०.४५ प्रतिशत कोच राजवंशी जातिको जनसंख्या रहेको तथ्याङ्कले प्रष्ट्याउँछ।

प्राचीन कालमा यिनीहरू भोट-बर्मेली (अहिले म्याम्मारेली) भाषिक समूहका भए पनि हाल यिनीहरूलाई विद्वान्हरूले भारोपेली भाषा समूहभित्र वर्गीकरण गरेका छन्। हुन सक्छ समयको परिवर्तन, विभिन्न भाषिक समूह बिचको बसाइँ, घुलमिल तथा आदान-प्रदानले गर्दा यिनीहरूको भाषामा भारोपेली भाषिक समूहको प्रभाव र समिश्रणले गर्दा भाषामा धेरै परिवर्तन आएको देख्न सकिन्छ। यो स्वभाविक पनि हो किनकि विश्वको हरेक भाषामा धेरथोर अन्य छिमेकी भाषाको प्रभाव परेको नै हुन्छ, चाहे त्यो तत्सम रूपमा होस् वा तत्भवको रूपमा।

कोच राजवंशीहरूको भाषाको बारेमा डा. लक्ष्मीदेवीले "असम देशेर बुरञ्जी" (आसाम देशको इतिहास) मा लेख्नु भएको छ- "अतीतमा यिनीहरूको आफ्नो निज स्वभाव भाषा थियो"। कालक्रममा यिनीहरूको भाषा हराएर गयो। तर पनि यिनीहरूको भाषामा अन्य भाषाहरूको प्रभाव परे पनि अहिले पनि यिनीहरूको भाषाको प्राचीन रूप देख्न पाइन्छ।

अहिले पनि यिनीहरूको भाषामा भोट-बर्मेली वा म्यान्मारेली भाषा परिवारका धेरै शब्दहरू विद्यमान रहेको पाउँछौं। जस्तै: चेङरा-किशोर। चेङरी-किशोरी। गाभुर-तरूण। गाभरी-तरूणी। बाइ-दिदी। बोहोनु-भिनाजु। डहा-बडर। कुरचिला-खन्युँ। फुट्कि-अंगेरी। फर्सा-काफल। गुट्रा-कुरकुच्चा। हाटुआ-घुँडा। ढक्सा- दुआलि। पाह्या-चक्का, पाङ्ग्रा। मोइ-पटाहा। जंगाली-जुवा। फान-पासो। टिक्ना-तालु। दोरजुआ-गर्भवती। पुहाति-सुत्केरी। दायानी-सुडेनी। पान्जार-करङ। ताखिर, ढेरा, उटकन, (डोरी बाँटने साधन)। यी र यस्तै असंख्य भोट-बर्मेली शब्दहरू यिनीहरूको शब्द भण्डारमा पाइन्छ र दैनिक बोलचालमा पनि यी शब्दहरूको प्रयोग हुन्छ।

कोच राजवंशीहरू हिन्दु धर्मका देवी देवताहरूको पूजाआजा

गरे पनि मूलत: यिनीहरू प्रकृति पूजक हुन् । प्रकृतिका हरेक वस्तु, माटो, वोट विरूवा, नदी, नाला, आगो, पानी, पशुपक्षी, आदिको पूजा गर्दछन् । यिनीहरूको आफ्नो देवीदेवताहरू छन्; जसको पूजा यिनीहरूले आफ्नै परम्परा अनुसार आफ्नै जातिको पुरोहित (गसाई) द्वारा गर्ने गर्दछन् ।

यिनीहरूको धार्मिक पूजाआजामा ब्राम्हण पुरोहितको कुनै आवश्यकता हुदैन । आफ्नो संस्कार संस्कृतिका पूजापर्वहरू वैदिक विधि विधान अनुसार नगरी आफ्नै परम्परागत विधि, रीति-रिवाज अनुसार गर्ने गर्दछन् । त्यसर्थ त के भन्न सकिन्छ भने यिनीहरू हिन्दु धर्मी नभई प्रकृति पूजक हुन् । यिनै धार्मिक संस्कार संस्कृति बोकेका आदिवासी कोच राजवंशी समुदाय नेपालको सबभन्दा पूर्वका तीन जिल्ला झापा, मोरङ, र सुनसरीमा परापूर्वकालदेखि नै सघन रूपमा बसोबास गर्दै आइरहेका छन् ।

यिनीहरू नेपालमा मात्र नभएर भारतको उत्तर पूर्वाञ्चलका आसाम, बंगाल, विहारमा र बाङला देशको केही जिल्लाहरूमा तथा भुटानको तल्लो क्षेत्रमा बाक्लो आवादीको रूपमा बसोबास गर्दै गरेको पाउन सकिन्छ ।

यिनीहरूको छुट्टै आफनो परम्परगत भाषा, धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, खानपान, भेषभूषा, अन्य समुदायबाट पृथक रहेकोले यिनै आफ्ना पहिचानबाट नै आफूलाई अन्य समुदायहरू माझ चिनाउने गर्दछन् । यिनै मौलिक पहिचानका वस्तुहरूबाट यिनीहरू आफूलाई कोच राजवंशी कहलाउन गौरव महसूस गर्दछन् ।

२.२ भौगोलिक क्षेत्र

नेपालको सन्दर्भमा वर्तमान अवस्थामा कोच राजवंशी जातिको भौगोलिक क्षेत्र अलिक फराकिलो बन्दै गएको अवस्था छ किनभने यस समुदायका मानिसहरू पनि वैवाहिक तथा रोजगारीका कारणले आफ्नो पुरानै थातथलोमा बसी रहने परम्परा हट्दै गएको भेटिन्छ । कैयौं घर परिवारहरू राजधानी काठमाडौं लगायत अन्य जिल्लामा बसोबास

भएको अवस्था छ । तथापि, उनीहरूको सघन रूपले बसोबास गर्ने भौगोलिक क्षेत्र नेपालको सुदूर पूर्व-दक्षिण भागमा पर्ने झापा, मोरङ र सुनसरी जिल्लाहरू नै हुन् ।

यस क्षेत्रमा सदियौंदेखि वसोवास गर्दै आएका हुनाले आदिवासीको रूपमा परिचित यिनीहरूले अत्यधिक दुःख-कष्ट झेलेर जंगली जनावर, औलो ज्वरो, विषम ज्वरो, काला ज्वरो जस्ता भयानक महामारी सरूवा रोगसँग लड्दै भिड्दै तथा जंगली डरलाग्दा पशुहरूसँग संघर्ष गर्दै आफ्नो ठाउँमा स्थापित जातिको रूपमा चिन्न सकिन्छ ।

नेपालमा भूमि सुधार ऐन लाग्र हुनु भन्दा अगाडि यस समुदाय अन्तर्गत कैयौं भूमिपतिहरू थिए । राणा कालमा कैयौं जिमदारी र पटुवारी चलाएका व्यक्तिहरू थिए । उदाहरणको रूपमा झापाको खजुरगाछी स्थित आठमौजा । त्यस आठ वटा मौजाको मालिक भिम प्रसाद चौधरीको जम्मा २-३०० विघा जग्गा रहेको थियो । यस्ता किसिमका धेरै उदाहरणहरू ३ वटै जिल्लामा रहेको पाइन्छ । तर हालको अवस्थामा भने यस समुदायका मानिसहरू भूमिहीन सुकुम्वासी हुने क्रम बढ्दो छ ।

यस क्षेत्रका ३ वटै जिल्लाहरूमा यिनीहरूकै मौलिक राजवंशी भाषाको शब्दावलीबाट नै धेरै स्थानीय ठाउँहरूको नाम रहन गएको छ । उदाहरणका लागि काखरभिटा (गंगटा पाउने ठाउँ), हल्दिबारी (बेसार हुने ठाउँ), सिंहरीमारी (सिंहीमाछा मारेको ठाउँ), पाठामारी (बोका, पाठा मारेको गाउँ), चिसाझोरा (गहिरो झरणा भएको ठाउँ), घरामारा (घोडा मारेको ठाउँ), घेराबासी (घिरौला फल्ने ठाउँ), पकापरा (किरा लाग्ने ठाउँ) जाम्रीगुरी (निबु, इामिर फल्ने ठाउँ), कुसियारबारी (खजुरको बोट हुने ठाउँ), कचुबारी (पिँडालु हुने ठाउँ), फेर्साडाडी (काफल फल्ने उँचो ठाउँ), बयरवन (वयर पाउन जंगल), सनबरिस (सनपाट, पटुवा हुने ठाउँ), टाघनडुब्बा (अग्लो घोडाको डुबेको ठाउँ), डायनिया (डायन तान्त्रिक हुन ठाउँ), दाम्नाभिटा (टेटो कुँदिने ठाउँ, महादेवा (देवाधिदेव महादेवको स्थान), रंगेली (रंग खेलिने ठाउँ), कर्सिया (महाराज थान), केरौन (महारज थान) आदि ।

२.३ जनसंख्या

कोच राजवंशीको जनसंख्याको अवस्था हेर्दा भौगोलिक वसोवासको आधारमा निम्मानुसार ४ भागमा विभाजन गरी गर्णन गरिएको छ।

२.३.१ झापामा वसोवास

नेपालको सबैन्दा सुदूरपूर्व-दक्षिण कुनामा अवस्थित झापा जिल्लाको वसोवास अवस्था हेर्दा शुरूमा कोच राजवंशीकै संख्या बाहुल्य थियो। पछिल्लो समयमा यस जिल्लामा बसाइँ सराइको आगमनको प्रभावले यिनीहरूको संख्या अल्पमतमा परिणत भएको देखिन्छ।

नेपालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको उदयपश्चात् राज्यको पुन:संरचना गर्ने सिलसिलामा झापा जिल्लामा १५ वटा पालिकामध्ये ८ वटा नगरपालिका र ७ वटा गाउँपालिका निम्ननानुसार रहेका छन्-

गाउँपालिका	नगरपालिका
(१) बाह्रदशी	(१) मेची
(२) हल्दिबारी	(२) विर्तामोड
(३) झापा	(३) भद्रपुर
(४) कचनकवल	(४) कन्काई
(५) कमल	(५) शनिअर्जुन
(६) बुद्धशान्ति	(६) शिवसताक्षी
(७) गौरीगन्ज	(७) दमक
	(८) गौरादह

यस जिल्लामा स. २०६८ सालको जनगणना अनुसार कुल जनसंख्या ८,१२,६२८ छ भने ०७८ सालको जनगणना अनुसार कुल जनसंख्या ९९४०९० पुगेको छ। सोही जनगणना अनुसार यस जिल्लामा कोच राजवंशी जातिको संख्या ७३,३८२ रहेको छ भने ०७८ सालको जनगणना अनुसार ८२,४२१ रहेको देखिन्छ। जुन संख्यामध्ये झापा जिल्लाको कुल जनसंख्याको ८.३० प्रतिशत जनसंख्या कोच

राजवंशी जातिको छ। जबकि यसभन्दा अगाडि २०६८ सालको जनगणनामा झापा जिल्लाको कुल जनसंख्याको ९.० प्रतिशत संख्या रहेको थियो। यस कारण झापा जिल्लाको कोच राजवंशी जातिको जनसंख्या बर्षेनी घट्दो दरमा रहेकोले उनीहरूको जनसंख्या कमजोर हुदै गएको अवस्था रहेको देखिन्छ।

झापा जिल्लामा राजवंशी भाषीको जनसंख्या १ लाखमाथि पुगेको अनुमान छ। यस जिल्लामा कोच राजवंशीको सघन वसोवास गाउँपालिकाहरू बाह्रदशी, हल्दिबारी, झापा, कचनकवल, गौरीगन्ज, रहेका छन् भने मेची, भद्रपुर, विर्तामोड, गौरादह जस्ता नगरपालिकाहरूमा तत् तत् वडाहरूमा उनीहरूको सघन वसोवास रहेको पाइन्छ भने बाँकी गाउँपालिका र नगरपालिकाहरूमा न्युन वसोवास रहेको छ।

२.३.२. **मोरङमा वसोवास**

झापा जिल्लाको पश्चिम, छिमेकी जिल्लाको रूपमा रहेको मोरङ जिल्लामा कोच राजवंशी आदिवासीको जनसंख्या शुरू कालमा सघन नै रहेको तर पछिल्लो चरणमा आएर मोरङ जिल्लामा पनि मिश्रित जनसंख्या रहेबाट यिनीहरू अल्पमतमा नै परेको अवस्था छ। यस जिल्लामा पालिकाको संख्या र नाम निम्न अनुसारको छ-

(१) उप-महानगरपालिका-१, विराटनगर।
(२) नगरपालिका-८, बेलबारी, लेटाङ, पथरी, रंगेली, रतुआमाई, सुनवर्षी, उर्लाबारी र सुन्दरहरैचा।
(३) गाउँपालिका-८, बुढीगंगा, धनपालथान, ग्रामथान, जहदा, कानेपोखरी, कटहरी, मिक्लाजुङ र केराबारी।

मोरङ जिल्लामा स. २०६८ सालको जनगणना अनुसार कुल जनसंख्या ९६,५,३७० रहेको छ भने २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या ११,४७,१८६ पुगेको छ। यस जिल्लामा जातिगत तथ्याङ्क मुताविक २०६८ सालको जनगणना अनुसार कोच

राजवंशीका संख्या ३७,१४८ रहेको छ। तर ०७८ सालको जनगणना अनुसार यस जातिको जनसंख्या ४३,१३० रहेको देखिन्छ।

तथ्याङ्क अनुसार मोरङ जिल्लाको कुल जनसंख्याको ३.७६ प्रतिशत कोच राजवंशी जातिको जनसंख्या देखिन आउँछ। यस भन्दा अगाडि २०६८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्याको ३.८५ प्रतिशत कोच राजवंशी जातिको जनसंख्या रहेको थियो। तथ्याङ्क मुताविक मोरङ जिल्लामा पनि यस जातिको जनसंख्या दिनानुदिन घट्दै गइरहेको अवस्था छ। राजवंशी भाषीको संख्या लगभग ६० हजार पुगेको अनुमान गर्न सकिन्छ।

यस जिल्लामा नगरपालिकाहरू जस्तै: रंगेली, रतुवामाई, सुनवर्षी तथा गाउँपालिकाहरू धनपालथान, ग्रामथान, जहदा, कटहरी जस्ता पालिकाहरूमा कोच राजवंशी आदिवासीको सघन बसोबास रहेको छ भने उप-महानगरपालिका विराटनगरमा पनि केही वडाहरूमा सघन रूपले नै बसोवास गरेको देखिन्छ भने अन्य बाँकी पालिकाहरूमा भने न्यून रूपमा वसोवास रहेको पाइन्छ।

२.३.३ सुनसरीमा वसोवास

मोरङ जिल्लाको उत्तर-पश्चिममा पर्ने छिमेकी जिल्ला सुनसरीमा कोच राजवंशी आदिवासीको न्युन रहेको देखिन्छ। विषेशगरी यस जिल्लामा कोचिला थारूको नै सघन वसोवास रहेको देखिन्छ। तर हाल आएर सुनसरी जिल्लामा पनि मिश्रित जनसंख्याका वसोवासको अवस्था रहेको पाइन्छ। यहाँ पालिकाको संख्या १२ मात्र रहेको छ। तिनीहरूको विवरण निम्न अनुसारको छ।

(१) उप-माहानगरपालिका-२, इटहरी र धरान।

(२) नगरपालिका-४, इनरूवा, दुहवी, रामधुनी र बराह

(३) गाउँपालिका-६, देव, मञ्च, कोशी, गढी, भोक्राहा र हरिनगरा।

यस जिल्लामा २०६८ सालको जनगणना अनुसार कुल जनसंख्या ७,६३,४८७ रहेको छ भने २०७८ सालको जनगणना अनुसार कुल

जनसंख्या ९,३४,४६१ पुगिसकेको छ । २०६८ सालको जनगणना अनुसार यस जिल्लामा कोच राजवंशी आदिवासीको जनसंख्या मात्र १,६२५ रहेको थियो। २०७८ सालको जनगणना अनुसार यस जातिको जनसंख्या १,९७३ रहेको छ। यसर्थ, यस जिल्लामा यी समुदायको वसोवासको अवस्था ज्यादै कमजोर रहेको पाइन्छ। यस समुदायको वसोवास इटहरी, दुहबी, देवागन्ज र हरिनगरमा केही संख्यामा बसेको भेटिन्छ। अन्य पालिकामा एकदम न्यून वसोवास रहेको छ।

२.३.४ अन्य जिल्लामा वसोवास

वर्तमान परिवेशमा कोच राजवंशी आदिवासी समुदायमा पनि ब्यापार, वैवाहिक र रोजगारीका कारणले गर्दा अन्य जिल्लाहरूमा बसाइँसराइबाट कयौं परिवारहरू छिमेकी जिल्ला इलाम, ताप्लेजुङ, पाँचथर धनकुटा आदि जिल्लामा एवं काठमाडौं राजधानीमा ब्यापार र रोजगारीको सिलसिलामा बसाइँ सरेर गएका छन्। २०७८ सालको जनगणना अनुसार अन्य जिल्लामा कोच राजवंशी जातिको जनसंख्या ५,०४० रहेको देखिन आउँछ। यसबाट के प्रष्ट होइन्छ भने यस जातिको जनसंख्या आफ्नो थातथलो बाहेक अन्य जिल्लाहरूमा पनि विस्तारै विस्तारै जनसंख्या छरिन गएको अवस्था छ।

२.४ भाषिक र धार्मिक समूह

कोच राजवंशी जातिमा एउटा गर्व गर्न लायक कुरा के छ भने नेपालको सन्दर्भमा यिनीहरूको राजवंशी भाषा बोलीचालीमा पूर्व-पश्चिममा अलिक फरक फरक उच्चारण भए तापनि समग्र रूपमा सजिलै बुझ्न सकिने र लेखाइमा एक रूपता कायम गर्न सकिएकोले गर्दा यस भाषाको गरिमा बढेको महसूस हुन्छ । यस भाषाको केही भाषिक समूह (भाषिाका) पनि छन्। देशी थारू, देशी मियाँ, ताजपुरिया, गेन्गाई, धानुक, माक्रा, दास, तेली, सुडी, जोगी, हाडी, माझी आदि इत्यादि।

तिनीहरूले आफूले व्यवहार गरेको भाषा राजवंशी भाषा नमानी

कोही सूर्जापुरी, कोही ताजपुरिया, कोही के के भने तापनि राजवंशी भाषासँग समग्र मेलखाने गर्दछन्। कोच राजवंशी जातिसँग भाषा मात्र नभएर कतिपय खानपिन, पहिरन, संस्कार, संस्कृतिहरू पनि मेल खाने गरेकाले कतिपय घर परिवारहरूको राजवंशी गन्गाई तथा राजवंशी ताजपुरिया विच मागी विवाह पनि हुन थालेको देखिन्छ।

धर्मको अवस्था हेर्दा यस जातिमा केही मात्रामा विचलन भएको अवस्था छ। यस जातिमा केही संख्यामा ईसाइ धर्मावलम्बी पनि भएका देखिन्छन् भने आमरूपले आफूलाई हिन्दु धर्म भनेर नै मानिआएको र खोज-अनुसन्धान गर्दै जाँदा यी जातिहरू हिन्दुकृत भएको इतिहास रहेको छ। वर्तमान अवस्थामा कतिपयले हिन्दुकृत भएकोले आफुलाई हिन्दु मान्नु पर्ने तर्क राखेता पनि जातिय पहिचान र जातिय परिचय दिनु परेमा प्रकृति पुजक सनातनी धर्मलाई नै स्विकार गर्नु पर्दछ भन्ने कयौं विद्वानहरूको धारण रही आएको छ।

धर्मको कुरा गर्नु पर्दा कोच राजवंशी जातिभित्र मत-भिन्नता देखिए तापनि यिनीहरू आनुवांशिक हिसाबले अनार्य र गैर-हिन्दु आदिवासी जनजाति समूहका हुन् भन्ने कुरा विभिन्न इतिहासहरूमा उल्लेख गरेको पाइन्छ। यस अर्थमा कोच राजवंशी जाति हिन्दुको चार वर्णाश्रम वन्तर्गत पर्दैनन् र यिनीहरू हिन्दु होइनन्। अर्को कुरा यिनीहरूको संस्कार संस्कृतिहरू पनि हिन्दु धर्मको संस्कार संस्कृतिहरूसँग पटकै मेल खादैनन्।

यस अर्थमा पनि यिनीहरू हिन्दु होइनन्। तर इतिहास पल्टाएर हेर्ने हो भने कोच राजवंशीका राजा विश्व सिंहले आफूलाई धर्म परिवर्तन गरी हिन्दुकृत भएको घटनाले गर्दा राजवंशीहरू हिन्दुकृत बन्न पुगे भने नेपालको सन्दर्भमा लिच्छवी काल, मल्ल काल, राणा काल, शाह कालको पालासम्म हिन्दु धर्म ग्रन्थलाई अघि राखेर संविधानमा उल्लेख गरी नेपाली जनता हिन्दु हुन् भन्ने अर्थमा मात्रै कोच राजवंशी जातिहरू नेपालको जनता नेपाली भएकोले पनि हिन्दु धर्म अन्तर्गत समेटिएर आफूलाई हिन्दु धर्मावलम्बी भएको जानकारी गराएका हुन्। हाल आएर गणतन्त्रात्मक शासन व्यवस्था प्रणाली

अन्तर्गत नेपालको संबिधानमा धर्म निरपेक्ष भएर आई सकेको अवस्थामा पनि यत्रो वर्ष दबिएर बसेका नेपाली जनताले बल्ल सास फेर्न पाएको अनुभूति गरेको अवस्थामा कोच राजवंशी जाति पनि मूलवासी वा आदिवासी हुन् र उनीहरू प्रकृति पूजक धर्म भनेर भन्न सकेका छन् ।

२.५ कोच राजवंशी स्वपहिचान

कोच राजवंशी समुदायका मानिसहरूले आफ्नो भौगोलिक क्षेत्रमा परापूर्व आदि-अनादि कालदेखि नै वसोवास गर्दै आएकाले यिनीहरू आफूलाई मूल (आदि)वासीको रूपमा चिनाउँछन् । साथै प्राचीन कालदेखि मध्य-कालसम्म तत्तत्-भूगोल क्षेत्रहरूमा कोच वंशीय राजाहरूले लामो समयसम्म शासन गर्दै आएकाले आफूलाई कोच वंशीय राजाहरूका सन्तान कोच राजवंशीको रूपमा चिनाउन गर्व महसूस गर्ने गर्छन् ।

कोच इतिहासको पछिल्लो चरणमा कोच वंशीय राजा विश्व सिंहले आफूलाई हिन्दु धर्ममा दिक्षित गराएदेखि यिनीहरू आफूलाई हिन्दु धर्मालम्बी ठान्दछन् । तर अनुवंशीय रूपले यिनीहरू मंगोलोइड मूलका मानव समूहसँग मेल खाएको र अनार्य मूलका हुन् भन्ने कुरा कयौं इतिहासविद्हरूको मत रहेको छ । त्यसैले यिनीहरू हिन्दुकृत भएता पनि प्रकृति पूजकको रूपमा जल, जंगल, जमिन, वायु, सूर्य, चन्द्र, इनार, तलाउ, पोखरी, खोला एवं प्राकृतिक वन्यजन्तु र वनस्पतिप्रति कुनै न कुनै रूपमा बर्षेनी पूजा आराधना गर्दछन् ।

त्यसकारण यस समुदायमा प्रकृति पूजक सनातन धर्मलाई आत्मसात् पर्नुपर्ने कैयौंको धारण रहेको छ । उनीहरू आफूलाई आफ्नो मौलिक राजवंशी (कामरूपी भाषा) लाई मातृ भाषाको रूपमा र नेपालको सन्दर्भमा देवनागरी लिपिको माध्यमबाट यस भाषाको साहित्य सिर्जना गर्न थालेको भेटिन्छ । यिनीहरूको आफ्नै भौगोलिक थातथलो, अलग आफ्नो मौलिक मातृभाषा एवं भेषभूषा, अलग किसिमको मौलिक संस्कार संस्कृति, विशिष्ट किसिमको खानपिन परिकार तथा रहनसहन व्यवहार पाइन्छ ।

शारीरिक बनावटको रूपमा हेर्दा यिनीहरू प्रायः गहुँगोरो, गोरो, कालो तथा ओठ अलि मोटो, आँखा प्रायः सानो र नाकको टुप्पो प्रायः चुच्चो नभएको, होचा र अग्ला कदका हुन्छन्। यस समुदायको पहिरनमा पुरूष बाहिर जाँदा धोती र कुर्था तथा महिला बाहिर जाँदा पेटानी लगाउने प्रचलन थियो।

तर तत्कालीन डाँगीबारी झापा निवासी जमिन्दार स्व. हंश नारायण राजवंशी (चौधरी) को अगुवाइमा राजवंशी समाज सुधार संस्थामार्फत महिलालाई सारी-चोलो लगाउने प्रचार-प्रसार गरेर सारी लगाउने प्रचलन चलाए। तर अहिले भने राजवंशी वसोवास गरेको सघन बस्तीहरूमा भने केही बूढी आइमाईहरूले पेटानी लगाएको पाउन सकिन्छ।

अचेल युवा पुस्ताका युवतीहरू प्रायः पेटानी लगाउन मान्दैनन्। तर समुदायमा आयोजना गरिएको सांस्कृति कार्यक्रमहरूमा आफ्नो संस्कृति संरक्षण गर्नु पर्छ भन्ने चेतनाले अहिलेका युवतीहरूले पेटानीका साथ सांस्कृतिक गरगहना लगाएर, सजिएर स्टेजमा नाच्ने र कार्यक्रमको अवधिभरि आफूलाई प्रदर्शन गरी हिंडेको पाइन्छ।

पुरूषमा अहिले पाइन्ट, सर्ट, धोती, कुर्था, सुरूवाल, कोट, इस्टकोट र महिलामा कुर्था, सुरूवाल, पाइन्ट, भेष्ट, सारी, चोलो लगाएको पाइन्छ। यसले गर्दा राजवंशी जाति चिन्नु पनि गाह्रो हुन्छ र चिन्ने एउटै उपाय छ- राजवंशी भाषा। राजवंशी महिलाको विवाह भएपछि निधारमा सिंदुर र हातमा शंख चुरा लगाउने चलन छ। अविवाहित केटीहरू सिंदुर र शंखको चुरा लगाउदैनन्। त्यस्तै विधुवाले सेतो सारी वा सेतो पेटानी लगाउने तथा सिंदुर चुरा लगाउने चलन छैन।

अध्याय - तीन

जातीय इतिहास

३.१ उत्पत्ति इतिहास

कोच राजवंशीको आफ्नो उत्पत्तिबारे कुनै किसिमको किम्वदन्ती वा जनश्रुतिहरू पाइदैन । तर यिनीहरू एउटा के कुरामा विश्वस्त छन् भने आदिम कालदेखि नै उनीहरू यस भूमिमा बस्दै आएका हुन् र यिनीहरू अरू कतैबाट बसाइ सरेर आएका होइनन् । यिनीहरू यहाँकै रैथाने आदिवासीहरू हुन् । त्यसैले यिनीहरू आफूलाई यहाँका भूमिपुत्रको रूपमा चिनाउने गर्दछन् । इतिहासको पाना पल्टाएर हेर्ने हो भने यिनीहरू आदिम कोच जातिका वंशज भएको उल्लेख पाउँछौ। इसापूर्वदेखि नै यस कोच वंशका धेरै पराक्रमी राजाहरू प्राचीन भारतको उत्तर-पूर्व क्षेत्रमा राज्य गरेको इतिहास पाइन्छ ।

पन्ध्रौं शताब्दीतिर यिनै कोच वंशीय राजा विशुले ई.सं. १४९६ मा कामतापुर नामको राज्य स्थापना गरी हिन्दु धर्म ग्रहण गरेर आफ्नो जातिगत कोच नामको सट्टा राजवंशी (राजा भएको हैसियतले) नाम ग्रहण गरे र आफ्नो आदिवासी नाम बिशुलाई परिवर्तन गरेर विश्व सिंह राखे । भाइ शिशुको नाम बदलेर शिव सिंह राखे ।

खान चौधरी आमानत उल्ला अहमद (१९३५: ८७) अुनसार राजाको अनुशरण गर्दै उनका कोच प्रजाहरूले पनि आफ्नो जातिवोध नाम राजवंशी राख्न थाले । त्यही तथ्य नै सर एडवर्ड गेइटले पनि आफ्नो ऐतिहासिक पुस्तक *History of Assam* मा लेखेका छन्- "Sisu assumed the name of Bisva Singh and his brother Sisu become Sib Singh, while many of his followers diseardеd their old

tribal designation and called themselves Rajbanshi." तर केही कोच प्रजाहरू राजाको यस निर्णयप्रति असहमति राख्तै आफ्नो आदिवासी जातीय नामलाई परिवर्तन गर्न अस्विकार गर्दै कोच नामलाई नै निरन्तरता दिए ।

कोच वंशका शक्तिशाली राजा विश्व सिंहको मृत्युपश्चात् उनका माहिला छोरा नरनारायण (मल्ल देव) कोच राज्यका राजा भए र उनका भाइ शुक्लध्वज (चिला राय) लाई प्रधान सेनापतिको पदमा नियुक्त गरे । राजा नरनारायणको पालामा सेनापति चिला रायको मद्दतबाट छिमेकका धेरै राज्यहरूलाई जितेर आफ्नो राज्यमा गाभ्न सफल भए ।

उनले आफ्नो राज्य विस्तारको क्रममा वर्तमान नेपालको कोशी नदीसम्म तत्कालीन मोरङ प्रदेश (त्यतिखेरको पश्चिम कोशी नदीदेखि पूर्व टिस्टा (तिस्ता) नदीसम्मको भू-भाग) जितेर भाइ विजय नारायणलाई यस प्रदेशको राजा बनाएपछि राजा विजय नारायणले आफ्नो राज्यको नाम विजयपुर राखे । यिनले धेरै वर्षसम्म राज्य गर्न सकेनन् । सेनवंशी राजा लोहाङ सेनले विजयपुर राज्यमाथि आक्रमण गरी राज्य आफ्नो हातमा पारे । अनुसन्धाता ज्ञानमणि नेपालको खोजमा विजयपुरका राजा विजय नारायणको पतनपश्चात् यिनकै प्रजाहरू राजवंशी नामले झापा, मोरङ र सुनसरीमा बसोबास गर्दछन् ।

३.२ भूमिसँग जोडिएको आदिवासी इतिहास

मूल (आदि)वासीहरू आदिम कालदेखि कुनै निश्चित भू-भागमा बस्दै आउने जाति समुदायका मानिसहरूलाई इंगित गरेर भनिने शब्द हो। यिनीहरूको आफ्नै परम्परागत भाषा, धर्म, संस्कार-संस्कृति हुन्छ; जुन अन्य समुदायबाट पृथक हुन्छ। मूल (आदि)वासी समानतामा आधारित समाज व्यवस्था हुन्छ । मूल (आदिवासी कोच राजवंशी समुदायमा सानो वा ठूलो कुनै भेदभाव हुदैन । आदिवासी कोच राजवंशीहरू कुनै पनि धर्मको विरोध गर्दैनन् । सबै धर्मलाई समान नजरले हेरेर

सबैसित समान सद्भाव र भाइचाराको सम्बन्ध राख्छन् ।

उहिले तराईको भूमिलाई नेपालको अन्न भण्डार भनेर भनिन्थ्यो। यस अन्न भण्डारलाई अन्नले भर्ने काम यहाँका यिनै आदिवासी जातिहरूले गर्ने गर्दथे । यहाँका यस भूमिलाई आफ्नो रगत पसिनाले सिंचेर अन्न उत्पादन गरी आफ्नो र देशवासीको भरण-पोषण गर्ने गर्दथे ।

भूमिमा खनीखोस्री गरेर अन्न उत्पादन गर्नु बाहेक यी आदिवासी कोच राजवंशीहरू अन्य कुनै सीप जान्दैनथे । यिनीहरूको जीविकोपार्जनको मुख्य आधार नै यही भूमि हो भने पनि हुन्छ । तराईका प्रय: भूमि यिनै आदिवासीको स्वामित्वमा रहेको थियो । प्रमाणको रूपमा अहिले पनि सय वर्ष अगाडिको सरकारी तथ्याङ्क पल्टाएर हेर्ने हो भने यहाँका अधिकांश भूमिको स्वामित्व यिनै आदिवासी जातिहरूको नाममा रहेको फेला पर्दछ ।

प्राचीन कालमा तराईको यो भू-भाग जंगलले ढाकेको थियो । जंगलमा अनेकौं हिंस्रक जीव जन्तुहरूको बास थियो । यहाँ भयानक रोग व्याधिको प्रकोप व्याप्त थियो। यिनै हिंस्रक जन्तु जनावरहरूसित लड्दै, रोग व्याधिहरूसित जुझ्दै यहाँको वन जंगलहरूलाई फडानी गर्दै, आफ्नो रगत पसिना बगाएर खेतीयोग्य जमिनमा परिणत गरेर अन्नवाली उत्पादन गर्ने यिनै आदिवासीहरू नै हुन् । त्यसर्थ, जल, जंगल, जमिनसित आदिवासी कोच राजवंशीहरूको सम्बन्ध नङ, मासु जतिकै छ भन्दा हुन्छ ।

कोच राजवंशीको इतिहास पल्टाएर हेर्दा यिनीहरू कतैबाट विस्थापित भएर वा बसाइँ सरेर यहाँ आएको नभई यिनीहरू प्राचीन कालदेखि नै यस भूमिमा बसोबास गर्दै आएका रैथाने आदिवासी हुन्।

आज भन्दा लगभग ४/५ सय वर्ष अगाडि नेपाल वर्तमान स्वरूपमा थिएन । नेपाल भनेर काठमाडौं उपत्यकालाई मात्र भन्ने गरिन्थ्यो । त्यतिखेरदेखि नै यिनीहरू यहाँ बसोबास गर्दै आएको इतिहास पाइन्छ । नेपाल एकीकरणको फन्दामा पर्नु अगाडि हाल नेपालको कोशी नदीदेखि पूर्व भारत बंगालको तिस्ता (टिस्टा)

नदीसम्मको भू-भागलाई मोरङ प्रदेश भनेर भनिन्थ्यो।

सोही मोरङ प्रदेशमा कोच वंशीय राजा बिजय नारायणले राज्य गर्दथे। उनको राजधानी विजयपुर (हाल धरान) मा थियो भनिन्छ। पछि सेनवंशी राजा लोहाङ सेनको आक्रमणबाट परास्त भई राजा विजय नारायण पलायन भए। उनकै वंशज र जाति कुटुम्बहरू सोही मोरङ प्रदेश (झापा, मोरङ, सुनसरी) मा बस्दै आएको इतिहास पाइन्छ। त्यसको कुराको पुष्टि अनुसन्धाता राजकुमार पोखेलले पनि आफ्नो लेख 'हिन्दु धर्म र नेपाली समाज' (*विश्रान्ति* वर्ष-१, अंक ३, २०४४) मा गरेका छन्।

३.३ अन्य समुदायसँगको सम्बन्ध

प्राचीन कालमा यस भेगमा अर्थात् मोरङ-तराई भू-भागमा बहुसंख्यक रूपमा मूल(आदि)वासी कोच राजवंशीको वसोवास थियो। यस बाहेक यहाँ ताजपुरिया, गनगाई, थारू, संथाल, मेचे, धिमाल, आदि मूलआदिवासीहरूको पनि वसोवास थियो। यी आदिवासी समुदाय बाहेक यहाँ अन्य समुदायको वसोवास नगन्य रूपमा थियो।

त्यतिखेर यहाँ औलो, बिफर, कालाज्वर आदि जस्ता रोगहरूको प्रकोप महामारीको रूपमा रहेको थियो। त्यसैले यस क्षेत्रमा महामारीको डरले अन्य समुदायका कोही पनि यहाँ आएर वसोवास गर्न त परै जाओस् आउनसम्म चाहदैनथे। भनौं आउदैनथे। पछि औलो उन्मुलन र खोपको कारणले विस्तारै विस्तारै यस क्षेत्रबाट औलोको प्रकोप हराउँदै जान थाल्यो, विफर र कालाज्वर जस्ता महामारीहरूको प्रकोप पनि नियन्त्रण हुन थाल्यो।

त्यसपश्चात् यस क्षेत्रमा उत्तरका पहाडी क्षेत्रबाट विस्तारै विस्तारै मानिसहरू आएर वसोवास गर्न थाले। प्रारम्भमा यी नौला नवागन्तुक समुदायका मानिसहरूसित यहाँका रैथाने मूलआदिवासी समुदायको सम्बन्ध छिटपुटरूपमा असहज र कटुतापूर्ण रह्यो।

यहाँका मूलआदिवासी समुदायका मानिसहरू हदैको सोझा, सिधा-सादा, छलकपट गर्न नजान्ने, सहजै अरूको विश्वास गर्ने जस्तो

स्वभावको र पहाडतिरबाट र भारत विहारतिरबाट आउने केही मानिसहरू अति धूर्त, चालख र छलकपट गर्ने स्वभाव भएको कारणले यी दुई समुदायको सम्बन्ध त्यति सहज थिएन र भएन ।

यस्तो असहजपूर्ण वातावरणले गर्दा यी दुई समुदायको बिच कहिलेकाहीं कटुता र टकरावको स्थितिको पनि सृजना नभएको होइन । तर विस्तारै समय परिवर्तन हुदै गयो । परिस्थिति बदलिदै गयो । वातावरण पनि सहज बन्दै गयो । फलस्वरूप विस्तारै विस्तारै यी दुई समुदाय बिच सद्भाव, भाइचारा र घुलमिलको वातावरणको सृजना हुदै गयो । अहिले हेर्ने हो भने दुई समुदायको बिच वैचारिक, सैद्धान्तिक मतभेद भए पनि एक आपसमा सहयोग, सद्भाव, लेनदेनको भावनाको विकास, एक अर्काको संस्कार संस्कृतिप्रति सम्मानको भाव विकसित भएको पाइन्छ ।

मूलआदिवासी कोच राजवंशीहरूको आफ्नै भूमि वा थातथलो छ । नेपालको सुदूर पूर्वका तीन जिल्ला झापा, मोरङ, र सुनसरी उनीहरूको प्राचीन ऐतिहासिक भूमि हो । उनीहरू कतैबाट विस्थापित वा बसाइँसराइ भएर यस भूमिमा आएका जाति होइनन् भन्ने अध्ययनले देखाउँछ । यो भूमि यिनीहरूको प्राचीन पुर्ख्यौली भूमि हो ।

मूलआदिवासी मूलत: हिन्दु होइनन् । यिनीहरू आदिम कालदेखि नै यिनै वनजंगल, पशुपक्षी, खोलानाला आदिको संसर्गमा रहेर खेतीपाती गर्दै आफ्नो जिवीकोपार्जन गर्ने सरल जाति हुन् । त्यसर्थ, यिनीहरूको बाँच्ने, खाइजिवीकाको प्रमुख आधार नै यिनै प्राकृतिक उत्पादनहरू भएकाले यिनीहरू प्रकृति धर्मी हुन् । प्रकृतिका यिनै बोटविरूवा वनजंगल, पशुपंक्षी, जल, जमिनलाई यिनीहरू देवताको रूपमा मान्ने र पुज्ने गर्दछन् ।

३.४ मूलआदिवासी र हिन्दुसँगको सम्बन्ध

मूलआदिवासी भनेको नै आदिम कालदेखि कुनै निश्चित भूमिमा वसोवास गर्ने आदिम जाति हो भने हिन्दु कुनै एक धर्म वा धार्मिक सम्प्रदायसित आवद्ध भएको नाम हो । हिन्दु मूलत: आर्यहरू नै हुन्-

जो ई.पू. २०००-१५०० यसोतिर यस भूमिमा प्रवेश गर्ने क्रम शुरू गरेका हुन भनेर विभिन्न विद्वान्हरूको मत छ ।

तर कोच, मेचे, थारू, राभा आदि मूलआदिवासी जातिहरू हुन् । आर्यहरू भारतीय उप-महाद्वीपमा प्रवेश गर्नु भन्दा धेरै पहिलेदेखि नै यहाँ वसोवास गर्दै आइरहेका छन् भनेर विद्वान्हरू भन्दछन् । त्यस्ता विद्वान्हरूमा Hedgson ले लेखेको छन्, "The Kochs lived before the Aryans came" अर्थात् मूलआदिवासी कोच राजवंशीहरू, आर्य हिन्दुहरू यहाँ आउनु भन्दा पहिलादेखिका नै यहाँका बासिन्दा हुन् भने यिनीहरू हिन्दु हुन सक्तैनन् । हो, धर्मान्तरित हिन्दु हुन सक्छन् ।

यति मात्र होइन हिन्दु र मूलआदिवासीमा धर्मले मात्र होइन संस्कार, संस्कृति, रीतिरवाज, आचारविचार आदिमा पनि भिन्नता रहेको पाइन्छ । उदाहरणको रूपमा भन्ने हो भने हिन्दुहरू जन्मदेखि मृत्युसम्म मान्ने दश वटा कर्म हुन्छ; जबकि कोच राजवंशीहरूले मान्ने मात्र पाँच कर्महरू हुन्छन् ।

हिन्दुहरूमा १०/१२ वर्ष पुगेपछि बालकको वैदिक विधि अनुसार उपनयन संस्कार गरी यज्ञोपवित धारण गर्ने चलन छ । तर कोच राजवंशीहरूमा यस्तो चलन छैन । हिन्दु धर्ममा गोमूत्र सेवन गरेर चोखिने चलन छ भने कोच राजवंशीहरूमा हजामद्वारा देब्रे हातको कान्छी औंलाको नङ काटेको हजामको छुरा पानीमा चोभेर त्यो पानी घरमा छर्केर चोखिने चलन छ । हिन्दु यज्ञ प्रधान धर्म हो भने कोच राजवंशीहरूमा यज्ञ गर्ने चलन हुदैन ।

हिन्दुहरू आफ्नो पूजाआजामा वैदिक मन्त्रको उच्चारण गर्ने गर्छन् भने कोच राजवंशीहरू आफ्नै भाषामा मन्त्र उच्चारण गरी पूजा सम्पन्न गर्ने चलन हुन्छ । हिन्दु वर्णाश्रममा ब्राम्हणलाई सर्वश्रेष्ठ वर्णको रूपमा मान्ने गरिन्छ । ब्राम्हण बाहेक अन्य कुनै पनि वर्णका मानिसले धार्मिक कार्यमा पुरोहितको कार्य गर्न सक्तैन । तर कोच राजवंशीमा भने कुनै पनि सक्षम व्यक्ति आफ्नो गुरूद्वारा दिक्षित भई तन्त्र-मन्त्रहरू सिकेर पुरोहित पद प्राप्त गरे पुरोहित कार्य गर्न सक्छ ।

हिन्दुहरूमा वंश चिनाउने आ-आफनै किसिमका गोत्र हुन्छन् भने

कोच राजवंशीहरूको गोत्र हुदैन । तर गुरू पक्षधर परूआ हुन्छन् । ती जम्मा १८ वटा परूआ हुन्छन् । अरू यस्ता धेरै भिन्नताहरू छन्, जसले कोच राजवंशीहरूलाई हिन्दुबाट पृथक परिचय वा पहिचान दिलाएको छ ।

३.५ महत्त्वपूर्ण पुर्खाहरूको नाम

कोच राजवंशीहरूको इतिहास पल्टाएर हेर्ने हो भने प्राचीन कालदेखि नै विभिन्न काल खण्मा भारतीय उप-महाद्विपको विभिन्न स्थानमा कोच राजवंशी विभिन्न राजाहरूले राज्य गरेको प्रमाणहरू पाइन्छ । ती मध्ये केही महत्त्वपूर्ण राजाहरूको नाम तल उल्लेख गर्ने चेष्टा गरिएको छ ।

३.५.१ शङकल देव

फारसी इतिहासकार कासिम फेरिस्ताको कुरालाई उद्धृत गर्दै *Studies in the Early History of Assam* (1973) मा इतिहासकार कनकलाल बरूवाले यिनको शासन काल ई.पू. सातौं शताब्दी उल्लेख गरेका छन् । कर्नेल सेक्सपियरले शङ्कल देवको उदय भएदेखि कोच राजत्वको प्रारम्भ काल भएको र यिनी भगदत्त वंशीय थिए भनेर *History of Upper Assam* कृतिमा लेखेका छन् ।

३.५.२ भाष्कर बर्मा

इतिहासकार खान चौधरी आमानत उल्ला आहमदले आफ्नो ऐतिहासिक पुस्तक कोच विहारेर इतिहास (२००७: ७४) मा *The History of Upper Assam* का लेखक कर्नेल सेक्सपियरलाई उद्धृत गर्दै शंकर देवलाई कोच जातिको मानिस तथा भगदत्त वंशीय भएको लेखेका छन् । त्यस्तै *कामरूप शासनावली-राजावली-१८* कृतिमा सातौं शताब्दीका कामरूपका राजा भाष्कर वर्मालाई भगदत्त वंशीय नै भनेर उल्लेख गरेका छन् ।

अत: शङकल देव र भाष्कर वर्मा एउटै वंश (भगदत्त) को

नाताले भाष्कर वर्मा पनि कोच जातिकै हुन् भन्ने आधार छ। भाष्कर बर्माको पालामा ६४३ ई.पू. मा चिनिया यात्री हुएन साङले कामरूप भ्रमण गरी यात्रा संस्मरण लेखेको पाइन्छ। भाष्कर सम्वत पनि यिनकै पालामा चलाएको भनेर कतिपय इतिहासका कृतिहरूमा उल्लेख गरेको पाइन्छ। हालसम्म पनि कोच जातिका मानिसहरूले कुनै शुभ कार्य गर्दा र विषेश-विषेश चाडवाडहरूको तिथि-मिति भाष्कर सम्वत अनुसारै व्यवहारमा प्रयोग गर्दै आइरहेका छन्।

३.५.३ सुदक्षिण

सुनीति चटर्जी S. K. Chatterjee (१९७४ पाना ११३) ले रामा प्रसाद चन्डाको सन्दर्भ जोडेर पौराणिक कालमा योगिनी तन्त्र र पद्म पुराणमा पुराणमा कोम्च साथै कुवाच शब्दहरू नै कोचको मूल भएको लेखेका छन्। राजा सुदक्षिण एक वीर पराक्रमी राजा थिए। कम्बोज कोच नासिक्य ध्वनिको संस्कृत रूप हो।

३.५.४ मयनामति गोपिचन्द

नगेन्द्रनाथ वसु अनुसार मयनामति र गोपिचन्द कोच वंशीय राजाहरू नै थिए जो एघारौं शताब्दीमा रंगपुर जिल्लामा राज्य गर्दथे। यिनीहरू प्राचीन कामरूपकै राजा थिए।

३.५.५ भगदत्त पाल

इतिहासकार आमानत उल्ला अहमद अनुसार ईशाको दशौं शताव्दीतिर गौडका पालवंशी राजाहरूको समयमा भगदत्त पाल नाम गरेका एक कोच वंशीय राजा मधुपुर (हाल बाङला देशको मैमन सिंह जिल्ला) मा राज्य गर्दथे।

३.५.६ दनुजा मर्दन देव

यिनी कोच जातिको एक पराक्रमी राजा थिए। ईशाको १४१० देखि १४१८ सम्म बाङला देशमा शासन गरेका थिए।

३.५.७ नीलध्वज

इतिहासकार खान चौधरी आमानत उल्ला अहमद २००५) ले आफ्नो कृति *कोच विहारेर इतिहास*मा कामरूपको इतिहासमा नीलध्वजलाई कोच वंशीय राजा भनेर उल्लेख गरेका छन्। यिनीलाई कामतापुरको संस्थापक राजा भनेर पनि भनिन्छ। कामतापुरको अधिष्ठात्री देवी कामतेश्वरीको स्थापना यिनैले गरेका थिए। यी बाहेक कोच वंशीय अरू धेरै राजाहरू जस्तैः पृथुराम, सन्ध्याराम, दुर्लभ नारायण, नीलाम्बर, चक्रध्वज, राजाहरू कामतापुरमा शासन गरेको इतिहास पाइन्छ।

३.५.८ विश्व सिंह

ईशाको १५ औं शताव्दीतिर यिनी कामतापुरको एक पराक्रमी कोच राजाको रूपमा उदय भए। यिनको आसपासका धेरै राजा रजौटाहरूलाई जितेर एक विशाल कामतापुर राज्यको विस्तार गरे। यिनले ई. १४९६ देखि १५२३ सम्म कामतापुरमा राज्य गरे। यिनलाई विशाल कोच साम्राज्यको शक्तिशाली राजाको रूपमा चिनिन्छ।

३.५.९ नर नारायण

यिनी राजा विश्व सिंहका माहिला छोरा थिए। बुवाको मृत्युपश्चात् कामतापुर राज्यको राजा भएका थिए। यिनले कोच राज्यलाई अझ विस्तार गरे। यिनकै पालामा कोच राज्यको सीमा तत्कालीनन मोरङ प्रदेशको पश्चिम कोशी नदीसम्म विस्तार गरेका थिए। यिनले १५२३ देखि १५८७ ई. सम्म कामतापुरमा शासन गरे।

३.५.१० शुक्लध्वज (चिला राय)

कछाडेर इतिहास कृतिमा उल्लेख भए अनुसार यिनी राजा नरनारायणका साइला भाइ र कोच सेनाका सेनापति थिए। यिनले सेनापतिको रूपमा निकै नाम कमाए। यिनी एक पराक्रमी योद्धा थिए। चिल झैं झम्टेर शत्रु सेना माथि आक्रमण गरी शत्रु सेनालाई परास्त गर्न

युद्ध कौशल भएकोले यिनको नाम “चिला राय” रहन गयो भन्ने लोककथन छ । तथापि, गहन अध्ययन गरेर लोककथनलाई कसी लगाउनु आवश्यक छ। कोच इतिहासमा यिनी चिला रायको नामले प्रख्यात छन् । उनै चिला विश्व संग्रामसिंह प्रथमको नामले पनि चिनिन्छन् । वर्तमान कालमा आसामको बगाई गाँअ जिल्ला अर्न्तगत अभयापुरी क्षेत्रमा चिला रायको शालिक भव्य रूपमा अवस्थित छ ।

कुनै पनि समुदायको लागि आफ्ना महान पुर्खा वा व्यक्तित्वहरूको महत्त्व सदासर्वदा रहिरहन्छ । ती महान व्यक्तित्वहरूले गरेका महान कार्यहरूको हामीले सदासर्वदा स्मरण गर्नु भनेको तिनीहरूले देखाएको बाटोमा निरन्तर अग्रसर भइरहनु हो । त्यो हाम्रो कर्तव्य पनि हो । झन् हामी मूल-आदिवासीहरूको वर्तमान आफ्नो पहिचान भाषा, धर्म, संस्कार, संस्कृति लोप हुने संकटबाट गुज्रिरहेको अवस्थामा यी हाम्रा पुर्खाहरूले देखाएको बाटोमा अग्रसर हुनु बाहेक अस्तित्व बचाउने अन्य कुनै उपाय देखिएका छैन ।

३.६ आधुनिक राज्य विस्तारपूर्व कोच राजवंशी इतिहास

आधुनिक राज्यको विस्तार अगाडिको कोच राजवंशीको संक्षिप्त इतिहास विवरण यहाँ प्रस्तुत गरिएको छ । कोच राजवंशी जातीय इतिहासको पृष्ठभूमि जान्नका लागि नेपालको आधुनिक इतिहास भन्दा प्राग-ऐतिहासिक नेपाल तथा विश्वका अन्य जातिहरूको इतिहास केलाउन आवश्यक छ ।

आधुनिक नेपाल निर्माण हुनु भन्दा हजारौं वर्ष पहिला मिथिला, किराँत, सेन, पाल, मल्ल, लिच्छवी, बाइसी चौबिसी राज्य, मकवानपुर आदि राज्यहरू थिए । त्यसरी नै वर्तमान पूर्वी नेपालको कोशी नदी पूर्व तराई खण्ड चाहिँ अति पौराणिक प्रागज्योतिशपुर तथा प्राचीन कामरूप अर्न्तगत थियो भन्ने कुरा इतिहासहरूमा उल्लेख गरिएको पाइन्छ ।

अति प्राचीन समयको रामायण, महाभारत, तन्त्र, पुराण आदि धार्मिक ग्रन्थहरूमा प्रागज्योतिष कामरूप देशको कुरा उल्लेख गरिएको

पाइन्छ । निश्चय नै एउटै देशलाई प्राचीन कालमा प्रागज्योतिष र मध्य कालमा कामरूप भनिन्थ्यो । प्रागज्योतिष भन्ने देश महाभारत युद्धको समयमा बंगर जिल्ला, जलपाईगुडी, कोच विहार, रंगपुर, मैमनसिंह, ढाका, त्रिपुरा, पाबानाको विशेष भाग र नेपाल देशको एक भाग साथै आधुनिक आसामको श्रीहट्ट र विहार प्रान्तको पूर्व भाग समुच्चा प्रागज्योतिष नामको देशभित्र पर्दथ्यो ।

हिन्दु धर्म काब्य रामायण अनुसार अमुर्तराज नामक राजाले आफ्नो राज्य प्रागज्योतिष राज्यमा राज्य प्रतिष्ठा स्थापित गरेका थिए। सो समयमा प्रागज्योतिष राज्यको राजधानी थियो "प्रागज्योतिषपुर" अर्थात् अहिलेको वर्तमान "गुवाहाटी नगर" ।

यसरी अति प्राचीन कालको इतिहास अनुसार मिथिलाका अधिपति राजा जनकका पालक सुपुत्र नरकासुरले प्रागज्यातिष राज्यको राजा घटकलाई बध गरी प्रागज्योतिष राज्यको सिंहासनमा राज्य जमाएका थिए। सो समयमा प्रागज्योतिष राज्यमा अधिक संख्या मूल-आदिवासी मानिसहरू नै थिए । राजा नरकासुरपछि प्रागज्योतिषपुरको अर्का गौरवशाली राजा भगदत्त थिए। उनको बारेमा १६ डिसेम्बर १९७९ मा सम्पन्न भएको अर्न्तराष्ट्रिय इतिहास सम्मेलन नयाँ दिल्ली अनुसार कुरूक्षेत्रको कौरव पक्षबाट दुर्योधनको सालो भगदत्तले वीरतापूर्वक लडाइँ लडेको कुरा उल्लेख गरेको पाइन्छ ।

यस कामरूप क्षेत्रको प्राचीन इतिहास केलाउँदा इसाको चौथो शताब्दीदेखि १२ औं शताब्दीसम्म गौरवशाली सम्राटहरू प्रागज्योतिष वा कामरूपमा शासन गरेको इतिहासमा उल्लेख गरेको पाइन्छ । ती मध्ये चौथो शताब्दीका शङकल देव र उनका छोरा रोहितेश्वर प्रख्यात राजा थिए। त्यसरी नै पाँचौं शताब्दीका प्रख्यात राजामध्ये कल्याण बर्मा, गणपति बर्मा, महेन्द्र बर्मा, नारायण बर्मा थिए । त्यसरी नै छैंठौं शताब्दीमा भुटी बर्मा, चन्द्रमुख बर्मा, स्थिता बर्मा, सुस्थीता बर्माले राज्य गरेका थिए भने सातौं शताब्दीमा कामरूपका राजा भगदत्त वंशका भास्कर बर्मा अति नै प्रख्यात सम्राट थिए । यिनको समय ६४३ ई. मा चिनियाँ यात्री हु-एन-साङले कामरूप

भ्रमण गरी यात्रा संस्मरण लेखेको पाइन्छ ।

आठौं शताब्दीतिर क्रमशः पुलका, कुमारा, बज्रदेव, श्रीहरि, जस्ता राजाहरूले राज्य गरेका थिए । त्यसैगरी नवौं शताब्दीमा प्रलाम्भा बर्मा, हरजारा बर्मा, बानामाला, जयमाला, बिरबाहु, जस्ता राजाहरूले शासन गरेका थिए । त्यसैगरी ईसाको दशौं शताब्दीमा बाला बर्मा, त्यामिया सिंह, ब्रम्हा पाल, आदिले शासन गरेका थिए ।

एघारौं शताब्दीमा रत्न पाल, पुरन्धर पाल, इन्द्र पाल, गोपाल, हर्ष पाल जस्ता प्रतापी राजाहरूले कामरूपमा राज्य गरेका थिए । बाह्रौं शताब्दीमा धर्म पाल, टिंग देव, बैद्य देव, बल्लभ देव जस्ता कोच राजबंशका सम्राटहरूले कामरूपमा राज्य गरेको इतिहासमा उल्लेख गरेको पाइन्छ । यसरी कोच वंशीय राजवंशी राजाहरू बाहौं शताब्दीसम्म माथि उल्लिखित राजाहरूले क्रमिक रूपमा शासन गरेको देखिन्छ । तर बाहौं शताब्दीपछि विभिन्न कारणले कामरूप राज्य अन्तर्गत रहेका अनेकौं भुँइया (भूमिपति) हरूले आ-आफ्नो क्षेत्रमा स्वतन्त्र रूपले शासन संचालन गरेको इतिहासमा उल्लेख छ ।

केही समयपछि त्यस क्षेत्रमा एक जना कोच वंशका शक्तिशाली सरदार हाजोको उदय भइरहेको थियो । यिनले कामतापुरबाट महोमदन भन्ने भुँइयालाई खेदाएर आफ्नो राज्य विस्तार गरी राजा भए । राजा हाजोका २ जना छोराछोरीहरू थिए हिरा र जिरा ।

उनले आफ्नो छोरा नभएको कारणले आफ्ना यी दुवै पुत्रीहरूलाई आफ्नो कामतापुर राज्यको पूर्वपट्टि खुन्नाघाट परगन्नाको चिकना पहाडमा रहेको शक्तिशाली कोच सरदार हरियासँग विवाह गरी दिएका थिए । राज कन्या हिराको गर्भबाट विशु र जिराको गर्भबाट शिशुगरी २ जना सन्तान छोरा जन्मिए ।

त्यसपछि शक्तिशाली कोच सरदार आफ्नो नाम हरियाबाट हरिदास मण्डल कहलिन थाले । यसरी पिता हरिदास मण्डलले आफ्ना यी दुवै छोराहरूलाई राम्ररी पालन-पोषण तथा अस्त्र-शस्त्र चलाउने कला आफ्नो दरबारमा सिकाए । छोराहरू जवान भई सकेपछि विशु र शिशु दुवै भाइ र पिता हरिदास समेत लडाइँ लडेर त्यस राज्यको

वरपरका समस्त फाल्गु भुँइयाहरूलाई हराए। त्यस समयमा उनीहरूले आफ्नो राज्य धेरै विस्तार गरे। साथै उनीहरूको मावली हजुर बुवा हाजोको मृत्युपछि त्यो राज्यमा उत्तराधिकारी बिहीन भएकाले मावली हजुरबाको राज्य समेत मिलाएर विशाल कामतापुर राज्य स्थापना गरे भन्ने इतिहासमा उल्लेख छ।

केही समयपछि पिता हरिदास मण्डलको पनि मृत्यु भयो। त्यसपछि त्यहाँ राजा विशु र प्रधान सेनापति उनका भाइ शिशु भए। पछि ई. १४९० मा औपचारिक रूपले नै हिन्दु धममा दिक्षित भई राजा विशुले आफ्नो नाम विश्वसिंह र भाइको नाम शिव सिंह राखे। साथै आफूहरू राजाको वंश राजवंशी भनेर चिनाउन थाले।

त्यतिखेर दुवै भाइले आफ्नो राज्य पूर्वतिर आसाम, बर्मा, पश्चिमतिर सप्त कोशी, उत्तरतिर सिक्किम, भुटान र दक्षिणतिर बाङला देशसम्म विस्तार गरेर आफ्नो राज्यको राजधानी कामतापुरलाई बनाएका थिए। राजा विश्व सिंहले शिव र दुर्गा भगवतीको आराधना गर्दथे। उनको समयमा विष्णुभक्त पण्डित र ज्योतिषीहरूलाई पुरस्कृत गर्दथे।

उनले आसामको निलाचल पहाडमा रहेको कामख्या देवी मन्दिर भव्य रूपमा बनाउन लगाएका थिए। उनी हिन्दु धर्मको ठूलो पृष्ठपोषकको रूपमा देखिन थालेपछि त्यसबेला विभिन्न देशहरूबाट क्षेत्रिय १८ जना कन्याहरूसित उनले विवाह गरेका थिए। त्यतिखेर बहु विवाहको प्रचलन थियो। जसअनुसार महाराज विश्वसिंहले विवाह गरेका रानीहरूको नाम मातृ देशको नाम र रानीहरूबाट जन्मेका प्रधान पुत्रहरूको नाम यस प्रकार रहेको छ।

रानीहरूको नाम	**मातृ देश**	**छोराको नाम**
रत्नकान्ति	नेपाल (काठमाडौं)	कुमार नरसिंह (नृसिंह)
हेम प्रभा देवी	गौड	मल्ल देव (नरनारायण)
पदमाबत्ति	गौड	शुक्लध्वज (चिला राय)
चन्द्रा कान्ति देवी	कामरूप	कमल नारायण
पूर्ण कान्ति देवी	कामरूप	मोद नारायण

हेम कान्ति देवी	कामरूप	राम चन्द्र नारायण
रत्ती देवी	कामरूप	सुर सिंह
तिलोत्तमा	काश्मिर	मान सिंह
चन्द्रा देवी	काशी	मेचा
जया देवी	काशी	राम नारायण
चन्द्रान्ना देवी	काशी	बृषकेतु
विजया देवी	काशी	अनन्त नारायण
जयन्ती देवी	काशी	दीप सिंह
ललिता देवी	सोनितपुर	हेमधर
लावण्य देवी	सोनितपुर	मेघ नारायण
पदम माला	सोनितपुर	जगत नारायण
सतरूपा	मिथिला (नेपाल)	रूपचन्द्र
कञ्चन मल्लिका	मिथिला (नेपाल)	विजय नारायण
सुदान्नी देवी	कामता	हरिहर सिंह

कछारेर इतिहास (पाना ३६) कृति अनुसार महाराजा विश्व सिंहले आफ्नो शासन कालमा प्रशासनिक कामकाज गर्नका लागि जनताहरूलाई विभिन्न भागमा विभाजन गरेका थिए । जस्तै: २० जना माथि १ जना ठकुरिया, १०० जना ठकुरिया माथि १ जना सइकिया, १००० जना सइकिया माथि १ जना हाजारिका, ३००० जना हाजारिका माथि १ जना उमराह र ६० हाजार जना उमराह माथि १ जना नवावको नाम दिएर कर्मचारी नियुक्ति गरेका थिए ।

यसरी महाराज विश्वसिंहले पूर्व भारतमा एउटा स्वाधिन शक्तिशाली कामतापुर साम्राज्य स्थापना गर्न सफल भएका थिए । पछि ई. स. १५३३ मा बसन्त रोगले उनको देहावसान भएको थियो। महाराजा विश्वसिंहको मृत्यु काल अगाडि नै मल्लदेव र शुक्लध्वज पिताको निर्देशनमा प्रख्यात ब्राम्हण सन्यासीको आग्रह मुताविक शिक्षा दिक्षाका लागि काशीमा बसेका थिए । काशीमा रहेकै अवस्थामा महाराजा विश्वसिंहको मृत्यु भइसकेको थियो ।

राजाको शासन शून्य हुनु हुदैन भनेर सवभन्दा जेष्ठ पुत्र नरसिंहले पिताको सिंहासनमा बसेर राज्य संचालन गरे। जेष्ठ पुत्र नरसिंहकी आमा नेपालको प्रताप मल्लकी छोरी रत्नकान्ति देवी थिए। नरसिंह राज सिंहासनमा गद्धी आरोहण भएको देखेर मन्त्री र प्रजाहरू असन्तुष्टी भए र सुटुक्क दूत काशी गएर मल्लदेव र शुक्लध्वजलाई राजधानीको खबर बारेमा सबै जानकारी गराए।

पिताको मृत्यु र जेष्ठ भाइ नरसिंह पिताको सिंहाशन आरोहणको खबर पाएर दुवै भाइ राजधानी आइ पुगे। यी दुवै राजकुमारका हितैषी कर्मचारी र अरू धेरै मुख्य मुख्य प्रजा मल्ल देवको पक्षमा लागे। यस्तो अवस्था देखेर नर सिंहले कोच राज वंशको आराध्य देवीको दशभुजा देवी मूर्ति, राजतन्त्रका प्रतीक हनुमान दण्ड, अन्य देवी देवताका मूर्तिहरू आदि सामग्री लिएर राजधानी त्यागे।

तत्पश्चात् यिनी मोरङ भूमि (हाल झापा, मोरङ र सुनसरी लगायत टिस्टा (तिस्टा) नदीसम्मको भू-भागमा आएर बसेका थिए। शुक्ल ध्वजले दाजु नर सिंहलाई पछ्याउदै पछ्याउदै उक्त स्थानमा आई पुगे। अन्ततः नर सिंहले हार मानेर हनुमान दण्ड र देवीको मूर्ति शुक्ल ध्वजको हातमा समर्पण गरे।

यसरी भाइ शुक्लध्वजले समग्र राज्यको पश्चिमी भू-भाग मोरङ क्षेत्रको रेखदेखका लागि सम्पूर्ण अभिभारा दाजु नर सिंहलाई सुम्पी आफू कामतापुर राज्यको राजधानी फर्केका थिए। यस घटनाबाट नरसिंहले आफूलाई हिनताबोध भएर होला केही समयपछि उनी मोरङ क्षेत्र परित्याग गरेर तिब्बततिर प्रवेश गरी पाट्सु र माट्सु नदीको मध्यवर्ती उपत्यकामा एउटा स्वाधिन राज्य स्थापना गरी राज्य सन्चालन गरेको इतिहासमा उल्लेख छ।

त्यसपछि कोच साम्राज्यको पश्चिमी भाग मोरङ क्षेत्रमा रेखदेखका लागि कोही नभएको देखेर मल्ल देव र शुक्ल ध्वजले आफ्ना भाइ विजय नारायण (जो राजा विश्व सिंहले विवाह गरेका मिथिलाका राजकन्या कञ्चन मल्लिकाबाट जन्मेका सन्तान) लाई कार्यभार सुम्पेका थिए।

यिनीपश्चात् यिनका माहिला छोरा मल्ल देव (नर नारायण) कोच कामतापुर राज्यको राजा भए। यिनले आफ्नै भाइ शुक्ल ध्वज (चिला राय) लाई कोच सेनाको सेनापतिमा नियुक्त गरे। राजा नर नारायणले भाइ सेनापति शुक्ल ध्वजको सहयोगमा छिमेकका धेरै साना ठूला राज्यहरूलाई जितेर आफ्नो राज्यमा गाभ्न सफल भए।

शुक्ल ध्वजको जन्म ई. १५१० को माघी पूर्णिमाको दिन भएको थियो। राजा नर नरायणले सेनापति शुक्ल ध्वजको नेतृत्वमा पूर्वका राज्य अहोम, कछाड, जयन्ति, श्रीहट्ट, त्रिपुरा, खैरम, र डिमरूपा राज्यहरूलाई युद्धमा परास्त गरी कोच कामतापुर राज्यमा गाभ्न सफल भए।

शुक्ल ध्वजले कुनै पनि युद्धमा कसैको सामु हार खानु परेन। उनले चिल पंक्षी झैं झम्टेर शत्रु सेनाहरूमामाथि आक्रमण गरी शत्रु सेनालाई परास्त गर्ने युद्ध कौशल भएकोले उनको नाम "चिला राय" रहन गयो। कोच इतिहासमा उनी चिला रायको नामले धेरै चिनिन्छन्।

प्रा. ईश्वर गोविन्द श्रेष्ठले आफ्नो लेख 'कोच राजवंशीको समस्या र समाधानको उपाय' मा सुझाए अनुसार राजा नर नारायणको शासन कालमा कोच सेनापति चिला रायको नेतृत्व विजय नारायण र कमल नारायणको अगुवाइमा कोच सेनाले कोशी नदीसम्म सम्पूर्ण मोरङ प्रदेश (त्यतिखेर पूर्व तिस्ता र पश्चिम कोशी नदीसम्मको सम्पूर्ण भू-भागलाई मोरङ प्रदेश भनिन्थ्यो) र उत्तर महाभारत पर्वतसम्म जितेर राज्य विस्तार गरेका थिए।

मोरङ कोच राज्य अन्तरगत आएपछि महाभारत पर्वत छेउ, पूर्व सेउती र पश्चिम सर्दु खोलाको माझ पहाडमा द्रङकोट राजधानी स्थापना गरी यहाँको सम्पूर्ण शासन भार भाइ विजय नारायणलाई सुम्पे। चिला राय यहाँ केही समय व्यतित गरी भाइ कमल नारायणलाई साथ लिई कोच राज्य फर्के। विजय नारायणले आफ्नो राजधानीको नाम विजयपुर (हाल धरान) राखे।

त्यसपछि सेनवंश राजा मुकुन्द सेनका छोरा लोहाङ सेनले

विजयपुर माथि आक्रमण गरी सम्पूर्ण मोरङ राज्य आफ्नो हातमा पार्न सफल भए र विजय नारायणलाई राज्यबाट धपाई दिए।

उता कोच कामतापुर राज्यका महान योद्धा वीर चिला रायको ६१ वर्षको उमेरमा ई. १५७१ को फागु पूर्णिमाको दिन गंगा नदीको तीरमा परलोक गमन भयो। उनको मृत्युको ठिक १६ वर्षपछि ई. १५८७ मा कोच कामतापुरको राजा नर नारायणको मृत्यु भयो। त्यसपछि यिनैका वंशा २३ जना राजाहरूले २२ औं पुस्तासम्म ई. १९४९ सम्म कोच कामतापुरमा राज्य गरेको विस्तृत इतिहास पाइन्छ। तिनीहरूको क्रमिक नाम र शासन काल निम्न छन्।

१) हरिया मण्डल - (ई.१४९६ को अगाडिको समयमा)
२) विशु (विश्वसिंह) - (ई. १४९६-१५३३)
३) नरनारायण - (ई. १५३३-१५८७)
४) लक्ष्मी नारायण - (ई. १५८७-१६२७)
५) वीर नारायण - (ई. १६२७-१६३२)
६) प्राण नारायण - (ई. १६३२-१६६५)
७) मोद नारायण - (ई. १६६५-१६८०)
८) वसुदेव नारायण - (ई. १६८०-१६८२)
९) महिन्द्र नारायण - (ई. १६८२-१६९३)
१०) योग्य नारायण - (ई. १६९३-१७०३)
११) रूप नारायण - (ई. १७०३-१७१४)
१२) उपेन्द्र नारायण - (ई. १७१४-१७६३)
१३) देवेन्द्र नारायण - (ई. १७६३-१७६५)
१४) धैर्यन्द्र नारायण - (ई. १७६५-१७७०) (प्रथम पटक)
१५) राजेन्द्र नारायण - (ई. १७७०-१७७२)
१६) धरेन्द्र नारायण - (ई. १७७२-१७७५)
१७) धैर्यन्द्र नारायण - (ई. १७७५-१७८३) (दोस्रो पटक)
१८) हरेन्द्र नारायण - (ई. १७८३-१८३९)
१९) शिवेन्द्र नारायण - (ई.१८३९-१८४७)
२०) नरेन्द्र नारायण - (ई. १८४७-१८६३) (दत्तक बहादुर)

२१) नृपेन्द्र नारायण - (ई. १८६३-१९११) (भुप बहादुर)
२२) राजेन्द्र नारायण - (ई. १९११-१९१३)
२३) जितेन्द्र नारायण - (ई. १९१३-१९२२)
२४) जग दिपेन्द्र नारायण - (ई. १९२२-१९३४)

यसरी पछिल्लो चरणमा नरनारायणको छोरा लक्ष्मी नारायण र चिला रायको छोरा रघुदेव नारायण विच आन्तरिक कलहले ठुलो रूप लिन थाल्यो। यिनीहरू आखिरमा बाध्य भई आ-आफ्ना भागमा सिंगो कोच साम्राज्य बाँडफाँड गर्नतिर लागे। सुनकोशी पूर्वको राज्य चिला रायको छोरा रघुदेव नारायणको भागमा, बाँकी पश्चिम भू-खण्ड देव नारायणले भोग्न थाले।

यसरी राज्य बाँडिए तापनि राज्य सत्ताको विभाजन भएको थिएन। पछि रघुदेव नारायणले स्वतन्त्र राज्यको घोषणा गरे। यस कुरालाई लिएर आपसी भाइ भाइ बिच ठूला-ठूला संघर्षहरू भए। फलस्वरूप कोचहरूको कोच राजवंशीय विशाल साम्राज्य तहसनहस हुन पुग्यो। विस्तारै विस्तारै बाहिरी शक्तिहरूले तिनीहरूलाई खेल खल्ने मौका पाए।

अन्त्यमा, मुसलमान मुगल सम्राटले कोच विहार राज्यलाई औपनिवेशको रूपमा आफ्नो अधिनमा कब्जा गर्दै लगे। राज्य सत्ता हराए पनि पहिलाकै अवस्थामा राज्य र राजबाडी रहिरहने र राज सन्तानहरू क्रमशः महाराजा हुने परम्परा कायमै रह्यो।

पछि आएर अंग्रेजहरूले भारतलाई औपनिवेशको बनाउने क्रममा समस्त मुगल बादशाहहरू तिनीहरूको आफ्नो अधिनस्थमा बस्न बाध्य भएका थिए। पछिल्लो चरणमा पन्ध्रौं पुस्ताका राजा राजेन्द्र नारायणको पालादेखि कोच साम्राज्य अंग्रेजको औपनिवेशिकको रूपमा रहदै गर्दा पछि एकाइसौं पुस्ताका कोच वंशीय राजा नृपेन्द्र नारायण (भुप बहादुर) ले कोच विहारमा वैदेशिक मोडलको भव्य कोच राजबाडी निर्माण गर्न लगाएका थिए।

उक्त कोच राजबाडी हालसम्म कोच विहारमा ऐतिहासिक

दरवारको रूपमा अवस्थित रहिरहेको छ। पछि भारतीय स्वाभिमानी जनताले आफ्नो राष्ट्र र राष्ट्रियता बचाउन अनेकौं आन्दोलनहरू गरी ई. १९४७ मा भारत एक स्वतन्त्र स्वाधिन राज्यमा परिणत गरे र त्यहाँबाट अंग्रेजलाई धपाए।

यता कोच विहार साम्राज्यका अन्तिम राजा जग दिपेन्द्र नारायणका पालामा ई. १९४९ सेप्टेम्बर ११ को दिन भारतीय प्रधान मन्त्री जवाहारलाल नेहरूको समयमा गृह मन्त्री वल्लभ भाइ पटेलसँग तत्कालिन बम्बई शहरको मालावर हिल स्थित विडला हाउसमा भएको सम्झौता अनुसार कोच साम्राज्यको अस्तित्व हमेशाका लागि भारतमा बिलय भएर गयो।

यसरी ई. १५१० देखि विस्तार भएको कोच कामतापुर राज्य ई. १७७३ सम्म कोच वंशीय १५ जना राजाहरूले २६३ वर्षसम्म स्वतन्त्र शासकको रूपमा राज्य गरेका थिए भने ई. १७७३ देखि १९४९ सम्म जम्मा १७६ वर्ष ९ जना कोच वंशीय राजाहरूले पराधिन राजाको रूपमा शासन गरेका थिए। यसरी कोच साम्राज्यका शक्तिशाली राजा विश्व सिंहका वंशजहरूले कोच विहारमा जम्मा ४४० वर्षसम्म शासन गरेका थिए।

यसैगरी प्रा. द्रोण कुमार उपाध्यायले आफ्नो शोधग्रन्थ 'राजवंशी जाति-एक परिचय' मा कोच वंशीय राजा विजय नारायण र मोरङ राज्य (हाल झापा, मोरङ र सुनसरी)का बारेमा यसरी वर्णन गरेका छन्। कोच राज्यको मोरङ भू-भागमा सर्वेसर्वा विश्व सिंहका छोरा नृसिंह (कुमार नरसिंह) नारायण थिए। नृसिंह नारायण (कुमार नरसिंह) ले विराटनगर जोगवनी छेऊको रानी सिकियाही भन्ने ठाउँमा रहेको प्रशासनिक केन्द्रलाई मोरङकै उत्तरी पहाड छेऊको विजयपुर भन्ने ठाउँमा सारेका थिए भन्ने कुरा कोच राजवंशावलीमा उल्लेख गरेको पाइन्छ।

कोच विहारबाट राज सिंहासन आरोहण सम्बन्धि किचलोमा परी मोरङतिर आत्म निर्वासित नृसिंहले यस भेगको केही अंश भोगेका थिए भन्ने कुरा उल्लेख गरेको पाइन्छ। उनको शेषपछि विजय

नारायणको रेखदेखमा गयो यो मोरङ क्षेत्र।

विजय नारायणको मृत्युपछि यो राज्य लोहाङ सेनको राज्यमा परिणत भयो। पछि ई. १७७८ मा पृथ्वी नारायण शाहबाट थालिएको नेपाल एकीकरणको सिलसिलामा मोरङ राज्य (हाल झापा, मोरङ, सुनसरी) नेपालभित्र गाभियो र विशाल नेपालको एक अंग बन्न पुग्यो। यसरी यस भेगका सम्पूर्ण कोच राजवंशी जाति रैति लगायत अन्य जाति र जनजातिका मानिसहरू स्वत: नेपालभित्र गाभिएर नेपाली बन्न पुगे।

अध्याय - चार

भूमि र भूगोल

४.१ मूलथलोको साँध सिमाना

कुनै पनि जातिको पहिचान भूमिसँग सम्बन्धित हुन्छ। किनभने भूमि र त्यसको भू-बनौट, हावापानी, वातातरण तथा उत्पादन अनुसार नै त्यस भूमिमा बसेका जातिको पहिचान, उसको शारीरिक रूप रंग, खानपिन, पहिवरन, बोली-व्यवहार, चालचलन, संस्कार तथा परम्परा सबै प्रभावित भइरहेको हुन्छ।

कोच इतिहास अनुसार यिनीहरूको आफ्नो मूल थलो कोच भूमि हो र नेपाल एकीकरण अगाडि यस जातिको मूल थलो कोच भूमिको साँध सिमाना के थियो ? एकिकरण पछि त्यस जातिको मुल थलो कोच भूमि के कहाँ कसरी रहेको छ भन्ने कुरा ज्ञात हुन जरूरी छ।

नेपाल एकीकरण अघि १५ औं शताव्दीतिर कोच वंशका शक्तिशाली राजा विश्व सिंहले आफ्नो राज्य पूर्वतिर आसाम, बर्मा, पश्चिमतिर सप्तकोशी, उत्तरतिर सिक्किम, भुटान र दक्षिणतिर आधुनिक बाङला देशसम्म कायम गरी विशाल कोच साम्राज्य स्थापना गरी त्यस राज्यको राजधानी कामतापुरलाई बनाएका थिए।

त्यतिखेर अहिलेको काठमाडौं उपत्यकालाई नेपाल मंडल भनेर चिनिन्थ्यो। अहिलेको जस्तो विशाल नेपाल देश थिएन। नेपाल मंडलमा मल्ल वंशहरूले शासन चलाइ रहेका थिए। तर त्यसको पूर्व र पश्चिम क्षेत्रमा स-साना राज्यहरू बाइसी चौविसी, सेन वंशका राजाहरूले शासन संचालन गर्दै आइरहेका थिए।

सप्तकोशी पूर्व भने सम्पूर्ण भू-भाग टिस्टा नदीसम्मलाई मोरङ क्षेत्र भनिन्थ्यो । त्यस क्षेत्रको शासन कोच वंशका राजाहरूले नै संचालन गर्दै आएका थिए । हाल मोरङ क्षेत्रलाई ३ वटा जिल्ला झापा, मोरङ, र सुनसरी कायम गरिएको छ । उक्त मोरङ क्षेत्र अतिप्राचीन कालमा प्रागज्योतिष राज्य, प्राचीन कालमा कामरूप र मध्य कालमा आएर कामतापुर तथा कोच विहार साम्राज्यको पश्चिमी अंशको रूपमा विभिन्न कोच वंशीय शासकहरूले शासन गरिरहेको कुरा कोचको इतिहासमा पाइन्छ ।

यसरी विशाल कामतापुर वा कोच विहार साम्राज्यको पश्चिमी अंशको रूपमा रहेको मोरङ स्वशासित क्षेत्र कोच वंशीय राजाकै निर्देशनमा रेखदेखका लागि पछिल्लो चरणमा कोच वंशीय महाराज विश्व सिंहका जेष्ठ सुपुत्र नरसिंह (जो प्रताप मल्लकी छोरी, कोच साम्राज्यका रानी रत्नकान्तिबाट जन्मेका सन्तान) थिए भने नर सिंहपछि मोरङ क्षेत्र रेखदेखका लागि विश्व सिंहकै अठारौं रानी मातृदेश मिथिला राज्यकी कञ्चन मल्लीकाको छोरा विजय नारायणले राज्य संचालन गर्ने जिम्मा पाएका थिए ।

कोच वंशीय राजा विजय नारायणको मृत्युपछि सो राज्य लोहाङ सेनको राज्यमा परिणत भयो । पछि आधुनिक नेपालको विस्तारको क्रममा मोरङ क्षेत्र नेपाल एकीकरणमा समाहित भई उक्त विशाल मोरङ क्षेत्रको पूर्वतिर मेची नदीदेखि टिस्टा नदीसम्मको भू-भाग भारतको अंग्रेजको पालामा सुगौली सन्धी अनुसार भारतमा गाभियो र पश्चिमी मोरङ क्षेत्र (मेची नदीदेखि कोशी नदीसम्मको भू-भाग) लाई नेपाल अधिराज्यमा गाभी हाल त्यस क्षेत्रलाई ३ वटा जिल्ला झापा, मोरङ र सुनसरी कायम गरियो ।

उक्त क्षेत्रमा बसोबास गर्ने समस्त कोच राजवंशी र अन्य हिन्दु जात मूलवासी जाति नेपाली नागरिकमा परिणत भए । त्यसर्थ, नेपालको सन्दर्भमा कोच राजवंशीको पुर्ख्यौली थातथलो वा कोच भूमि हालको ३ वटा जिल्ला झापा, मोरङ र सुनसरी नै हुन् । यसको साँध सिमाना पूर्वतिर भारतको पश्चिम बंगाल प्रान्त र पश्चिमतिर

सप्तकोशी नदी, उत्तरतिर चुरे पहाड श्रृंखला हो भने दक्षिणतिर भारतको विहार प्रान्त रहेको छ।

४.२ मूल थलोका आदिवासी नामहरू

नेपाल अन्तर्गत रहेका सदूर पूर्वका तराई भू-भाग ३ वटा जिल्लाका नाम झापा, मोरङ र सुनसरी कोच राजवंशीकै राजवंशी भाषाको शब्दमै रहेको पाइन्छ। त्यसैगरी ती जिल्लाहरूमा रहेका कतिपय स्थानीय ठाउँ, बस्तीहरू, खोलाहरू, जंगलहरू प्राय:जसो अध्याय २ मा प्रसंगवश उठाइए झैं कोच राजवंशीकै भाषाबाट नामकरण गरिएको पाइन्छ। उदाहरणको रूपमा हल्दीबारी, घेराबारी, पन्तापरा, शर्णामती, चकचकी, बैगुनधुरा, फुलबारी, डाँगीबारी, घैलाडुब्बा, जाम्रीगुरी, डोहागढी, मेचीनगर, काखरभिटा, कटहरी, बयरबन, साकुवाथान, जहदा, धनपाल, रणकाली माई, कालिस्थान, बक्रा नदी, फुलभासा नदी, देउनिया नदी, कन्कामाइ नदी, रतुवा नदी, नागर डुब्बा नदी, दहिझारा जंगल, बक्राझारी जंगल, लक्ष्मी स्थान, चन्द्रडाँगी, शिवगञ्ज, गौरीगञ्ज, टटुवामारी, बनियानी, पथरिया, माघुबारी, टेकनारायणबारी, जुन्डा बस्ती, मटपानी बस्ती, कनाबारी, कुशियारबारी, खार्साङबारी, भाङखुआबारी, बमटुली, पकापरा, कायाँटुली आदि इत्यादि।

यस क्षेत्रमा यस्ता हजारौं ठाउँहरूको नाम जो कोच राजवंशी भाषाका झर्रा शब्दबाट आएका हुनाले यस क्षेत्र कोच भूमिको वा यस जातिको थातथलो हो भन्ने जिउँदा प्रमाणहरू हुन्। मातृभाषामा रहेको यस्ता नामहरूको अध्ययन हुनु जरुरी छ।

४.३ वर्तमान नामकरणको स्थिति

वर्तमान अवस्थामा हेर्दा यस क्षेत्रका कतिपय ठाउँहरूको परापूर्व कालको असली नामलाई पूर्णरूपले हटाएर नयाँ नाम पनि दिएको पाइन्छ। कतिपय ठाउँहरूको नाम परिवर्तन गरेर चोक, मोड, पुर टोलका नामले अगाडि सारेका पाइन्छ। उदाहरणका लागि डुमर बस्तीको ठाउँमा-राम नगर, कठलुबारीको ठाउँमा-महानन्दा चोक,

गलगलियाको ठाउँमा-लक्ष्मीपुर, रितन बारीको ठाउँमा सृजना टोल।

यस्तै यस्तै पकापराको ठाउँमा-प्रकाशपुर, आदर्श नगर, ज्ञानुचोक, सिर्जनाचोक, सिमलचोक, आदर्शटोल, रिमालचोक, अधिकारीचोक, बिहीबारे चोक, आदि इत्यादि नयाँ नाम दिएर गाउँ ठाउँ नै अलग जस्तो देखिएको उदाहरण सयौं रहेका छन्। कतिपय ठाउँहरूको नाम आदिवासीको भाषाबाट आएका पुराना झर्रा शब्द अपभ्रंश गरी नाम नै विगारेर अर्कै नयाँ नाममा रूपान्तरण गरिएका छन्।

यो ज्यादै नै दुःखद कुरा हो। त्यस्ता रूपान्तरित नामहरू जस्तैः काखर भिटा हुनु पर्नेमा काँकडभिट्टा, जाम्रीगुढी हुनु पर्नेमा ज्यामिरगढी, बारदासी हुनु पर्नेमा बाह्रदशी, लखरीगदी हुनु पर्नेमा लकडीगढी, गेउरगन हुनु पर्नेमा गौरीगञ्ज आदि इत्यादि। यस्ता सयौं ठाउँहरूको नाम छन् जुन कोच राजवंशी भाषाको झर्रा शब्द, झर्रा उच्चारणबाट आएका शब्दलाई अप्रभ्रंश गरी ठाउँका नाम बदलेको पाइन्छ।

यती मात्र कहाँ हो र? जग्गा दान दिएका, बलिदानी पुरूषको नाम, कीर्ति राखी चर्चा पाएका पुरूषको नाम, बदलिने, दुष्प्रयास गर्ने जस्तैः डोमालाल राजवंशी रंगशालाको ठाउँमा प्रगति रंगशाला, झान्जी सतानु सिंह राजवंशीको ठाउँमा स्यालडाडी, मन्त्रीबारी, जिम्दारबारी, पटुआरीबारी आदि इत्यादिका नामहरू बदलिएर अर्कै अर्कै नाम राखिएका छन् जो सार्है नै निन्दनीय काम हुन्।

त्यसर्थ, मूलआदिवासी कोच राजवंशीहरूको सम्मानका लागि यस कुरालाई राज्य स्तरबाट नै आदिवासी झर्रा शब्दहरूबाट बनेका ठाउँहरूको नाम जस्ताको त्यस्तै राख्नु पर्ने भनी पहल हुन जरूरी छ। कोच राजवंशी जातिले प्रायःजसो गरी आफ्नै थातथलोमा नै रहिरहने, जन्म भएको ठाउँमा नै कर्मभूमि बनाएर त्यहीं आफ्नो जीवन बिताउने गर्दछन्।

बसाइँ सर्ने प्रबृत्ति यस जातिमा नगन्य रूपमा रहेको पाइन्छ। कोही कोही मात्र ब्यापार, रोजगारी, पढाइका सिलसिलामा आफ्नो थातथालोबाट बाहिर बसाइँ सरेको अवस्था छ। विशेष गरी राजधानी काठमाडौंमा केही परिवार बसाइँ सराइ भएर त्यहींकै बासिन्दा बनेको

अवस्था छ । फाट्टफुट्ट केही परिवार भने बाहिर जिल्लाहरूमा पनि बसाइँ सरेर गएको अवस्था रहेको पाइन्छ ।

४.४ आफ्नो मूल थलोसंगको सम्बन्ध

कोच राजवंशी जातिको आफ्नो थातथलो तराई समथर भू-भाग, अति गर्मी वातावरण, ज्यादै पानी पर्ने स्थानमा हो । यहाँ अग्ला अग्ला रूख, घना जंगल भए बाघ टाँसपात र दाउराको समस्या नभएको हुँदा विशेषगरी यिनीहरूले धान उसिनेर चामल बनाई भात खाने संस्कार यथावस्था रहिरहेको पाइन्छ ।

यिनीहरूले भात खाने चामल अलुवा नभई उसिनेको चामल प्रयोग गर्ने गर्दछन्; जो स्वास्थ्यको दृष्टिकोणमा सर्वेत्तम मानिन्छ। त्यसैगरी यस क्षेत्रमा नगदे बालीको रूपमा पटुवा खेती हुने हुनाले पाटाको सागबाट सुकाती, पेल्का, कान्जी खाने प्रचलन छ भने पाटाको बोट, रोपाइँको शुरूवात (गुच्छी लिने पूजा) मा अनिवार्य चाहिन्छ ।

त्यसैगरी त्यसबाट उत्पादित पटुवाको डोरी, सुत्ली, दाम्लो, पगाहा, बनाउने र त्यसको मसिनो धागो बनाएर कलात्मक सुन्दर झल्ला, रंगिन झालङ, जाउली, बनाउन महिलाहरू निकै निपूर्ण हुन्छन् । पाटाको सन्ठीबाट वर्षभरि चुल्हामा आगो सल्काउनका साथै सन्ठीबाट हुकाहुकी बनाउने र हुकाहुकी देवतालाई चढाउने, तिहारको (गरूवाँसी पर्व)मा राती हुकाहुकी खेल खेल्ने संस्कारहरू रहेका छन् ।

यहाँ गर्मीको बेला अधिकांशले पन्ताभात खाने चलन छ । उसिना चामलको भात पानीमा भिजाएर चिसो बनाएर पन्ताभात खाएमा शरीरलाई दिनभरि शीतलता प्राप्त हुन्छ । अलुवा चामलको पन्ताभात भन्दा उसिना चामलको पन्ताभात साह्रै मिठो हुन्छ। "पन्ता भातत खावार माजा मुर्ही आलुर साना" भन्ने तीत नै छ जो ज्यादै लोकप्रिय बनेको छ। यसको अर्थ के हो भने पन्ता भातमा आलुको चटनीसँग खाँदै गर्दा त्यसमा घरूवा मुह्रैथपेमा झन् मिठो हुन्छ भन्ने आशयको तीतमा युवा युवतीहरू खुब रमाइलो गरी समूहमा नाच्ने पनि गर्दछन् ।

४.५ जल, जमिन, जंगल, खानी, चरन जैविक विविधता

यस क्षेत्रमा खोलानाला, पोखरी, स-साना ताल तलैया, खोल्साखोल्सीहरू प्रशस्त रहेको हुनाले स्थानीय माछाहरू जस्तैः पोइयाँ, पुठी, डेन्डा, लदियारी, टेङ्ग्रा, माग्री, सिंही, सोउल, बुआली, निच्चा, टुप्ना, चेङा, बामी, काखर, सिपी, घुँगी अत्यधिक पाउने हुँदा माछा समात्ने सीप र साधनहरूमा कोच राजवंशी जाति धेरै नै धनी मानिन्छन्। उनीहरू माछा समात्न बाँस र डोरीबाट बनाएका अनेक साधनहरू निर्माण गर्न निकै सिपालु हुन्छन् । त्यस्ता माछा समात्ने अनेक प्रकारका साधनहरूको नमूना तस्वीरहरू पछाडि तस्वीर नं. ६१ मा प्रस्तुत गरिएको छ ।

उनीहरूको मृत्यु संस्कारका तीन दिनपछिको स्नानमा पनि भूगोलसँग सम्बन्धित छ। प्रशस्त खोलाहरू रहेका कोचिला भूगोलमा यिनीहरू तीन दिनपछिको स्नानका लागि नजिकै खोलामा गएर सामूहिक नुहाइ-धुवाइ गरी मृत आत्माको पिण्ड श्राद्ध चढाउने गर्दछन् ।

त्यसैगरी सिरूवा पर्वको दोश्रो दिन महिलाहरू नजिकै खोलामा पुगी घाटोसरी गीत गाउँदै रमाउँदै घाटको देवताको पूजा अर्चना गरी घाटोसरी माताको सेलाउने संस्कार रहेको छ ।

यस क्षेत्रमा सखुवाको काठ प्रशस्त पाइने हुँदा र काठमध्ये ज्यादै बलियो काठ भएकोले त्यस काठबाट अनकौं कृषि औजारहरू निर्माण गर्नु र घरेलु अन्य सरसामान काठको ओखल-मुस्लीदेखि लिएर तान बुन्ने सरसामान बनाउन, प्रयोग गर्न साह्रै सिपालु हुन्छन् ।

यही क्षेत्रमा महत्त्वपूर्ण पौराणिक, धार्मिक, ऐतिहासिक स्थानहरू पनि धेरै रहेका छन् । जस्तैः बराह क्षेत्र, किचकबध, अर्जुनधारा, लक्ष्मीथान, भेलागुढी, तेलगानी, विराटपोखर, धनपाल महाराजथान, राजा सनबरिसथान, सन्तमन्त घुँगरा थान, रणमाइ कालीथान, इधनिया महाराजथान, बर्जुताल, गुप्तेश्वर महादेव, कारेतेश्वर महादेव, आदि इत्यादि जस्ता ऐतिहासिक, धार्मिक स्थान तथा पोखरीहरूमा वर्षमा १ पटक धुमधाम बाजागाजा, शंख घण्टीका साथ पूजाआजा

गर्ने र भक्तजनहरूको ठूलो भीडभाडका साथ मेला लाग्ने, कहीं कहीं धार्मिक नाचगानहरू रातभभरि प्रदर्शन हुने/गर्ने गराउने प्रचलन रही आएको छ।

कोचिला क्षेत्रमा (झापा, मोरङ र सुनसरी) ५/६ दशक अगाडि जनसंख्याको चाप निकै कम थियो। त्यस बेला अधिकांश कोच राजवंशी जातिको बाहुल्य थियो र तिनीहरूले नै जल, जंगल, जमिनको अग्राधिकार रूपमा प्रयोग गर्दै आएका थिए। कोच राजवंशीहरूले कतिपय कोप्चेरो जमिनलाई समथर बनाउने, बलौटे जमिनलाई मलिलो बनाउने, आवादी नभएको जमिन सफा गरेर खेतीयोग्य बनाउने तथा वनजंगलका वन्यजन्तुसँग लड्दै भिड्दै संघर्ष गर्दै झाडी जंगल सफा गर्दै विभिन्न बाटाहरू खोल्दै बसोबासका लागि योग्य बनाएका थिए।

त्यतिखेर सबै पानीका मुहानहरू सफा र कहिल्यै पनि सुक्दैन थिए। तर अहिले आएर कोचिला क्षेत्रमा ३० लाख भन्दा माथि जन-आवादी हुन पुगेकाले गर्दा खोलानालाका पानी दुर्गन्ध बन्न पुगेको मात्र नभई, धेरै जंगल वनस्पति मासिएकोले गर्दा पानीका मूलहरू सुक्दै गइरहेका छन्। साथै वायु पनि अत्यधिक प्रदुषित भइरहेको अवस्थामा पुगेको गुज्रेको छ।

४.६ भूमिहरण र विस्थापन

त्यसैगरी आज भन्दा ५/६ दशक अगाडि यस क्षेत्रमा कोच राजवंशी जाति निकै धनाढ्य जमिनदार थिए। त्यतिखेर जल, जमिन र जंगलको अग्राधिकार यिनीहरूकै थियो। पछिल्लो चरणमा वि.सं. २०२१ सालमा राज्यले भूमि सुधार ऐन लागू गरेपछि भूमि सुधारको नाममा यस जातिको ठूलो संख्यामा भूमि हरणमा परेर आफ्नो जग्गा जमिन स्वाहा भएको थियो। अहिले पनि सरकारी मालपोत कार्यालयमा तथ्याङ्क हेर्दा प्रायगरी सबै जग्गा जमिनको मालिक यी जाति नै रहेको प्रमाणित हुन्छ। वर्तमान अवस्थामा जतिपनि सरकारी कार्यालय, विद्यालय, हेल्थपोष्ट, प्रहरी चौकी आदिको जग्गा प्राय: जसो

कोच राजवंशीले नै जग्गा दाताको रूपमा दान प्रदान गरेको रेकर्ड हेर्दा सो तथ्य पत्ता लाग्दछ ।

अशिक्षा, चेतनाको अभाव, हुदै सरल सोझा स्वभाव, बाह्य र आन्तरिक बसाइँ सराइको चापको प्रभावले गर्दा यस क्षेत्रमा यिनीहरूको जल, जमिन, जंगल माथिको अग्राधिकार मात्र हैन कि पछिल्लो काल-खण्डमा द्रुत गतिले सुकुमवासी हुन थालेपछि तत्कालीन राष्ट्रिय पञ्चायतका उपाध्यक्ष गोपालचन्द्र सिंहज्यूले यस जातिको भिटौरी जग्गा जमिन बेचविखन गर्न मालपोत कार्यालयमा निषेध आज्ञा जारी गराएका थिए ।

यसबाट केही हदसम्म भिटौरी जग्गा संरक्षणमा सहयोग पुगेको थियो। तर आजकल नयाँ युवा पुस्ताको वैदेशिक रोजगारीले गर्दा थोर बहुत जग्गा जमिन जोडने, पक्की घर बनाउने जस्ता सुधार कार्यहरू हुन थालेको पाइन्छ ।

अध्याय - पाँच

वासस्थान तथा सामाजिक संरचना

५.१ घरको संरचना

पहिला कोचिला (झापा, मोरङ र सुनसरी जिल्ला) मा बढी जंगल, थोरै खेतबारी जग्गा भएकोले कोच राजवंशीहरूका बस्तीहरू एकै ठाउँमा गुजुमुज्ज (settlement pattern social geography) परेर बसेका हुन्थे । घना जंगलमा जंगली जनावरहरू (बाघ, भालु, चितुवा) तथा चोर, डाँकाबाट सुरक्षित हुनको लागि एउटै ठाउँमा बस्ती बनाएर बसेका हुन्थे । यस्ता किसिमका बस्तीहरू विभिन्न ठाउँहरूमा घना बस्तीको रूपमा धेरै नै थिए ।

आफ्नो जग्गा हुनेले आफ्नै जग्गामा घर बनाउँथे भने जग्गा नहुनेले जिम्दार, पटुवारी, देउनियाकोमा जग्गा सट्टा भर्ना दिएर, कोही त्यसै बस्न पाएर पनि एकै ठाउँमा बस्ने गर्दथे । कोच राजवंशी जातिका मानिसहरू खेती किसानी तथा मूलआदिवासी भएको हुनाले यिनीहरूका घरहरू स-साना खर, परालले छाएको तथा बाँस, चोया, कर्ची, सन्ठिको टाटी बेरा र माटोले लिपपोत गरी बनाएका हुन्थे । उनीहरूको खेतीका सामग्री, ज्यामीका सामग्री, सिल्पकारका सामग्री, भान्सा घरका सामग्रीले गर्दा धेरै घरको आवश्यकता पर्ने हुँदा पनि धेरै वटा घरहरू (हेर्नू तस्वीर नं. १) बनाएका हुन्थे । आफ्नो सुविधा अनुसार पूर्व दिशामा आफू सुत्ने घर, दक्षिण दिशामा भान्सा घर, उत्तर दिशामा इष्ट कुटुम्ब, पर पाहुना बस्ने, सुत्ने घर, पश्चिम दिशामा गाई, गोरू बाध्ने घर हुन्थे भने पूर्व उत्तर कुनामा या पूर्व दक्षिण कुनामा कुलदेवताको स्थान (ठाकुरबारी), उत्तर पश्चिम

कुनामा या पश्चिम दक्षिण कुनामा पानी पिउने इनार बनाएका हुन्थे।

चारवटा घरको विचमा आँगन हुन्थे भने चारै घर बाहिर टाटीले घेरेर बार लगाएका हुन्थे। त्यो बारको बाहिर पूर्व उत्तर छेउमा गोठाला वा नोकर चाकरको लागि घर बनाएका हुन्थे। यो घरको सामुने दक्षिणपट्टि अर्को घर हुन्थ्यो जसमा कृषि औजारका सामानहरू राख्ने गर्दथे।

यी सम्पूर्ण घरहरू (तस्वीर नं. १ चार वटा छाना र खर परालले छाएका हुन्थे। टाटीहरू बाँसका भाटा, कर्चि, सन्ठिका टाटी हुन्थे। जिम्दार, पटुवारी, देउनियाका घरहरू टिनका छाना र काठ दाउराका खाँबा हुन्थे। यसरी घर आगनको संरचना तपसिल बमोजिम नक्सा (तस्वीर नं. १) मा देखाउने प्रयास गरिएको छ।



तस्वीर नं. १: कोच राजवंशी घर संरचना साभार स्केच टेक नारायण राजवंशी

पहिलेका बूढापाकाहरू जहाँ बस्थे; त्यहाँको जग्गा, ठाउँ स्थान सुन्दर र आकर्षक हुन्थे। त्यसैले उक्त स्थान, ठाउँका नामहरू प्रचलित हुने गरेका थिए। जस्तैः चैतु मन्दिर, (कलबल गुरी उत्तर, बाह्र बिघा पश्चिम, देउनिया नदीको पूर्व दक्षिणमा भद्रपुर जाने बाटामा पर्ने, शिवालयको मन्दिरसँगै चैतु देउनियाको शालिक भएको) सतानु चोक (बिर्ताबजार दक्षिण, भूपू शैनिक बजार जाने बाटोको मुख, मेची आँखा अस्पताल पुग्नु अगावै, भद्रपुर जाने बाटोमा, शिवालयको मन्दिरसँगै सतानुको शालिक रहेको, हाल सैनिकमोड), संसारी माई थान, (रंगेली बजार पश्चिम, बिराटनगर जाने हुलाकी मार्गमा पर्ने), खड्ग नारायण जिम्दार मार्ग, अघोषित (कानेपोखरी हुदै आइतबारे, केरौन, रंगेली रोड), खोकबारी जाने बाटो (बिर्ताबजार हुँदै पूर्व मियाबारी हुँदै खोकबारीसम्म), जिम्दारबारी, धुलाबारी, पटुआरीबारी, मन्त्रिबारी, आठमौजा, सुनबर्सी, रंगियाथान आदि इत्यादि।

५.२ सामाजिक संरचना

५.२.१ परिवार

कोच राजवंशी जातिमा परिवारको संरचना (Family's social organization) प्रायः संयुक्त परिवारमा बस्ने गरे तापनि अहिले एकल परिवारमा बस्न बढी रूचाउँछन्। बुवा वा बा आमा भएको खण्डमा मात्र २ वा ३ वा ४ छोराहरू एउटै परिवारमा बस्ने र विवाहपश्चात् बुहारीहरू विभिन्न परिवारबाट आउन हुँदा घरमा किचलो हुने हुनाले विवाहपश्चात् प्रायः छुट्टै भान्सा गर्न लगाउने र काम सबै मिलेर गर्ने काम गरिन्छ।

बुवाले छोराहरूलाई समान रूपले उत्पादन गरेको अन्नवाली दिने र आफू पनि एक भाग लिने चलन छ। विवाह भएका छोरीहरू कथंकदाचित आफ्नो घरमा बस्न नसकेर माइतिमा बस्न आएको खण्डमा बुवा वा आमा हुन्जेलसम्म बस्ने नत्र भने माइति घरमा बसे पनि आफ्नो चुलो अलगै बनाएर बस्ने गर्दछन्।

कुनै दाजु-भाइहरू मायालु भएको खण्डमा मात्र दाजु-भाइहरूको

भान्सामा चेलीहरूले खाने गरेका छन् । तर काम नगरिकन बस्न पाइदैन । छोरी-ज्वाइँहरू ससुरालीमा बस्दैनन् । यदि एउटै छोरी भए मात्र छोरी ज्वाइँ परिवारको रूपमा बस्ने गरेका छन् ।

त्यसकारण राजवंशीको परिवार भन्नाले एउटै वंशको सन्तानलाई मात्र एक परिवार भनेर मान्ने गरेका छन् । राजवंशीको मूली जो घरको जेठो हुन्छ; त्यही नै घरको मूली हुन्छ । बुवा वा आमा धेरै बूढा-बूढी भए मात्र छोराले मूलीको काम गर्ने गरेका छन् ।

कोच राजवंशी समुदायमा बैवाहिक सम्बन्धले बनाएको नाता-सम्बन्ध निम्न बमोजिम रहेको छ ।

नेपाली	**-**	**राजवंशी**	**नेपाली**	**-**	**राजवंशी**
सम्धि	-	(सम्धि)	सम्धीनी	-	(सम्ध्यानी)
ससुरा	-	(ससुर/बाजी)	सासु	-	(सास्नी, माता)
जेठान	-	(बरधना)	जेठानी	-	(बरधनी)
सालो	-	(साला)	सालोको पत्नी	-	(सलोज)
दिदी	-	(बाई)	भिनाजु	-	(बोहोनु)
छोरा	-	(बेटा)	बुहारी	-	(बहु)
छोरी	-	(बटी)	छोरी-ज्वाइँ	-	(बेटिज्वाई)
भाइ	-	(भाइ)	भाइकी पत्नी	-	(भाउसानी)
पतिको दाजु	-	(भसुर)	पतिको भाउजू	-	(जेठानी)
बुहारी	-	(बुहारी)	जेठानी	-	जेठानी (जाअ)
सानी बुहारी (छट जाअ)			(ठूली बुहारी)	-	बड जाअ
फुपाजु	-	(पिसा)	फुपु	-	(पिसि)
सानो बुवा	-	(मसा)	सानी आमा	-	(मसी)

कोच राजवंशीहरू चार पर्खालभित्र बस्न मन पराउँछन् र चारैतिरको दिशामा घर बनाएका हुन्छन् । गाउँ समाजले प्रयोग गर्न सक्ने पानीको लागि एउटा साझा ठाउँमा इनार खनेका हुन्छन् । सगोल परिवारमा हजुरबुवा हुनुहुन्छ भने हजुरबुवा, हजुरआमा, बुवा, आमा, छोरा छोरी सबै मिलेर बसेका हुन्छन् ।

घरका जेठो व्यक्ति नै घरमूली हुने र उनकै रेखदेखमा घर व्यवहार र घरको सम्पूर्ण दायित्व निर्वाह हुन्छ। पुरूष र महिलामा कुनै भेदभाव छैन भन्नुको मतलव पुरूष-प्रधान समाजमा पुरूषको अन्त्य कालपछिको समयमा महिलाको जिम्मेवारी अनुसार घरमूली महिला नै हुन्छिन्। पुरुषको दायित्वमा हजुरबुवा र हजुरबुवा नरहेको अवस्थामा महिलाको हकमा हजुरआमाले नै दायित्व सम्हाल्नु पर्दछ भन्ने सामाजिक मान्यता छ।

५.२.२ **थर, उप-थरहरू र गोत्र**

कोच राजवंशी जातिमा गोत्र, थर, उप-थर केही पनि हुदैन। यस जातिका मानिसहरू परूवा (कूलगुरू) को आधारमा गुरू पक्षधर मान्ने चलन छ। जस्तै: चइतन्या, नितानन, सदगुरूवा, रामाउत, ठुनठुनिया, ढाडिगर, बोलोराम, चतुरमारिया, आदेत, रामानन्दी, जगबन्धु, कविर, लखिगदाधर, अभिराज, चन्नतखेला, कानतुलसिया, सिताउदित, जगत मोहन आदि इत्यादि।

गुरूपक्षधरका सन्तानहरू त्यही गुरुपक्षधर अनुसारकै हुन्छन्। यस जातिमा वंशावलीलाई गुतिया भन्ने चलन छ। सात पुस्तासम्म गुतिया (हाडनाता) मान्ने चलन छ। यसमा विवाह संस्कारमा हाड नाता र मृत्यु संस्कारमा जुठो बार्ने चलन रहिआएको छ।

कोच राजवंशी जातिमा थर, उप-थर समूहमा आफ्नो विशिष्ट पहिचान छैन र यसबाट चालचलनमा कुनै किसिमको अन्तर हुदैन। तर परूवाको आधारमा भने देखिन्छ। जस्तै: चइतन्या पक्षधरहरू हाँस, कुखुरा पाल्दैनन र सिपी, घुङी खादैनन्। सतगुरुवाहरू हाँस पाल्नु हुने र सिपी, घुङी खाना पनि हुने देखिएको छ। अरू बाँकी गुरुपक्षधर परूवाहरू भने कोही खान्छन् कोही खाँदैनन्।

५.२.३ **नाता कुटुम्ब प्रणाली**

कोच राजवंशी जातिका मानिसहरूको नाता कुटुम्ब सम्बन्ध छुट्टयाउने सैद्धान्तिक आधारहरू निम्न अनुसारको रहेका छन्।

बुवापट्टि

बुवा-(बाउ) ।

बुवाको बुवा हजुरबुवा- (दादो)	बुवाको आमा हजुरआमा- (दादी)
आफू भन्दा जेठो- (दादा)	आफू भन्दा साना- (भाइ)
आफू भन्दा जेठोको श्रीमती- (भजी)	आफू भन्दा सानाको श्रीमती -(भाउसानी)
बुवाको दाजु- (जेठो)	बुवाको भाइ- (काका)
बुवाको दाजुको श्रीमती- (जेठी)	बुवाको भाइकी श्रीमती- (काकी)
बुवाको दिदी या बहिनी-(पिसाइ)	बुवाको दिदी या बहिनीको श्रीमान- (पिसा)
छोरा - (बेटा)	छोरी - (बेटी)
छोराको श्रीमती - (बहु)	छोरीको श्रीमान्- (बेटी-ज्वाइ)
छोराको छोरा - (पता)	छोराको छोरी - (पति)
बुवाको दाजुभाइका छोराहरू - (भातिजा)	बुवाको दाजु तथा भाइका छोरीहरू - (भातिजी)

आमापट्टि

आमा-(आइ)

हजुरबुवा-(नाना)	हजुरआमा-(नानी)
आफू भन्दा जेठी-(बाइ)	आफू भन्दा सानी-(बहिन)
आमाको दाजु-(मामा)	आमाको भाइ-(मामा)
आमाको दिदी या बहिनी-(मसि)	आमाको दिदी या बहिनीको श्रीमान-(मसा)
आमाको दाजुकी श्रीमती-(मामी)	आमाको भाइकी श्रीमती-(मामी)
आमाको दाजु-भाइका छोरा-(भाइ)	आमाको दाजु-भाइका छोरीहरू-(बहिन)

उनीहरूमा बाबुपट्टिबाट (रगत र वंशको) आधारमा हाड नाता पर्ने हुन्छ साथै बुवापट्टिका मितेरी साइनो पनि राजवंशीमा हाडनाता पर्ने हुन्छ; जसलाई राजवंशीहरू गुतिया भन्दछन् । तर राजवंशी जातिमा आमाले कुनै आइमाईसँग मित लगाएको छ भने कुटुम्ब

हुन्छ । नातामा छोराले मिमिनी आमालाई माहो सम्बोधन गर्छन् । माहोको दाजु वा भाइलाई मामा मान्ने गरेका छन् । माहोको दिदी वा बहिनीलाई मसी भन्ने गर्दछन् । आमापट्टिका साइनो नाता पर्ने सबै कुटुम्बमा पर्ने हुन्छन् ।

कोच राजवंशी जातिमा पुरूष-पुरूष मिलेर मित (मिस्तर) लगाउँछन् । एकै नाम मिलेको छ भने 'मिता' सम्बोधन गर्छन् र अन्य जातिसँग मित लगाएको छ भने 'दोस्त' सम्बोधन गर्छन् । मित, मिता, दोस्त सबै (वंश, गुतिया) भित्र पर्छन् । आईमाई-आईमाई मिलेर साङहान (मितिनी) लगाउँछन् । यिनीहरू एक आपसमा कुटुम्बमा पर्न जान्छन् ।

उनीहरूको समुदायमा विशिष्ट नाता सम्बन्धहरू पनि छन् । जस्तैः दिदी वा बहिनीको छोरा भाञ्जा - भागिना ।

दिदी वा बहिनीको छोरी भाञ्जी - भागिनी ।

बुहारीले ससुरा बालाई बोलाउने साइनो - डाङरा ।

बुहारीले सासु आमालाई बोलाउने साइनो - डाङरी ।

बुहारीले श्रीमानको दाजुलाई बोलाउने साइनो - भसुरा ।

दाजुले भाइको ससुरा बालाई बोलाउने साइनो - ताहो ।

दाजुले भाइको सासु आमालाई बोलाउने साइनो - माहो ।

छोरा वा छोरीको मित बुवा, बोलाउने साइनो - संग्राहा ।

छोरा वा छोरीको मित आमा, बोलाउने साइनो - सुङ्ग्री ।

श्रीमतीको दाजु जेठान - बरधना ।	वहाकी श्रीमती - बरधनी ।
श्रीमीको भाइ सालो - साला ।	सालोकी श्रीमती - सालबहिनी ।
श्रीमतीको दिदी - जेठसाम्री ।	श्रीमतीको दिदीको श्रीमान् - साह्रुदादा ।
सालीको श्रीमान-साह्रुभाइ ।	श्रीमतीको बहिनी, साली - साली ।
जेठान वा सालाका छोरा-सालबेटा ।	जेठान वा सालाका-छोरी-सालबेटी ।

कोच राजवंशी समुदायमा नाता कुटुम्ब प्रणालीलाई विशिष्ट महत्त्वमा राखिएको छ । दाजुको श्रीमती भाउजू-भजी वा भाउजी, राजवंशी समदायमा ख्याल ठट्टा, हासीमजाक गर्ने चलन छ । तर भाञ्जाको श्रीमती बुहारी - भागिन बहुसँग ख्याल ठट्टा गर्दैनन् र

केही सामान लिनु-दिनु परे परैबाट (राखेर नछोइ) लिने दिने गर्ने गरेका हुन्छन् ।

भाइको श्रीमती बुहारी-भाउसानीसँग पनि ख्याल ठट्टा गर्दैनन र केही सामान लिनु दिनु परे परैबाट लिने दिने गर्ने गरेका हुन्छन् । उमेर छदै दाजुको देहान्तपछि दुवै घर परिवारको मिलेमतोमा देवरसँग घरजम गर्ने परम्परा रहिआएको छ र श्रीमतीको अन्त्य कालपछि वा छदै पनि मिलेमतोमा साली विवाह गर्ने चलन चलिआएको छ । उनीहरूको नाताकुटुम्व प्रणालीले निकै नै महत्त्व दर्शाएको छ- जसले आदिवासीको पहिचान झल्काउँछ ।

राजवंशी समुदायमा विवाहमा सबै वंशलाई मौखिक खबर गरिन्छ । कुटुम्वहरूलाई निमन्त्रणा कार्ड पठाउँछन् । तर ज्वाइँहरूलाई विशेष (पान, सुपारी, कार्ड) निमन्त्रणा गरी बोलाउँछन् । जन्ति जाने र जन्ति भित्र्याउनेमा विषेश भूमिका रहेको हुन्छ । जस्तै: जन्ति भित्र्याने बेलामा जन्तिको अगाडि ज्वाइँहरूलाई उभ्याई आरती गरी पुजेर अनि मात्र जन्ति भित्र्याउने चलन रहेको छ ।

विवाहमा कुलपूजा गरिसकेपछि बिच आँगनमा हल्दि (कासाकुटा) को काम सकेपछि केरागाछी गाड्ने काममा भिनाजु अनिवार्य चाहिन्छ । भिनाजुको अनुपस्थितिमा हजुरबुवा दादो वा नाना पर्ने जो कोहिले केरागाछी गाडेर (मारूआ खुदा) कामलाई अगाडि बढाउनु पर्ने हुन्छ । त्यसपछि जन्म संस्कारमा कुलगुरुको काम पर्छ र बच्चाको ७ देखि ८ महिनाको अवस्थामा अन्नप्राशन (खिरछुआ) मा मामाको उपस्थिति अनिवार्य रहेको हुन्छ ।

मामा विना खिरछुआ हुदैन । मामा नभएमा परको नाता पर्ने भएपनि मामा नाता परेकोलाई निमन्त्रणा गरी कार्य सम्पन्न गर्ने चलन रहिआएको छ । त्यसैगरी मृत्यु संस्कारमा वंशमा पर्ने गुतिया, एवं कुटुम्बमा पर्ने ज्वाइँ-चेलाहरूले मृतकको घरमा काँधिकाठ (मुच्लि) बनाउनेदेखि लिएर मृतकलाई काँधिकाठमा राखेर, बोकेर मसान घाट पुऱ्याई गाड्ने वा जलाउनेसम्मको काम गर्नुपर्ने हुन्छ ।

मृतकको चौथो दिन तीन सिनान भनेर सबैलाई खबर गरिन्छ ।

त्यसमा ज्वाइँ-चेलाहरू चोखिने हुन्छन् र अलिनुबाट छुटकारा पाउँछन् भने बाह्रौं दिनका दिन छोरी-चेलीहरूले साङही (मृतकको लागि चढाइने सामग्री) दिनुपर्ने हुन्छ ।

राती कुलगुरुबाट जल तर्पन गरिसकेपछि भोलिपल्ट बिच आगनमा लम्पसार पर्न तर्पन (ढेमाली) प्रक्रिया शुरू हुन्छ । ढेमाली प्रक्रिया सकिएपछि मृत्यु संस्कारको क्रियाकलाप अन्त्य हुन्छ। यस व्यवहारले गर्दा नाता कुटुम्वलाई क्रियाशील बनाउनुका साथै जाति संस्कारलाई समेत टेवा पुगेको छ ।

राजवंशी जाति समुदायमा नाता कुटुम्बभित्र कामको चटारोमा पर्म (हाउली) लिने दिने परम्परा हाल पनि छ र सो बापत बेलुकाको खानामा खसीको मासु भात खुवाउनु पर्छ । नाता कुटुम्बको घरमा आउँदा वा जाँदा खाली हात जानु हुदैन, केही न केही कोशेली (सान्दुस) बोकेर जाने गरेका छन् । कोशेली अन्तर्गत प्रायजसो दही, चिनी, केरा, मिठाई, निम्की, जुलेवी, खस्ता, मोतीचुर लड्डु, रस दाना, लाल मोहन पर्दछन् ।

राजवंशी समुदायमा धर्म पुत्र, धर्म पुत्री राख्ने चलन पनि छ । जस्तै :- निःसन्तान दम्पतिले आफ्नै सहोदर दाजु-भाइका सन्तानलाई गोद लिएर धर्म पुत्र "पुसाबेटा" राख्ने चलन रहिआएको छ । यदि समाजभित्र कोही कसैका बढी सन्तान भई पाल्न नसक्ने अवस्था भएमा पनि धर्म पुत्र पाल्न चाहनेले समाजका अगुवालाई साक्षी राखी धर्म पुत्र "पुसाबेटा" राखिने चलन छ। त्यस्तै कसैको घरका पुत्रीको संख्या बढि भएर विहावारी गराउन असमर्थता देखाएमा पनि गाउँका ठुला-बडाले विहावारी गराउने र त्यसमा लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने र धर्म पुत्री "पुसाबेटी"को रूपमा स्वीकार गर्छन् ।

त्यति मात्र नभएर राजवंशी समाजमा कोही बिरामी भयो भने धामी, झाँक्री लगाए तापनि विसेक नभएर हतास भएको अवस्थामा धामीसँग सहयोगको गुहार माग्दा "धरम बाबु" बनाउने चलन रहेको छ। साथै कसै कसैले धनाढ्य व्यक्तिलाई केही रकमको लागि गुहार माग्दा धर्म बाबु "धरम बाप" बनाउने चलन पनि रहेको छ ।

महिलाको हकमा धर्म पुत्री "धरम बेटी" बनाउने चलन रहेको छ। धनी घरमा पुत्रको जन्म नभएर पुत्री मात्र भएको खण्डमा उक्त धन रक्षा गर्नको लागि गाउँ-समाजमा खबर फिजाई घर-ज्वाइँ राख्ने चलन पनि छ- जसलाई राजवंशीमा "घन्जिया" भन्ने चलन छ।

अर्को धनाढ्य घरका नि:सन्तान दम्पतिमा पुरूषको मृत्यु भएको खण्डमा उक्त धन रक्षा गर्नको लागि र विधवीको लागि पनि गाउँ-समाजबाट घर-ज्वाइँ बस्न चाहनेलाई पुरूषको माग भई आएमा घर-ज्वाइँ बस्न चाहने पुरूषलाई "डाङ्गुआ" भन्ने चलन रहिआएको छ।

५.२.४ धार्मिक परम्परा र चाल चलनहरू

राजवंशी समाजमा कुलदेवतालाई आगनको उत्तर-पूर्व वा पूर्व-दक्षिण कुनामा ठाकुर बारी स्थान बनाई, घेराबारा गरेर सुरक्षित तरिकाले स्थापना गरी मन्दिर जस्तो बनाई राख्ने चलन रहिआएको छ। उक्त कुलदेवताको पूजा गर्नको लागि राजवंशी जातिबाटै सक्षम व्यक्तिलाई पुरोहित छनौट गर्छन्। उसैबाट उक्त कुल देउताको पूजाआजा गरिने चलन छ(जसलाई राजवंशीहरू कुलपुरोहित (ठाकुर) भन्ने गरिन्छ।

गाउँ समाज मिलेर गाउँ समाजको अनिष्ठ हुनबाट रक्षा गर्नको लागि गाउँको उत्तर-पूर्व एक स्थानमा देवताहरूको स्थान सानो सानो घरहरू बनाई राखिने चलन रहिआएको छ- जसलाई गाउँको देवता "ग्रामथान" भन्ने चलन छ। ग्रामथानमा ग्राम देवताहरू राखिएका हुन्छन्।

ग्राम देवतामा उक्त क्षेत्रको गाराम, महाराज, गज काली, रण काली, मदन ठाकुर, धरम ठाकुर, टाङहुआ-टाङहुआनी मधुरा डाक्नी, सहित त्रिशाल कोटी देवताको पूजा, भोग लगाउँछन्। ग्रामथान पूजा गर्नको लागि गाउँ समाजका सबै व्यक्तिलाई सहभागी गराउँछन् भने मूल पूजारीको लागि एक जना व्यक्ति (राजवंशी जातिबाट) सक्षम छनौट गरी पूजा गराउने चलन छ- जसलाई राजवंशीहरूले "धामी" भन्ने गर्दछन्।

राजवंशी जातिका मानिसहरू देवी-देवताको स्थानमा दर्शन गर्न

गएको खण्डमा नुहाइधुवाइ गरिसकेपछि खाली पेट, खाली खुट्टा तथा हातमा आरती स्वरूप थालमा अथवा माटोको ठूलो प्लेट, केराको पत्तामा केराको काइँयो, चिनीबाट बनेको लड्डु, सिंदुर, अगरवत्ति लिएर जानु पर्छ। देउता स्थानमा सबै पूजा सामग्री चढाएर अगरवत्ति बाली ढोग गरी आउँछन्।

आफ्नो कुलदेवताको पूजा (हुर्नू तस्वीर नं.२) मा यस्तै सबै पैसादी चढाई सकेपछि एक लोटा पानी अञ्जुलीमा थापेर सबै प्रसादीमा छर्केर घुँडा टेकेर ढोग गर्छन्। त्यस्तै कुल पुरोहितलाई घरैमा बसाई एक लोटा पानी र थालमा गोडा राखी धोइ दिन्छन् र गोडा धोएको पानी मूल घरको छानोमा छर्किने चलन छ र मूल पुरोहितलाई जजमानले घुँडा टेकी घोप्टिएर चरणमा ढोग गर्छन्। यसले घर, कुलमा शान्ति छाइरहन्छ छ भन्ने जनविश्वास रहेको छ।

कोच राजवंशी समुदायभित्र गाउँभरिका मानिसहरूको भेलाबाट धार्मिक समितिहरू गठन गर्ने चलन रहेको छ। जस्तैः ग्रामदेवता पूजा समिति, काली माता पूजा समिति, भगवती माता पूजा समिति आदि इत्यादि। यी समितिहरूमार्फत अमुक अमुक धार्मिक स्थलहरूमा नाच गानसहित धार्मिक मेला लगाउने चलन रहेको छ।

पछिल्लो चरणमा गुरु गसाई संघ, किर्तिनिया संघ, माली संघ, गाइन संघ, राब्निया संघ, हजाम संघ जस्ता समितिहरू राजवंशी धरम संस्कारमार्फत गठन भएका छन्। यी संघहरूबाट कोच राजवंशीको परम्परागत धर्म संस्कारहरू संरक्षण गर्नका लागि महत्त्वपूर्ण योगदान रहिआएको छ।

कोच राजवंशी समुदायमा गुरु पक्षधर १८ वटा रहेका छन्- जसलाई परूवा भन्दछन्। ती हुन्- चइतन्या, नितानन, सदगुरूवा, रामाउत, ठुनठुनिया, ढाडिगर, बोलोराम, चतुरमारिया, आदेत, रामानन्दि, जगबन्धु, कविर, लखिगदाधर, अभिराज, चन्नतखेला, कानतुलसिया, सिताउदित र जगत मोहन। यी परूवाहरू ठाकुरको रूपमा मान्ने चलन रहेको छ। उनीहरूमा कुलदेवताको रूपमा ठाकुर, माता, विसहरी, हुनमान, नरसिंह, काली, भगवतीमाता, साजी, घाटोसरी,

पञ्च नारायण देवता (ग्लोक सेभा), भणडार देवता (भाण्डार सेभा), अग्नी देवता (आख चुमा), जल देवता (कुइ चुमा), बृक्ष देवता (आमअ मउलिबा), गाउँको देवता (ग्रामथान), शिव (डोल देवता)। भूत-प्रेतमाः चाँर, डाक्नी, दखिना देअ, मासान, गहिली मासान, झुर, पिचास, झीङ, पेच्रा आदि इत्यादि रहेका छन्।

राजवंशीहरूमा कुलपुरोहित आफ्नै जातिका हुन्छन्ः कुलपुरोहित (ठाकुर), जसले ठाकुरबारीमा कुलदेवता (चइतन्या, नितानन्द, सतगुरूवा, आदि इत्यादि) को पूजाआजा गर्ने चलन रहेको छ।

तस्वीर नं. २ः
पाटत बेहार प्रसाद, कुल गुरुद्वारा पूजा गरिँदै
साभारः लखनलाल राजवंशी

तस्वीर नं. ३
बेहार ठाकुरबारी देवता स्थानमा घरमूलीले पूजा गर्दै गरेको
साभारः लखनलाल राजवंशी

किर्तिनिया (तस्वीर नं. ४-५: यिनीहरू परम्परागत तरिकाले गृहिणीले ठाकुरबारीमा (भेण्ड्रा, हरिलोट, ओदोबास, धाजाखारा, ग्रामथान) पूजा गर्ने बेलामा खोल, कर्ताल, बाजागाजासहित प्रार्थनायुक्त गीतहरू गाउने चलन छ भने मृत्यु संस्कारमा पनि यिनीहरू खोल, कर्ताल, बाजागाजासहित क्रियाकर्म गर्ने ठाउँमा (घरभित्र र घर बाहिर मसानघाटमा समेत) करुण्णायुक्त गीतहरू गाउने चलन छ।

तस्वीर नं. ४:
किर्तिनिया श्राद्ध कर्ममा शोक धुन बजाउँदै
साभार: लखनलाल राजवंशी



तस्वीर नं. ५ः
किर्तिनियाला पूजा स्थानमा प्रार्थनायुक्त गीत गाउदै गरेका
साभार ः लखनलाल राजवंशी

गाइन नाच (तस्वीर नं. ६) गाइन ठाकुर जसले ठाकुरबारीमा सँगै रहेको ब्रम्हानी देवी (विसहरी, मनसा देवी) को मन्दिरमा पूजा गर्ने चलन छ । बिबाहको समयमा कुलदेवतासँग रहेको ब्रम्हानी देवीको पूजाको बेलामा यी नाचहरू नचाएर नाग देवतालाई खुशी पार्ने काम गर्छन् ।

तस्वीर नं. ६ः
गाइन नाच (विवाहको अबसरमा विषहरी देवता खुशी पार्ने नाच,
साभार ः लखनलाल राजवंशी

राबनिया (तस्वीर नं. ७) : जसले ठाकुरबारीमा हनुमानको पूजा गर्ने चलन छ र विवाहको बेलामा बाजागाजा सहित नाची गाई पूजा गर्ने चलन छ।

तस्वीर नं. ७:
राब्निया नाच (विवाहको अवसरमा पवन देवता खुशी पार्न गरिने नाच)
साभार: लखनलाल राजवंशी

माली: जसले कालीको आकृति, ब्रम्हानीको आकृति र कृतिम कागज, सन्ठि, मार्कोलको सहायताले फूलहरूको निर्माण सिन्कामा उनेर देउता स्थानमा चढाई वा बेहुला-बेहुलीको शिरमा पहिऱ्याई पूजा गर्ने चलन छ।

नाउ (हजाम): जसले शुभ कार्य, जन्म संस्कारमा होस् वा अशुभ कार्य, मृत्यु संस्कारमा होस घर तथा व्यक्ति सुद्धयाई गरिने चलन रहेको छ।

तस्वीर नं. ८:
नाउ, हजाम (श्राद्ध कर्ममा केश, कपाल मुण्डन गरेको र छुरा पानीमा चोभेको)
साभार: लखनलाल राजवंशी

बस्टम: कुल पुरोहित सँगसँगै बस्टम गसाईले आफ्नो कार्य ठाकुरबारीमा बसेर पूजा गर्ने चलन रहेको छ।

पइच: राजवंशी समाजमा गाउँकै व्यक्ति पइच छानिन्छ र उक्त छानिएको व्यक्ति सर्वश्रेष्ठ व्यक्ति मानिन्छ। गाउँ समाजबाट छानिएर आएको व्यक्तिलाई नै पइच भन्ने चलन छ। पइचले शुभ कार्यमा हासे वा अशुभ कार्यमा होस् सल्लाह-सुझाव लिने-दिने र आवश्यक परामर्श गरी कार्य सफल गर्ने पूर्ण जिम्मेवारी पाएको हुन्छ।

भिनाजु : राजवंशीहरूको शुभ कार्य विवाहमा केरागाछी गाड्नेदेखि लिएर अशुभ कार्य मृत्यु संस्कारसम्म चौथो दिन तीनसिनानमा चोखिने र बाह्रौं दिनका दिन मृतकको नाममा चढाइने सामग्री "साङही" दिने चलन छ।

हरिभजन, किर्तन, नाच गान, गाउने समूहका नाइकेलाई "मूल" भन्छन्। समूहमा रहने सबै सहभागीहरूलाई समान रूपले सहभागीता गराई हरिभजन, किर्तन, नाच गाअन सम्पन्न गर्ने गरेका छन्।

तस्वीर नं. ९ः
हरिलोट (कुलदेवताको भजन, किर्तन गाउदै गरेको)
साभारः लखनलाल राजवंशी

कोच राजवंशीहरूको पूजाआजाको लागि महिला वा पुरूषमा कुनै भेदभाव छैन। कुलपुरोहित महिला वा पुरूष जोसुकै पनि हुन सक्तछन्। महिला वा पुरूष कुलपुरोहितले पुरेत्याइँ गरे/गराएमा कुनै बाधा व्यवधान हुदैन। उनीहरूमा परापूर्वकालदेखि धामी झाँक्रीको परम्परा रहिआएको छ।

धामी झाँक्रीलाई यिनीहरूले "अझा" भन्ने गरेका छन्। महिला अझालाई धामियानी पनि भन्ने चलन छ। अझा वा धामियानीको प्रयोजन बिरामीलाई झारफुक विधि तथा जंगली जडिबुटीद्वारा निको पार्ने हुन्छ। अझा वा धामियानीको काम कुलगुरु गसाईबाट पनि हुन सक्तछ।

कसैको घरमा ज्वरोको विमारी एमा "अझा वा धामियानी" ल्याएर पानी, तुलसीको पत्ता, ध्यू, तेल, गुइठा फुकेर खाने, लगाउने र घस्ने परम्परा रहिआएको छ- जसले गर्दा बिरामी निको हुने पनि गरेको पाइएको छ। कोही बिरामी भएको जानकारी भएमा कुन

किसिमको बिरामी हो? त्यसको पहिचान गरी कुन किसिमको उपचार गर्नु पर्ने हो? त्यसको छिनोफानो गर्ने कार्य "पाञ्जियार"को हुन्छ।

पाञ्जियारले पात्रो हेरी जोखना हेर्ने, साइत हेर्ने, ग्रह दशा हेर्ने कार्य गर्दछ। कोही कोही बिरामी ओछ्यान लागेको छ र त्यसलाई धामीले वा धामियानीले तेलको सलेदो बालेर कानमा फुक्ने गरेको पनि देखिएको छ। बिरामी निको भएको पनि देखिएको छ। कोही कोहीको घरमा बिच आँगनमा लिपपोत गरी अझाद्वारा पूजा लगाउने र परेवा बली दिने गरेको पनि देखिएको छ।

कसै कसैको घरमा आवाज आउने, तर्साउने किसिमको व्यवहार देखाउने गरेकोमा अझाद्वारा लोटामा जल हाली मन्त्रले फुकेर, भूत-पिचासलाई लोटामा कैद गरी लोटाको मुखमा केराको पत्ता राखी सेतो कपडाले छोपी डोरीले बाँधेर झुन्ड्याई राख्ने चलन छ।

अरू कसै कसैको घरमा पुरूष होस् वा महिला आफैं कराउने, चिच्याउने, रूने, हाँस्ने, उफ्रिने, दौडिने गरेको देखिएको छ भने गाउँलेहरू अझा बोलाई अझाले उक्त व्यक्तिलाई तेल लगाएको सलेदो बाली कानमा फुकेर भूत-पिसाच लागेको रहेछ भने तुरून्त भुत पिचासलाई खेदाउने चलन रहिआएको छ।

तीन चार दिनको ज्वरोपछि अझाले हेरेर "यिनलाई माई भगवती लागेको छ, यिनको जिउमा ध्यू दल्नू र बाहिर हिडडुल नगर्न नदिनू" भन्दा साँच्चिकै तीन चार दिनपछि बिरामीको जिउभरि विमिराहरू निस्केको र थप तीन दिन जिउमा ध्यू दलेर राखेपछि आफैं हराएर गएको देखिएको छ।

परापूर्वकालदेखि धेरै ठाउँहरूमा कोच जातिका मठ-मन्दिर र धार्मिक स्थलहरू रहेका छन्। ती मठ-मन्दिरहरूले ऐतिहासिक महत्त्व बोकेको पाइन्छ। जस्तैः विराटपोखर, लक्ष्मीथान ब्रम्हानीथान, माताथान, महाराज थान, संसारी माता, किच्चक बध, बारदासी ढिक, भुतेश्वर महादेव स्थल, काली थान, ग्रामथान, आदि इत्यादि। तर उनीहरूका मानिसहरूले निर्माण गरेका शिवालयको मन्दिर, कालिका मन्दिर, ग्रामथानहरू, ऐतिहासिक पोखरीहरू संरक्षणको अभावमा जिर्ण

अवस्थामा पुगेको भेटिन्छ ।

कोच राजवंशी समुदायमा प्रमुख धार्मिक पूजाआजाहरू कुलदेवता, ग्राम देवता, आसारी घासारी, धान रोपाइँको बेला गुछी लिवार, दधिकाद, डरा, बेरा, दुर्गा पूजा, लखी पूजा, काली पूजा, गरीया पूजा, चोरचुर्नी पूजा, आमाती ठाकुर पूजा, हाल जात्रा । नयाँखुआ प्रसाद, खेमारी पूजा, ठूलो एकादशी, सतसेभा, हरिलोट, भेन्ड्रा, डोल पूजा, चरक पूजा (भक्तियार), घाटोसरी, साजी पूजा आदि इत्यादि रहेका छन् ।

समुदायका प्रमुख धार्मिक संस्कारहरूमा जन्म, विवाह र मृत्यु रहेका छन् भने प्रमुख चाडवाडहरूमा नयाँ वर्ष (सिरूवा, साजी-घाटोसरी पूजा, ग्राम पूजा), भूमिराज (आमाती ठाकुर), कृष्ण जन्माष्टमी (दधिकाद), दशैं (जात्रा, लखी पूजा), तिहार (कालि पूजा, गरूवाँसी, चोर चुर्नी पूजा), हरिबोधनी एकादशी (बड एकादशी), फागु पूर्णिमा (फाकडोल) आदि इत्यादि रहेका छन् ।

कोच जातिका विवाहको बेलामा चाहिने आवश्यक सरसामानहरू भण्डारण गरी राख्छन् । भण्डारण गरेको कोठामा सबै सरसामानको भोग प्रसाद लगाई (भाण्डार सेभा) पूजा गर्ने परम्परा छ । कुलदेवताको पूजा (अदिबास) ठाकुरबारीभित्र गरिन्छ । माटाको कलशमा कालोदाल राखेर भिजाइ उक्त कलश ब्रम्हानी थानको कोठाभित्र राखिन्छ- जसलाई बारी बस्पा भनिन्छ ।

यो जातिका मानिसहरूले सके आफैंले नसके कुल पुरोहित बोलाई कुलदेवता ठाकुर, ब्रम्हानी, काली, हनुमान, नरसिंह, ग्रामथान, माता, भगवतीको पूजा गराउँछन् । राजवंशीहरू पुर्खाहरूको पूजा गर्दैनन् तर पुर्खाको सम्झनाको लागि वर्षेपिच्छे तिहारमा हुकाहुकी खेलमार्फत पितृहरूको स्मरण गर्छन् । भूमिको पूजामा जेठ महिनाको पहिलो हप्ताको अन्तिम दिन हलो बार्ने अथवा त्यो दिन भूमि माताको रजस्वला हुने दिन भनेर भूमिलाई खन्ने, जोत्ने, खोस्रने गर्नु हुदैन भनेर भूमिराज मान्ने चलन छ ।

त्यसै दिन केटाकेटीहरूले बाटामा डोरी टाँगेर छेकवार गर्ने र

छेउमा सानो कटेरो बनाएर माटोको सानो मूर्ति बनाएर राख्ने गरेको पाइन्छ- जसलाई आमाती ठाकुर भन्दछन्। बाटामा आउने जानेहरूको लागि डोरी टाँगेर छेकबार गर्नुको मतलब आमाति ठाकुर मातालाई भेटी उठाउने साथै सबैलाई जानकारी होओस् कि आज भूमिराज हा र आज हलो जोत्नु हुदैन।

कोच राजवंशी जातिका मानिसहरूले नयाँ वर्षको सिरूवामा पहिलो दिन पानी सिरूवा, दोश्रो दिन हिलो (काद) सिरूवा, तेस्रो दिन रंग सिरूवा खेल्ने गरेको हुँदा जल, माटो र रंगलाई प्रकृतिले दिएको महत्त्वपूर्ण तत्वहरू जसले जीवनलाई सार्थकता प्रदान गर्न तथा एक आपसको सद्भाव र मेलमिलापको वातावरण निर्माणमा ठूलो भूमिका निर्वाह गरेको पाइन्छ।

दोस्रो दिन काद सिरूवामा महिलाहरू खोलाको किनारमा गई गीत गाउँदै खोलाको बगरमा घाटकी देवी (घाटोसरी मातालाई) प्रसाद चढाउँदै पूजाआजा गर्छन्- जसलाई "घाटोसरी" अथवा "साजी" सेलाउने दिन भनेर भन्दछन्।

विवाहको बेलामा बेहुलाको घरमा बेहुला वा बेहुलीको घरमा बेहुलीसँग घरको मूली महिला डाली (नाङ्लामा धान, कलश, एक छिमी केरोको काइयो, बलेको दियो, दुबो, पानको पत्ता, माटाका सराहा) सहित इनारमा गई प्रसादी चढाई पूजा गरी दुल्हा वा दुलहीबाट ढोग गराउने गरिन्छ।

त्यसपछि आँपको गाछीमा सेतो धागोले बेर्दै पाँच पटक परिक्रमा गरे दुल्हा वा दुलहीको टाउको आँपको गाछीमा छुवाउदै बृक्ष देवताको पूजा गरिन्छ। घरमूली महिलाले भुइमा प्रसाद चढाउनु पर्दछ। प्रसादमा दुल्हा वा दुलही घुँडा टेकेर ढोग गर्न लगाउँछन् र माटाका सराहा गोडाले फोड्छन्। यस प्रक्रियाले जल, जमिन, जंगलको पूजाआजाले गर्दा कोच राजवंशी आदिवासी प्रकृति पूजक हुन् भन्ने कुरा प्रष्ट हुन्छ।

राजवंशी जातिका मानिसहरू प्रत्येक गाउँको उत्तर-पूर्व सिरानमा खाली जग्गा निकाली गाउँभरिका मानिसहरूलाई सहभागी गराई

दिन बार तय गरी पूजा लगाउने गरेको पाइन्छ- जसलाई ग्रामपूजा भनेर भनिन्छ । ग्रामपूजामा ग्राम देवतासँगै महाराज तथा उक्त स्थानीय ठाउँको गजकाली, रणकाली, टाङहुआ-टाङहुआनी, मदन ठाकुर देवताहरूको स्थानसँगै प्रसाद चढाई पूजाआजा गरिन्छ ।

भाकल अनुसारको पाठा-पाठी, परेवा, कुखुराको चल्ला बली पूजा दिने गर्दछन् । ग्राम थानको लागि स्थायी ठाउँ बनाएका छन् भने स्थायी रूपले ग्रामथानमा ग्राम देवताको बाहनको रूपमा हात्तीको मूर्ति बनाएर राखेका हुन्छन् र अस्थायी रूपमा पूजाआजा गर्ने गरेकोमा मार्कोल (सल्लाह) को फूल, घोडाको प्रतिरूप, बनाएर बाहनको रूपमा राखेर पूजा गर्ने गरेको पाइएको छ ।

तस्वीर नं. १० :
ग्रामथान (ग्राम माहाराजको प्रतीकको रूपमा हात्तीका मूर्तिहरू)
साभारः लखनलाल राजवंशी

कोच जातिको शुभ कार्यमा साथ दिने देवताहरूमा कुलदेवता ठाकुर, ब्रम्हानी, हनुमान, नरसिंह, काली भगवती माता आदि इत्यादि। तर दु:ख दिनेमा चाँर, भूत-प्रेत, डाक्नी, पिसाच, झुर, गहिली मसान रहेका हुन्छन् ।

अध्याय - ६

प्रमुख जीवनचक्र संस्कारहरू

६.१ जन्म संस्कार

जीवनको प्रमुख संस्कारहरू (rites of passages) मा जन्म संस्कार पनि एक हो । परम्परागत प्रचलन अनुसार प्रशव पीडामा धामी (अझा) बोलाउने, सुडेनी (दायानी) बोलाउने, घरमै बच्चा जन्माउने प्रयास गर्छन्। कसै कसैको सात महिनामा नै बच्चा जन्मिन सक्छ। यस्तो अवस्थामा बच्चा साह्रै नै दुब्लो र कमजोर हुन्छ । बच्चा जन्मिसकेपछि सुडेनी (दायानी) महिलाले पहिला शालनाल काट्नु भन्दा अगाडि पातलो डोरी अथवा धागोले नाभीको छेउमा कसेर बाँध्छिन्।

त्यसपछि बाँसको पातलो चोया (काम्छा) ले शालनाल (लारी) काट्छिन् । काटेको शालनाल (लारी) माटाको सानो हण्डी (खल्ती) को आधा भागमा राखेर कोठाको एक कुनामा गाड्छिन्। कोठाभित्र काठ-दाउरा, गुइठा (घसी) भेलापारी आगो बाली कोठालाई न्यानो बनाउँछिन् ।

बच्चालाई सफा र सुकिलो कपडाले पुछपाछ पारी न्यानो लुगा ओढाउँछिन् र आमाको काखमा सुताउँछिन् । त्यसपछि ती महिला (दायानी) ले रगत लागेका लुगाफाटाहरू खोलामा लगी धोई, सुकाई त्यही कोठामा राख्छिन्। प्रत्येक दिन ती सुडेनी महिलाको काम बच्चा र आमाको लुगाफाटाहरू धुने, सुकाउने र ल्याएर राख्ने काम गर्छिन्।

तोरीतेल हातमा लगाई आगोमा तताएर बच्चाको आमालाई जिउभरि दलेर मालिस गर्ने काम गर्छिन् । सुत्केरी आमालाई तीन दिन, पाँच दिन वा सात दिन, आइतबार ननघाई कोठाभित्रै बस्न

लगाउँछन् । सुत्केरी आमालाई कोठाभित्र खानेकुरा उसिना चामल भुटेर पानीमा भिजाई नुन, तेल, अदुवा, सक्खर हाली (पानीभिजा चाउ) साथै माछा, मासु प्रसस्त खान दिन्छन् र सुत्नको लागि भुइँमा पराल त्यसमाथी झल्ला (धक्रा), विछौना, सुकिलो लुगा (गुद्ली) ओछ्याउन र लाउनका लागि सुकिलो लुगा (पेटानी), पुराना कपडाहरू उनेर बनाइएको चादर (गुद्ली) ओढ्न दिन्छन् ।

खानेकुरामा जाउलो (पेच्राभात) खान दिन्छन् र मन तातो पानी पिउन दिन्छन् । सुद्धाइ (तस्वीर नं. ११) गरिसकेपछि सुत्केरी आमा बच्चालाई सुविधायुक्त तरीकाले खाटमा या पलङमा सुत्न दिन्छन् । सुत्केरी हुने दिनलाई (पाछ्टी) भन्ने चलन छ । आईतबारको दिन घर आगन लिपपोत गर्छन् ।

सुडेनी बोलाई कोठाभित्रका सबै लुगाफाटाहरू धोई सुकाई ल्याउनका साथै कोठाभित्रका गुइठा, खरानी (मुस्सी) पराल बाहिर फ्याक्न लगाउँछन्, कोठालाई पानी, गोवर, गोरो, माटो (घोल-लेथानी)ले लिपपोत गर्न लगाउँछन् ।

सुत्केरी महिलालाई नुहाउन पठाउछन् तर ईनार छुन दिदैनन । हजामबाट नङ काटेर आइसकेपछि सहयोगी महिलाले ईनारबाट पानी झिकेर नुहाई दिन्छन् । सुकिला लुगा (पेटानी) लगाउँन दिन्छन् र घाम ताप्न लगाउँछन् । आगनको बिच भागमा हजामलाई पिरामा बस्न दिन्छन्। हजामको अगाडि केराको सानो पत्ता राखिदिन्छन्। त्यो पत्तामा एउटा पान, पानमाथी एउटा सुपारी र केही रकम राख्छन् ।

घरको मूली महिलाले सानो बच्चालाई काखमा लिई हजामको अगाडि पिरामा आम्ने-साम्ने बस्छन्। हजामले केराको पातमा राखेको रकम उठाएर लिन्छ र आफूसँग भएको औजार (खुर) ले बच्चाको टाउकाको कपाल खौरिन थाल्छ । खौरेको पहिलो कपाल, पत्ताको एक कुनामा राख्छ । सुत्केरी महिला देब्रे हातको कान्छी औंलाको नङ काट्न आइपुग्छ र हजामले अर्को औजार (लहर्नी) ले नङ काटेर सुद्धयाई गरिन्छ । बच्चाको अरू कपाल खौरिन थाल्छ । कपाल खौरिसकेपछि पहिलो कपाल घरमूलीलाई दिन्छ ।

तस्वीर नं. ११:
पाछटी (कपाल खौरेर सुद्धाइ गरिदै)
साभार: लखनलाल राजवंशी

घरमूलीले त्यो कपाल र नाभीको घाउ निको भएपश्चात् घाउको पाप्रो (खुटि) मिलाएर सफा कपडामा बेरेर कालो धागोले बाँधी ताबिजभित्र हाली त्यही बच्चाको गलामा माला लगाई दिनाले भूत-प्रेतबाट मुक्त रहने जनविश्वास रहेको छ ।

बाँकी कपाल हजामले पत्तासहित बाहिर लगेर घाँस (बिन्नारथोप) मा फ्याँक्छन् । बच्चा बोकेकी घरमूली महिलाले मन तातो गरम पानीले बच्चालाई नुहाई दिन्छिन्, नुहाई दिइसकेपछि न्यानो सुकिलो लुगा ओढाई दिन्छिन् र गोलो वा चारपाटे नाङ्लामा सुकिलो लुगा राखी सुताउँछिन् । आफः (घरमूली महिला) नुहाइसकेपछि उक्त बच्चा राखेको नाङ्ला सूर्य भगवानलाई उजाई देखाउँदै एकछिन घाममा राख्छिन् ।

एकछिनपछि उक्त बच्चासहितको नाङ्लो ल्याएर मूलघरको कोठामा राख्छिन् । बच्चाका तथा सुत्केरीका लुगाफाटाहरू सुडेनीलाई धोएर ल्याउन लगाउँछिन् ।

तस्वीर नं. १२ः
पाछटी समय गोलकुलात थाकाए (गोलो नाङ्लामा बच्चा सुताएको)
साभारः लखनलाल राजवंशी

दिउँसो घरमूली कुलगुरु कहाँ पुग्छन् र घरमा आउन निम्ता गर्छन् । निम्ता गर्दा एउटा पान, एउटा सुपारी हातमा दिएर घुँडा टेकेर कुलगुरुको पाउमा माथा छुवाएर निम्ता गर्छन् । त्यही राती कोठाको भुइँमा ओछ्यान लगाउँछन् । ओछ्यानलाई दक्षिण सिरानी पारेर राखेको हुदैन र राख्नु पनि हुदैन ।

बाहिर कुलगुरु आइपुगेको खण्डमा बार्दली (धाप) मा जोखना गर्ने पूजा लगाएका हुन्छन्- जसलाई "टेकानी प्रसाद" भन्दछन् । कुलगुरुले पूजामा सुत्केरी महिलालाई अञ्जुलीमा पानी लिएर प्रसादमा जल चढाउन लगाउँछन् र घुँडा टेकी घोप्टो पारी पूजा प्रसादमा सँगै कुलगुरुलाई ढोग गर्न लगाउँछन् ।

कोठाभित्र ओछ्यानमा आमा र बच्चासँगै सुताउँछन् । छेउमा उज्यालोको लागि कुपी (गेछा) बालेर राखेका हुन्छन् । कुलगुरुले बच्चाको मुख हेर्छन् र कानमा मन्त्र पढ्छन् र भन्छन् "हे चइतन्या", भनेर दुई वा तीन चोटी विस्तारै कराएर सुनाउँछन् ।

अन्त्यमा बच्चाको आफन्तलाई बच्चाको नामकरण गरी नाम सुनाउँछन्। तर छरछिमेक र आफन्तजनले जन्मेको बारको आधारमा, महिनाको आधारमा, वातावरणको आधारमा, फलफूको आधारमा, साग-तिउनको आधारमा, भाँडा-वर्तनको आधारमा, लुगाफाटाको आधारमा नाम राख्ने गरेका हुन्छन्। जस्तैः- एतुवारी, सम्मु, मंलु, बुधारु, सइन्चरीया, खलाकुटी, धरफरीया, कान्द्रु, जामालाल, शुकुरचन, बइशागु, आसिनलाल, अघनलाल, पाहाडसिंह, भिम प्रसाद, कददु, नाकारू, भुइचालु, साबारी आदि इत्यादि।

यस समुदायका मानिसहरूमा प्रायः बोलाउने नाम र लेखाउने नाम दुई वटा नाम रहेका हुन्छन्। लेखाउने नाम कुलगुरुले राखेका हुन्छन् भने बोलाउने नाम छरछिमेक वा आफन्तजनहरूले माया गरेर नाम बिगारी बोलाउने गर्दछन्।

बच्चा सात महिना लागेपछि केही खानको लागि हात मुखमा लगाउँछ अथवा केही सामान पक्रिएर मुखतिर लाउने प्रयास गर्छ। त्यसैले छोरा हो भने सात वा नौ महिनामा नै अन्नप्राशन अथवा पाश्नी (खिरछुआ) गरी दिने चलन रहेको छ। छोरी हो भने सात महिनामा अन्नप्राशन गर्ने अथवा पाश्नी (खिरछुआ) नगरे पनि हुन्छ।

यो परम्परा कहाँबाट आयो र किन आयो ? भन्दा पहिलेका बूढापाकाहरू छोरी-चेली विवाह गरेर पठाउने बेलामा दाइजो बिनाको (आदान कन्यादान) दान शर्त राखेका हुन्थे कि छोरीको नाममा किनबेच हुदैन र चुम्ना वापतको रकम (कन्या दान गरे वापत) लिनु पनि हुदैन। तर छोरी-चेलीको कोखमा जबसम्म बाल बच्चा देखिन्न अथवा बच्चाको अन्नप्राशन (खिरछुआ) मा सरिक भइन्न तबसम्म छोरी-चेलीको घरमा अन्न, जल ग्रहण गर्दिन भन्ने शर्तको आधारमा छोरा-छोरीको सु-स्वाथ्य तथा दीर्घायुको कामनाका लागि अन्नप्राशन गरिने परम्पराको चलन रहेको छ।

उनीहरूमा छेवर, उपनयन वा ब्रतवन्ध (केटाको), गुन्यु चोलो (केटीको) हुदैन भन्ने कुरा बूढापाकाहरूको भनाइबाट प्रष्ट हुन्छ। केटीको महिनावारी भएको बेला सुतक बार्ने चलन भने भिन्न

प्रकारको रहेको छ । जस्तै: भर्खर उमेर लागेको केटीको मासिक धर्म (महिनावारी वा रजस्वला) भयो भने यसलाई केही नभनी कुनै किसिमको छेकबार छैन ।

खाना पकाउन, खाना पस्किन, घर आँगन सफा सुग्घर गर्न कुनै किसिमको सुतक लाग्दैन र पूजाआजामा सुतक लाग्ने हुनाले जान पाउँदैन्। कोच राजवंशीमा सुतकलाई “बेन्डा” भन्ने चलन छ। सुतक बार्ने चलन चार किसिमका रहेका छन्। हावाको माध्यमबाट लाग्ने सुतक (बाँअ बेन्डा), छोएर लाग्ने सुतक (परछुति बेन्डा), सुत्केरी भएको सुतक (पाछुटि बेन्डा) र मृत्यु भएको सुतक (मरा बेन्डा) ।

जन्म संस्कारले कोच समुदायमा सुयोग्य नागरिक उत्पादनमा ठूलो भूमिका निर्वाह गरेको हुन्छ किनभने जन्म संस्कार मार्फत नयाँ धर्तीमा टेकेको बच्चालाई शारीरिक र मानसिकरूपले सुसंगठित पार्न मद्दत पुऱ्याई रहेको हुन्छ। साथै आदर्श परिवार निर्माण तथा घर परिवारमा बुवा-अमाआमाको भूमिकामा दायित्व र कर्तव्यबोधले जन्म संस्कारमा निर्वाह गरिरहेको हुन्छ- जसले गर्दा कर्मठ, सुयोग्य नागरिक उत्पादनमा सहयोग भई सभ्य समाजमा निर्माण गर्न ठूलो भूमिका निर्वाह गरेका हुन्छ ।

६.२ विवाह संस्कारमा परम्परागत विवाह

कोच राजवंशी जातिका मानिसहरू विवाहलाई बेहा भन्ने गर्दछन् । उनीहरूमा विवाह (बेहा) बाह्र किसिमका छन् । यी विवाहहरू पौराणिक परम्परागत रूपमा रहिआएको हुनाले विवाहको संख्या बढेर गएको हुनु पर्छ । जस्तै: मागि बेहा, समद बेहा, घन्जिया बेहा, डाङ्गुआ बेहा, किया बेहा, तेरुवाल बेहा, जाङघ बेहा, दामेदुमे बेहा, माटिया बेहा, स्वयमबर बेहा, आदानि बेहा, बिदभाङा बेहा गरी जम्मा बाह्र किसिमका विवाह छन् ।

प्रत्येक विवाहका आ-आफ्ना नियमहरू छन् । ती नियमहरूको पालना गरेर नै विवाहको संख्या बढेर गएको हुनु पर्छ । विवाह

सम्बन्धका रित नियमहरूमा कोच जातिमा शुरूमा केटा र केटीको देखादेख नै हुदैन। त्यसैले पहिला माया पिरती हुदैन। पहिला विवाह त्यसपछि माया पिरती हुन्छ। वंश (गुतिया) भित्र विवाह हुदैन।

तर राजवंशीको एकै परुआ र कुटुम्ब बिच विवाह हुन्छ। एकै परूआमा वंश गुतिया नपरेको खण्डमा साथै कुटुम्बमा अलि पर वा धेरै परको नाता भए मात्र विवाह हुन्छ। कोच राजवंशी जातिमा विवाह घरमूली वा आमा-बुवाको इच्छा अनुसार विवाह हुन्छ। केटा वा केटीको कुरकुरे बैंश आउनु अगावै बुवा-आमाले गाउँ घरमा खबर गरी आफ्नै नाता कुटुम्बभित्रका सम्बन्धित मान्छे लमी (कार्हुवा) को व्यवस्था गरेका हुन्छन्।

कसको घरमा केटा वा केटी छन्? कुन कुन घरले विवाह गर्न उत्सुक छन्? कुन घरका केटाको लागि कुन घरका केटीको कुरा चलाउँदा उपयुक्त हुन्छ? भन्ने कुराको तय लमी (कार्हुवा) ले गरेको हुन्छ। यो कुराको छिनोफानो दुवै घर परिवारमा भइसकेपछि मात्र केटाको घरबाट केटी हेर्न जाने कुरा हुन्छ। त्यस कुरालाई शुभदेख्पा भन्दछन्। लमी (कार्हुवा) को अगुवाइमा शुभ देख्पा जाँदा केटा गएको हुदैन। तर केटा घरका मूली र गाउँ समाजका प्रतिष्ठित व्यक्ति सहभागी हुन्छन्।

शुभ देखा: केटीको घरमा त्यस्तै किसिमको स्वागत सत्कारको व्यवस्था गरेका हुन्छन्। यो रित किन गरिन्छ भने लमीले ल्याएको केटीको खबरले त्यो केटी कस्ती छिन्? उसका लक्षणहरू कस्ता छन्? चाल चलन, व्यवहारहरू कस्तो किसिमको गर्छिन्? भन्ने सबै हेर्न बुझ्नलाई गाउँ समाजका मानिस समेत गएका हुन्छन्।

हुन सक्छ, लमीले ल्याएको खबर अनुसारको केटी समाजका कुनै व्यक्तिले चिनेको छ र उसका आनी-बानी जानेको रहेछ भने उसबाट सबै कुराको बेलिबिस्तार सुन्न पाइन्छ। केटा घरका घरमूली, आमा, बडिआमा, काकी, भाउजू, आइमाईहरू मिलि जानको लागि गोरु गाडा तयार गरी केटीको घरमा जान्छन्।



तस्वीर नं. १३: झाप दुआ गारी (गोरू गाडा)
साभार: लखनलाल राजवंशी

केटीको घरमा पुगिसकेपछि पहिला नमस्कार (बन्दगि) गरी बस्ने स्थानमा बस्न आग्रह गर्छन् । त्यसपछि सहयोगी (टहलुआ)को सहायताले लोटामा पानी लिई हातमा थाल लिएर पाउ धुवाउन जान्छन् । वयोबृद्धले सहजै पाउ धुन दिन्छन् र सहयोगीले भुइँमा थाल राखी थालमाथि पाउ, पाउमा पानी हाली धोई दिन्छन् । साथै कपडा (गाम्छा) ले पानी पुछि दिन्छन् ।

युवा तथा वयस्कले आफैं लोटा बोकी बाहिर मुख-हात धोएर आउँछन् एवं तरिकाले सबै उपस्थित पाहुनाहरूको पहिलो सत्कार हुन्छ । टेबलमा प्लेट राखी सोंप, ल्वाङ, सुपारी, खैनी, विडी, चुरोट, सलाई, पान, कत्था, चुना, किसमिस, काजु, मिश्री सजाएर राखेका हुन्छन् । आवश्यकता अनुरुप उपयोग गर्छन् । त्यसपछि प्लेटमा नमकिन, विस्कुट, भुजिया, मिठाई सजाएर पाहुनाहरूको सत्कारको लागि नास्ता पस्किन्छन् ।

त्यसपछि दूध चिया बाँडिने प्रक्रिया हुन्छ । चिया नास्ता गरिसकेपछि लमी (कार्हुआ) ले केटीको घरमूलीसँग परामर्श गरी केटी देखाउने प्रक्रिया अघि बढाउँछन् । केटीको घरमा (शुभदेख्पा) कार्यक्रमको तयारी सँगसँगै टेबलमा केराको पातमाथि एउटा पान, पानमाथि सिंगो सुपारी राखी गलामा गाम्छाले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोध्छन् (आच्छाते बोले पान धरा गेल) । पाहुनापट्टिबाट जवाफ आउँछ “किसेर पान धरा गेल” ।

लमी (काहुँआ) ले केटी घरका मूलीसँग परामर्श गरी जवाफ फर्काउँछन् । पाहुनाज्यूहरू, महाशय (सोदोर ठाकुरला) गोडा धुने काम सबैको सकियो की ? पाहुनापट्टिबाट जवाव फर्कन्छ, "सकियो सकियो सबैले गरिसकेका छन् ।" फेरि लमीले सोध्छन्, "पाहुनाज्यू हजुर नास्ता पानी कसैको छुटेको छ कि ?" पाहुनापट्टिबाट जवाव फर्कन्छ, "भयो भयो सबैले नास्ता पानी गरिसकेका छन् । नास्ता, पानी, सत्कारमा कुनै कमी कमजोरी रह्यो की? सत्कारमा कुनै कमी कमजोरी पाउनु भयो भने त्यसलाई यहीं नै बिर्सेर हामीलाई माफी गरी दिनू होला र अब तपाईहरूले केटी हेर्न जानको लागि सक्नु हुने" भनेर अनुमति दिइन्छ र नमस्कार (बन्दगि) गर्छन् ।

केटाका घरमूली अघि अघि हुदै केटी घरको विच आगनमा प्रवेश गर्छन् । विच आगनमा पश्चिम मुख फर्काएर पाहनाहरूलाई बस्न दिइएको हुन्छ भने केटीको लागि पूर्व मुख फर्काएर झल्ला, तन्ना ओछ्याइएको हुन्छ । केटी दुलहीको रूपमा सजिएर हातमा कलश (घोट) बोकी आउँछन् र कलश, बिचको खाली ठाउँमा राखेर पूर्व मुख फर्किएर घुँडा टेकेर टाउको भुइँमा छुवाई ढोग गरी पश्चिमपट्टि आमने सामने बस्छन् ।

सहयोगीले कलशको छेउमा आरती (थालमा धान, दुवो र धानमाथि बलेको दियो) राखेका हुन्छन् । केटी घरका पाहुनाहरू चारैतिर छरिएर बसेका हुन्छन् । तर केटीसँग केटीका भाउजूहरू हजुरआमा (दादी, नानी) बसेका हुन्छन् । त्यसपछि केटा घरका घरमूली पहिला उठेर गम्छाले टाउकोमा फेटा बाँधी केटीतिर लम्कन्छन् । कलश (घोट) को पानी आँपको पातले केटीमाथि छर्की शुद्धयाई गरिसकेपछि गोजीबाट केही रकम केटीको हातमा दिन्छन् ।

आरती उठाएर पहिला पूर्व, त्यसपछि उत्तर, पश्चिम, अन्तिममा दक्षिण दिशा फर्केर ढोग गरिसकेपछि आरती भुइँमा राख्छन् । केटीतर्फ फर्केर आरतीमा राखेको धान, दुवो दुवै हातले अन्जुलीमा राखेर केटीमामाथि पाँच चोटी छर्किएर आशिर्वाद दिने काम हुन्छ । यसरी जेष्ठता क्रमको आधारमा सबै पाहुनाहरूबाट शुभाशिर्वाद सकिन्छ ।

पाहुनाहरूबाट कति रकम शुभाशिर्वाद स्वरूप प्राप्त भयो भनी गनेर जोडी विजोडी रकम पत्ता लगाउँछन् र शून्यान्त रकमलाई अशुभ ठान्दछन्। त्यसैले शून्यान्त रकम भएमा केटा पक्षका पाहुनाले थप विजोर हुने रकम प्रदान गर्नु पर्ने चलन छ।

तस्वीर नं. १४:
शुभदेखा, (केटी हेर्ने परम्परा)
साभार: लखनलाल राजवंशी

गन्ति गणनाको काम सकिएपछि पाहुनाहरू केटीको नाम, ठेगाना, घर परिवारमा "को को छन्? कहाँ कहाँ छन्?" भनेर सोधनी हुन्छ। यी सबै काम सकिएपछि केटीलाई त्यहाँबाट जान आदेश दिइन्छ। जाने बेलामा केटीले घुँडा टेकेर टाउको भुइँमा छुवाएर सबैलाई ढोग गर्छन् र कोठाभित्र जान्छन्।

त्यसपछि पाहुनाहरू पूर्ववत् स्थानमा गएर बस्छन्। लमी (कार्हुआ) ले पान, सुपारी भएको ठाउँमा गएर फेरि गलामा गाम्छाले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोधछन् (आच्छाते बोले पान धरा गेल) पाहुनापट्टिबाट जवाफ आउँछ "किसेर पान धरा गेल"। लमी (कार्हुआ) ले केटी घरका मूलीसँग परामर्श गरी जवाव फर्काउँछन्।

पाहुनाज्यूहरू, महाशय (सोदोर ठाकुरला) खाना (रसाईर जल) को लागि निमन्त्रणा गर्दछन्। सबै पाहुनाहरू खाना खुवाउने ठाउँमा लस्करै बसाउँछन्। खानामा विभिन्न परिकारहरूमा बास्मति चामलको भात, कालो दाल, तरकारी, अचार, पापर, माछा, खसीका मासु, दही, च्युरा, रसदाना, जुलेबी, आदि इत्यादि तयार गरी खुवाउँछन्।

खाना खाई सकेपछि घर फर्कने बेलामा चिया पस्कन्छन् र केटीलाई बोलाएर सामूहिक ढोग (घुँडा टेकेर, टाउको भुँइमा छुवाएर) गरी केटी कोठातिर लाग्छन् भने पाहुनाहरू केटीको घरमूलीसँग एक आपसमा नमस्कार (बन्दगि) भन्दै आफ्नो घरतिर लाग्छन् एवं प्रकारले शुभ देखा कार्यक्रम सम्पन्न हुन्छ।

तस्वीर नं. १५: दुल्हादेखि, (बेहुला हेर्ने परम्परा) **साभार:** लखनलाल राजवंशी

यसैगरी केटाको घरमा जाने र केटा हेर्ने काम हुन्छ- जसलाई दुल्हादेखि भन्दछन् । लमी (कार्हुवा) को अगुवाईमा (दुल्हादेखि) जाँदा केटी गएकी हुन्नन् तर केटी घरका मूली, कुटुम्बसहित गाउँ समाजका प्रतिष्ठित व्यक्ति सहभागी हुन्छन् । केटाको घरमा त्यस्तै किसिमको स्वागत सत्कारको व्यवस्था गरेका हुन्छन् । केटी घरका मानिसहरू केटाको घरमा पुगिसकेपछि पहिला नमस्कार (बन्दगि) गरी बस्ने स्थानमा बस्न आग्रह गर्छन् ।

त्यसपछि सहयोगी (टहलुआ) को सहायताले लोटामा पानी लिई हातमा थाल लिएर पाउ धुवाउन जान्छन्। वयोबृद्धले सहजै पाउ धुन दिन्छन् र सहयोगीले भुइँमा थाल राखी, थालमाथि पाउ, पाउमा पानी हाली धोई दिन्छन्। साथै कपडा (गाम्छा) ले पानी पुछी दिन्छन् ।

युवा तथा वयस्कले आफैं लोटा बोकी बाहिर मुख-हात धोएर आउँछन् । एवं तरिकाले सबै उपस्थित पाहुनाहरूको पहिलो सत्कार हुन्छ, टेबलमा प्लेट राखी सोप, ल्वाङ, सुपारी, खैनी, विडी, चुरोट, सलाई, पान, कत्था, चुना, किसमिस, काजु, मिश्री सजाएर राखेका हुन्छन्। आवश्यक हुनेले उपयोग गर्छन्। त्यसपछि प्लेटमा नमकिन, विस्कुट, भुजिया, मिठाई सजाएर पाहुनाहरूको सत्कारको लागि नास्ता पस्किन्छन् ।

त्यसपछि दूध चिया बाँडिने प्रक्रिया हुन्छ । चिया नास्ता गरिसकेपछि लमी (कार्हुआ) केटाको घरमूलीसँग परामर्श गरी केटा देखाउने प्रक्रिया अघि बढाउँछन् । केटाको घरमा (दुल्हादेखि) कार्यक्रमको तयारी सँगसँगै टेबलमा केराको पातमाथि एउटा पान, पानमाथि सिंगो सुपारी राखी गलामा गाम्छाले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोधछन्, "आच्छाते बोले पान धरा गेल ।" पाहुनापट्टिबाट जवाफ आउँछ, "किसेर पान धरा गेल ।"

लमी (कार्हुआ) ले केटा घरका मूलीसँग परामर्श गरी जवाव फर्काउछन्, "पाहुनाज्यूहरू, महाशय (सोदोर ठाकुरला) गोडा धुने काम सबैको सकियो की ?" पाहुनापट्टिबाट जवाफ फर्कन्छ, "सकियो सकियो सबैले गरिसकेका छन् ।" फेरि लमीले सोध्छन्, "पाहुनाज्यू हजुर

नास्ता पानी कसैको छुटेको छ की ?" पाहुनापट्टिबाट जवाव फर्कन्छ, "भयो भयो सबैले नास्ता पानी गरिसकेका छन् ।"

"नास्ता, पानी, सत्कारमा कुनै कमी कमजोरी रह्यो की ? सत्कारमा कुनै कमी कमजोरी पाउनु भयो भने त्यसलाई यही नै बिर्सेर हामीलाई माफी गरी दिनू होला र अब तपाइँहरूले केटा हेर्न जानको लागि सक्नु हुनेछ" भनेर इजाजत दिन्छन् र नमस्कार (बन्दगि) गर्छन् ।

केटीका घरमूली अघि अघि हुदै सबै पाहुनाहरू केटाघरको आगनमा प्रवेश गर्छन् । बिच आगनमा पश्चिम मुख फर्काएर पाहुनाहरूलाई बस्न दिइएका हुन्छन् भने केटाको लागि पूर्व मुख फर्काएर झल्ला, तन्ना ओछ्र्‌याएका हुन्छन् । केटा बेउलाको रूपमा सजिएर हातमा कलश (घोट) बोकी आउँछन् र कलश, बिचको खाली ठाउँमा राखेर, पूर्व मुख फर्किएर घुँडा टेकेर टाउको भुइँमा छुवाई ढोग गरी पश्चिमपट्टि आम्ने-साम्ने भएर बस्छन् ।

सहयोगीले कलशको छेउमा आरती (थालमा धान, दुवो र धानमाथि बलेको दियो), एउटा बटुकामा चन्दनको लेप राखेका हुन्छन्। केटा घरका पाहुनाहरू चारैतिर छरिएर बसेका हुन्छन्। तर केटासँग केटाका भिनाजुहरू हजुरबुवा (दादो, नाना) बसेका हुन्छन् ।

त्यसपछि केटी घरका घरमूली पहिला उठेर गम्छाले टाउकामा फेटा बाँधी केटातिर लम्कन्छन् । कलश (घोट) को पानी आँपको पातले केटामामाथि छर्की शुद्धयाई गरिसकेपछि बटुकामा रहेको चन्दनको लेपले केटाको निधारमा टिका लगाई दिन्छन् । सर्ट, पाइन्टको कपडा, धोती, गन्जी, सक्नेले सुनको सिक्री, सुनको औंठी, गोजीबाट केही रकम केटाको हातमा दिन्छन् ।

आरती उठाएर पहिला पूर्व, त्यसपछि उत्तर, त्यसपछि पश्चिम, अन्तिममा दख्खिन फर्केर दिशा ढोग गरिसकेपछि आरती भुइँमा राख्छन् । त्यसपछि केटातर्फ फर्केर आरतीमा राखेको धान, दुवो दुवै हातले अन्जुलीमा राखेर केटामाथि पाँच चोटी छर्किएर आशिर्वाद दिने काम हुन्छ ।

यसरी जेष्ठता क्रमको आधारमा सबै पाहुनाहरूबाट शुभाशिर्वाद सकिन्छ। पाहुनाहरूबाट कति रकम शुभाशिर्वाद स्वरूप प्राप्त भयो ? जोडी विजोडी रकम पत्ता लगाउँछन् । शून्यान्तको रकम अशुभ मानिने भएको हुँदा शून्यता रकम भएमा पाहुनापट्टिबाट थप रकम प्रदान गरी विजोर रकम हस्तान्तरण गर्दछन् ।

गन्ती गणनाको काम सकिएपछि पाहुनाहरूले केटाको नाम, ठेगाना, घर परिवारमा "को को छन् ? काहाँ काहाँ छन् ?" भनेर सोधनी गर्दछन्। यी सबै काम सकिएपछि केटालाई त्यहाँबाट जान आदेश दिन्छन् । जाने बेलामा केटाले घुँडा टेकेर टाउको भुइँमा छुवाएर सबैलाई ढोग गर्छन् र घरभित्र पस्छन् ।

त्यसपछि पाहुनाहरू पूर्ववत् स्थानमा गएर बस्छन् । लमी (कार्हुआ) ले पान, सुपारी भएको ठाउँमा गएर फेरि गलामा गाम्छाले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोधछन्, "आच्छाते बोले पान धरा गेल ?" पाहुनाट्टिबाट जवाफ आउँछ, "किसेर पान धरा गेल ?"।

लमी (कार्हुआ) ले केटा घरका मूलीसँग परामर्श गरी जवाव फर्काउँछन्। पाहुनाज्यूहरू, महाशय (सोदोर ठाकुरला) खाना (रसाईर जल) को लागि निमन्त्रणा गर्दछन्। सबै पाहुनाहरूलाई खाना खुवाउने ठाउँमा लस्करै बसाउछन् । खानामा विभिन्न परिकारहरू (बास्मति चामल) भात, (कालो) दाल, तरकारी, अचार, पापर, माछा, (खसी) मासु, दही, च्युरा, लड्डु, रसवरी, मिठाई, जुलेवी आदि इत्यादि तयार गरी खुवाउछन् ।

खाना खाई सकेपछि घर फर्कने बेलामा चिया पस्कन्छन् र केटालाई बोलाएर प्रत्येक पाहनाको गोडामा (टाउको निहुराएर) ढोग गरी केटा घरतिर लाग्छन् भने पाहुनाहरू केटाको घरमूलीसँग एक आपसमा "नमस्कार (बन्दगि)" भन्दै आ-आफ्नो घरतिर लाग्छन् । यसरी दुल्हादेखि कार्यक्रम सम्पन्न हुन्छ ।

यसैगरी केटा पक्षबाट फेरि केटीको घरमा गई केटीलाई चाहिने दुलहीको साडी, चोलो, साया, सल, गरगहनाका साथै सम्मानित नातेदार महिलाको लागि साडी पुऱ्याउन तथा दुलहीको रूपमा

शुभार्शिवाद दिने रहेको हुन्छ- जसलाई डालिखारा (तस्वीर नं. १६) भन्छन्। लमी (कार्हुवा) को अगुवाइमा डालिखारा जाँदा केटा गएको हुदैन ।

तर केटा घरका मूली, कुटुम्बसहित गाउँ समाजका प्रतिष्ठित व्यक्ति गएका हुन्छन् । केटीको घरमा त्यस्तै किसिमको स्वागत सत्कारको व्यवस्था गरेका हुन्छन्। केटा घरका पाहुनाहरू केटीको घरमा पुगिसकेपछि पहिला नमस्कार (बन्दगि) गरी बस्ने स्थानमा बस्न आग्रह गर्छन्। त्यसपछि सहयोगी (टहलुआ) को सहायताले लोटामा पानी लिई हातमा थाल लिएर पाउ धुवाउन जान्छन्। वयोबृद्धले सहजै पाउ धुन दिन्छन् र सहयोगीले भुइँमा थाल राखी, थालमाथि पाउ, पाउमा पानी हाली धोई दिन्छन्। साथै कपडा (गाम्छा) ले गोडा पुछिदिन्छन्।

युवा तथा वयस्कले आफैं लोटा बोकी बाहिर मुख-हात धोएर आउँछन्। एवंरीतले सबै उपस्थित पाहुनाहरूको पहिलो सत्कार पूरा हुन्छ। टेबलमा प्लेट राखी सोप, ल्वाङ, सुपारी, खैनी, विडी, चुरोट, सलाई, पान, कत्था, चुना, किसमिस, काजु, मिश्री सजाएर राखेका हुन्छन्। आवश्यक हुनेले उपयोग गर्छन्। त्यसपछि प्लेटमा नमकिन, विस्कुट, भुजिया, मिठाई सजाएर पाहुनाहरूको सत्कारको लागि नास्ता पस्किन्छन्।

त्यसपछि दूध चिया बाँडिदिने प्रक्रिया शुरू हुन्छ । चिया नास्ता गरिसकेपछि लमी (कार्हुआ) केटीको घरमूलीसँग परामर्श गरी डालिखारा प्रक्रिया अघि बढाउँछन्।

केटीको घरमा डालिखारा कार्यक्रमको तयारी सँगसँगै टेबलमा केराको पातमाथि एउटा पान, पानमाथि सिंगो सुपारी राखी पाहुनापट्टिका लमी (कार्हुआ) गलामा गाम्छा लिई दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोधछन्, “आच्छाते बोले पान धरा गेल?” घरमूलीपट्टिबाट (पईच समाज) जवाफ फर्काउँछन्, “किसेर पान धरा गेल?”

लमी (कार्हुआ) ले केटा घरका मूलीसँग परामर्श गरी जवाफ फर्काउँछन्, “घरमूलीज्यू, महाशय (पईच नारायण) अब तपाईंहरूको

तस्वीर नं. १६ः
डालिखारा (दुलहीका घरमा पान, सुपारी, गर गहना, लुगा कपडा हस्तान्तरण)
साभार : लखनलाल राजवंशी

घर आगन, वरिपरिका देवी-देवता (देवासेभा) पुज्न चाहन्छन् ।" समाजका तर्फबाट सहर्ष स्वीकारको घोषणापश्चात् भुइँमा झल्ला ओछ्याई त्यसमाथि केराको पात राखी देवी-देवताको नाममा पान, सुपारीका भागबण्डा राखी दिन्छन् । फेरि लमीले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोधछन्, "आच्छाते बोले पईच नारायण पान धरा गेल) ?" घरमूलीपट्टिबाट (पईच समाज) जवाव फर्काउछन्, किसेर पान धरा गेल ?" लमीले जवाव दिन्छन्, "समाज (पईच नारायण) देवी देवताको लागि चढाइएका पान सुपारी पुग्छ कि पुग्दैन ?"

समाज (पईच नारायण) बाट जवाव आउँछ, "पुग्छ पुग्छ ।" फेरि लमीले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोधछन्, "आच्छाते बोले पईच नारायण पान धरा गेल) ?" घरमूलीपट्टिबाट (पईच समाज) जवाव फर्काउँछन्, "किसेर पान धरा गेल) ?" लमीले जिज्ञासा राख्छ, "महाशय (पईच नारायण) अब हामी जुन कामको लागि यहाँ आएका

हौं” सो काम गर्न चाहन्छौ ।” समाज र घरमूलीले एउटा थाल वा नाङ्लो ल्याएर लमीलाई दिन्छन् ।

उक्त थाल वा नाङ्लोमा केराको पात ओछ्याई केटा पक्षबाट ल्याएका बेहुलीका साडी, ब्लाउज, साया, सल, च्यादर, चाँदीका माला, शंखचुरा, नगद केही रकम दिन्छन् र भन्छन्, “हेर्नुहोस् हामीले बेहुलीको लागि ल्याएका सामानहरू पुगे नपुगेको बताउनु होस्” भनेर जिज्ञासा राख्छन् । त्यस कार्यलाई राजवंशीमा डालिखारा भन्दछन् । उक्त सजाइएको थाल वा नाङ्लो समाज (पईच) भलाद्मीहरूले उल्टाई पल्टाई हेर्छन् । र “ठिक छ भनी स्वीकृति जाहेर गर्दछन् ।

६.२.१ निमागानी

त्यसपछि फेरि झोलाबाट केटी पक्षका (हजुरआमा, बडीआमा, काकी भाउजू) लाई कति साडी चाहिने हो सोही मात्रामा निकालेर दिन्छन्। यसलाई राजवंशीमा निमागानी भन्छन् । लमी (कार्हुआ) गलामा गाम्छाले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोध्छन्, “आच्छाते बोले पान धरा गेल ?” घरमूलीपट्टिबाट (पईच समाज) जवाव फर्काउँछन्, “किसेर पान धरा गेल ?” लमी (कार्हुआ) ले जवाव दिन्छन्, तपाइँका घरमा सहयोगीका रूपमा काम गर्ने सहयोगीहरूलाई केही दिन नसके पनि पान त खुवाउन सक्छौ नि ?” भनेर सोध्छन् ।

समाज (पईच) ले “ठिक छ पान खुवाउँछौ भने राख” भनेर पान राख्न लगाउँछन् । लमी (कार्हुआ) गलामा गाम्छाले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोध्छन्, “आच्छाते बोले पान धरा गेल) ?” घरमूलीपट्टिबाट (पईच समाज) जवाफ आउँछ, “किसेर पान धरा गेल ?” लमी (कार्हुआ) ले जवाफ फर्काउँछन्, जुन समाजमा तपाइँकी चेली यत्रो वर्ष गुजारेकी छन् त्यो समाजलाई केही मिठा खुवाएर लाने हाम्रो चाहना छ” भनेर जिज्ञासा राख्छन् ।

समाज (पईच) को तर्फबाट “हुन्छ के मिठाई खुवाउने त ?” भन्दा “हामीले त ध्यू खाने इच्छा राखेका छौं” भनेर प्रस्ताव आएपछि त्यसैमा सहमती जनाएर काम सकिन्छ । लमी (कार्हुआ)

गलामा गाम्छाले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै पुनः सोध्छन्, "आच्छाते बोले पान धरा गेल ?" घरमूलीपट्टिबाट (पईच समाज) जवाफ आउँछ, "किसेर पान धरा गेल ?" लमी (कार्हुआ) ले जवाफ फर्काउँछ, "हामीहरू तपाइँकी चेलीलाई बेहुलीको रूपमा पुनः आशिर्वाद दिन चाहन्छौं ।" घरमूलीपट्टिबाट (पईच समाज) जवाफ आउँछ, "हुन्छ हुन्छ अब तपाइँहरूले केटीलाई शुभाशिर्वाद दिन (डालीखारा बाद कइना चुमा) सक्नु हुनेछ" भनेर इजाजत दिन्छन् र नमस्कार (बन्दगि) गर्छन् ।

तस्वीर नं. १७:
डालि खारा बाद कइना चुमा (डालि खारापछि बेहुलीलाई आशिर्वाद)
साभार: लखनलाल राजवंशी

केटाका घरमूली अघि अघि हुदै केटीको विच आगनमा प्रवेश गर्छन् । विच आगनमा पश्चिम मुख फर्काएर पाहुनाहरूलाई बस्न दिइएका हुन्छन् भने केटीको लागि पूर्व मुख फर्काएर झल्ला, तन्ना ओछ्याएका हुन्छन् । केटी दुलहीको रूपमा सजिएर हातमा कलश (घोट) बोकी आउँछन् र कलश बिचको खाली ठाउँमा राखेर, पूर्व मुख फर्किएर घुँडा टेकेर टाउको भुँईमा छुवाई ढोग गरी पश्चिमपट्टि आमने सामने बस्न लगाउँछन् ।

सहयोगीले कलशको छेउमा आरती (थालमा धान, दुवो र धानमाथि बलेको दियो) राखेका हुन्छन् । र एउटा बटुकामा दही र सानो सिन्का राखेका हुन्छन्। केटी घरका पाहुनाहरू चारैतिर छरिएर बसेका हुन्छन् । तर केटीसँग केटीका भाउजूहरू हजुरआमा (दादी, नानी) बसेका हुन्छन् ।

त्यसपछि केटा घरका घरमूली पहिला उठेर गाम्छाले फेटा बाँधी केटीतिर लम्कन्छन् । कलश (घोट)को पानी आँपको पातलेले दुलहीमाथि छर्केर शुद्ध्याई गरी सकेपछि बटुकामा राखेको दही सिन्काले केटीका देब्रेहातमा तीन धर्का चिन्ह लगाउँछन् र गोजीबाट केही रकम केटीको हातमा दिन्छन् । आरती उठाएर पहिला पूर्व, उत्तर, पश्चिम, दखिन फर्केर दिशा ढोग गरिसकेपछि आरती भुइँमा राख्छन् । त्यसपछि (केटीतर्फ फर्केर) आरतीमा राखेको धान, दुवो दुवै हातले अन्जुलीमा राखेर केटीमाथि पाँच चोटी छर्किएर आशिर्वाद दिने काम गर्छन् ।

यसरी जेष्ठता क्रमको आधारमा सबै पाहुनाहरूबाट शुभाशिर्वाद गरी सकिन्छ । पाहुनाहरूबाट कति रकम शुभार्शिवाद स्वरूप प्राप्त भयो ? जोडी विजोडी रकम पत्ता लगाएर शून्यान्त रकम अशुभ ठानिएकोले शून्यान्त रकम प्राप्त भएको खण्डमा पाहुनापट्टिबाट थप गर्न लगाई विजोड रकम हस्तान्तरण गर्दछन् ।

गन्ती गणनाको काम सकिएपछि पाहुनाहरू केटीको नाम, ठेगाना, घर परिवारमा “को को छन् ? कहाँ कहाँ छन् ?” भनेर सोधनी गर्दछन् र केटीपट्टिकाले जवाव फर्काउछन्। यी सबै काम सकिएपछि केटीलाई त्यहाँबाट जान आदेश दिन्छन् ।

जाने बेलामा केटीले घुँडा टेकेर टाउको भुइँमा छुवाएर सबैलाई ढोग गर्छन् र कोठाभित्र पस्छन्। त्यसपछि पाहुनाहरू पूर्ववत् स्थानमा गएर बस्छन्। लमी (कार्हुआ) ले पान, सुपारी भएको ठाउँमा गएर फेरि गलामा गाम्छाले दुवै हात जोडी नमस्कार (बन्दगि) गर्दै सोधछन्, “आच्छाते बोले पान धरा गेल) ?” पाहुनापट्टिबाट जवाफ आउँछ, “किसेर पान धरा गेल) ?”

लमी (काईआ) ले केटी घरका मूलीसँग परामर्श गरी जवफ फर्काउँछन्, "पाहुनाज्यूहरू, महाशय (सोदोर ठाकुरला) खाना (रसाईर जल) को लागि निमन्त्रणा छ।" सबै पाहुनाहरू खाना खुवाउने ठाउँमा जान्छन् र लस्करै बसाउँछन्।

खानामा विभिन्न परिकारहरू (बास्मति चामल) भात, (कालो) दाल, तरकारी, अचार, सलाद, पापर, माछा, (खसी) मासु, दही, च्युरा, लडडु, रसवरी, मिठाई, जुलेवी आदि इत्यादि तयार गरी खुवाउँछन्। खाना खाईसकेपछि घर फर्कने बेलामा चिया पस्कन्छन् र केटीलाई बोलाएर सामूहिक ढोग (घुँडा धसेर, टाउको भुँईमा छुवाएर) गरी केटी कोठातिर लाग्छन् भने पाहुनाहरू केटीको घरमूलीसँग एक आपसमा नमस्कार (बन्दगि) भन्दै आफ्नो घरतिर लाग्छन्।

समय अनुकूल मिलाएर कोच जातिका मानिसहरू बेहुला घरपट्टिमार्फत बेहुलीको घरमा केही मिष्टान्न भेटी स्वरूप (सान्दुस) दिने चलन छ। यसको लागि लमीमार्फत खबरको आदान-प्रदानले तिथि मिति तय गरेका हुन्छन्। भेटीमा (सान्दुस) मोतीचुरका लड्डु, खस्ता, गाजामिठाई, रसवरी, निम्कि लगायत माछा पनि रहेका हुन्छन्।

यो कामको लागि बेहुला बाहेक केटाको घरबाट पुरूष पाँच जना भेटी सामग्रीहरू (सान्दुस) पुऱ्याउन गएका हुन्छन्। केटी पक्षले त्यो भेटी (सान्दुस) पुऱ्याउनेलाई स्वागत सत्कार गरी फर्काएपछि ती भेटी सामग्रीहरू (सान्दुस) आफ्ना वंश, गुतिया लगायत घनिष्ट कुटुम्ब र समाजका अग्रज तथा छिमेकीलाई वितरण गर्ने चलन रहेको छ।

यस कामबाट यो बुझ्न सकिन्छ कि कोच राजवंशीको संस्कारमा समाजप्रतिको लगाव, उत्प्रेरणा, उत्पादन एवं मूल-आदिवासीको पहिचान श्रृजना गर्दछ। कोच जातिमा राती मात्र विवाह गराउने चलन रहेको छ। यसको लागि विवाहको एक हप्ता अगाडि आईतबार वा विहीबार पारेर घरमूली महिलाले थालमा सुपारी काटी टुक्रा टुक्रा बनाएर बेसार घोलेर त्यसमा मुछेर राख्छन्।

विच आगनमा पूर्व फर्काइ अलिकति लिपेर राख्छन्। लिपेको

ठाउँमा सुपारीको थाल राख्छन्। अगाडि पूर्व फर्काएर अगरबत्ती बालेर राख्छन्। एक गिलास पानी हातको अन्जुलीमा लिएर देवी-देवताको नाम लिदै थालको वरिपरि पानी छर्किंदै मन मनै प्रार्थना गर्दछन् र घुँडा टेकेर घोप्टो परी ढोग गर्छन्। यस कामलाई राजवंशीहरू दल उठाएको भन्दछन्।

यति गरिसकेपछि पहिला ती सुपारीका चार चार टुक्रा एउटा पानको पत्ता लिएर कुलदेवता पुज्ने कुलगुरु पुरोहित (ठाकुर) कोमा पुऱ्याउन जान्छन्। विवाहको घरलाई (जोगी वा मारिया) भन्दछन्। जोगीले विवाहको घरमा (दल) उठाई सकेपछि विवाह नसकुन्जेलसम्म माछा, मासु खानु हुदैन भन्ने चलन छ र विवाह घर परिवारका सदस्यहरू पनि माछा, मासु खादैनन्। तर विवाहको अन्तिम दिन प्रितिभोज (टपरी) मा माछा, मासु खुवाउने र खाने गर्दछन्।

त्यसपछि चार चार टुक्रा सुपारी र एउटा एउटा पान लिएर दिदी-भिनाजुकोमा पुऱ्याउन जान्छन्। यसैगरी राजवंशी संस्कारलाई दिगो राख्ने ब्रम्हानीका पुजारी पुरोहित (गाईन), हनुमानका पूजारी (राब्नीया), काली देवता हुनेले काली पूजारी (माली), मूर्ति (गठन) बनाउनु पऱ्यो भने एक महिना अगावै जानकारी दिन्छन्। घर सुद्धयाई, दुल्हा, दुलहीलाई शुद्ध गर्ने हजाम (नाउ), ठाकुरबारीमा बाजा बजाउने किर्तिनियालाई निम्ता पुऱ्याउँछन्।

घरमूली महिलाका माइति, माइतिपट्टिका नाताकुटुम्ब, मितेरी साईनो (साङहान) लाई निम्ता पुऱ्याउँछन्। घरमूली पुरूषका वंश गुतिया, मितरी साइनो (मिस्तर) लाई सुपारी दिनु हुदैन र मुखले मात्र खबर चुल्हो निम्तो गर्छन्। घरमूलीका चिनजान, गाउँ-समाज, छरछिमेक सबैलाई सुपारीले निम्ता पुऱ्याउँछन्। साथै विवाहमा चाहिने आवश्यक सरसामान जम्मा गर्दै गरेका हुन्छन्।

गाउँ-समाजका महिलाहरू विवाह घरमा आएर चामल केलाउने, दाल निफन्ने, माटाका चुल्हो (आख) निर्माण गर्ने, खोर्सानी पिध्ने, बेसार पिसेर धुलो बनाउने, मसला पिसेर धुलो बनाउने लगायतका कामहरू गर्दै गर्छन् भने पुरूषतर्फ दाउरा चिर्ने, जंगलबाट पेचाङको

पात ल्याउने, जन्ति बस्ने ठाउँ (टाटीले घेरेर माथिबाट टाटी नै राखेर थली) निर्माण गर्ने, भान्सा गर्ने अलग ठाउँमा किरपाल घेरेर बनाउने, जन्ति तथा पाहुनाहरूलाई खाना खानको लागि ठाउँको निर्माण गर्ने, जन्ति तथा पाहनाहरूको लागि बस्ने ठाउँको व्यवस्था गर्ने। कुलदेवताको घर (ठाकुरबारी) सजावट एवं लिङ्गोको व्यवस्था गर्ने लगायतका सम्पूर्ण कामहरू गरिसकेका हुन्छन्।

६.२.२ शुभ विवाहको प्रकृया

एक हप्तापछिको दिन विहानैदेखि सहयोगी (टहलुआ) हरू आँपको पात, मुन्टा टिपेर ल्याउने, केरागाछी ल्याउने र देवता स्थान चारैतिर केरागाछी गाडेर, आँपको पात उनेको डोरी, फन्को मारेर सजाउने गर्छन् र एउटा सानो केरागाछी देवस्थानभित्र पूर्व उत्तर कुनामा

तस्वीर नं. १८:
ठाकुरबारीत आदोबास (विवाहको बेला कुलदेवताको पूजा)
साभार: लखनलाल राजवंशी

गाडेको हुन्छ ।

कुलगुरु आई पुगेमा आदर सत्कार गरी खाटमा तन्ना ओछ्याएर बस्न दिन्छन् र घरमूलीलाई खबर गर्छन्। घरमूली एक लोटा पानी, एउटा थाल लिएर आउँछन्। थालमा कुलगुरुको पाउ राखेर लोटाको पानीले पाउ धोई गाम्छाले पुछेर घुँडा टेकेर माथा चरणमा छुवाई ढोग गर्छन् ।

यसैगरी घरका अरू सदस्य पनि ढोग गर्छन्। चरण धोएको पानी मुखभित्र छिटा दिई मुल घरको छानोमा फ्याँकी दिन्छन् । घरमूली कुलगुरुलाई लिएर देवता स्थान (ठाकुरवारी)मा लिएर जान्छन् । र, ठाकुर घरमा कुलगुरुले आवश्यक सामग्रीसहित पूजा गर्छन्। घरमूली महिलाले पाँच जना महिला भेला पारेर सजाएको नाङ्लो (धान, दुबो, एक काइयो केरा सिंदुर लागेको, बल्दै गरेको माटाको दियो, माटाको प्लेटमा सिंदुर घोलेको, केराको डाठमा काजल घोलेको, पाँच हातको सिठन कपडा (डाली) टाउकोमा राखेर देवता स्थान पाँच फन्का परिक्रमा गर्छन् ।

नाङ्लाको धान, दुबो, अन्जुलीले धान छर्किंदै पूजा गर्छन् र घोप्टिएर ढोग गर्छन् । त्यसपछि कुलगुरुले उत्तर फर्केर हनुमानको स्थानमा पूजा एवं लिङ्गोमा ध्वजा बाँधेर गाड्न लगाउँछन् । यी काम गर्ने बेलामा बाजा बजाउने (किर्तिनिया) हरू बाजा बजाउँछन्। ब्रम्हानी पूजा गर्ने पुजारी (गाइन) आइपुगेको भए स्वागत सम्मान गरी पूजा गर्न लगाउँछन्। ब्रम्हानीको घरभित्र उत्तर पूर्व कुनामा एउटा माटाको सानो हन्डी राखेको हुन्छ- जसमा कालो दाल भिजाएको हुन्छ ।

घरमूली महिलालाई बाजा बजाउनेका बाजालाई पूजा गर्न लगाउछन्। कुलगुरु भण्डार कोठामा जान्छन् र पूर्व, उत्तर कुनामा (विवाहको लागि तयार गरेका सामाग्रीहरू चामल, दाल, ध्यू, आलु, सव्जी, तेल, नुन, मरमसला, बेसार राखी भान्डार सेभा) पूजा गर्छन्।

त्यहाँ पनि पाँच जना महिला भेला पारेर पूजा गरी ढोग गर्न लगाउँछन् । त्यहाँबाट कुलगुरु पाहुना बस्ने स्थानमा पुग्छन् । पूर्व

उत्तर कुनामा पूजा लगाई एउटा माटाको हन्डि राख्छन् र पाँच जना भद्रभलाद्मीको पाउ धुन लगाएर त्यो हन्डिमा राख्छन्। अनि बेसार लगाएको सेतो कपडाले छोप्छन्। यसलाई ग्लोक पूजा भन्दछन्।

यस बिचमा घरमूली महिलाबाट भान्सा घरको चुल्हो (आख चुमा) नाङ्लाको धान छर्केर पूजा गर्दै आरती देखाउँछन्। पाहुना बस्ने ठाउँमा झल्ला ओछ्याउन लगाउँछन्। त्यसमा पाँच जना केटाहरू भेला पारेर लस्करै बसाउँछन्। घरको मूली महिलाले प्रसादी खान दिन्छन्।

बेसार लगाएको सिठन कपडाको रूमाल कुनामा रकम बाँधेर दिन्छन् र त्यहीं सुत्न भन्छन्, एक छिनपछि सबैलाई उठ्न लगाई घोए घोए रानी खेल खेल्न लगाउँछन्। खेलको क्रममा बिचबाट एक जनालाई उठाएर मूलघरभित्र लान्छन्। यस कार्यलाई लेखवाल भजन भन्दछन्। बिच आगनमा हजाम (नाउ) बाट बेहुला वा बेहुली हुनेले दाह्री, केश, नङ काट्न लगाउँछन्।

६.२.३ मारुवा खुदा

आँगनको बिच पूर्वमा बेहुला वा बेहुलीका भिनाजुहरूले खाडलमा बेहुला वा बेहुलीबाट एउटा पान एउटा सुपारी राख्न लगाउँछन् र

तस्वीर नं. १९:
मारूआखुदा, (दिदी भिनाजुद्वारा विवाहमा केरागाछी गाड्दै गरेको) मारूवा खुदा कार्यक्रमको लागि भिनाजुहरू तयारी, मारूवा सजाउने काम दिदीहरूले गर्दै गरेको
साभार: लखनलाल राजवंशी

घरका मूली पुरूष, महिलाहरूबाट कलशको पानी कपालमा छुवाई झार्न लगाउँछन् । बेहुला वा बेहुलीबाट पाँच मुठी माटो खाल्टोका हाल्न लगाई केरा गाछी दिदीहरूबाट गाड्न लगाउँछन्। यस कार्यलाई मारूवा खुदा भनिन्छ ।

विच आगनमा नयाँ चुल्होमा आगो सल्काएर बेसार (कुर-कासाई) भुटेर ओखलमा राखेर कुटेर तयार पार्छन्। जुटको लाछ्रा ओछ्याएर बेहुला वा बेहुली बस्न लगाई घरमूली जेष्ठता क्रमको आधारमा बेसार (कुर-कासाई) लगाउँछन् । भिनाजुहरूले बेहुला-बेहुलीलाई उठाएर इनारमा नुहाउन लान्छन् । नुहाई सकेपछि बेहुला पोषाक, शिरमा मुकुट (फूल) पहिराई कलश (घोट)को पानी आरती (चार्नि)ले अभिशेक गरी घर भित्र्याउँछन् ।

अघि अघि बाजा (हाडी बाजा) बजाउन लगाई बेहुला पाल्कीमा जन्ति (बएराति) गोरु गाडामा जान्छन् । अचेल पाल्की र बयल गोरूगाडाको प्रचलन हराउन थालिसकेको छ । बेहुलीको घरमा जन्तिलाई स्वागत सत्कारको प्रकृया पूरा भइसकेपछि बिच आगनमा मण्डपभित्र दायाँतिर बेहुला र बायाँतिर बेहुली बसाइँ विवाह गराउँछन्।

विवाह (तस्वीर नं. २०) मा बेहुला बेहुलीको काखमा १/१ छिमी काइँयो केरा राखिको हुन्छ। केटीका घरमूलीले केटाको हातमा केटीको हात सुम्पी सकेपछि मात्र केटाले केटीको सिउँदोमा सिंदुर (सिंदुर दान) लगाउन पाउँछ। त्यसपछि केटाका घरमूली (बुवा-काका) कागजका मुकुट (फूल) बेहुला बहुलीको शिरमा पहिऱ्याउँछन्। सिंदुर लगाई सकेपछि केटीका घरमूली लगायत जेष्ठता क्रमको आधारमा दानका सामानहरू टक्र्याउँछन् । सबैको पालो सकिएपछि केटीका भाउजूले पानको पातले पान बेहुला बेहुलीलाई एक आपसमा खुवाउन लगाउँछन् ।

त्यसपछि एउटा थालमा कौडी र काटेको सुपारी बेसारमा मुछेर बेहुला बेहुलीको हातमा थमाई खेल्न लगाउछन्। एवं प्रकारले पाँच पटक खेल्न लगाइन्छ । अन्त्यमा सिंदुर राख्ने भाँडो (किया) बेहुला बेहुलीको हातको बूढी औंला र कान्छी औंलाले बिर्को लगाउने र

खोल्ने खेल खेलाउछन् । विवाहको प्रक्रिया सकेपछि बेहुला-बेहुली मण्डपबाट उठाउछन् ।

बेहुलालाई र बेहुलाका भिनाजुहरूलाई खाजा (खिर) खुवाइन्छ । यस क्रममा खाजा खाइसकेपछि सालीहरूले भिनाजुहरूका अनुहार रंग्याएर हेर्न लायकको बनाएका हुन्छन् । अन्त्यमा बेहुला र बेहुलीबाट आशीर्वाद स्वरूप (जसमुठी) धान छर्दै जान्छन् र सो धान घरमूलीले आफ्नो आँचलमा थापेर लिन्छन् ।



तस्वीर नं. २०:
मारूआर भित्रत बेहा (बेहुला र बेहुली मण्डपभित्र विवाह गर्दै)
साभार: लखनलाल राजवंशी

बेहुला-बेहुलीलाई विदाइ गर्ने समय भएकोले देवी-देवता स्थान (ठाकुरबारी) ढोग गर्न लगाई जेष्ठताक्रमले आफन्तलाई ढोग गरी प्रस्थान गराउँछन् । प्रस्थान गर्ने बेलामा एक ठेकी दही, एक घरी केरा (कोला), एउटा ठूलो हन्डीमा च्युरा हाली मुठे परालले छोपेर बाँधेको हुन्छ; जसलाई लमीले बोकेर बेहुलाको घर (खदुआरभार) पुऱ्याएको हुन्छ ।

विवाहमा बेहुलीसँग बेहुलीका संगीसाथी २२४ जना (लुकुन्द्यानी) सँगै गएका हुन्छन् । विवाह भएको आठौं दिन (आठुवारी)मा ति संगीसाथी समेत बेहुली फर्काउने चलन छ। यस बेलामा पनि बेहुलाले बेहुलीको घरमा गएको हुदैन । विवाहको सोह्रौं दिनमा दुलहीपट्टिबाट ज्वाइँलाई निम्ता आएको खण्डमा (ज्वाइँ बोलाहाट) भए मात्र केटा पक्षबाट स्वयम् बेहुलो र उनका दिदी, बैनी, भिनाजु, ज्वाइँहरू केटी पक्षकोमा दुलही लिन पुग्छन् ।

एक महिनापछि सम्धीपट्टिबाट दुल्हाका बुवा-आमालाई निम्ता आएको खण्डमा (सम्धी बलाहाटीमा) आवश्यक सरसामान (सान्दुस) बोकी मेजमानी (सोदोर) गर्न जान्छन् । यो विवाह प्रक्रियाले मूलआदिवासी समुदायमा कोच राजवंशी जातिको बेग्लै परिचय र महत्त्व दर्शाएको छ । यी दर्शाइएका रीतहरूले अन्य मूलआदिवासीका रीतसँग मेल नहुनाले नै अन्य हिन्दू जात र मूलवासी जातिको विवाह प्रक्रिया फरक भएको अनुभूति गराउँछ ।

यसैले अन्य मूलआदिवासी समुदायमध्ये राजवंशी जातिको विवाहको बेगलै महत्त्व छ । यही महत्त्वले गर्दा नै आदिवासी समुदायको राजवंशी जातिमा फरक धार र स्नेहता बढेको छ र दुई पक्ष बिच कटुता नभई मित्रताले गर्दा सम्बन्ध विच्छेदका घटना प्राय: शून्य नै रहेको पाइन्छ ।

राजवंशी जातिमा विभिन्न नाताहरूको विवाह प्रक्रियामा भूमिका विषयमा भन्नु पर्दा राजवंशी जातिको विवाहमा आफ्ना वंश (गुतिया), पुरुषतर्फ मित मितेरी (गुतिया), कुलकुटुम्ब, महिलातर्फ मित मितेरी (कुटुम्ब) लाई विवाहमा निमन्त्रणा गरेर बोलाउनुको तात्पर्य आपसी सहयोग आदान-प्रदान पनि हो। साथै सामर्थ्यको सहयोग पनि हो। विवाहको साक्षी पनि हो ।

यसले नाता कुटुम्बलाई मजबुती प्रदान गर्नुका साथै ठूलो महत्त्व प्रदान गरेको देखिन आउँछ। समाजलाई एक सुत्रमा बाँधेर राख्नमा ठूलो मद्दत पुऱ्याएको हुन्छ । जातिगत विवाहले मूलआदिवासीको व्यक्तिगत चरित्रको उजागर हुनका साथै आउने पिढीलाई सिकाएको

गोरेटोले सामूहिक पहिचानको निर्माणमा तथा सिंगो समाज, नाता सम्बन्धहरू र समुदायको पूर्ण उत्पादन र निर्माणमा सहयोग पुऱ्याउँछ।

विवाह पद्धतिमा पुरुष र महिलाको पूर्ण सहभागिता भएर लैगिंक सम्बन्धहरू प्रगाढ देखिन्छ। पुरुषमार्फ गरिने कामहरू जन्तिमा पाल्की बोक्ने, गोरू गाडा हाक्ने, जंगलबाट पत्ता ल्याउने, पाहुना बस्ने थलीथाला बनाउने, बाजा बनाउने, पाहुनाहरूलाई एकै थलोमा खाना खानको लागि ठाउँको व्यवस्थासँगै बसाइ व्यवस्था गर्ने, जस्ता कामहरू पुरुषले मात्र गर्ने हुन्छ भने महिलातर्फ महिलामार्फत गर्नुपर्ने कामहरू कासाकुटा, आख चुमा, भाण्डारी सेभा, बेहार गीत गाउने महिलालाई नै गर्ने हुन्छ। यसले लैगिंकतामा प्रगाढ सम्बन्ध कायम भई कार्यक्रम सम्पन्न गरेको हुन्छ ।

आजको संसारमा विवाहतर्फ मात्र परिवर्तनहरू आएको नभएर सबै संस्कार संस्कृतिहरू, भेषभूषाहरू, गर-गहनाहरू, लवाइ-खुवाइ, सबै परिवर्तन हुन गइरहेको छ । यसले कोच जाति र समाजमा नकारात्मक प्रभाव पारेको प्रष्ट देख्न सकिन्छ । यस्ता कुप्रभावलाई बेलैमा रोक्न सके मात्र सवल समाजको निर्माण हुन्छ। पुन:जागरण भएको अनुभूति आउन सक्छ ।

विवाहले मूलआदिवासी समाजको परिचय बोकेको र आउने युवा पुस्तालाई हस्तान्तरण गरेको महसूस हुन्छ। यस जातिको विवाह पद्धति, प्रक्रिया, रीतहरू अहिलेका युवा पुस्तालाई समय सान्दर्भिक नलाग्न सक्छ । दूरसंचारको माध्यमले समाजमा सकारात्मक र नकारात्मक पक्षहरूमध्ये संचार सम्प्रेशण भएको अवस्थामा नकारात्मक पक्षहरूलाई युवा पुस्ताले स्वीकार गरेर अगाडि बढेको महसूस भइरहेको छ ।

यसले गर्दा गाउँ, समाज र परिवारमा परिवर्तन भएको महसूस भएको छ । १०/१२ किसिमका विवाहमध्ये समाजले नचाहेको स्यमवर विवाहलाई अहिलेका युवाहरूले अंगालेकाले सम्बन्ध विछोडका घटनाहरू बढेर गएको आभाष भइरहेको देखिन्छ। यस्ता घटनाहरूलाई दुरुत्साहित गर्नकोलागि पुन:जागरण अभियान चलाउनु पर्ने अवस्था आएको छ । अनि मात्रै मूल आदिवासीका संस्कार सांस्कृतिकहरू

परम्पराका कुराहरू सवल रूपमा देख्न सकिन्छ ।

कोच राजवंशी जातिको, समाजमा सम्बन्ध विच्छेदका कुरा नगन्य रूपमा रहेको छ। यौन सम्बन्धको विवाद सम्बन्धि परम्परागत नीति नियमहरू भन्नु पर्दा ठूलाबडा (जिम्दार, पटुवारी, सरदार, पइच) ले बनाएको नीति नियम अनुसार नै हुने गरेका हुन्थे जसले गर्दा अमर्यादित कुराहरूलाई गाउँमै बसेर दण्ड सजायँ गरी छिनोफनो गर्ने गर्दथे ।

त्यसैले पुन:विवाहको प्रकृया आज पनि विद्यमान (मागी विवाह, जांघ विवाह, तेरुवाल विवाह, डाङ्गुवा विवाह, घन्जिया विवाह, किया विवाह, समद विवाह, दामेदुमे विवाह, माटिया विवाह) कायम छ । यस समाजमा स्वयम्वर विवाहले घरजमका लागि चिरस्थायी रूप लिन सकेको छैन । यसले गर्दा यौन सम्बन्धका कुरा र सम्बन्ध विच्छेदका कुराहरू समाजमा बढेर गएको हुनाले यसलाई निरूत्साहित गर्न जरूरी रहेको छ ।

६.३ मृत्यु संस्कार

बच्चा जन्मनु भन्दा अगाडि कोच राजवंशी जातिका पुरुष र महिलाको मिलनपश्चात् महिला गर्भवती हुन्छिन् । त्यो अवस्थामा महिलाले गह्रौं भारी वा सामान उचाल्नु हुदैन। लम्केर हिंड्नु हुदैन, नभ्याउने ठाउँमा लम्केर सामान झार्नु हुदैन, बोटबाट कुनै फल टिप्नु हुदैन, बाटामा गाई, बाख्रा बाँधेको रहेछ र बाटो छेकेर चर्दै गरेको रहेछ भने वस्तु भाउका पग्घा-डोरी नाघ्नु हुदैन। मनमा जे आयो अमिलो, पिरो, अचार खानु हुदैन ।

पेटमा भएको बच्चा तुहिन सक्छ भनेर यी कुराहरूमा निषेध गरिएका छन् । यति धेरै छेकवारका कुराहरू गरे तापनि कुनै परिस्थितिमा त्यो गर्भ खसेर, तुहेर (गतर खसिए) जान्छ भने त्यस अवस्थामा राजवंशीहरूमा भ्रुण खसेको (गतर खसिए) भनिन्छ ।

यस्ता घटना घटिसकेपछि कुलगुरुलाई खबर गरिन्छ। कुलगुरुको आदेशानुसार घर आगन लिपपोत गर्छन्। लुगाफाटो धुन्छन्, केराको

पात काट्छन् र भनेको तिथि मितिमा घरमा पूजा (सापेना प्रसाद) घर शुद्धयाई गर्छन्। अन्यथा त्यो भ्रुणले घरमा अनिष्ट निम्त्याउँछ भन्ने जन विश्वास रहेको छ।

बच्चा जन्मेदेखि दूधे दाँत नझरून्जेलसम्म कुनै कारणले बच्चाको यदि मृत्यु हुन्छ भने बच्चाकै लुगामा थप लुगा बेरेर महिला बाहेक घरमूली लगायत स-परिवार, चिहानघारी लगेर जमिनलाई फरुवाले गहिरो खाल्डो खनी, गाड्ने चलन रहेको छ। त्यसरी नै बच्चा ठूलो भयो काखमा उठाएर लान गाह्रो भयो भने एउटा बाँस काटेर टाँड (मुच्लि) बनाएर त्यसमा सन्ठि, राखेर लाशलाई कात्रोले छोपेर मसान घाट पुऱ्याउँछन् र पौराणिक परम्परागत तरिकाले जमिनमा गाड्छन्। त्यसपछि त्यसै दिन कुलगुरुलाई खबर गर्छन्।

भोलिका दिन घरमा घर आगन लिपपोत गरी लुगाफाटो धुई, नुहाइ-धुवाइ गरिसकेपछि अलिनो खान्छन्। पर्सिपल्ट केराको पात काटेर राख्छन्। घरका सबै सदस्यहरू नुहाइ-धुवाइ गरिसकेपछि कुलगुरु आई सकेपछि बिच आगनमा फेरि अलिकति लिप्न लगाउँछन् र लिपेको ठाउँमा कुलगुरुले पूजा (सापेना प्रसाद) आरम्भ गर्छन् जसलाई राजवंशीहरूले जिव उठानी प्रसाद भनेर भन्ने गरेका छन्।

त्यो पूजामा घरको मूलीदेखि लिएर सबैले अर्घा (सानो शंख) ले पूजामा जल तर्पन गर्छन्। यसो गर्दा "मृत बच्चाको आत्मा परलोक बास हुन्छ" भन्ने जन विश्वास रहेको छ। राजवंशी जातिमा "मृत्युपछिको जीवन स्वर्ग (बैकुण्ठ) मा वास होस्" भन्ने जन चाहना एवं विश्वास छ।

तर मृत्युपछिको जीवन कहाँ विलिन हुन्छ ? त्यस सम्बन्धि कुराहरू कसैलाई थाहा छैन। मानिस चेतनशील प्राणी भएको नाताले यस भूमण्डलमा मृत्यु भएका जीवहरू "छरपष्ट नहोऊन्, दुर्गन्धि नहोऊन्" भन्नका खातिर कात्रो (कफन) ले छोपेर, टाँड (मुच्लि) मा राखी बोकेर मसान घाट पुऱ्याई जमिन खनी गाड्ने र माटोको ढिस्को बनाई चिहानको रूप दिइएको हुन्छ- जसलाई यिनीहरूले कबर भन्ने गरेका छन्। पछिल्लो समय मानिसको बढी चाप र जमिनको

अभावको कारणले लाशलाई चिता (आँची) मा राखी जलाउने गर्दछन्।

लाशलाई चितामा जलाए तापनि केही अंश अस्तु जमिनमा गाडेर कबर बनाउने कोच राजवंशीहरूको परम्परा रहिआएको छ।

तस्वीर नं. २१ः
साभारः लखनलाल राजवंशी, माटित गार्हबा (माटोमा गाडने), मुच्लि (टाँड)

तस्वीर नं. २२ः
आँचित जलाबा (चितामा लाश राखिएको); साभारः लखनलाल राजवंशी

तस्वीर नं. २३ः
कबर उपरत चिल आर परसाद, (अस्थि भूइमा बिसर्जन गरिसकेर माटोको ढिस्को उपर दिइने पूजा) । साभारः लखनलाल राजवंशी

मृतकका छोरा, छोरा नभएको अवस्थामा भाइ, भतिज वा भाइ भतिज पनि नभएको अवस्थामा छोरी क्रियामा बस्न सक्ने एक जना

तस्वीर नं. २४ः
करतियाक हाल्का दिते (**क्रियापुत्रीलाई माला लगाइ दिदै**)
साभारः लखनलाल राजवंशी

हुन्छन् । क्रियापुत्री बस्नका लागि जेष्ठताको आधारलाई माने तापनि अहिले आएर मृतक परिवार र समाजका अगुवा पोइचद्वारा जोकोही मध्ये एक जना क्रियापुत्री बस्नका लागि छनौट गर्ने काम हुन्छ ।

क्रियापुत्रीलाई सेतो लुगा, समाजका अगुवा (पइच) द्वारा सेतो कपडाको माला (कात्रि-हाल्का) लगाई कर्म काण्डमा बसेर बेलुका दक्षिण मुख पारेर माटोको सानो हण्डिमा अलिनो भात पकाई (कोलाको पात तीन ठाउँमा ओछ्याइ काल-मृतक-जमको नाममा चढाई) मृतकको नाममा तर्पण (पिण्ड) अर्पण गर्छन् । त्यसपछि कर्मकाण्ड गर्ने (कर्तिया) ले अलिनो भात खान्छ ।

साथै "पुरूष मरेको रहेछ भने कोला खानु हुदैन र महिला मरेको रहेछ भने दूध खानु हुदैन" भनेर गाउँका पञ्च, भद्रभलाद्मीहरूले सुझाव दिएका हुन्छन् । यसैगरी १२ दिनसम्म अलिनो ग्रहण गर्छन् । ४ दिनका दिन वंश (गुतिया), नाता कुटुम्ब (३ दिनिया कुटुम), समाज, किर्तन गर्ने (किर्तिनिया) बोलाई हजाम (नाउ) द्वारा (कपाल केश, नङकाटी) सुद्धयाई गरी खोलाको बगरमा पानी तर्पण (श्राद्ध) गरी (३ दिनिया कुटुम कपाल खौरी) चोखिने चलन छ ।

श्राद्धकर्ता (कर्तिया) बाहेक सबैले साकाहारी भोजन गर्न सक्छन् । कर्तियाले शुरूका दिनदेखि अलिनो पिण्डभात पकाएका हण्डिहरू प्रत्येक दिन खोलामा गएर विसर्जन गर्छन् । यसैगरी १२ औं दिनका दिन बचेका सबै श्राद्धका हण्डिहरू खोलामा बगाउँछन् । त्यसै दिन समाजका अगुवा (पइच) द्वारा (सानो माछा, दाल, तेल, नुन, भएको सानो हण्डिमा पकाउन लगाएर) हण्डि फोडी श्राद्धकर्ता (कर्तिया) लाई खोलामा नुहाउन लगाएर माला (हाल्का) दक्षिण मुख पारेर बगाउन लगाउँछन् ।

श्राद्धकर्ता, वंश (गुतिया) ले केश मुण्डन गरेर नुहाएर पानी तर्पण (श्राद्ध) गरी घर फर्कन्छन् । कर्मकाण्ड अवधिभर किर्तन गर्ने (किर्तिनिया) ले किर्तन गरी रहन्छन् । बेलुका राती कुलगुरूको प्रवेशसँगै छोरी-चेलीबाट ल्याएका सर-सामान (चामल, दाल, तल, नुन, साग तरकारी, माछा, मासु) साङही पकाई मूल घरमा मृतकको

नाममा परोसी दिन्छन्। कुलगुरुको स्वागत सत्कारपछि विच आगनमा पूजा (प्रसाद) लगाई श्राद्धकर्ता (कर्तिया), वंश (गुतिया), कुलकुटुम्ब क्रम अनुसार पानी तर्पण गरी जीव आत्मालाई (जिव उठानी प्रसाद) परमात्माको जिम्मा लगाउँछन् ।

भोलि विहानको ४ वजे मृतकको नाममा चढाइएका सामग्री (साङही) खोलामा विसर्जन गर्छन्। विहान १० बजेतिर फेरी कुलगरूले विच आँगानको पूर्व छेउमा पुनः पूजा (प्रसादी) लगाउँछन्। आँगनभरि हल्दी, दही र पानी मिसाएर घोल बनाई छर्केर, श्राद्धकर्ता टाउकोमा नाङ्लो (चार्नी) बोकी, कम्मरमा धान भुटेको फूल (खोए) कौडी छर्दै ५ फन्को घुम्न लगाउँछन् ।

श्राद्धकर्तासँगै महिला बाहेक घर परिवार, वंश र नातामा पर्ने ज्वाइँ कुटुम्बहरू सबै नातिहरू विच आँगनमा लाम लागेर लम्पसार पर्छन्। कुलगुरूले मन्त्र फुक्दै पानी छर्किन्छ र कोल्टे फेर्न लगाउँछ यो क्रम सकिएपछि सबैलाई उठन लगाई आँगनमा छरिएका सबै वस्तुहरू सोहोरेर विच आगनमा गाड्न लगाउँछन् । किर्तन गर्नेहरू काम नसकुन्जेलसम्म किर्तन गरी रहन्छन् ।

यति गरिसकेपछि श्राद्धको काम सकिन्छ। यस अन्तिम प्रकृयालाई ढेमाली भनिन्छ । ढेमालीपछि शान्ति भोज आरम्भ हुन्छ । दिनभरि परपाहुना, इष्टमित्र, वंश गुतिया, दोस मिस्तर सबै जना आउँछन् र भोजभतेर गरी मृत आत्माको स्वर्गवासको कामना गर्दै घर फर्कन्छन्। यसरी मृत्यु संस्कारको प्रकृया सु-सम्पन्न भई अन्त्य हुन्छ ।

६.४ अन्य संस्कारहरू

सबचुलिया: बच्चा जन्मेर शुद्धयाई गरी सकेपछि बच्चाको केस बढ्न दिएका हुन्छन्। भाकल अनुसार ३ वर्ष, ५ वर्ष वा विवाहको अवसरमा पूजा लगाएर कपाल खौरी, खसी वलीप्रथा दिई भाकल पूरा गर्छन् ।

ठाकरा कान्द्रा: बच्चा पालन पोषण गर्ने क्रममा असाध्यै रुने, दु:ख दिने, चिच्याउने, सम्झाउँदा नबुझ्ने प्रवृत्तिको अवस्थामा

ठाकुरबारीमा भाकल गरी राख्छन्। उपद्रोह शान्त भई ३ वा ५ वर्ष वा विवाहको अवसरमा पूजा लगाएर केस खौरी भाकल पूरा गर्छन्।

नरसिंहा: बच्चा पालन पोषणको क्रममा, बच्चाको कपालमा दुईवटा टुप्पी जस्तै भएर कपाल बडेर गएको हुन्छ र बढी उपद्रोह गरी हिंड्छ। घरको छानामा चड्ने, रूखमा चड्ने क्रियाले घरमूली हैरान हुन्छ। त्यसलाई रोकथाम गर्नको लागि ठाकुरबारीमा भाकल गर्छन्। भाकल अनुसार ३ वर्ष, ५ वर्ष वा विवाहको बेलामा कपाल खौरी, खसीवली दिई भाकल पूरा गर्छन्।

अध्याय - सात

मूलआदिवासी धर्म तथा लैंगिक समानता

७.१ धार्मिक संस्कार र लैंगिक पहिचान

मूलआदिवासी कोच राजवंशी समाज समानतामा आधारित समाज व्यवस्था हो। यिनीहरूमा महिला तथा पुरुषमा कुनै भेदभाव हुदैन। दुवैको अधिकार समान हुन्छ। हो, पारिवारिक अवस्था अनुसार कुनै परिवारमा अभिभावकत्वको जिम्मा पुरुषमा हुन्छ भने कुनै परिवारमा महिलाको। परिवारको घरमूली पुरूष छ भने परिवारमा निर्णय गर्ने अधिकार पुरुषको हुन्छ, महिला छ भने महिलाको।

कोच राजवंशी समाजमा पुरुष प्रधान वा महिला प्रधान जस्तो कुनै व्यवस्था हुदैन। यिनीहरूमा लैंगिक विभेदता हुदैन। यिनीहरू आ-आफ्नो कार्य क्षेत्रमा समान दायित्व निर्वाह गरी पूरा गर्दछन्। परिवारमा मनाइने हरेक धार्मिक संस्कारहरूमा महिला र पुरूषको समान उत्तरदायित्व हुन्छ।

तर यस्तो अवसरमा निर्वाह गर्ने कार्य अलग अलग हुन्छ। जस्तै: धार्मिक संस्कार सम्पन्न गर्नका लागि चाहिने अर्थ र सामग्रीहरूको व्यवस्था र संकलन पुरुष वर्गको काँधमा हुन्छ भने घरको सरसफाइ, लिपपोत, धार्मिक कार्यमा चाहिने प्रसाद आदि व्यवस्था, खानपानको व्यवस्थाको जिम्मा महिलाहरूको काँधमा हुन्छ। यसरी परिवारमा महिला तथा पुरुषले समान तरिकाले आफ्नो दायित्व निर्वाह गरेका हुन्छन्।

७.२ नेतृत्वदायी जिम्मेवारी र भूमिका

कोच राजवंशीहरूले परम्परागत रूपमा मानि आएका धेरै देवी-देवताहरू छन् । कुनै कुनै देवी-देवता घरभित्र पुजिन्छ भने कुनै घरबाहिर पुज्ने गरिन्छ। त्यसमा पनि कुनै कुनै देवीको पूजामा महिलाहरूको प्रमुख भूमिका हुन्छ भने कुनै देव-देवीको पूजा मा महिला-पुरूष दुवैको। महिलाहरूको मुख्य भूमिका हुने पूजाहरू जस्तै- तिस्ताबूढी (घाटोसरी), गाई तिहार (गोरुवाँसी) मा गोठमा पुजिने “गोरिया” पूजा, गाई पूजा, लक्ष्मी पूजा, (लखी पूजा), किला सेभा, आदि पूजा आजामा महिलाहरूको विशेष भूमिका रहन्छ भने गाराम पूजा, काली पूजा, माता पूजा, ठाकुरपूजामा पुरूषको साथ साथै महिलाको पनि सहभागिता रहेको हुन्छ। तर भूमिराज (आमाति) को पूजामा केटा केटीहरूको मुख्य भूमिका रहेको हुन्छ। अर्थात् भूमिराज वा आमाति देवीका पूजा बालबालिका केन्द्रित पूजा भने पनि हुन्छ।

यसरी कोच राजवंशीहरूको हरेक चाडवाड र पूजाआजामा महिला पुरुषको साथ साथै बालबालिकाहरूको पनि समान नेतृत्वदायी भूमिका वा जिम्मेवारी रहेको हुन्छ।

७.३ नारीको सम्मानसँग सम्बन्धित पूजाहरू

स्त्री अर्थात् नारी समाजको आदिशक्ति हो, आधि अंग हो। नारी विना समाज अधुरो हुन्छ। नारी विना परिवार त झन् अपाङ्ग र लङ्गडो हुन्छ। पुरुष जति सुकै शक्तिशाली र विद्वान् भए पनि नारी विना शक्तिहीन अपाङ्ग हुन्छ। नारी विना पुरूष एक्लैले घर परिवार व्यवस्थित र सहज प्रकारले सम्हालेर लान सक्तैन। त्यसैले परिवारमा स्वास्नीको मृत्यु भएपछि लोग्नेले अर्को स्वास्नी ल्याउँछन्। तर लोग्ने मरेपछि स्वास्नीले अर्को लोग्ने ल्याउँदैनन्। बरू एक्लैले पुरुषको खाँचोको अनुभव हुन नदिई परिवारलाई सहज रूपले संचालन गरेर लैजान्छन्।

प्राचीन कालमा कोच राजवंशी समाज स्त्री-प्रधान नै थियो। स्त्री परिवारकी मुखिया हुन्छिन्। परिवारको हरेक कार्य स्त्रीकै निर्देशनमा

हुन्थ्यो । परिवारका हरेक सदस्यले उनकै निर्देशनको पालना गर्नु पर्दथ्यो । तर पछि समयको परिवर्तनसँगै समाज परिवर्तन हुन थाल्यो। सामाजिक क्षेत्रको दायरा फराकिलो हुन थाल्यो। सामाजिक कार्यहरूको क्षेत्र परिवर्तन र विस्तृत हुनथाल्यो ।

समाजमा परिवर्तित यस्ता गतिविधिमा पुरुषहरू अधिक सहभागी हुनु पर्ने भएको र नारीहरू घर परिवारभित्रै सीमित रहनु परेकोले पुरुष भन्दा नारी पछाडि धकेलिन पुगे। फलस्वरूप नारीको अधिकार पुरुषले आफ्नो हातमा लिए।

तर समाज पुरुष प्रधान भए पनि परिवार संचालनमा पुरुष स्त्री विना एक कदम पनि चल्न सक्ने सम्भव भएन। स्त्री विना परिवार निरश र प्राणहीन जस्तो भयो । त्यसो हुनुको कारणमा पुरुष परिवारलाई अनुशासन दिन्छ भने स्त्री माया, ममता र शितल छहारी। पुरुष कठोर हुन्छ भने स्त्री कोमल, पुरुष क्रोध हो भने स्त्री प्रेम, दु:खको बेलामा पुरूषलाई स्त्रीले नै हिम्मत र सान्त्वना दिन्छन्।

सायद स्त्रीका यिनै गुणहरूले गर्दा नै पुरुषहरूले स्त्री पनि एक शक्ति हुन् भनेर स्त्रीशक्तिको अवधारणा ल्याए होलान् र स्त्रीशक्तिको प्रतीक स्वरूप विभिन्न देवीहरूको कल्पना गरी पुज्ने प्रचलनको शुरूवात गरे होलान्। मूलआदिवासी कोच राजवंशीहरूमा पनि यिनै स्त्रीशक्तिको परिकल्पना स्वरूप विभिन्न नारी देवताहरूको पूजाआजा गर्ने गर्छन्।

यिनीहरूले पुज्ने स्त्री देवताहरू: माता, काली, विषहरी (ब्रम्हानी) वा मनसा, तिस्ताबूढी (घाटोसरी), आमाती, लखी, गंगासागर आदि इत्यादि हुन्। उपर्युक्त स्त्रीशक्ति रूपी नारी देवताहरूको पूजा गर्नु नै नारी सम्मानसित सम्बन्धित पूजाहरू हुन्।

७.४ विशेष अवस्थामा सुतक बार्ने

मूलआदिवासी कोच राजवंशी समुदायमा खास घटना वा अवस्थामा चोखो-जुठो (सुतक) को मान्यता रहेको हुन्छ। स्त्री सुत्केरी भएपछि बच्चाको न्वारान नभएसम्म सुत्केरी महिलालाई अशुद्ध मानिन्छ ।

न्वारनको दिन कुल पुरोहित (गसाई) लाई बोलाई कुलदेवता (ठाकुर) को पूजा शान्ति (सेभा) गरी नचोख्याएसम्म सुत्केरी स्त्री अशुद्ध (बेन्डा) नै मानिन्छ ।

न्वारनको दिन कुल पुरोहित (गसाई) ले कुलदेवता (ठाकुर) को पूजा गरी पुरोहित (गसाई) ले मन्त्र उच्चारण गरेको पानी परिवारका सबै सदस्य र घर कोठाहरूमा छर्किएपछि तथा हजामको छुराले सुत्केरी महिलाको देब्रेहातको कान्छी औंलाको नङ काटी छुरा चोभेको पानी घर तथा कोठाहरूमा छर्केपछि मात्र सुत्केरी महिला शुद्ध भएको मानिन्छ ।

तर महिलाहरूको महिनावारी (नछुने) भएको अवस्थालाई यिनीहरूमा अशुद्ध (बेन्डा) मान्ने चलन हुदैन । भात भान्सा गर्न सक्छन् । तर देवी-देवताको स्थानमा गई पूजा आजा गर्न र धुपबत्ती बाल्न पाउँदैनन् ।

पुरुषको हकमा भने क्रियापुत्री बस्ने व्यक्तिलाई अशुद्ध मानिन्छ । १२ औं दिनको कर्म (खाउर) को श्राद्धपश्चात् कुल पुरोहितद्वारा मृतकको जीवलाई पूजा विधिद्वारा मुक्त गरेपछि, पंच (पोइच) द्वारा जुठो (बेन्डा) समाप्त भएको घोषणा गरेपछि मात्र क्रियापुत्री (मालालुआ)को जुठो (बेन्डा) चोखिन्छ र दैनिक कार्यमा फर्किन्छन् ।

यस्ता सामाजिक प्रथाहरू कोच राजवंशी समुदायमा परापूर्व कालदेखि नै संस्कारको रूपमा मान्दै आएकोले समुदायमा यस्ता प्रचलनले महिला र पुरूषमा कुनै प्रकारको भेदभाव मान्दैनन् । बरू दुवैले यसलाई सामाजिक मान्यताको रूपमा सहज रूपले मान्ने गर्दछन् ।

अध्याय - आठ

आर्थिक जीवन

८.१ परम्परागत जीविकोपार्जन पद्धति

नेपाल एक कृषि प्रधान देश हो। यसको दक्षिणको तराई भूमिलाई नेपालको अन्न भण्डार पनि भनिन्छ। तराई भूमिमा आदिम कालदेखि वसोपवास गर्दै आएका आदिवासी रैथानेहरूको जीविका उपार्जन गर्ने मुख्य पेशा भन्नु नै कृषि हो। परिवारलाई भरणपोषण गर्ने यिनीहरूको एक मात्र साधन यही खेती किसानी हो।

यस बाहेक यिनीहरू अन्य पेशामा लागेको त्यति देखिदैन। कारण अन्य पेशा सम्बन्धि ज्ञान र सीप यिनीहरूमा त्यति रहेको देखिदैन। तर भरखर भरखर मात्र शिक्षित केही व्यक्तिहरूबाट कृषि बाहेक अन्य पेशा व्यापार व्यवसाय संचालन गर्ने दिशातिर अग्रसर भएको देखिन्छ जुन राम्रो कुरा हो। तर पनि यिनीहरूको जीविकोपार्जन गर्ने परम्परागत पुर्ख्यौली पेशा भन्नु कृषि खेती किसानी नै हो।

८.२ उत्पादनको साधन र उत्पादन सम्बन्ध

कृषि उत्पादन गर्ने प्रमुख परम्परागत साधन भन्नु नै काठको हलो, गोरू, कुटो, कोदालो र किसानको श्रम हो। यिनै हलो र गोरुको मद्दतले खेत जोतखन गरी अन्न फलाउँछन्। यस कार्यमा परिवारका सबै सदस्यहरूको श्रम लगानी भएको हुन्छ। पुरुषले हलो जोत्ने, कोदालो चलाउने काम गर्छन् भने महिलाहरूले घरको काम धन्दामा गर्छन्।

फुर्सदको समयमा खेत गोडमेल गर्ने कार्य गर्छन्। यसैगरी यिनीहरूको कृषि जीवन निरन्तर चलिरहेको पाइन्छ। तर अहिले आएर

आधुनिक कृषि औजार र मेसिनहरूको आगमनले गर्दा परम्परागत कृषि साधन हलो, जुवा, गोरु, प्रायः विस्थापित नै भएको अवस्था छ।

८.३ सम्पतिको अवधारणा तथा वितरण प्रणाली

प्राचीन कालमा यिनीहरूको सम्पतिको हकमा मुख्यतया जमिन, गाईवस्तु, भेडा बाख्रा तथा कृषिबाट उत्पादित अन्न नै थिए । कृषिबाट उत्पादित आवश्यकता भन्दा बढी अन्न वा कृषिजन्य वस्तुहरू समुदायमा साटासाट गरेर आफ्नो खाँचो टार्ने गरिन्थ्यो। जस्तैः अन्न दिएर साग तरकारी ल्याउनु, गाई दिएर भैंसी वा बाख्रा ल्याउनु । यसरी नै वस्तु विनिमय प्रणालीद्वारा गाउँले किसानहरूको दैनिक जीवन निर्वाह हुन्थ्यो ।

यस्तो प्रकारको वस्तु विनिमय प्रणालीलाई त्यतिखेरको एक प्रकारको व्यापार भने पनि हुन्छ । मानिसहरूले अर्काको खेतमा मजदुरी गरे वापत ज्यालाको सट्टा नगद पैसा नदिएर अन्नपात नै दिने चलन थियो। उहिले मूलआदिवासी राजवंशी समाजमा यस्तै किसिमको एक प्रथा प्रचलित थियो जसलाई “खनुवा” प्रथा भनिन्थ्यो ।

यस प्रथामा हजामले कुनै एक परिवारको पुरुषहरूको केश काटिदिए वापत ज्यालाको सट्टा एक वर्षमा एक मुष्ठ धान दिने चलन थियो। त्यस्तै बच्चा जन्मेको बेला सुडेनी (दायानी) ले सुत्केरी घरमा शिशु र सुत्केरीको स्याहारसुसार गरे वापत वर्षमा एक मुष्ठ अन्न र कपडा दिने चलन थियो ।

कुनै किसानको घरमा कोही हलि बसिदिएर वर्षभरि काम गरे वापत तलबको सट्टा धान दिने चलन थियो । यो पनि एक प्रकारको विनिमय (श्रमको सट्टा वस्तु) प्रथा भने पनि हुन्छ। यसरी नै त्यतिखेरको राजवंशी समुदाय पारस्पारिक वस्तु आदान-प्रदानबाट नै आफ्नो परम्परागत जीवन निर्वाह गर्ने गर्दथे ।

तर पछि बजारको व्यवस्था भएपछि कृषिबाट उत्पादित आफ्नो वस्तुहरू बजारमा लगेर नगद पैसामा किनबेच गर्ने प्रचलनको शुरूवात भयो । मानिसहरूले आफ्नो इच्छा अनुसारको वस्तु उचित

मूल्यमा किन्न र बेच्न सक्ने भए । मानिसहरूको हातमा आफ्नो अतिरिक्त उत्पादन बजारमा बेचविखन गरेर अतिरिक्त नगद पैसा जम्मा हुन थाल्यो ।

त्यतिखेर बैंक पनि थिएन र भए पनि यिनीहरूलाई बैंकको बारेमा कुनै ज्ञान थिएन । त्यसैले आफूसँग भएको अतिरिक्त पैसा बैंकमा लगेर जम्मा गरी सुरक्षित हुने त कुरै भएन । यिनीहरूले आर्जन गरेको सम्पति सुरक्षित राख्न माटोमुनि गाडेर राख्न थाले ।

यो तरिका यिनीहरूले बैंक भन्दा पनि सुरक्षित महसूस गरे। तर सम्पति सुरक्षित राख्ने यो तरिका पछि यिनीहरूकै लागि काल सिद्ध हुन गयो । डाकाको कारणले यिनीहरूले लुकाएको सम्पति त गुम्यो नै आफ्नो ज्यान पनि सुरक्षित रहन सकेन ।

८.४ मूलआदिवासीको भू-स्वामित्व

प्राचीन कालदेखि नै यहाँ (झापा, मोरङ र सुनसरी) का मूलआदिवासी समुदायको जीविकाको मुख्य साधन वा श्रोत भन्नु नै कृषि हो । यहाँ रहेका वन जंगलहरूलाई उनीहरूले नै फडानी गरी खनी-खोस्री कृषियोग्य जमीनमा परिणत गरे । यहाँ बग्ने खोला नालाहरूबाट पिउने र कुलो-पैनी निर्माण गरी सिंचाई गर्ने, वन जंगलबाट दाउरा, घाँस संकलन गरी खाना पकाउने र आफ्नो गाई वस्तुको लागि चारा संकलन गर्ने, वन जंगलबाटै विभिन्न जडीबुटि संकलन गरी औषधीको रूपमा प्रयोग गर्ने र गाई वस्तुको लागि आवश्यक चरनको रूपमा प्रयोग गर्ने आदि नै काम नै मूलआदिवासी समुदायको जीविकोपार्जन गर्ने परम्परागत जीवन प्रणाली भने पनि हुन्छ ।

त्यसैले जल, जमिन र जंगलसित यिनीहरूको प्राचीन कालदेखि नै अन्योन्याश्रित सम्बन्ध छ। यिनीहरू यिनैको उचित उपयोग साथै संरक्षण गर्ने गर्दथे । उहिले उहिले यस क्षेत्रमा यी मूलआदिवासी समुदाय बाहेक अन्य समुदायको वसोवास हुन्थ्यो भन्दा पनि हुन्छ । त्यसैले यहाँका सम्पूर्ण भूमिको स्वामित्व यिनै आदिवासीहरूको अधिनमा थियो ।

अहिले पनि सरकारी कार्यालयहरूमा गएर त्यतिखेरको तथ्याङ्क पल्टाएर हेर्ने हो भने झापा, मोरङ र सुनसरीको प्राय: जमिन यिनै मूलआदिवासीहरूको नाममा दर्ता रहेको पाइन्छ । जल, जमिन र जंगलसित यिनीहरूको जीवन गाँसिएकोले नै यिनीहरूलाई भूमिपुत्र भनेर भनिन्छ । तर अहिले यिनीहरूको बाँच्ने आधार वन, जंगल र पानी माथि बाह्य व्यक्तिको अतिक्रमण र हस्तक्षेप हुन थालेपछि यिनीहरू आफ्नै पुर्ख्यौली थलोबाट विस्थापित हुने अवस्थामा पुगिसकेका छन् ।

८.५ श्रमको विभाजन

मूलआदिवासी राजवंशी समुदाय श्रमजीवि समुदाय हो । श्रमबाट यिनीहरू आफ्नो जीविका चलाउँछन् । पुरुषहरू घर बाहिरको श्रम जस्तै: खेतमा जोतखन गर्ने, बालिनाली लगाउने, पशुहरूको हेरचाह गर्ने, अर्थात् खाद्यान्नको जोहो गर्ने काम पुरुषहरूको काँधमा हुन्छ । घरको काम र केटाकेटीहरूको हेरचाह, स्याहार-सुसार गर्ने, भात भान्सा गर्ने काम घरका महिलाहरूको काँधमा हुन्छ ।

तर पनि परिवारको भरणपोषण गर्नका लागि पुरुष र महिला दुवैले एक अर्काको काममा सहयोग गर्ने पनि गर्दछन्। यस समाजमा एक परिवारले अर्को परिवारलाई काममा सघाई सहयोग गर्ने पनि गर्छन् । यस्तो कार्यलाई “हाउली” प्रथा भनिन्छ । वर्षभरिको लागि घरमा वनबाट दाउरा संकलन गरी ल्याउने, रोपाइँको बेला हलो जोतिदिने र रोपाइँमा सहयोग गर्ने, घर बनाउने र छाना छाउने काममा मद्दत गर्ने जस्ता सहयोगको आदान-प्रदान गर्ने गर्छन् ।

यसले गर्दा समाजका कोही पनि “म एक्लो छु” भन्ने कुराको महसूस हुदैन । त्यस्तै समाजको हरेक अवसरमा चाहे विवाह होस् चाहे मरिमराऊ होस् वा कुनै उत्सव पर्व होस् “पोइच पोइचाति” को माध्यमबाट समाजका हरेक परिवारले एक अर्कालाई मद्दत गरेर पारस्पारिक सहयोगको आदान-प्रदान गर्ने गर्दछन् । फलस्वरुप समाजका कुनै परिवारले कामको भार एक्लैले उठाउनु वा बहन गर्नु पर्दैन ।

समाजमा प्रचलित यस्तो प्रथाले समाजभित्रका हरेक परिवार र व्यक्तिलाई समाजप्रतिको दायित्व बोध, सद्भाव, सहयोगको आदान-प्रदान र अनुशासन जस्तो कुराको शिक्षा दिन्छ। तर अहिले समयको अति व्यस्तताको कारणले मानिसको जीवन मेशिन जस्तो भइसकेको छ । यसले गर्दा अहिले समाजमा प्रचलित पारस्परिक सहयोगको आदान-प्रदान गर्ने परम्परागत “हाउली”, “पोइच पोइचाति” जस्तो प्रथा हराउँदै जान थालेको छ ।

यसका अतिरिक्त कोच राजवंशी समाजमा पेशागत श्रम विभाजनका केही उदाहरण पनि पाइन्छन् । जस्तै: मालि, मालि भन्नाले विवाहको अवसरमा काली, माता आदि देवीहरूको मूर्ति निर्माण गरी पूज्ने, दुल्हा-दुलहीको लागि साज काठबाट विशेष प्रकारको मुकुट बनाउने व्यक्ति ।

गाएनले सर्पको देवी, देवी विषहरी वा मनसा देवीको गुणगान गर्दै विवाह अवसरमा गीत गाउने र देवीको पूजा गर्ने गर्छन् । रा्बिनयाले पनि विवाह अवसरमा हनुमानको गुणगान गर्दै गीत गाउने गर्छन्। नावा अर्थात् हजाम राजवंशी समुदायको हरेक संस्कार (जन्म, विवाह, मृत्यु) मा नभई नहुने व्यक्ति मध्येको एक हो ।

उसले परिवारमा जुठो लाग्यो भने चोख्याउने काम गर्छ । जुठो परेको परिवारको हरेक व्यक्तिको देब्रे हातको कान्छी औंलाको नङ काटेको छुरा चोभेको पानी घर, लुगा फाटा, कोठामा छर्काएर चोख्याउने कार्य नावकै हो । दायानी (माझ्यानी): दायानी अर्थात् सुत्केरीमा शिशुको शालनाल (लारि) काटिदिने र सुत्केरीको लुगाफाटा धोइ, घर लिपपोत गरी दिने साथै शिशुलाई नुहाई दिने काम महिलाको हो। यस्तो दायानीको कार्य हाडी (माझी) जातकी महिलाले गर्ने गर्छिन्।

यस्तो प्रथाका कार्यहरू गर्ने व्यक्तिहरूको कुनै संगठित संस्था वा समिति हुदैन । व्यक्तिगत वा सामूहिक रूपमा संस्कारका उल्लिखित कार्यहरू गर्ने गर्दछन्। यस्ता कार्यहरू गरे वापत तिनीहरूले उचित पारिश्रमिक पनि पाउँछन् । राजवंशी समाजमा यस्तो दिइने पारिश्रमिकलाई “विदागी” भनिन्छ ।

८.६ खाद्य सुरक्षा

मूलआदिवासी राजवंशीहरू प्राचीन कालदेखि नै कृषिमा निर्भर रहँदै आएका छन् । यिनीहरूको जीविकोपार्जनको मुख्य आधार नै कृषि हो । एक पटक उत्पादन गरेको अन्न वर्षभरि खानु पर्ने, वर्षका लागि बिउ सुरक्षित गरी राख्नु पर्ने, यसका लागि उत्पादित अन्न र बिउलाई सुरक्षित भण्डारण गरी राख्नका लागि राजवंशीहरूको आफ्नै प्रकारको तरिका वा शैली रहेको छ ।

खाने अन्नलाई भकारी (मुधर, मुर्कि) मा राखिन्छ भने बिउ धानलाई परालको "नेठु" मा राखिन्छ। "नेठु" भनेको धानको लामो लामो नल (गँर) गोलो आकारमा बनाइएको धानको बिउ राख्ने एक प्रकारको परम्परागत साधन हो। तर आजकल "नेठु" बनाएर बिउ राख्नुको सट्टा बोरा अथवा ड्रममा भण्डारण गर्ने चलन छ ।

नेठु बाहेक पनि माटो, पराल र भुसद्वारा निर्माण गरिएको परम्परागत साधन "कठी" मा सुरक्षित राख्ने गर्दछन्। यस्तो कठीमा खाने चामल पनि सुरक्षित राख्ने गर्दछन् । खाने आलुलाई सुरक्षित राख्नका लागि पातलो भाटाको चोयाले उनेर बनाइएको मान्द्रो टाँडमा ओछ्याएर त्यसमाथि आलुलाई पातलो गरी फिजाएर राख्ने गरिन्छ । तोरी वा पाटाको बिउ र अन्न साग तरकारीको बिउलाई घाममा राम्ररी सुकाएर कठीमा राम्ररी बन्द गरेर भण्डारण गर्दछन् ।

तथापि, अचेल विभिन्न प्रकारका प्लाष्टिकको भाँडो, झोला आदि बजारमा पाइने भएकोले तिनै भाँडोमा भण्डारण गरी राख्ने गर्छन् । अर्को, बजारमा औषधी हालेका उन्नत जातका धान, मकै, पाटा तथा हरियो तरकारी आदिका बिउ विजनहरू सजिलै पाइने भएकोले परम्परागत तरिकाले भण्डारण गर्ने चलन हराउँदै गएका छन् ।

८.७ परम्परागत ज्ञान, सीप र प्रविधि

मूलआदिवासी राजवंशी समुदायमा आफ्नै खालको परम्परागत सीपको ज्ञान प्रसस्त रहेको पाइन्छ । आधुनिक कलकारखानाहरूको प्रवेश हुनु भन्दा पहिला यिनीहरू आफूलाई चाहिने घरायसी वस्तु तथा

उपकरणहरूको निर्माण तथा उत्पादन आफैं गर्ने गर्दथे । आफ्नो पुर्खाहरूको अनुभवहरूबाट प्राप्त सीप र ज्ञानको उपयोग गरी आफूलाई चाहिने आवश्यक वस्तुहरूको निर्माण आफैं गर्दथे ।

खाने चामलको लागि धान उसिन्ने, सुकाउने र घरमै ओखलमा कुटी चामल निकाल्ने काम गर्थे । यस समुदायका महिलाहरू घरमै उत्पादित सनपाट (पाटा) बाट धागो बनाई घरायसी तानबाट चट्टि (धक्रा) र मसिनो खालको धागोबाट उम्दा खालको चट्टि (झालङ) र झोलाको निर्माण गर्छन् । चामलको पिठो (गुन्डा) बाट विभिन्न खाने परिकारहरू जस्तैः भाका, पिठ, पेरपेरी, प (पुआ), आदि बनाउने गर्छन् । धानबाट चिउरा र मुरै बनाउन सिपालु हुन्छन् । चिउरा र मुरैबाट (चुरालारू, मुर्हियालारू) विभिन्न मिठाईका परिकारहरू बनाउने प्रचलन रहेकोले यसमा उनीहरूको विशेष ज्ञान नै हुन्छ ।

घरको बेरा (टाटी) मा माटोले लिपेर त्यसमा विभिन्न पशुपंक्षीको आकृति बनाउने, फूलका बोटविरूवाहरूको तस्वीर बनाउने आदि राजवंशी महिलाहरू परम्परागत घर सजावटका हस्तकला सीपमा निकै निपूर्ण हुन्छन् । पुरुषहरूले काठबाट कृषि उपयोगी साधनहरू जस्तैः हलो, जुवा, पटा, ओखल, मुस्लो, तथा सनपाटबाट डोरी बाट्नका लागि ढेरा, उटकन, ताखिर आदि साधनहरू आफैं निर्माण गरी उपयोगमा ल्याउँछन् ।

यति मात्र होइन माछा समात्ने साधनहरू जस्तैः ढक्सा, डिहारी, भाँती, पल्ह, जाल, भाँउरी जाल, हेङ्गा, आदि साधनहरू बनाई माछा समात्ने काम गर्छन् । यस समुदायमा पुरुषतर्फका मालिहरू मूर्तिकलामा कलात्मक ढंगले मूर्ति निर्माणमा निकै दक्ष रहेका हुन्छन् । यी र यस्ता धेरै सीपहरूको ज्ञान राजवंशी समुदायमा भएको पाइन्छ ।

तर वर्तमान समयमा मानिसहरू समयको अभाव, व्यस्त जीवन प्रणाली, त्यसमा पनि उन्नत आधुनिक संसाधनहरूको आगमनले यी प्राचीन परम्परागत सीपहरूबाट निर्मित तथा उत्पादित वस्तुहरूको निर्माणमा लागत मूल्य धेरै र बिक्रय मूल्य कम हुने भएकोले आधुनिक मेशिनबाट उत्पादित वस्तुहरू समक्ष टिक्न सकेन र यिनीहरूका परम्परागत सीपहरू हराउँदै जान थाले ।

आदिवासी समुदाय माफ विद्यमान यस्ता परम्परागत सीपहरूलाई बचाई राख्नका लागि सरकारी स्तरबाट नै ध्यान पुऱ्याउनु पर्ने हुन्छ। आर्थिक मद्दतद्वारा यस्ता सीपहरूलाई आधुनिकीकरण गरी घरेलु वा कुटिर उद्योगको रूपमा विकास गर्न सकिन्छ। यस्तो गर्न सकियो भने यस्तो सीपको संरक्षण हुनुको साथै यिनीहरूको आय-आर्जनको एउटा साधनको रूपमा विकास गर्न गकिने सम्भावना निकै छ।

८.८ परम्परागत आर्थिक संस्थाको उपयोगिता

राजवंशी मूलआदिवासीहरूको आफ्नो कुनै परम्परागत आर्थिक संस्था छैन। उहिले गाउँ बस्तीका जग्गावाला मुखिया (देउनिया) वा साहु-महाजन नै यिनीहरूका आर्थिक संस्था थिए भने पनि हुन्छ। यी साहु महाजनबाटै चर्को व्याजमा ऋण लिई आफ्नो गर्जो टार्ने गर्दथे।

खाने अन्न नभएको बेला गाउँका मुखिया (देउनिया) को ढुकुटीबाट एक मनको डेढमन धान तिर्ने सर्तमा धान ऋण लिई खर्च चलाउँथे। कहिलेकाहीं जग्गा वा घरको गरगहना यिनै साहुकोमा धितो राखी ऋण निकाली काम चलाउँथे। यसरी साहु महाजनहरूको मनमानी चर्को व्याजको कारणले गर्दा धेरै किसानको जग्गा-जमिन सर्वस्व नै हुन्थ्यो। ऋणको व्याज तिर्न नसकेर कति किसानहरू कंगाल भएको स्थितिको श्रृजना पनि हुने गर्दथ्यो।

तर अहिले ठाउँ ठाउँमा सरकारी र गैर-सरकारी बैंक, सहकारी बैंकहरूको स्थापना भएदेखि किसानहरू यिनै वित्तिय संस्थाहरूबाट सस्तो र सुपथ व्याजमा ऋण लिई आफ्नो आर्थिक खाँचो टार्ने गर्दछन्। अर्को, वैदेशिक रोजगारको कारणले गर्दा यिनीहरूको आर्थिक अबस्थामा केही भए पनि सुधार आएको महसूस गर्न सकिएको छ।

८.९ स्वदेशी तथा विदेशी रोजगारी

समय परिवर्तनशील छ। यस परिवर्तनको प्रभाव समाजको हरेक क्षेत्रमा पर्छ नै। यसले मानिसहरूको सोच, मूल्य-मान्यता र व्यवहारमा समेत परिवर्तन ल्याउँछ। यस्तो परिवर्तनबाट राजवंशी

समुदाय पनि अछुतो रहेको छैन। यिनीहरूले आफ्नो आर्थिक श्रोतको खोजी गर्न थाले।

फलस्वरूप कोही सिकर्मी, डकर्मीको काम अंगाल्न थाले। कोही धेरै लगानीबाट व्यापार व्यवसाय गर्न थाले भने कोही जनमजदुरी गरी आफ्नो जीविकोपार्जन गर्न थाले त कोही रोजगारीको लागि विदेश जान थाले। यसरी मूलआदिवासी राजवंशीहरू आफ्नो पुर्ख्यौली पेशा कृषिबाट विस्थापित हुँदै गैर-परम्परागत पेशा अंगाल्दै जीविकोपार्जन गर्न थालेको देखिन्छ। तर अहिले पनि थोर बहुत जग्गा-जमिन हुने राजवंशीहरूले कृषि पेशालाई नै आफ्नो मुख्य पेशाको रूपमा अंगालेको पाइन्छ।

८.९.१ बधुवा मजदुरी

गरिवीको रेखामुनी रहेका यस समुदायका मानिसहरू प्राय: जनमजदुरी गरेर नै जिवीकोपार्जन गछ्र्न्। कोही कृषि मजदुर, कोही कलकारखाना मजदुर, त कोही भवन निर्माण कार्यमा मजदुर पेशा अंगाली आफू र आफ्नो परिवारको भरणपोषण गर्दैआएका छन्।

८.९.२ आर्थिक उदारीकरण

विश्व औद्योगिकीरणको कारणले आएको विश्वव्यापी खुल्ला अर्थतन्त्र र आधुनिक बजार व्यवस्था शुरूवात भएदेखि समाजको हरेक क्षेत्रमा केही नकारात्मक साथै केही सकारात्मक परिवर्तनहरू आएको देख्न सकिन्छ। मानिसहरूको सोच, दृष्टिकोण र व्यवहारमा धेरै परिवर्तनका लक्षणहरू देख्न सकिन्छ।

प्रथमत: यिनीहरूको अर्थोत्पादन गर्ने परम्परागत कृषिमा आधारित सीप र कला सबै विस्थापित भएर जान थालिरहेको छ। आधुनिक मेशिनहरूको आगमन र खुल्ला बजार व्यवस्थामा यिनीहरूको पुर्ख्यौली सीप र कला टिक्न नसकेको अवस्था छ। फलस्वरूप यिनीहरूको आय-आर्जनमा ठूलो धक्का लाग्न गयो। परम्परागत सीपमा गुजारा गर्ने ठूलो जनशक्ति बेरोजगार भएका छन्।

परिणामस्वरूप यिनीहरू अर्थोपार्जनका नयाँ विकल्पहरू अवलम्वन गर्न थाल्दैछन्। वैदेशिक रोजगार जस्ता आय-आर्जनका नयाँ विकल्पहरू खुल्न थाल्दैछन् । यसको प्रभाव समाजमा पर्न थालेको छ । गाउँ परिवारमा बृद्ध आमा-बुवा महिला केटाकेटी बाहेक अब युवाहरू विदेशिन थालेका छन् ।

शिक्षा हासिल गर्ने उमेरमा युवाहरू विदेश पलायन हुन थालेपछि यिनीहरूको भविष्यमा ठूलो नकारात्मक असर पर्न जाने देखिन्छ । किनकी विदेशमा विताएको १०/१५ वर्षको समय शिक्षा हासिल गरेर जुन ज्ञान, सीप र शैक्षिक स्तरको उन्नति हुन सक्थ्यो; त्यसबाट युवाहरू बन्चित हुन पुगे। यसले समाजमा दूरगामी ठूलो नकारात्मक प्रभाव निश्चय पर्न जाने देखिन्छ ।

हो, नयाँ औद्योगीकरण, नयाँ बजार व्यवस्था र उदारवादी अर्थतन्त्रको कारणले समाजमा केही सकारात्मक प्रभाव पनि पारेको देखिन्छ । यसले आय-आर्जनका नयाँ नयाँ अवसरहरू प्रदान गरेको छ। दक्ष, अदक्ष जनशक्तिहरूका लागि रोजगारका नयाँ नयाँ बाटाहरू खोलेको छ । वैदेशिक रोजगारबाट परिवारमा आर्थिक सुधार भएको देख्न सकिन्छ ।

पहिले आय-आर्जनको एउटै मात्र बाटो कृषि थियो । कृषिबाट उत्पादित अन्नबाट नै परिवारको सम्पूर्ण खर्च धान्नु पर्थ्यो भने अब अर्थोपार्जनका धेरै बाटाहरू खोलिएका छन् । आजका हरेक युवा-युवतीहरूका लागि आफ्नो योग्यता क्षमताको आधारमा कमाउने बाटोहरू रोज्ने अवसर प्राप्त भएको छ ।

अध्याय - नौं

राजनीति तथा मातृभाषाको अवस्था

९.१ परम्परागत राजनैतिक शासन प्रणाली

आधुनिक राज्य विस्तार अगाडि तत्कालीन मोरङ क्षेत्र (हालको अवस्था झापा, मोरङ र सुनसरी) मा स्थानीय ठाउँको शासन सत्ता महाराज प्रथाबाट संचालन भएका थिए। त्यतिखेर यस क्षेत्रमा केही महाराजले शासन सम्हालेका उदाहरणहरू इतिहासमा उल्लेख छन्। जस्तैः दामुना महाराज, दुधाली महाराज, बाघा महाराज, थुपरसिंह महाराज, भलुवा महाराज आदि।

यसरी यस प्रथा उक्त क्षेत्रमा लामो समयसम्म रहेको अनुमान लगाउन सकिन्छ। त्यतिखेर यस समुदायले यी महाराजाहरूलाई देवताकै रूपमा मानी आएका थिए। उनीहरूकै चीर विचारबाट छलफल हुन्थ्यो र न्याय प्रदान गर्दथे। त्यतिखेर कुनै कानुन थिएन। तिनीहरूकै बोलेको बोली कानुन बन्दथ्यो र तिनीहरूले नै सम्पूर्ण शासन पद्धति संचालन गर्दथे।

पछि मोरङ क्षेत्र नेपाल एकीकरणमा समाहित भएपश्चात् स्थानीय शासन संचालनमा सरदार प्रथा लागू भयो। सरदार प्रथाले जाति, छुवाछुत बनाउनेदेखि सम्पूर्ण न्याय निसाफ हेर्ने काम गर्दथ्यो। त्यसपछि नेपालमा राणा शासनको उदयपछि स्थानीय ठाउँमा जिमीदारी र पटुवारी प्रथाको शुरूवात भयो।

यस प्रथाबाट नै राज्यको राजस्व संकलनदेखि कसुर अनुसारको दण्ड जरिवाना दिलाउने कार्य र न्याय निसाफ हेर्ने पद्धति रहिआएको थियो। पछि वि.सं. २००५/२००७ सालदेखि यो प्रथा खारेज भयो।

गाउँमा पञ्च भलाद्मीद्वारा न्याय निसाफ गर्ने गरेका थिए।

पञ्चायत काल शुरू भएपछि गाउँमा प्रधान पञ्च, उप-प्रधानपञ्च सदस्य रहने व्यवस्थाले गर्दा मानिसमा राजनीति गर्ने र चुनावमा भाग लिने, देशमा चलेको कानुन अनुसार न्याय निसाफ गर्ने जस्ता प्रजातान्त्रिक अभ्यासहरू हुन थाल्यो।

यसरी पञ्चायत कालसम्ममा पनि स्थानीय ठाउँमा प्राय: गरी यस समुदायका मानिसहरूले नै सत्ता सम्हालेका र यिनीहरूकै प्रतिनिधित्व हुन्थ्यो। मूलवासी राजवंशी समुदायबाट नै जिल्ला पञ्चायत सभापति तथा राष्ट्र पञ्चायतमा उपाध्यक्ष समेत जस्ता पदमा प्रतिनिधित्व गरेको इतिहास जिउँदो छ।

पछि कोचिला भूमिमा अन्य ठाउँबाट बसाइँसराइको आगमनले जनसंख्या वृद्धि भई कोच राजवंशी मूलआदिवासी अल्पमतमा पर्दै गए। तर हालकै अवस्थामा नगन्य रूपमा बहुदलीय व्यवस्थामा पनि प्रत्यक्ष निर्वाचन पद्धति र समानुपातिक निर्वाचन पद्धतिबाट २/४ जनाले प्रतिनिधि सभा र प्रदेश सभामा प्रतिनिधित्व गर्न सकेका छन्।

८.२ परम्परागत न्याय प्रणाली

कोचिला क्षेत्रमा कोच राजवंशी मूलआदिवासी समुदायको शुरू कालको महाराज प्रथादेखि सरदार प्रथा हुँदै जिमिदारी र पटुवारी प्रथासम्म न्याय प्रणाली एकल निर्णय अनुसार एकल इजलासले न्याय अन्याय छुट्टायाउने कार्य हुन्थ्यो। उनले पक्ष र विपक्षको कुरा राम्ररी सुनुवाइ गरेर न्याय दिने गर्दथे।

यसमा व्यक्तिवादी सोच प्रधान हुन्थ्यो र एक जना व्यक्तिले निर्णय गरे अनुसार सबैले स्विकार गर्नु पर्दथ्यो। समाजमा कसुर गर्नेलाई कसुर अनुसारको दण्ड जरिवाना तथा सामाजिक बहिष्कार समेत गर्ने चलन थियो।

पञ्चायत काल शुरू भएपछि समाजमा कुनै समस्या आइलाग्यो भने त्यस समस्यालाई सामाजिकरूपले हल हुने गरी पञ्च र

पञ्चायती भद्र भलाद्मी बसेर सामूहिक निर्णयबाट त्यसलाई निराकरण गर्ने गर्दथे ।

यदि समाधान निस्केन भने जिल्ला अदालतमा सनुवाइ गर्ने गरी पक्ष र विपक्षको मुद्धाको बहस हुने र एथेष्ट प्रमाणको आधारबाट पक्ष र विपक्षको जित वा हार हुने पद्धतिको विकास हुदै आयो । अहिले राज्यमा पुनरावेदन र सर्वोच्च अदालतको संरचनाले कतिपय मुद्धाहरू माथिल्लो निकाय सर्वोच्चमा गएर नै टुंगो लाग्ने गरेका छन् ।

९.३ परम्परागत संस्थाहरूको भूमिका र महत्त्व

कोच राजवंशी मूलआदिवासीको परम्परागत संस्थाको नाममा सामाजिक सांस्कृतिकरूपले परापूर्व कालदेखि चलिआएको पोइँच पोइँचाती नै हो। पोइँच पोइँचातीको सदस्यको संख्या बस्तीको आकार र घर परिवार संख्याले नै निर्धारण गरेको हुन्छ। बस्ती ठूलो र घर परिवार संख्या बढी छ भने यसको सदस्य संख्या पनि ठूलो हुन्छ ।

तर बस्ती सानो छ र घर परिवार संख्या कम छन् भने यसको सदस्य संख्या पनि कम हुने गर्दछ। किनभने प्रत्येक घर परिवारको घरमूली एक जना उक्त पोइँच पोइँचातीको सदस्य बन्ने परम्परा रहेको हुन्छ। यो परम्परा मूलआदिवासी राजवंशीको सघन बसोबास भएको गाउँमा अहिले पनि जीवन्त पाउन सकिन्छ ।

मूलआदिवासी राजवंशी समुदायमा पोइँच पोइँचातीका सदस्यहरूलाई दशमुनी नारायणको अर्थले हेरिन्छ । आदर भावका साथ पोइँच नारायण ठाकुर भनी बोलाउने गरिन्छ। यसको मतलव के हो भने पोइँच पोइँचाती भद्र भलाद्मीले बहुमतले निर्णय गरेर दिएको सल्लाह सुझाव गलत कहिल्यै हुन सक्तैन र त्यो नितान्त स्वीकार योग्य रहेको हुन्छ। त्यस अनुसार नै घरवेटीले गर्नु पर्ने हुन्छ।

उनीहरूको समुदायमा जन्म, विवाह, मृत्यु तथा धर्मकर्म संस्कारहरूमा पोइँच पोइँचातीको तर्फबाट स-परिवार नै उपस्थित भइदिनु पर्ने अनिवार्य हुन्छ। संस्थामा आवद्ध परिवारको सबै जनाले

घरवेटीलाई कार्यक्रमको शुरूदेखि अन्त्यसम्म हरेक कृयाकलापमा सरिक भई आवश्यक सहयोग गरिन्छ । जस्तैः सर सामान जुटाउने, निम्ता कार्ड वितरण गर्ने, घर सरसफाइ, घर सजावट, खानपिनका लागि अन्नपात केलाउने, मरमसला, सरसामान, कामहरूमा पनि सर-सहयोग गर्नु पर्दछ ।

साथै नियोजित कार्यक्रमको दिन सबैले खानेकुरा पकाउने, बाँड्ने, अतिथी सत्कार गर्ने रेखदेख पुऱ्याउने, सबै कार्यहरू पोइँच पोइँचातीका सदस्यहरूले गर्ने गरेको पाइन्छ । रमाइलो कुरा के छ भने कतिपय संस्कारगत प्रसंगहरूमा पोइँच पोइँचातीको आदेश विना संस्कारगत काम अगाडि बढाउन सक्दैन ।

पोइँच पोइँचातीबाट आदेश खुल्ला भयो भने तब मात्र संस्कारगत कार्यहरू अगाडि बढने परम्परा रहेको छ । जस्तैः केटा पक्षकाले फूलमाला जस्तै (डालिखारा) का लागि केटी पक्षकोमा गएमा केटा पक्षले कन्याका लागि ल्याइएका कपडा, गरगहना, शंख चुरा, केटी पक्षका पोइँच पोइँचातीहरूले साक्षीको रूपमा एक एक हेरेर तस्वीर बुझाई सकेपछि र केटी पक्षका पोइँच पोइँचातीले समितिको कोष वृद्धि वा कुनै चिज खानेकुरा सामूहिक खाने भनी केटी पक्षबाट माग गरेको निश्चित रकम केटा पक्षले दिने स्विकार भइसकेपछि मात्र केटा पक्षले फूलमाला जस्तै डालिखारा गर्न पाउने आदेश खुल्ला गर्ने चलन रहेको छ ।

यसरी कोच समुदायमा यस किसिमको परम्परागत संस्थाबाट आपसी सहयोग आदान-प्रदान हुनुका साथै सामाजिक सद्भाव र एकता कायम भई प्रगति पथ र उन्नतिको शिखर पुग्न सफलता हासिल गर्न बल पुगेको एवं संस्कारगत सभ्यता सु-संस्कृत भई सभ्य समाजको निर्माणमा यसले ठूलो सहयोग पुऱ्याइरहेको छ । तर अहिलेको अवस्थामा मिश्रित समाजको संरचनाले गर्दा कतिपय ठाउँमा पोइँच पोइँचाती प्रणाली हट्दै गएको अवस्था छ । यो साह्रै दुःखद कुरा हो ।

८.४ मातृभाषा

८.४.१ राजवंशी मातृभाषाको वक्ता तथा अवस्था

विभिन्न विद्वान्हरूको भनाइ अनुसार कोच राजवंशीहरूको शारीरिक गठन र अनुहारले मंगोलाइड जाति समूहका मानिस हुन्। कामतापुर कोच विहारका महाराजा विश्व सिंहले ब्राम्हणद्वारा हिन्दुत्व ग्रहण गरेपश्चात् कोचबाट राजवंशीमा परिणत भएपछि आफ्ना राज्यका प्रजाहरूलाई पनि काशीबाट ल्याइएका कान्यकुब्जी आदि चार जना ब्राम्हणहरूको प्रति पालनार्थ हिन्दु दिक्षा लिंदै राजवंशीमा परिणत गराउँदै जाने कार्य भएको थियो।

कोचहरूको आफ्नै अलग्गै भाषा भए तापनि राजवंशी भएपछि धार्मिक ज्ञान (हिन्दुत्व) फैलाउने क्रममा बिस्तारै भाषा परिवर्तन गर्ने कामहरू भयो र आजको राजवंशी भाषाको रूपमा परिणत भयो। वास्तवमै पनि कोच जाति मंगोलोइड समूहको जाति हो भन्ने तथ्य उनीहरूकै अनुहार तथा शारीरिक गठनले पुष्टि गर्दछ।

प्राय: सबै मंगोलोइड जातिहरूको भाषा भोट-बर्मेली समूहका छन्। त्यसैले कोचहरूको भाषा पनि भोट-बर्मेली समूहकै हुनु पर्ने कुरा हो। तर अहिले कोचबाट राजवंशीमा परिवर्तित राजवंशीहरूको मातृभाषा राजवंशी भाषाको संरचना भारोपेली भाषा समूहकै हो। धेरै विद्वान्हरू पनि र इतिहासकारहरू पनि यही कुरामा सहमत छन्।

अत: नेपालका राजवंशीहरूले बोल्ने मातृभाषा इन्डो-आर्ययली परिवार (हेर्नू. Wilde 2008) को राजवंशी भाषा नै हो। यो भाषा भारतका राजवंशीहरूले पनि बोल्ने गर्दछन् र धेरै धेरै शताब्दीदेखि नै बोलिआएको भाषा हो। कोच विहारका महाराजाहरूले एक समयमा राज्य भाषाको रूपमा चलाएको भाषा पनि हो। इतिहासको कुनै कालखण्डमा राजवंशी भाषाले समृद्ध साहित्य आर्जन गरिसकेको इतिहास पनि पाइन्छ। तर जब बृहत् कोच राज्य कालक्रममा छिन्नभिन्न भई केही अंश नेपालको झापा, मोरङ र सुनसरीमा पनि वाँडियो। यो भाषा पनि त्यही रूपमा सामान्य परिवर्तन भयो। बंगालमा बंगाली मिश्रण, विहारमा विहारी, आसाममा आसामी जस्तै

नेपालमा पनि नेपाली अन्य मातृभाषाहरूको मिश्रण हुनु स्वभाविक हो। अन्ततः पूर्णरूपले राजवंशीहरूको मातृभाषा हो राजवंशी भाषा।

कुनै बेला झापा, मोरङ र सुनसरीमा राजवंशी जातिको वाहुल्यता वढी थियो। राजवंशी जातिहरूको वाहुल्यता बढी हुनुका कारण सबै राजवंशी भाषीहरू हरेक समय चाहे आफ्नो घरमा होस् वा घर बाहिर जहाँ पनि राजवंशी भाषा नै वा कनीकुथी नेपाली वा हिन्दी बोल्ने गर्दथे र यही कारणले कामधन्दा, व्यापार, रोजगारीको शिलशिलामा कोचिला भूमिमा आएका अन्य जातिहरूले पनि राजवंशी भाषा नसिकिकन काम चल्दैन थियो।

व्यापारीहरूले पनि आफ्नो व्यापार बढाउन वा ग्राहक तान्नलाई दोभाषेको रूपमा हरेकले आफ्नो पसलमा राजवंशी वक्ता राख्नु पर्दथ्यो अथवा व्यापारी स्वयम् राजवंशी भाषा सिक्नु पर्ने हुन्थ्यो। तर विस्तारै यहाँ अन्यत्रबाट अन्य भाषीहरूको चाप बढदै गएकोले राजवंशी भाषीहरू उनीहरू भन्दा अल्प संख्यामा पुग्न गए।

साथै यसै क्रममा विद्यालयहरूमा नेपाली भाषाको प्रभाव बढ्दै गएको कारणले राजवंशी भाषा विस्तारै कमजोर बन्दै गयो। यहाँका राजवंशीहरूको लागि सुरूदेखि नै विद्यालयहरूमा मातृभाषाको पनि पठन पाठन हुनुपर्थ्यो। तर सोको कुनै व्यवस्था नभएकोले राष्ट्र भाषा नेपालीमै सबैले बोल्नु पर्ने अवस्थाको सृजना भयो। परापूर्व कालदेखि बस्दै आइरहेको राजवंशी भाषी अल्प संख्यामा परे र अन्य विभिन्न जाति र भाषीहरूको संख्या वहुसंख्यकको रूपमा भएपछि यहाँका राजवंशी भाषीहरू उनीहरूसँग विचार आदान-प्रदान गर्नलाई कनिकुथी नेपाली हिन्दीमा कुरा गर्नु पर्ने बाध्यता आइलागेकोले सिक्न सफल पनि हुँदै गए। अझै भन्नु पर्दा रेडियो, टिभी सिनेमा आदिले गर्दा पनि राजवंशी भाषीहरूले ती भाषा सिक्न छिटो सफलता पाए। एकातिरबाट राजवंशीहरू बहुभाषिक हुन सके भने अर्कोतिर आधुनिक चहल-पहलहरूमा पनि अघि बढे। यस्तो प्रकारको वातावरणले घरबाहिर राजवंशी भाषीले नै पनि अर्को राजवंशी भाषीको पहिचान पाउन छोडी नेपालीमै बोल्न बाध्य भए।

फलस्वरूप मातृभाषा राजवंशीको प्रयोग आफ्नै घर आँगन र गाउँ घरमा सीमित रहन पुग्यो। शहर-बजार वा आफ्नो गाउँबाट कतै पर जाँदा नेपाली भाषा अझ कहिलेकाहीं हिन्दी भाषा पनि बोल्ने बानी बस्दै गयो। कारण झापा, मोरङ र सुनसरी साथै भारत सिमानाका जिल्लाहरू भएकाले देश बाहिरबाट पनि मानिसहरू आउने र काम विषयले आफूहरू पनि भारत गइरहनु पर्ने भयो।

यसैले मातृभाषाको अवस्था दयनीय हुँदै गरेको अनुभव भएपछि राजवंशी भाषामा कथा, कविता प्रकाशन गर्न पनि युवाहरू अगाडि बढे। तर धेरै ढिलो भयो किनकी स्वयम् राजवंशी भाषीहरूको आर्थिक अवस्था पनि घट्दै गयो। यस्तो हुनमा तत्कालीन राज्य व्यवस्थाको कारण पनि हो।

आजको दिनहरूमा मातृभाषाको यस्तो स्थिति आइपुगेको छ कि कोच राजवंशी भाषालाई लिपिवद्ध गरी संरक्षित गर्नु पऱ्यो भन्दा पनि लोक साहित्यमै मानिसका जनजिब्रोबाट हराई सकेको पाइन्छ। लोक साहित्यको त हालत नै दुर्दशामा पुगेको छ। कतिपय पूजापाठ, लोकपर्वहरू त्यागी सकेको पाइन्छ। रहल-पहल बाँच्न भ्याएका एकाध बूढापाकाहरूको मुखबाट लोक संस्कार, गीत आदिका कुराहरू टुटफुट अधुरो अवस्थामा मात्र सुन्न पाइन्छ।

राजवंशी भाषाका वक्ताहरू भन्नाले स्वयम् राजवंशी भाषीहरूलाई नै सम्झनु पर्दछ। पञ्चायती कालमा सरकारी कर्मचारीहरू, व्यापार व्यवसाय वा रोजगारीको लागि यी जिल्लाहरू बाहेक बाहिरबाट आउने मान्छेहरू पनि केही दिनमै राजवंशी भाषाको ज्ञान हासिल गरेर राजवंशी भाषाका वक्ता हुने गर्दथे। धेरै वर्ष अगाडिदेखि यहाँ वसोवास गरी पुराना भइसकेका अन्य भाषीहरू पनि राजवंशीहरूको लोक गीत, लोक नृत्यहरूमा भाग लिएर राजवंशी भाषामै गाउने र नाचखेल समेत गर्ने गर्दथे।

अहिले यी जिल्लाहरूमा पहिल्यैदेखि बसिआएका राजवंशी भाषीहरूको अन्य गैर-राजवंशी भाषीको संख्या वढेको छ र त्यसैले राजवंशी वक्ताहरू स्वत: घटेको छ। केवल राजवंशी भाषीहरू मात्रै

राजवंशी भाषाको वक्ताको रूपमा रहेका छन् । राजवंशी भाषाका अहिलेका वक्ताहरू भन्नु पर्दा राजवंशी, चौधरी, ताजपुरिया, गन्गाइ, दास, हाडी-माझी, जुगी, तेली, देशीमिया, देशीथारू, देशीनाउ आदिले घरायसी भाषाको रूपमा बोलचाल गरेको पाइन्छ ।

अगाडि नै उल्लेख भइसके अनुसार वर्तमानमा बोलिने राजवंशी भाषा भारोपेली भाषाको एउटा हाँगा हो । अनार्य तथा मंगोलोइड समूहमा पर्ने राजवंशीहरू कालान्तरदेखि नै आफ्नो भोट-बर्मेली भाषा समूहको भाषा कालक्रममा त्याग्न बाध्य पारिदै भारोपेली भाषा अपनाइसकेको अवस्था छ ।

तर भाषा एक तरल विषय हुनाले र सम्वन्धित जातिको जनजिब्रोको आधारमा आफ्नै प्रकारको उच्चारण र लयमा बग्ने हुनाले अरू भाषाबाट सापट लिइएका शब्दहरूमा परिवर्तन ल्याएर आफ्नै मौलिक उच्चारणमा समावेश गरिएका हुन्छन् । उपर्युक्त सबै कुराहरूमा विश्लेषण गरेर हेर्दा यस भाषामा सापटी लिइएका आगन्तुक शब्दहरूलाई विभिन्न शब्दवर्गहरूमा तत्सम, अर्ध तत्सम तथा तत्भव शब्दहरूको रूपमा लिन सकिन्छ ।

यस बाहेक आफ्नै जनजिब्रो र लवजको रूपमा तयार भएका अनुकरणात्मक शब्दहरू पनि छन् । मौलिक शब्दको रूपमा यिनै अनुकरणात्मक शब्दहरूलाई लिन सकिन्छ । यसैगरी केही यस्ता मौलिक शब्दहरू भनेर भन्न मिल्ने केही शब्दहरूलाई यकिनसाथ कुनै अन्य भाषाबाट आएको वा लिइएको हो वा होइन छुट्टयाउन नसकिने हुनाले आफ्नै मौलिक शब्द भन्न सकिन्छ ।

यस विषयमा गहन अध्ययन नगरेसम्म मौलिक शब्द नै भन्नु पर्ने हुन्छ; यस्ता शब्दहरू यहाँ दिइएका छन् । जस्तैः- लोट्को = बयर । फच्लोत = किम्बु । छुच्कुनि = चोयो । चेउली = काठको चोइटो । थितु = रेसा । मोचोङ = मुढा । कुन्ढुक = च्याउ । काखर = गंगटो । फोद्गो = अन्नको पिठोबाट बनेको झोल तरकारी । तात्री = डोरी बाट्ने माटाको वस्तु । लेउजी = इनारबाट पानी तान्ने बाल्टीनको रस्सी । नुक्नि = जुम्रा । भगा = बात्ति । पल्ता =

सलेदो। पुरा = पूजा गर्दा देउताको नाममा चढाइएको एक भाग। आङरा = कोइला। सेनिया = थाङनो। ढेमाली = मृत्य संस्कारमा अन्तिम प्रकृयाको रूपमा माटोमा लडिबुडि गर्ने प्रकृया। चिल = चिहान माथी चार किल्ला गाडी छत जस्तो बनाइ दिइने वस्तु। लाकासि = रूखबाट फल आदि झार्न प्रयोग गरिने लामो भाँटा। ढक्सा = माछा मार्ने एक साधन वा पासो। ढेकिया = निगुरो। पुआति = सुत्केरी महिला इत्यादि।

यसरी अनुकरणात्मक शब्दहरूको उदाहरणमा जस्तैः टाङटाङ = अतिअमिलो। डाइडाइ = अति चर्को (नुन)। चुनचुन = धेरै गुलियो (चिनी)। खामाखाए = अति शिघ्र। कन्कन = सारै चिसो। टाउटाउ = सार्है तातो। तुलतुल = अति नै पातलो धुलो जस्तो। कट्कट = धेरै कडा आदि इत्यादि।

यस्तै हेराइको हिसाबले, सुनाइको हिसाबले, स्वादको हिसाबले गन्धको हिसाबले, अनुभवको हिसाबले हाम्रा पाँच ज्ञानेन्द्रीयको अनुभवहरूबाट अनेकौं अनुकरणात्मक शब्दहरू पाइन्छ- जुन अन्य भाषाको अनुकरणात्मक शब्दहरूमा विरलै मेल खान्छन्।

अरू अन्य भाषाहरूबाट आएका अथवा लिइएका आगन्तुक शब्दहरूका उदाहरण दिनु पर्दा असंख्य शब्दहरू पाउन सकिन्छ जस्तैः अंग्रेजी, हिन्दी, नेपाली, अरबी, फारसी, आस्ट्रिक-द्रविड आदि। आगन्तुक शब्दहरू पनि जस्ताको त्यस्तै लिइएका र रूप फेरिने गरी दुई प्रकारले विभाजन गर्न सकिन्छ।

रूप नफेरिएका शब्दहरूमा किताब, कापी, कलम, ऐन, कानुन, नियम, हात, मुख, पेट, नाक, आदि र यसरी रूप फेरिएका शब्दहरूमा लालटेम = लालटिन (लेक्टर्न), हास्पाताल = अस्पताल (हस्पिटल)। मुलाइ = मुला। माका = मकै। चाउल = चामल। गाम्छा = गम्छा। सारी = सारी (साडी)। बकस = बाकस (बक्स)। कागच = कागज। चेङरा = चेङवा (केटा)। रूटि = रोटि। थुत्ली = थुतुनो। छाती = छाता। बुक = छाती इत्यादि।

यसैगरी राजवंशी भाषाका आफ्नै प्रकारका उखान र टुक्काहरू

पनि छन् । राजवंशी भाषामा उखानलाई चानक भन्ने गरिन्छ । टुक्काहरूलाई चाहिँ पानीलाल राजवंशीले प्रकाशित गर्नु भएको *राजवंशी लोक साहित्य* नामक पुस्तकमा 'सिल्कानी' भन्नु भएको छ भने दलसिंह राजवंशीको *राजवंशी व्याकरणमा* 'चाट्का' भनिएको छ।

हुन त राजवंशी समाजमा फाक्री भन्ने शब्द वेजोडले चलेको छ। कतै फाक्री भनेर गाउँखाने कथालाई बताउँछन्। कतै फाक्री भनेर उखानलाई बताउने गर्दछन् भने कतै सिल्लुकलाई पनि फौक्री भन्दछन्। व्याकरणीय दृष्टिले बुझ्दा यस्ता सबैलाई फौक्री भन्दछन् र फौक्रीहरूको विभाजन गर्दा चानक, फौक्री, उखान, सिल्लुक फौक्री=सिलोक, पिहानी फौक्री = गाउँखाने कथा भनेर छुट्याउन सकिन्छ। राजवंशी भाषामा यस्ता अनकौं चाट्का (सिल्कानी) अर्थात् टुक्काहरू र फौक्रीहरू अनगिन्ती पाइन्छ। सबैको खोज गर्ने हो भने एउटा अलग्गै मोटो किताब बन्न सक्छ।

८.४.२ लेख्य परम्पराको स्थिति

मानिसले बोलचालमा प्रयोग गरेको भाषामा लेख्नमा पनि सहजरूपले प्रयोग गर्न सक्छ। राजवंशी भाषाको लेख्य परम्परा पुरानो नभएकोले पनि लवजैपिच्छे फरक देखिनु स्वभाविकै हो। राजवंशी सरकारी कामकाजमा प्रयोग नभएको भाषा हो। त्यसैले पनि झापा पूर्वका, झापा पश्चिमका, मोरङका लेखकहरूले कलम चलाउँदा भाषाको लेख्यरूपमा फरक अवश्य हुन्छ।

तर जे जस्तो भए पनि आश्चर्यको कुरा के भने नेपालको झापा, मोरङ, सुनसरीमा बस्ने राजवंशी भाषीहरूको बोलचाल र लेखन शैलीहरू झण्डै एकै प्रकारको पाइन्छ। छन् भने एकाध शब्दहरू (जस्तैः नाम पदावली) मा फरक मात्र। त्यो पनि अन्य जातिहरूसँगको घुलमिल तथा उठवशले गर्दा भएको हुन सक्छ।

झापा जिल्लाको पूर्वमा बंगाल, मोरङको दक्षिणमा विहार पर्छ र सुनसरीतिर थारू जातिहरूको संख्या बढ्दै गएको छ। मोरङमा मेचे र धिमाल जाति नगन्य छन्। त्यसर्थ, यी जातिहरू सम्पर्कमा

आएका हुनाले यस्ता केही शब्दहरूले राजवंशी भाषामा स्थान पाएका अवश्य छन् ।

जे भए पनि बोलचालको शैली जे छ; लेख्नेले त्यही शैली प्रयोग गर्ने हुनाले लेखन शैलीमा फरक पर्ने कुरा आउँदैन । तर संयोगवश झापा, मोरङ जहाँका राजवंशी साहित्यकार भए पनि उनीहरू प्रायः सबैले झापामा बोलिने राजवंशी भाषाका शब्दहरू नै बढी लेखन व्यवहारमा चलाएका छन् । गीति एल्बमहरू, कथा, कविताहरूमा एकरूपता नै पाइन्छ ।

हुनत लेखन परम्पराका सुरूवात वि.सं. २०२२ सालदेखि मोरङका महेशलाल राजवंशीबाट शुरू भएको हो । त्यस्तै गीति एलवमको सुरूवात पनि मोरङ कटहरी निवासी भिमराज राजवंशीबाट शुरू भएको हो । यिनीहरूमा झापाको भाषा वा मोरङको भाषा भनी छुट्टयाउने शब्दहरू नै पाइदैन । यसैले के भन्न सकिन्छ भने बोलचालको भाषामा सामान्य भिन्नता पाइएपनि लेख्य परम्परामा राजवंशी भाषाको पृथकता अपवादका रूपमा एकाध बाहेक एकै प्रकारको छ। भविष्यमा झापामा बोलिने राजवंशी भाषा नै मानकीकरण हुने सम्भावना हुने सम्भावना बढी देखिन्छ ।

८.४.३ लिपि तथा साहित्य

राजवंशी मातृभाषाको लेख्य परम्पराको सुरूवात नेपालको लागि वि.सं. २०२२ साल मोरङको कटहरी निवासी महेशलाल राजवंशीको कविता सङ्ग्रह *हृदय पंछी* बाट सुरू भएको पाइएको छ । लगालग त्यही सालमै वहाँले लेखेको नाटक *उजराल घर* बाट नाटक लेखनको पनि सुरूवात भएको छ ।

त्यसपछि अर्को वर्ष वि.सं. २०२३ सालमा मोरङबाटै अर्को नाटक *बेहान* पनि महेशलालकै कलमबाट प्रकाशित भएर राजवंशी भाषाको लेखन परम्पराको सुरूवातको श्रेय मोरङ जिल्लालाई नै जान्छ र लेखक महेशलाललाई नै प्रथम लेखकको दर्जा दिनु पर्दछ ।

पछि वहाँकै प्रेरणाबाट झापामा एकपछि अर्को गर्दै समसामयिक

संकलनहरूको सुरूवात हुन गएको देखिन्छ । तर समसामयिक संकलनहरू एक दुइ अंक भन्दा बढी प्रकाशित हुन सकेन । वि.सं. २०४० मा झापा भद्रपुरका फुलसिंह राजवंशीको अध्यक्षतामा राजवंशी भाषा प्रचार समिति नामक संस्थाको जन्म भयो। राजवंशी भाषीहरूको कलम चल्न सुरू भयो । तल सुरूदेखि आजसम्मका प्रकाशित कृतिहरूको सूची दिदइएको छ।

१. वि.सं. २०२२ *हृदय पंछी* कविता संग्रह-महेशलाल राजवंशी, कटहरी, मोरङ
२. वि.सं. २०२२ *उजराल घर* नाटक, महेशलाल राजवंशी, कटहरी, मोरङ
३. वि.सं. २०२३ *बेहान* नाटक महेशलाल राजवंशी, कटहरी, मोरङ
४. वि.सं. २०२५ *हामार भाषा* सामयिक संकलन-पदम प्रसाद राजवंशी, घैलाडुब्बा, झापा
५. वि.सं. २०२६ जन्हाक सामयिक संकलन-राम बहादुर राजवंशी, चकचकी, झापा
६. वि.सं. २०३० *भोर सामयिक* संकलन-फुलसिंह राजवंशी, भद्रपुर, झापा
७. वि.सं. २०३० *बेला सामयिक* संकलन-होम नारायण राजवंशी, डाङ्गीबारी, झापा
८. वि.सं. २०३५ *माला* सामाजिक उपन्यास- फुलसिंह राजवंशी, भद्रपुर, झापा
९. वि.सं. २०३६ *बहुबेटी बाचाअ* सामाजोपयोगी लेख-फुलसिंह राजवंशी, भद्रपुर, झापा
१०. वि.सं. २०३८/३९ *बेसाति* कथासंग्रह- गोपाल प्रसाद राजवंशी, अमरदह, मोरङ
११. वि.सं. २०४० *उदय* सामयिक संकलन-फुलसिंह राजवंशी, भद्रपुर, झापा

१२. वि.सं. २०४८ *साधारण शब्दावली* शब्द संग्रह-फुलसिंह राजवंशी, भद्रपुर झापा
१३. वि.सं. २०४८ *रावंशी भाषा आर* फुलसिंह राजवंशी शर्मिला राजवंशी, महेशपुर झापा
१४. वि.सं.२०४८ *राजवंशी सामाज* समसामयिक लेख-ठकनु लाल राजवंशी, केरौन मोरङ
१५. वि.सं. २०४८ *राजवंशी भाषा प्रचार समिति* क्याए ? लेख-फुलसिंह राजवंशी, भद्रपुर झापा
१६. वि.सं. २०४८ *मोर अतित* निबन्ध बिमल चन्द्र सिंह राजवंशी, चन्द्रगढी झापा
१७. वि.सं. २०५० *धुप* कविता संग्रह जगत बहादुर राजवंशी, चारपानी झापा
१८. वि.सं. २०५१ *राजवंशी भाषा साहित्य आर इतिहास* लेख-फुलसिंह राजवंशी भद्रपुर झापा
१९. वि.सं. २०५२ *राजवंशी साहित्य* लेख-भूमिलाल राजवंशी, हल्दिबारी झापा
२०. वि.सं. २०५३ *नैया बागान* कविता संग्रह- राजेन्द्र राजवंशी घैलाडुब्बा झापा
२१. वि.सं. २०५४ *राजवंशी कविता माला* कविता संग्रह-भूमिलाल राजवंशी, हल्दिबारी झापा
२२. वि.सं. २०५४ *राजवंशी संस्कृति* ग्रन्थ-फुलसिंह राजवंशी भद्रपुर झापा
२३. वि.सं. २०५५ *राजवंशी साहित्य* कविता माला- भूमिलाल राजवंशी हल्दिबारी झापा
२४. वि.सं. २०५५ *राजवंशी परिचय* भाषा लिपी व्याकरण-द्रोण कुमार उपाध्याय भद्रपुर झापा
२५. वि.सं. २०५६ *मोर जिन्दगी* कविता संग्रह-महेशलाल राजवंशी, कटहरी मोरङ
२६. वि.सं. २०५७ *राजवंशी जातिर स्वपहिचान* लेख-ठकनुलाल

राजवंशी, केरौन मोरङ
२७. वि.सं. २०५७ *राजवंशी संसार* लेख-पामर राजवंशी, नेपाली राष्ट्रिय भाषाहरू संरक्षण संस्थान, एन.एन.ए.लपी.आई., काठमाडौं
२८. वि.सं. २०५७ *हामार कविता संग्रह* कविता संग्रह-रण कुमार राजवंशी चकचकी झापा
२९. वि.सं. २०५७ *जागरण* साहित्यिक पत्रिका- फुलसिंह राजवंशी, गोपाल च्यारिटी ट्रष्ट धरान
३०. वि.सं. २०५७ *राजवंशी (कोच) जातिको धर्म र संस्कृति* ग्रन्थ- दुर्गाचन्द्रसिंह राजवंशी, विर्तावजार
३१. वि.सं. २०५८ *समय आर हामा* कविता संग्रह-पदम प्र. राजवंशी घैलाडुब्बा झापा
३२. वि.सं. २०५८ *गौरबती सतानु मन्दिर दर्शन* बुकलेट-फुलसिंह राजवंशी भद्रपुर झापा
३३. वि.सं. २०५८ *राजवंशी जातिका पूजा पर्वहरू* ग्रन्थ-भुमिलाल राजवंशी हल्दिबारी झापा
३४. वि.सं. २०६० *वेदना* कविता संग्रह- जोगेन्द्र प्र. राजवंशी, पथरीया झापा
३५. वि.सं. २०६१ *तीन ढेङरेत* नाटक- पदम प्र. राजवंशी घैलाडुब्बा झापा
३६. वि.सं. २०६४ *गालार हार* गजल संग्रह- श्याम प्र. राजवंशी, लखरीगदी झापा
३७. वि.सं. २०६४ *जालेर भित्रत रामलाल* नाटक- पदम प्र. राजवंशी, घैलाडुब्बा झापा
३८. वि.सं. २०६६ *रतन एङना घरेर* लेख-पामर प्रसाद राजवंशी, नेपाली रा.भा.सं संस्था काठमाडौं
३९. वि.सं. २०६६ *ओजोत* लेख- पामर प्र. राजवंशी, ने. रा. भा. सं. संस्था काठमाडौं
४०. वि.सं. २०६६ *राजवंशी शब्दकोश* पामर आर.एन.एन.एल.

पी.आई. ने.रा.भा.सं. संस्था, काठमाडौं
४१. वि.सं. २०६७ *सरल साहित्य हामार* बुकलेट - पामर प्र.. राजवंशी ने.रा.भा.सं. संस्था, काठमाडौं
४२. वि.सं. २०६९ *राजवंशी भाषाका मौलिक गीतहरू* -प्रितम कुमार राजवंशी, काठमाडौं
४३. वि.सं. २०७० *राजवंशी आधुनिक गीत* संकलन -राजवंशी जाग समाज दुहागुढी झापा
४४. वि.सं. २०७१ *थका साहित्य* संग्रह-प्रितम कुमार राजवंशी काठमाडौं
४५. वि.सं. २०७१ *मनेर पखि* कविता संग्रह- भिमराज राजवंशी, कटहरी मोरङ
४६. वि.सं. २०७३ *सान्ताप* गजल संग्रह -श्याम प्रसाद राजवंशी लखरीगदी झापा
४७. वि.सं. २०७४ *कोच राजवंशीको छोटो एतिहासिक परिचय* ग्रन्थ- पानीलाल राजवंशी, दुहागुडी झापा
४८. वि.सं. २०७५ *चेतना* नाटक-जगत प्र. राजवंशी, चारपाने, झापा
४९. वि.सं. २०७५ *राजवंशी भाषाको इतिहास* ग्रन्थ- भाषा आयोग, शंखमुल, काठमाडौं
५०. वि.सं. २०७६ *राजवंशी लोक साहित्य* ग्रन्थ- पानीलाल राजवंशी, दुहागुढी, झापा
५१. वि.सं. २०७७ *तित्रिझुक कवितार टप्ला* - लखनलाल राजवंशी, बिर्तामोड, झापा
५२. वि.सं. २०७७ *राजवंशी व्याकरण-* दलसिंह राजवंशी, धुलाबारी, झापा
५३. वि.सं. २०७८ *साहारेर काथा चानक फाक्री-* विश्वनाथ सिंह राजवंशी, शरणमती, झापा
५४. वि.सं. २०७९ *कोच राजवंशीर संस्कार संस्कृतिला* ग्रन्थ- लखनलाल राजवंशी, विर्तामोड, झापा

५५. वि.सं. २०७८ *राजवंशी शब्दकोश* विश्वनाथसिंह राजवंशी, शरणमति, झापा

यस्तै राजवंशी मातृभाषाका अन्य अप्रकाशित कृतिहरू पनि उपलब्ध छन् । ठकनुलाल राजवंशीको सामाजिक उपन्यास 'अतितेर सु-नयना' केरौन मोरङ । पानीलाल राजवंशी दुहागुडीका 'राजबंसि नेपाली सब्द संग्रह' । लखनलाल राजवंशीका 'बतर' कथा संग्रह । गाउँ-घरमा खोज्ने हो भने अरू पनि कीर्तिहरू पाइएलान् । आर्थिक कठिनाइका कारण प्रकाशनमा आएका छैनन् ।

राजवंशी भाषाको लिपिको सम्वन्धमा मेची बहुमुखी क्याम्पस भद्रपुर, झापाका उप-प्राध्यापक द्रोण कुमार उपाध्यायको 'राजवंशी जाति एक परिचय' (सं.२०५५) भन्ने त्रि.वि.मा लघु शोध परियोजना अन्तर्गत बुझाएको शोधपत्रको ३.२ राजवंशीहरूको लिपि भन्ने शीर्षक अनुसार भारतीय महाद्विपको उत्तर-पश्चिम भाग बाहेक बाँकी भागमा ब्राम्ही लिपि प्रचलित रहेको र साथै ब्राम्ही लिपि यसै भू-खण्डको उत्पादित लिपि भन्ने मान्यता पण्डितहरूको रहेको भन्ने कुरोलाई दाबी गरिएको छ ।

अध्येता उपाध्याय अनुसार यस भेगमा ईशाको चौथो शताब्दीसम्म ब्राम्ही लिपिको प्रयोग भएको थियो । ब्राम्हीलाई गुप्त लिपि र लिच्छिवी लिपि पनि भन्ने गरेको र यसै लिपिबाट कुटिल लिपिको जन्म भएको हो । यसरी नै ईशाको बाह्रौं शताब्दीदेखि चौधौं शताब्दीसम्मका कामरूपीय हिन्दु नरेशहरूका शिलालेख तथा ताम्रपत्र शासनहरूमा प्रयुक्त भएको देखिएकोले कामरूपी लिपि राजवंशीहरूको स्वीकार्य लिपि हो भनेर पनि पुष्टि गरेका छन् ।

कामरूपी लिपि मूलत: कुटील लिपिबाट विकसित भएपनि यसमा नागरी र शारदा लिपिको पनि समिश्रण भएको समेत पाइन्छ । अरू भारतीय भाषाहरूमा झैं राजवंशी भाषाको लिपिमा पनि मात्राहरू अक्षरमा दाहिने, देब्रे, तल र माथितिर दिइन्छ र सबै वर्णको थाप्लोमा डिको हुदैन ।

यसै सन्दर्भमा अन्वेषक फुलसिंह राजवंशीले पनि समर्थन जनाउँदै

नागरी लिपिमा पूर्वरूप अथात् गुप्त लिपिको कुटिल शैलीाट केइथेलि, मइथिलि र बंगाली लिपिको विकास भएको र यसको प्रचार सोह्रौं शताब्दीसम्म रहेको बताउनु भएको छ । उपर्युक्त लिपिकै शााखा सन्तान हो कामरूपी महाराजाहरूले चलाएको कामरूपी लिपि ।

यी लिपिहरू बंगाली र हिन्दी लिपिहरू जस्तै देखिन्छ । यसरी नै अन्वेषक पानीलाल राजवंशीको भनाइमा राजवंशी वा कामतापुरी भाषाको आफ्नो लिपिको नाम कामरूपी लिपि हो । ई. १८४१ पनि ईश्वरचन्द्र विद्या सागर भन्ने एक जना बंगाली विद्वान्ले बंगला भाषामा प्रथम वर्ण परिचय नामक एउटा पुस्तकको रचना गरेका थिए ।

यस कुराले प्रष्ट प्रमाण सदन्छ कि बंगाली भाषा भन्दा पनि पुरानो भाषा राजवंशी भाषा (कामतापुरी) हो । १६ औं शताब्दीतिरै कामरूप कामतापुर राजवंशी महाराजाहरूले अपनाएको केइथली वा कामरूपी लिपि नै राजवंशी भाषाको लिपि हो भन्ने प्रमाण प्रष्ट हुन्छ। तथापि अरू अध्यताहरूको अध्ययनलाई भिडाएर बुहत्तर तुलनात्मक अध्ययन नजितालाई पनि अध्ययन गरी हेर्नु पर्ने आवश्यकता छँदैछ ।

केही वर्ष अगाडि भारतको राजवंशी साहित्य सभाका डा. द्विजेन्द्रनाथ भततले राजवंशी भाषा र पहिला पाठ आधार वर्णहरू (अ आ क ख) भनेर ४८ वटा वर्णहरू उक्त साहित्य सभाले प्रकाशनमा ल्याएको छ। जम्मा ११ वटा स्वर वर्ण र ३८ वटा व्यञ्जन वर्णहरू दिइएका छन् र उक्त वर्णमालाको प्रकाशन मिति भने रहेको छैन। उक्त पुस्तकको स्वर वर्णहरू र व्यञ्जन वर्णहरू यस प्रकार रहेका छन् ।

स्वर वर्ण

অ (अ) আ (आ) ই (इ) ঈ (ई) উ (उ) ঊ (ऊ) ঋ (ऋ) এ (ए) ঐ (ऐ) ও (ओ) ঔ (औ) जम्मा ११ वटा ।

व्यञ्जन वर्ण

(क) ক (ख) খ (ग) গ (घ) ঘ (ङ) ঙ (च) চ (छ) ছ (ज) জ

(झ) ঝ (ञ) ঞ (ट) ট (ठ) ঠ (ड) ড (ढ) ঢ (ण) ণ (त) ত (थ) থ (द) দ (ध) ধ (न) ন (प) প (फ) ফ (ब) ব (भ) ভ (म) ম (य) য (र) র (ल) ল (व) ব (श) শ (ष) ষ (स) স (ह) হ (क्ष) ক্ষ (त्र) ঢ় (ज्ञ) ড় য় ৎ जम्मा ३८ वटा।

उक्त वर्णमाला पुस्तकमा स्वर वर्ण चिन्हहरू यस प्रकार छन्।

া ি ী ু ে ৈ ৗ

০ ১ ২ ৩ ৪ ৫ ৬ ৭ ৮ ৯ अंकहरू

नेपालका राजवंशीहरूको सन्दर्भमा वि.सं. २०५५ साल पुस ५ गते प्रकाशित राजवंशी परिचय नामक भाषा लिपिर व्याकरण खन्डका लेखक द्रोण प्रसाद उपाध्यायको मतानुसार नेपालका राजवंशीहरूको जनजिब्रो अनुरूप २९ वटा व्यञ्जन वर्ण र ६ वटा स्वर वर्णमा मध्ये दीर्घ स्वर वर्ण नभएको भनेर बताउनु भएको छ।

यसैगरी केही पछाडि वि.सं. २०६१ पुस २१ देखि २३ गतेसम्म नेपाली राष्ट्रिय भाषाहरूको संरक्षण संस्था (NNLPI) काठमाडौंको अगुवाईमा भाषा विज्ञान केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुरका प्राध्यापक डा. माधव पोखरेलको सुझाव र अन्य १८/२० जना राजवंशी सहभागीहरूका साथै एस.के. खालिङको निर्देशनसहित छलफलको अन्त्यमा निष्कर्षको रूपमा उक्त छ वटै स्वर वर्ण र २९ वटाबाट बढेर ३४ वटा व्यञ्जन वर्ण राजवंशी बोली व्यवहारमा प्रयोग भएको भनेर "राजवंशी वर्ण विन्यास" गोष्ठी धरानको पानस होटलमा भएको थियो।

त्यसपछि लगतै २०६२ सालमा मंसिर १९ देखि २४ गतेसम्म विर्तामोडको खालिङ होटलमा फेरि २०६२ साल जेठ १३ गतेदेखि १७ गतेसम्म झापाको विर्तामोडकै खालिङ होटलमै र वि.सं. २०६३ मंसिर २५ देखि २९ गतेसम्म झापा विर्तामोडकै प्रेम होटलमा गरी तीन पटक "राजवंशी सिर्जनात्मक कार्य शाला" गोष्ठी संचालन भई अनौपचारिक

साक्षरता कार्यक्रम संचालनार्थ पाठ्यपुस्तक निर्माणका साथै राजवंशी भाषा लेखनका लागि वर्ण विन्यास सम्बन्धमा छलफल समेत गरियो। र सबैभन्दा पछिल्लो पटक २०६८ साल श्रावण महिनाको ३ र ४ गते आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलाखेल, ललितपुरको आयोजनामा पनि बिर्तामोड झापाको अम्रेला होटलमा राजवंशी भाषाको लागि वर्ण निर्धारण कार्यक्रम सम्पन्न भयो।

उपर्युक्त सबै कार्यक्रमहरूमा ३४ वटा व्यञ्जन वर्ण र ६ वटा स्वर वर्ण नै राजवंशी भाषाको बाली व्यवहारको हिसाबले ठहर गरिएको थियो- जसमा यहाँ प्रस्तुत गरिए अनुसारका स्वर वर्ण र व्यञ्जन वर्णहरू निश्चित गरिएको थियो।

स्वर वर्ण

(अ) অ (आ) আ (इ) ই (उ) উ (ए) এ (ओ) ও गरी

जम्मा ६ वटा।

व्यञ्जन वर्ण

(क) ক (ख) খ (ग) গ (घ) ঘ (ङ) ঙ (ङ्) ঙ\ (च) চ

(छ) ছ (ज) জ (झ) ঝ (ट) ট (ठ) ঠ (ड) ড (ढ) ঢ

(त) ত (थ) থ (द) দ (ध) ধ (न) ন (प) প (फ) ফ

(ब) ব (भ) ঐ (म) ম (य) য (र) র (.र) র

(ल) ল (व) ঢ় (श) শ (ष) ষ (स) স (ह) হ गरी

जम्मा ३३ वटा।

उपर्युक्त कामरूपी लिपीका व्यञ्जन वा स्वर वर्णहरू राजवंशी लिपिका वर्णहरू भए तापनि नेपालको सन्दर्भमा देवनागरी लिपिहरूलाई नै व्यवहार गर्ने भनेर उपर्युक्त सबै गोष्ठीहरूमा सर्वसम्मतले सल्लाह स्वीकार भएको थियो।

लिपिको प्रयोगको कुरा गर्दा २०२२ देखि राजवंशी भाषाको लेखन शुभारम्भ मोरङ कटहरीका महेशलाल राजवंशीबाट भई

सकेको हो भने वर्ण विन्यासको आधारमा लेखन शुभारम्भ वाइ एल वोङ (Y.L. Wong) को प्रयासमा एन.एन.एल.पी.आई., ललितपुरबाट प्रकाशित राजवंशी शब्दकोश, *ओजोत* भाग १ र २ वि.सं. २०६६ बाट शुरू भएको छ।

त्यसपछि २०६७ मा प्रकाशित *सरल साहित्य हामार, राजवंशी लोक साहित्य* वि.सं. २०७७ मा राजवंशी व्याकरण २०७८ सालमा प्रकाशित *कोच राजवंशीर संस्कार संस्कृतिला* साथै यस अगाडि राजवंशी धरम संस्कार समितिबाट वि.सं. २०७४ मा प्रकाशित *राजवंशी धरम संस्कार* पुस्तकहरूले लागू गरिसकेको छ।

यसै विचमा अन्य पुस्तकहरू प्रकाशित भए; जसमा राजवंशी वर्ण विन्यासको आधारमा उनीहरूलाई यसबारे जानकारी नभएको र राम्ररी प्रचार पनि नभएकोले प्रयोग नगरिएको पनि पाइएको छ। राजवंशी भाषीहरूको आफ्नै मातृभाषाको अलग्गै प्रतिष्ठान नहुनु र एक मात्र संगठन राजवंशी समाज विकास समितिले यसतर्फ चासो नदेखाएकोले गर्दा लेखन कार्यमा आजसम्म एकरूपता तथा मानकीकरण गर्न सकस परिरहेको छ।

८.४.४ मातृभाषामा शिक्षाको स्थिति तथा प्रयोग

राजवंशी मातृभाषामा औपचारिकरूपले पठन पाठनको लागि २०६३ सालदेखि नै कक्षा-१ देखि कक्षा-४ सम्मका लागि पाठय पुस्तकहरूको प्रकाशन भईसके पनि शुरूमा झापा मोरङका दुई-चार वटा गरी प्राथमिक विद्यालयहरूमा प्रारम्भ भए तापनि हाल कुनै पनि सरकारी तहका विद्यालयहरूमा चालु रहेको पाइएको छैन।

यसैगरी अनौपचारीक शिक्षाको रूपमा पनि २०६६ सालमा पुस्तकहरू प्रकाशित भएर दुवै जिल्लाका २/४ वटा गाउँहरूमा सन्चालन नभएको होइन। तर तत्काल यसमा पनि कुनै गतिविधि रहेको पाइएको छैन। जे भए तापनि वि.सं. २०७१ सालदेखि झापा गौरीगञ्ज गापा अन्तर्गत आमगाछी, चिलाहारा र हरिरा गरी तीन ठाउँमा नेपाली बहुभाषिक शिक्षा कार्यक्रम एन.एन.एल.पी.आई.

र एस.आई.एल. इन्टरनेशनलद्वारा स्थानीय विकास समितिहरूको सह-प्रयासमा प्राथमिक तहका राजवंशी मातृभाषामा पठन पाठन पाठशालाहरू चलिरहेका छन्।

८.४.५ मातृभाषाको प्रयोग

राजवंशी भाषी समाजको आजसम्म कुनै पनि आफ्नो व्यक्तिगत एफ एम वा रेडियो सन्चालन भएको पाइँदैन। तर दर्ता गरी राखेको एफ एम वा रेडियो रहेको बारेमा भने कुनै जानकारी पाउन नसकिएको स्थिति छ। झापा मोरङमा सन्चालित स्थानीय एक दुई वटा एफ एमहरूमा राजवंशी भाषामा समाचार वाचनको कार्य भने अवश्य भइरहेको छ।

रेडियो कार्यक्रमको नाममा भने 'ए साङहान', 'आन्धार राती' आदि नामक शीर्षकमा एक दुई पटक चलाइएको भए तापनि अहिले ती सबै सेलाएर स्थगित भइसकेका छन्। यसमा विभिन्न प्रकारको प्राविधिक वा व्यवस्थापनको कठिनाइहरूले गर्दा पनि हुन सक्छ।

तर ती जेसुकै कठिनाइहरूको विषयमा यकिन गर्न नसकिए पनि आर्थिक समस्याका मुख्य कारण अवस्य नै हो भन्न सकिन्छ। उसैगरी पत्र-पत्रिकाको हकमा कुरा गर्नु पर्दा राजवंशी पत्रकारहरू नगन्य मात्रामा नै छन्। समय समयमा सामयिक संकलनहरू देखा न परेका पनि होइनन भन्न मिल्दैन।

'आङरा धुम्ना', 'बिचन', 'पान सुपारी', 'नयाँ बिचन', 'राजवंशी बुलेटिन', आदि नामका मासिक, पाक्षिक, साप्ताहिक, समाचार पत्रिकाहरू पनि देखा परे। तर अहिले वर्तमान स्थितिमा ती सबै एक दुई पटक, दुई चार महिना गर्दै सेलाउँदै बन्द भई सकेका छन्।

राजवंशी भाषामा समाचारको नाममा अहिले गोरखापत्र राष्ट्रिय दैनिकमा नयाँ नेपाल बहुभाषिक पृष्ठमा हरेक महिनाको १२ गते र २६ गते राजवंशी भाषामा समाचार प्रकाशित भइरहेको छ। यसको संयोजक २०६४ सालदेखि प्रितम कुमार राजवंशी सह-संयोजक योगेश राजवंशी भएर हाल योगेश राजवंशीको संयोजकत्वमा र सह(संयोजक

अन्जु राजवंशीद्वारा संचालन भइरहेको छ ।

झापाका राजवंशी युवा युवतीहरूको सह-प्रयासमा बाग्डुम्का प्रकाशन विधिवत दर्ता गरी प्रथम पटक २०७४ मा पानीलाल राजवंशीको *कोच (राजवंशी) को छोटो ऐतिहासिक परिचय* नामक पुस्तक (नेपाली भाषामा) प्रकाशन भयो तर तत्पश्चात् यो प्रकाशन पनि सुषुप्त अवस्थामा रहेको छ ।

यसरी नै राजवंशी समुदायको दिनानुदिन आर्थिक स्थिति कमजोर हुँदै जानका कारण यिनीहरूको इतिहास, संस्कृति, साहित्य रचनाहरूका साथै पूजा पर्वहरू पनि लोप हुँदै गएका छन् । यिनीहरूले मौलिक कला साहित्यहरू विस्तारै बिर्सँदै गइरहेका छन् ।

अझ भोलिका पुस्ताहरूले आफ्नो परम्परागत साहित्य, कला, धर्म तथा संस्कार बारे जान्न बुझ्नलाई कठिन नहोस् भन्नका लागि आजैदेखि जोड प्रयास चल्न नसके सदाको लागि नष्ट हुन वेर छैन ।

तसर्थ, नेपाल सरकार तथा स्थानीय सरकारबाट राजवंशी नयाँ पुस्तालाई उनीहरूले हराउन लागेको इतिहास, साहित्य, कला, धर्म, संस्कार, संस्कृतिवारे जानकारी दिने, संरक्षण गर्ने, उत्प्रेरण दिने र हौसला बढाउने कार्यहरूको आवश्यकता रहेको छ ।

८.४.६ मातृभाषामा नामकरण

कुनै पनि व्यक्ति वा ठाउँ, खोला वा जंगल पहाड आदिको नामकरणमा भाषाको प्रयोग भएको हुन्छ । शुरूमा त्यस वस्तु वा स्थान आदिको नाम त्यहाँ शुरूदेखि बसोबास गर्दै आएका जातिका मातृभाषाबाट त्यसको नामकरण हुन जान्छ । त्यस्तै झापा, मोरङ, सुनसरी, जिल्लाहरूमा आदिम कालदेखि कोच राजवंशी जातिहरूकै बसोबास बढी मात्रामा रहेकोले तिनीहरूको नामकरण राजवंशीकै मातृभाषामा अर्थात् राजवंशी भाषाबाट नै रहेको पाइन्छ ।

राजवंशी भाषामा जंगललाई झार, जंगलभित्र उत्पन्न भएर बग्ने पानीलाई झरा, सानो तिनो अग्लो ठाउँ पहाड जस्तोलाई ढिक, खोलालाई लदि, गाउँ वा बस्तीलाई बारी, भिटा, पुर आदि भन्ने

गरिन्छ। कोच राजवंशी जाति मुख्य त समथर 'तराई' भू-भागमा बस्ने जाति हुन् र यिनीहरू पहाड, हिमालमा बस्न नरुचाउने हुनाले नेपालको झापा, मोरङ र सुनसरी जस्ता तराईको भूभागमा बसोबास गरी आएका छन्।

त्यसो हुनाले कोच राजवंशी जातिको मातृभाषाबाट कुनै पनि हिमाल पहाडको नाम रहन गएको पाइँदैन। टाढैबाट देखिने पहाडलाई पाहार भन्ने गर्दछन् र पहाडमा बसोबास गर्नेलाई पाहारिया भन्दछन्।

एक समयमा झापा, मोरङ जिल्लाहरू अधिकांश जंगलले ढाकिएको हुनाले अहिले भन्ने गरिने ठाउँका नामहरू जंगलकै नाउँहरू हुन्। जस्तै: जलथल झार, लुकानी झार, सालबारी झार, किचकबध झार, सातासी झार आदि इत्यादि। तर जंगल मासिएर अहिले बस्ती बसिसकेको पाइन्छ।

अर्को तिनै नवागन्तुक जातिहरूको जन घनत्व बढेर उनीहरूबाट जंगल, जमिन, खोला, बस्तीहरूको केही नामहरू अपभ्रंश भइसकेर ती नामहरू राजवंशी भाषाकै हुन् भनेर नचिनिने भएका छन्। अझ कतिपय नामहरू कुन भाषाका हुन्, त्यो पनि ठम्याउन नसकिने भएको छ। जस्तै: दुहागढी, गारामनी, काकरभिटा, सुनबर्सी इत्यादि।

यिनीहरूकै वास्तविक नाम डाह्वागुरी, गहरामनी, काखरभिटा, सनवरिस हुन् र अपभ्रंश भएर अर्थ न बर्थका भएका छन्। डाह्वा भन्ने कोच राजवंशी भाषामा बडरफललाई भनिन्छ। गहिरोलाई गहरा र दहलाई मनि भन्ने चलन छ। गँगटालाई कोच राजवंशी भाषामा काखर भनिन्छ। काकरको कुनै अर्थ लाग्दैन। कुन भाषाको हो ? त्यो पनि पत्ता लाग्दैन।

त्यस्तै मोरङको सनवरिसलाई अहिले सुनबर्सी बनाइएको छ। कोच राजवंशीहरू ग्रामथानको पूजा गर्दछन्। ग्रामहरूमध्येको एउटा ग्राम सनवरिस महाराज हो। सनवरिस महाराज स्थानमा दुईटा पोखरी पनि छन्। पहिले हृदयदेखि कामना गरेर पानीमा ध्यान दिए सुन चाँदीका थाल, भाँडाकुँडा आदिको दर्शन दिलाउँथ्यो भन्ने चलन रहिआएको छ।

धेरै वर्ष अगाडि एक पत्रिकामा एक जना लेखकले ग्राम पूजाका दिन वैशाख १ गते लाग्ने मेलालाई सुनवर्सी मेला भनेर लेखेको थिए भने अहिले आएर त्यस पालिकाकै नाम सुनवर्सी बनाइएको छ। यसरी कोच राजवंशीले मान्ने सनवरिस महाराजको अस्तित्व नै मेटाउने प्रचलन नै भएको जस्तो छ। यस्तै अवस्था केही खोलाको नाम र अन्य साना ठूला गाउँ बस्तीको नामहरूमा छ। झापाका र मोरङका केही मुख्य ठाउँहरूको नाम यस प्रकार छन्।

झापाका ठाउँहरू जस्तै: पाठामारी, पथरीया, घेराबारी, बनियानी, बालुबारी, जलथल, राजगढ, ठाघनडुब्बा, कुमरखोद, माहाभारा, बैगुनधुरा, कोरोबारी, गौरीगन्ज, जुरोपानी, खजुरगाछी, ज्यामिरगढी, बाहुनडाँगी, हल्दिबारी, दुहागढी, गारामनी, चकचकी, डाँगीबारी, बुधबारे, गौरादह, केचना, तोपगाछी, धरमपुर, चिल्हारा, चिल्हागढ आदि इत्यादि।

उपर्युक्त ठाउँका नामहरूमा केही अपभ्रंशित नामहरू छन्। त्यस्तै अन्य स-साना बस्तीका नामहरू मानिसका नामबाट रहेको पाइन्छ। बस्तीका प्रमुख व्यक्ति, धनाढ्य, समाजसेवी, विद्वान् आदि नाम चलेका व्यक्तिबाट रहन गएको पाइन्छ। जस्तै: सतानुबारी, पुहातुबारी, मेघाबारी, पञ्चमबारी, कालखुटाबारी, गजाबारी, मदनेरबारी, मन्त्रीबारी, धुलाबारी, काखरभिटा, तेलिभिटा, तेलिबारी, मान्डाबारी, सातालसिंह बारी, चैतुबारी, मटपानीबारी आदि इत्यादि।

यसरी नै मोरङ जिल्लाका केही मुख्य ठाउँहरूको नाम भन्नुपर्दा आमगाछी, झुर्किया, माहादेवा, गोविन्दपुर, रंगेली, दरबेसा, अमरदह, इटहरा, सिजुआ, हसन्दह, राजघाट, पथरी, बयरबन, केरौन, दादरबेरिया, बवियाविर्ता, हरैचा, डाँगीहाट, बेलबारी, उर्लाबारी आदि इत्यादि हुन् र स-साना बस्तीहरू अनेकौं पाइन्छन्। अरू पनि केही चल्ती नामहरूका बस्तीहरू باराडाँगा, डाइनिया, कदमाहा, टाकुआ, होक्लाबारी, भाउनि, पोखरिया, नोचा, भाउदह, सिब्राहा, मोतिपुर, बानिगामा, कासेरी, मिर्गौलिया, इन्द्रपुर, दुलारी, चौकिघाट आदि इत्यादि हुन्।

झापा मोरङका जंगलहरूको नाम भन्नुपर्दा काल्काझार,

लुकानीझार, जलथलझार, सिंहीमारीझार, मागुरमारीझार, निचाझोराझार, लक्ष्मीथानझार, किचकबधझार, बाह्रदासीझार, सालबारीझार, बुटाबारीझार, खयरबारीझार, खेरिबारीझार, बयरातीथान झार, बाँसबारी झार, धराजिन झार, आदि सबै जंगलहरूको नामलाई लिन सकिन्छ ।

केही जंगल पातलो भए पनि अझै यथावत् छन् भने धेरै जसो जंगल फँडानी भइसकेर मान्छेको बस्ती बसिसकेको पाइन्छ । खोला, नदी तथा जलाशयहरूमा झापामा भने मेची लदी, निन्दा लदी, देउनिया लदी, घाग्रा लदी, रेतुआ लदी, कन्का लदी, फुलभासा लदी, हाँडिया लदी, नागरडुब्बा लदी, आन्धुवा लदी आदि इत्यादि ठूला साना खोलाहरू छन् ।

यिनीहरूको नाममा पनि परिवर्तन गराइसकेको पाइन्छ । जस्तैः रेतुआ, कान्का, फूलभासा, हान्डीया, नाग्राडुब्बा, आन्धुआ, खोलाहरूको नाम बदलेर क्रमशः रतुआ, माइखोला, फूलबासा, हाडिया, नागरडुब्बा, अदुआ भनेर खोलाहरूमा बोर्ड राखेको पाइन्छ । मोरङका खोलाहरूमा केशलिया, सिंगाइ, लोकान्द्रा, बक्राहा, इत्यादि र किचकबद पोखरी, धरोहर पोखरी, दिधी पोखरी, भैसिया पोखरी, धरोहर पोखरीहरू छन् ।

राजवंशी मातृभाषाको नामबाट बनेका जंगलका नामहरू दहिझारा जंगल, नुकानी झार, खोकबारी झार, भुटीझारी जंगल, काजली जंगल, जलथल जंगल, भेलागुरी झार, निचाझरा जंगल, चारआली जंगल, बक्रा झारी, ब्रम्हानी झार, सालबारी झार आदि इत्यादि ।

जमीन र बस्तीमा बनेका ठाउँका नामहरू काखर भिटा, आयाबारी, धुलाबारी, जाम्रीगुरी, बिचारनी, सालमारा, सालबारी, खयरबारी, सातालसिंहबारी, माण्डाबारी, सातानुबारी, पकापरा, पुठीमारी, घरामारा, चिलाहारा, बैगुनधुरा, गारामुनी, घैलाडुब्बा, बेलागराबारी, पारोखुपी, हल्दीबारी, घेराबारी, बेनियानी, पन्तापरा, चकचकी, फूलबारी, खजुरगाछी, शिवगन, पाँचगाछी, पाठामारी, बालुबारी, कलबल गुरी, काशीबारी, निचाझरा, बयरबन, साक्वाथान, रतुआथान, सनवरिच (सुनबर्सी), कटहरी, आमगाछी, दादरबैरिया,

रंगेली, इटहरी, कानेपोखरी, दुहबी आदि इत्यादि ।

खोला, पहाड, विरान ठाउँहरूको नाममा फुलभासा, देउनिया, मेचनी, कनकसरी माई, निन्दा, हारिया, घागरा, बार्हदासी ढिक, डाङीबारी, चन्द्रडाङी, विराटपोखर (डिघी), सोहोदो (डिघी), मोहोदो (डिघी), तेलङानी (डिघी), हात्तीडुबा पोखोर, सुनबर्षी पोखोर, भेरूआथान, डाइनिया, धनपालथान आदि छन् ।

८.४.७ मातृभाषा संरक्षण र सम्बर्द्धन प्रयासहरू

जुन जातिको भाषा र साहित्य लोप हुँदै जान्छ; त्यस जातिको धर्म संस्कृति र संस्कारहरू पनि फितलो हुँदै हराएर जान्छ । पछि पराई संस्कृतिमा बाँच्नु पर्ने हुन्छ। जुन जातिको भाषा र साहित्यको विकास राम्ररी भएको छ; त्यही जातिले सामााजिक, शैक्षिक, राजनैतिकका साथै आर्थिकरूपले उन्नति गरेको हुन्छ ।

अनि जुन जाति सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक रूपले सम्पन्न हुन्छ; त्यही जाति समाज र देशको हितमा अगाडि बढ्न सक्छ । अन्यथा उसले जेजस्तै किसिमका प्रयासहरू गरे पनि त्यो खोजे जस्तो वा चाहे जस्तो सफल हुन सक्दैन ।

कोच राजवंशीहरूले यस्ता प्रयासहरू नगरेका होइनन् । गरिरहेकै छन् पनि । मातृ भाषाकै लागि पनि पटक पटक प्रयासहरू गरेका छन् । तर सबै दीगो हुन सकिरहेका छैनन् । टिकिरहन पाएका छैन । उदाहरणकै लागि पत्रिका, समाचार पत्रहरू हुन्; जुन अहिले ठप्प भएका छन् ।

अध्याय-दश

शिक्षा तथा स्वास्थ्य

१०.१ परम्परागत शैक्षिक प्रणाली एवं वर्तमान अवस्था

नेपालको सुदूरपूर्व दक्षिण तराई भागमा पर्ने जिल्लाहरू झापा, मोरङ र सुनसरीमा सघनरूपले बसोबास गर्ने मूलआदिवासी कोच राजवंशीको परम्परागत शैक्षिक प्रणाली वर्णन गर्नु पर्दा नेपाल एकीकरण पूर्वको अवस्था बारे जानकारी लिन जरूरी देखिन्छ ।

त्यतिखेर यी ३ वटा जिल्लाहरू लगायत पूर्वमा टिस्टा नदीसम्मको क्षेत्रलाई मोरङ भनेर चिनिन्थ्यो। उक्त मोरङ स्वशासित क्षेत्रको रूपमा कोच राजाहरूले लामो समयसम्म शासन गरिरहेका थिए। यस क्षेत्रमा त्यतिखेर लेखापढी गर्ने कार्य सीमित थियो ।

केवल राजघरानाका सन्तानहरू बनारस गएर गुरुकुल शिक्षा आर्जन गरिरहेका हुन्थे। त्यसबखत कोच साम्राज्यको राजकीय भाषा राजवंशी र लिपि ब्राम्ही (कामरूपी) भएको कुरा इतिहासबाट थाहा पाउन सकिन्छ। कोच राजा विश्व सिंहको पालामा विशाल कोच साम्राज्य सुसंगठित र शक्तिशाली थियो ।

विश्व सिंहपछिका कोच राजाहरूले विभिन्न मठ, मन्दिर तथा धार्मिक पवित्र स्थलहरूमा शिलालेख, ताम्रपत्र लेख्ने लेखाउने साथै विभिन्न मुद्राहरूमा उक्त लिपि प्रयोग हुन थालेको पाइन्छ। विस्तारै-विस्तारै उक्त लिपि जनसाधारणमा पनि ग्राह्य हुन गयो ।

साथै पछि भास्कर सम्वतबाट पात्रो हेर्ने कार्य, धार्मिक ग्रन्थहरू पढ्ने र सुनाउने कार्य नाटक मञ्चन गर्ने, संवाद गर्ने गराउने, राजकीय पत्राचार गर्ने गराउने सम्पूर्ण कार्यहरू आफ्नो मौलिक लिपि

ब्राम्ही (कामरुपी) बाट नै हुने गर्दथ्यो ।

त्यतिखेर भारत वर्षको इतिहासमा प्रथम पटक साहित्य क्षेत्रमा नाटक विधाको जन्म नै कोच साम्राज्यबाट भएको इतिहास छ। तर सर्वसाधारणका लागि भने त्यतिखेर शिक्षा आदान-प्रदान गर्ने कुनै पनि औपचारिक संस्था थिएनन्। आम रूपमा अनपढ नै थिए।

सीमित रूपमा कुनै कुनै ठाउँमा एक प्रगणाको जमिनदारले घरमा गुरुजी राखेर लेखपढ सिक्ने सिकाउने गर्दथे। त्यति बेला अहिलेको जस्तो कागज-कलमको उपलब्धता थिएन। बाँसको कुर्चीबाट कलम बनाई, डढाएको चालमबाट बनेको कालो मसी चोप्दै कोला (केरा) को पातमा लेख्ने पढ्ने अभ्यास गराउने चलन थियो।

पछिबाट लेख्ने खरी ढुङ्गा निस्किन थालेपछि काठबाट बनाएको कालोपाटी प्रयोग गरी लेखपढ वा सिक्ने सिकाउने कार्य शुरू भएको थियो। तबसम्म केवल ब्राम्ही लिपि (कामरुपी) बाट नै लेखपढ गर्ने कार्य शुरू भएको थियो।

पछिल्लो चरणमा जब कोच राजा नर नारायण (मल्लदेव) तथा प्रधान सेनापति शुक्लध्वज (चिलाराय) को मृत्युपश्चात् यिनीहरूका सन्तानका विचमा राज्यको भागबण्डा र अधिकारको कुरालाई लिएर गृह कलह हुन थाल्यो। यिनीहरू कमजोर हुदै गए। बाहिरी शक्तिको घेरामा विभक्त भए। केही भाग नेपाल, केही भाग भारतको विहार प्रान्त, केही भाग भारतको पश्चिम वंगाल प्रान्तमा र केही भाग भारतको आसाम प्रान्तमा गाभियो।

नेपालको सन्दर्भमा झापा, मोरङ र सुनसरी जिल्लाहरूलाई मोरङ क्षेत्र भनिन्थ्यो। उक्त क्षेत्र नेपाल एकीकरणको अभियानमा नेपालमा गाभियो। नेपाल एकीकरणपछि पनि उक्त क्षेत्रमा बसोबास गर्ने कोच राजवंशीहरूको शिक्षा प्रणाली परम्परागत रूपले गुरु राखेर घरमै शिक्षा संचालन हुदै आएको र विशेषगरी मैथिली बाहुन तथा चौधरी जस्ता गुरुजीहरूले ब्राम्ही लिपि र देवनागरी लिपि दुवैबाट सिक्ने सिकाउने पद्धतिको विकास भएको थियो।

पछिल्लो चरणमा तिनीहरूले विशेष गरी गणितीय कुराहरू

जस्तै पौने, सवाइया, डेढा, गाराङ, दुना गुणांक हुदै दप्तरसम्म पढाइमा जोड दिएका थिए। जनमानसको आस्थाले विभिन्न धार्मिक क्रियाकलापको प्रवृतिबाट नैतिक शिक्षाको पाठहरू पनि सिकाउने गरिन्थ्यो।

पछिल्लो चरणमा नेपालमा राजकीय परिवार र केही सम्भ्रान्त परिवार जस्तै: राणाहरू तथा भारदारहरूका सन्तानले दरवारभित्र पढ्न लेख्न सिक्ने सिकाउने प्रबन्ध मिलाएका थिए। आमरूपले सबै जनालाई पढ्ने सुविधा थिएन। त्यतिखेरसम्म पनि नेपालमा औपचारिक शिक्षा प्रणाली विकास हुन भने सकेको थिएन।

वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्रको उदय भएपश्चात् बल्लतल्ल साधारण जनताहरूले आमरूपले औपचारीक ढंगले विद्यालय खोली पढ्ने वातावरण बन्यो। तबदेखि यस भेगमा ब्राम्ही लिपि (कामरूपी लिपि) को प्रभाव घट्दै त्यस ठाउँमा देवनागरी लिपिको प्रभाव मजबुत हुँदै गयो।

यद्यपि वर्तमान अवस्थामा पनि मूलआदिवासी कोच राजवंशीको समुदायमा पात्रो हेर्ने काम, धार्मिक ग्रन्थ पढने र सुनाउने काम जस्ता क्रियाकलापहरू ब्राम्ही लिपिबाट नै हुन्थ्यो। कुनै किसिमको घरमा मंगल कार्य होस् वा ग्रह दशा हेर्नु पर्ने होस्, भास्कर सम्बतलाई नै प्राथमिकता दिएर ब्राम्ही (कामरूपी लिपि) लिपिबाट नै हेर्ने चलन निरन्तर छँदैछ।

अहिले आएर नेपालमा सरकारी तथा निजीस्तरबाट हजारौं-हजार पाठशालाहरू सञ्चालन हुँदै आएका छन्; जसले गर्दा कोच राजवंशी समुदायमा परम्परागत शिक्षा प्रणालीको अन्त्यनै भइसकेको अवस्था छ। केवल कहींकहीं धार्मिक प्रवृत्तिबाट गुरुले चेला बनाएर धार्मिक दर्शनका पाठहरू सत्संग, भेण्ड्रा, भोगराज जस्ता संगितमय कार्यक्रमबाट सिद्धि प्राप्ती गर्ने/गराउने शैक्षिक कार्य भइरहेको पाइन्छ।

नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछि देशको शैक्षिक अवस्थामा आमूल परिवर्तन भएको देखिन्छ। यस भन्दा अगाडि विद्यालयको नाममा दरबारभित्र राजघराना एवं केही

भारदारका सन्तानहरूले शिक्षा आर्जन गर्ने व्यवस्था मात्र थियो। आम नागरिक शिक्षाबाट बन्चित थिए।

पछि राणाहरूको निरङकुस जहानिया शासनको अन्त्यपछि देशमा विस्तारै विद्यालयहरू स्थापना हुँदै गए। अहिले आएर निजी तथा सरकारी विद्यालयहरू देशभरि थुप्रै ठाउँमा सञ्चालन गरिएका छन्। हाल देशको शैक्षिक अवस्था पहिलेको भन्दा निकै सुधार भएको देखिन्छ।

तर कोच राजवंशी मूलआदिवासीको समुदायमा शैक्षिक अवस्था हेर्दा उत्साहजनक रहेको छैन। यस समुदायको अधिकांश मानिस गाउँ ठाउँ दूर-दराज दुर्गम क्षेत्रमा नै बसेका छन्। शहर बजार सुविधा भएको ठाउँमा बसोबास न्यून छ। यसरी दुर्गम ठाउँहरूमा एक त विद्यालयको अभाव, अर्को कहींकहीं विद्यालय भएतापनि शैक्षिक वातावरण पटक्कै नभएको एवं विद्यालयमा फर्निचर, डेस्क, बेन्च, शौचालय, पानी जस्ता भौतिक सुविधाहरू पर्याप्त नभएको, पठन-पाठन गर्नका लागि पाठ्यपुस्तक, शैक्षिक सामग्री पर्याप्त नभएको, तालिम प्राप्त शिक्षक नभएको जस्ता समस्याले गर्दा पठन-पाठन राम्ररी हुन सकेको छैन।

अर्को कुरा के हो भने उक्त ठाउँहरूमा बाटाघाटा पनि राम्ररी नबनेकोले यातायातको समस्या तथा खोलानालामा पुलपुलेसा नभएकोले गर्दा वर्षाको समयमा विद्यालय जान आउन कष्टकर भएको एवं पढाइमा विद्यार्थी अब्बल हुन नसक्दा विचमै पढाइ छोड्ने अत्यधिक विद्यार्थी ड्रप आउट भएको अवस्था छ।

ड्रप आउटमा परेका विद्यार्थीहरू गरिवीका कारणले गर्दा साधारण मजदुरी काम गर्न बाध्य छन्। बाध्य मात्र होइन कि साधारण मजदुरी काम पनि नियमित गर्न अवसर नपाउँदा विवश भई श्रमिकको रूपमा विदेश पलायन हुनु पर्ने अवस्था रहेको छ।

यसरी यस समुदायमा शैक्षिक अवस्था एकदम निराशाजनक छ। यस समुदायको रोजगारीको स्तरबाट नै शैक्षिक अवस्था अनुमान गर्न सकिन्छ। हालसम्म कोच राजवंशी जातिबाट इन्जिनियर, डाक्टर,

न्यायधिश, वकिल, प्रवन्धक, अधिकृत जस्ता उच्च पदस्थ पदमा रोजगारी भएको संख्या एकदम न्यून छ। यस समुदायका विद्यार्थीहरू उच्च शिक्षा आर्जन गर्न सकिरहेका छैनन्। एकाद कोही उच्च शिक्षा डिग्रीसम्म पढाइ गरेका छन् भने पनि उचित रोजगारीको अवसर पाउँदैनन्।

१०.२ वर्तमान साक्षरता र शैक्षिक अवस्था

कोच राजवंशी समुदायमा शिक्षाको स्तर नाजुक नै रहेको छ। आमरूपमा शिक्षाको स्तर गुणात्मक नभएर पनि मात्रात्मक हिसाबले शैक्षिक अवस्था केही हदसम्म सकारात्मक देखा पर्दै गएको अनुमान लगाउन सकिन्छ किनभने अहिलेको अवस्थामा यस समुदायमा ११-१२ पास गर्ने छात्र-छात्रा प्रशस्त रहेका छन्।

यसो हुनुका कारण के हो भने ११-१२ कक्षा घरकै भात खाएर घर नजिक आफ्नै विद्यालयमा पढन पाएको अवसर नै होला। तर अहिले पनि डिप्लोमा तहमा संख्यात्मक र गुणात्मक हिसाबले कमजोर नै रहेको अनुमान लगाउन सकिन्छ किनभने यो तहको पढाइलाई पार लगाउन घर छोडेर शहर बजारमा डेरा लिएर पढ्नु पर्ने बाध्यता छ।

यसले गर्दा सहज ढंगले शिक्षा प्राप्त गर्न नसक्दा यस्तो भएको हुन सक्दछ। झनै स्नातोकोत्तर स्तरको अवस्था हेर्दा निराशाजनक नै छ। केही २-४ जना बाहेक यस लेभलमा पार लगाएको अवस्था छैन। साथै अहिलेको युवापिढी वैदेशिक रेमिटान्समा नै बढी केन्द्रित भएर नै त्यसो भएको हुन सक्छ।

उनीहरूको समुदायमा महिला शिक्षाको त झन् कुरै नगरौं। यसमा कहालीलाग्दो अवस्था छ। समुदायमा सामाजिक कुरीति, अन्धविश्वासले जरा गाडेको अवस्थाले नारी शिक्षाको पहुँच बनाउन निकै कठिन छ। छोरीलाई टाढा पढ्न पठाउने एवं छोरीलाई पढाइप्रति लगानी गर्ने कुरा राजवंशी समुदायमा अभाव रहेको छ।

छोरीलाई टाढा पठाएर पढाउने कुरा अभिभावकले आफूलाई ठूलो

जोखिम भएको ठान्दछन् । कहीं इज्जतमा दाग लाग्छ कि ? भन्ने मामलामा आफूलाई असुरक्षित ठान्नेहरू एवं पढाइमा ठूलो खर्च गर्नु भन्दा उक्त धनराशीले बेलैमा कन्यादान गर्नु उचित ठान्नेहरू यस समुदायमा प्रशस्तै रहनुका कारणले नारी शिक्षाको अवस्था नाजुक रहेको छ ।

कोच राजवंशी समुदायको समग्र रूपमा शिक्षा प्राप्तीको अवस्था कमजोर हुनका कारण के पनि हो भने राज्यले जीवन उपयोगी एवं शिक्षालाई रोजगारीमा जोड्न नसकेको कारणले हुन सक्छ । आमरूपले सबैलाई साधारण शिक्षा प्रदान गरेको अवस्थाले देश अगाडि बढ्न सक्तैन ।

जबसम्म राज्यले प्राविधिक शिक्षालाई आत्मसात गरी अगाडि बढिदैन, तबसम्म शिक्षा जीवन उपयोगी बन्न सक्तैन । तसर्थ, प्राविधिक शिक्षा अन्तर्गत थुप्रै जीवन उपयोगी पेशागत शिक्षाहरू रहेका हुन्छन् । यसबाट रोजगारीका अवसरहरू आफैं सृजना भई देशको अर्थतन्त्रमा ठूलो टेवा मिल्न सक्तछ ।

शिक्षा र जनशक्ती योजनाको उचित समन्वयकारी भूमिकाबाट यो सम्भव हुन सक्तछ । कुनै पनि राज्यको जनशक्ति योजना सबभन्दा महत्त्वपूर्ण हुन्छ । तर यस कुरामा राज्यको नीति विचलन भएको अवस्थाले गर्दा पनि त्यसको असर आम जनसमुदाय लगायत मूलआदिवासी कोच राजवंशी समुदायलाई प्रत्यक्ष असर परेको अवस्था रहेको छ ।

नेपालमा वि.सं. २०६८ सालको जनगणना अनुसार कुल जनसंख्या २६४९४५०४ रहेकोमा कूल साक्षरता संख्या ६५.५ रहेको छ । त्यसमध्ये पुरुष साक्षरता ७५.१५ र महिला साक्षरता संख्या ५७.४५ रहेको देखिन्छ । त्यसैगरी ०७८ सालको जनगणना अनुसार कुल जनसंख्या २,९१,५४,५७८ रहेकोमा कुल साक्षरता संख्या लगभग ७६.२% र पुरुष साक्षरता दर ८३.३% र महिला ६९.४% साक्षरता दर रहेको छ ।

कोच मूलआदिवासी राजवंशीको सघन बसोबास रहेको नेपाल

सुदूरपूर्वका जिल्लाहरूको २०६८ सालको जनगणना अनुसार झापामा कुल जनसंख्या ८१२६५० जना, मोरङमा कुल जनसंख्या ९६५३७० जना र सुनसरीमा कुल जनसंख्या ७६३४८७ गरी ३ वटै जिल्लामा जम्मा जनसंख्या २५४१५०७ रहेको छ। त्यसमध्ये कोच राजवंशीको जनसंख्या ११२५२८ जना रहेको छ भने कोच राजवंशी मातृभाषाको वक्ताको संख्या १२१२९१ रहेको अवस्था छ।

रह्यो कुरो साक्षरताको अवस्था कोच मूलआदिवासी समुदायको। राष्ट्रिय जनगणना-२०७८ साल अनुसार कोच राजवंशीको संख्या झापामा ८२,४२१, मोरङमा ४३,१३० र सुनसरीमा १,९७३ गरी जम्मा १,२७,५२४ रहेको देखिन्छ। यसमा बाहिर जिल्लाको जनसंख्या ५,०४० थप भई कुल जनसंख्या १,३२,५६४ रहेको देखिन आएको छ।

३ वर्ष पछाडि २०७१ सालमा हल्दीबारी गा.पा., वडा नं. ४ को वडा पालिकाले *समावेशी स्मारिका* प्रकाशन गरेको छ। सो स्मारिका अनुसार उक्त वडामा कोच आदिवासी राजवंशीको शैक्षिक अवस्था हेर्दा साक्षर ७०.७४५ रहेको पाइएको छ।

स्मारिका अनुसार कोच आदिवासी राजवंशीको साक्षर जनसंख्या ०६८ सालको जनगनना अनुसार कुल जनसंख्या ११२५२८ जम्मा रहेकोमा साक्षर जनसंख्या लगभग ८६६७७ रहेको अनुमान गर्न सकिन्छ। त्यसमध्ये उमेर र लैगिक दृष्टिकोणबाट हेर्दा बढी उमेरमा कम साक्षर अनि पुरुष भन्दा महिलामा कम साक्षर रहेको अनुमान लगाउन सकिन्छ। त्यसैगरी २०७८ सालको जनगणना अनुसार उनीहरूको कुल संख्या १,३२,५६४ रहेकोमा साक्षरता संख्या ९३,७७६ रहेको अड्कल गरिएको छ। यसमध्ये उमेर लैंगिक दृष्टिकोणबाट हेर्दा बढी उमेरमा कम साक्षरता कम साक्षरता अनि पुरुष भन्दा महिलामा कम साक्षरता रहेको अनुमान छ।

बालबालिकाको पहिलो विद्यालय नै घर हो। आमा-बुवाले बोलेका मातृभाषा तोते बोली बोल्दै, अनुकरण गर्दै एवं परिवारको संस्कार संस्कृति आनीबानी व्यवहार सबै उनीहरूको कलिला मन

मस्तिष्कमा प्रवेश हुँदै जान्छ। आमाको न्यानो काखबाट जब बच्चा विद्यालयमा प्रवेश गर्दछन्, विद्यालयमा प्रवेश गर्नासाथ आफूले भोगेको वातावरण बाहेक फरक वातावरण फरक भाषा, फरक संस्कार सबै फरक परिवेशमा उनीहरूलाई साह्रै कठिन र उनीहरूको अवस्था ज्यादै दयनीय बन्न थाल्दछ।

उनीहरूको कलिलो मन मस्तिष्कमा नै संकोच, द्विविधा भई आत्मबल, अटूट साहस, दृढ संकल्प, धैर्यता, नम्रता, संयोगात्मक भावनाहरू कमजोर बन्दै, उनीहरू आफ्नो जीवनभरि नै सफलताको चुलीमा पुग्न असमर्थ बन्दै जान्छ।

त्यसर्थ, यिनै कुराहरूको हल हुनका लागि राज्यको संविधानबाट नै कक्षा १ देखि कक्षा ५ सम्मका कलिला नानीहरूलाई आफ्नो मातृभाषाबाट शिक्षा आर्जन गर्न सक्ने छन् भनी किटान साथ उल्लेख गरिएको छ।

उक्त नेपालको सुदूर पूर्व दक्षिण जिल्लाहरू झापा, मोरङ र सुनसरीमा सघन बसोबास गर्ने कोच मूलआदिवासी राजवंशी समुदायका बच्चाहरूलाई राजवंशी भाषाको माध्यमबाट कक्षा १ देखि कक्षा ५ सम्मको शिक्षा दिलाउनका लागि नेपाल सरकारबाट प्रयास नगरेको होइन।

यसका लागि नेपाल सरकारले शिक्षा मन्त्रालयमार्फत् पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी भक्तपुरबाट राजवंशी भाषामा पाठ्यपुस्तक कक्षा १ देखि कक्षा ५ सम्म राजवंशी भाषा भाषाविज्ञ लखनलाल राजवंशी, दलसिंह राजवंशी, पानीलाल राजवंशी र बद्री नारायण राजवंशीहरूको समूहले वि.सं. २०६६ सालमा निर्माण गरेको छ।

साथै मातृभाषा राजवंशी भाषाको माध्यमबाट विभिन्न विद्यालयहरूमा पठन पाठन गर्नका लागि झापाको विभिन्न विद्यालयबाट शिक्षकहरूलाई तत्कालीन जिल्ला शिक्षा कार्यालय झापाले आदरणीय गुरु विष्णु प्रसाद राजवंशीको प्रशिक्षणबाट भद्रपुर तालिम केन्द्र सेडुमा १२ दिने शिक्षक तालिम पनि सम्पन्न भइसकेको छ।

तर हालसम्म झापा जिल्लाको स्थानीय निकाय गौरीगन्ज गा.पा.

अन्तर्गत ३ वटा विद्यालयहरू श्री चिलाहार प्रा.वि. गौरीगन्ज-५, श्री तारा बहुभाषिक विद्यालय, गौरीगन्ज-५ र श्री आमगाछी प्रा.वि. गौरीगन्ज-२ मा मात्र त्रिभाषिकरूपमा राजवंशी भाषा, नेपाली भाषा र अङ्ग्रेजी भाषाबाट पठन पाठन कृयाकलाप भइरहेको अवस्था छ।

जबकी झापा, मोरङ र सुनसरी जिल्लाहरूमा थुप्रै ठाउँमा मातृभाषा शिक्षा लागू गर्न सक्ने अवस्था रहेको छ। यी ३ वटै जिल्लाहरूको कुन कुन विद्यालयहरूमा कुन कुन हिन्दु जात र मूलवासी जातिको औसत विद्यार्थी संख्या बढी छन्? त्यसको लगत लिई संभव भएको थुप्रै ठाउँमा यसलाई अनिवार्य लागू गराई अगाडि बढेको भए शायद त्यसको सकारात्मक प्रतिफल आउन सक्थ्यो। यसलाई सम्वन्धित निकायहरूबाट कुनै पनि चासो राखिएको देखिएन। यो ठूलो बिडम्बनाको कुरा हो।

नेपाल राष्ट्रिय भाषा संरक्षण समितिमार्फत् राजवंशी भाषाविज्ञ पामर राजवंशीको अगुवाइमा राजवंशी भाषाको शब्दकोश पनि प्रकाशन भइसकेको छ भने वि.सं. २०७७ सालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय (आजउरा) प्रतिष्ठानले राजवंशी भाषाविज्ञ दल सिंह राजवंशीद्वारा लिखित राजवंशी भाषा व्याकरण पनि प्रकाशनमा ल्याइसकेको छ। यसले गर्दा कोच आदिवासी राजवंशीको मातृभाषा राजवंशी भाषाको गरिमा बढाउने काम भएको छ।

राजवंशी भाषाकै माध्यमबाट विगतमा झापा र मोरङ जिल्लाको थुप्रै दुर्गम ठाउँहरूमा अनौपचारिक शिक्षाको रूपमा साक्षरता अभियान कार्यक्रम प्रौढ शिक्षा, महिला शिक्षा पनि संचालन गरिसकिएको छ। यस अभियानको सफलताको लागि बेग्लै पाठ्य सामग्रीहरू तथा तस्वीरांकित फुटकर कविता, कथा संग्रहहरू पनि प्रकाशनमा ल्याइएको छ। हाल यस अभियानलाई निरन्तरता दिनका लागि बजेटको अभावले सञ्चालन भएको अवस्था छैन।

अत: मातृभाषामा शिक्षाको अवसरलाई राज्यबाट थोर बहुत प्रयास त भएकै मान्न सकिन्छ। तर यतिमै यो पर्याप्त छैन। अब उप्रान्त यस कुराका लागि सम्बन्धित निकायहरूले बेलैमा चासो राखी

निरन्तरता प्रदान गर्न गराउन औचित्य देखिन्छ ।

१०.३ परम्परागत औषधी उपचार पद्धति तथा वर्तमान अवस्था

कोच मूलआदिवासी राजवंशी समुदायमा परम्परागत औषधी उपचार पद्धति अनुसार जंगली जडीबुटी एवं जंगली जीवांश र झारफुक तान्त्रिक प्रक्रिया वा तन्त्रमन्त्र विधिमा निकै नामूद मानिन्छन् । कतिपय बिरामीलाई जंगली जडीबुटीद्वारा निको पार्ने काम गर्छन् भने कतिपय बिरामीलाई झारफुक तन्त्रमन्त्रको प्रक्रिया र विधिबाट पनि बिरामीलाई निको पार्ने काम गर्छन् ।

अहिले पनि तन्त्रमन्त्र झारफुकमा खुबै विश्वास गरेको पाइन्छ। विभिन्न दोष र क्लेशहरूबाट मुक्त रहनका लागि जडीबुटी हालेर ताविज लगाउने परम्परा रहेको छ। तर झारफुक तन्त्र मन्त्रमा नयाँ युवापिढीहरू त्यति विश्वास गर्दैनन्। विशेष गरी कोच मूलआदिवासी राजवंशी समुदायमा धामी, गसाई, अझा, पान्जियार जस्ता व्यक्तिहरू प्रशस्तै भेटिन्छन् ।

यिनीहरूले बिरामीको प्रकृति हेरी तान्त्रिक शक्ति वा जडीबुटी वा दुवै प्रयोग गरी बिरामी निको पार्ने प्रयास गर्दछन्। पान्जियारको काम बिरामीको अवस्था पत्ता लगाउन पात्रो हेर्ने हो । उसैले सबै ग्रह, नक्षत्र, कुलदेवता, बाहिरी जंगली भूतपिचास आदिका बाारेमा खुलस्त गरी बताएर त्यसको उपाय पनि बताउने गर्दछ ।

यसरी पात्रो हेर्ने पान्जियारकै अनुसार धामी, अझा, कुलगुरुले गर्नु पर्ने कुराहरू सबै भेद विधि शुरूदेखि अन्त्यसम्म गरेर सक्नु पर्ने हुन्छ । जसले गर्दा बिरामीको उपचार भई निको हुने गरेको पनि देखिन्छ । यद्यपि अहिलेको युवापिढीहरूले यस्तो विधि त्यति विश्वास गर्दैनन् । यदि गरे तापनि तुरून्त अस्पताल कुदिहाल्छन् ।

कोच राजवंशी समुदायमा केही वनस्पतिजन्य जडीबुटीहरू नामूद छन् । खेतपाखरी भन्ने झार प्राय: जसो तराई भेगको घर वरपर बारीमा पाइने जडीबुटी हो । खाने मुखमा, जिब्रोमा, ओठमा घाउ

निस्केमा उक्त जडीबुटीलाई खानेतेलमा राखी २/४ दाना गोल मरिच मिसाएर मज्जाले पकाउनु पर्छ। औषधी सेलाएपछि परेवाको प्वाँखले घाउ निस्केको ठाउँमा विस्तारै लगाउनु पर्छ।

त्यस्ता घाउहरू १/२ दिनमै चट्ट निको हुन्छन्। त्यसैगरी हात खुट्टा वा शरीरको कुनै पनि ठाउँको हड्डी चर्किएमा, भाँचिएमा त्यसलाई जोड्न पनि अचुक वनस्पतिजन्य जडीबुटी पाइन्छ। साथै खाने तेलमा ढुटो जडीबुटी पकाएर मालिश तेल पनि बनाउने गरिन्छ। त्यसले मर्केको, सर्केको ठाउँमा मालिश गरेमा २/३ दिनमै निको हुन्छ। त्यस्तै आगोले पोलेमा, तातो पानी या तातो तेल वा कुनै तातो तरल पदार्थले पोलेमा त्यसको पनि अचुक जडीबुटी छ।

त्यसरी नै हुक्काको पाइपमा बसेको कालो कस पनि अचुक दवाई हो। यदि कसैलाई पाइल्सको समस्या छ भने उक्त दवाई मलद्वारमा हल्का लगाई दिएमा तुरून्त निको हुन्छ। यदि कसैको स्वर भासिएको छ, घाँटी खसखस गरिरहन्छ भने बोजोको जराको एक टुक्रा चपाएमा चट्ट निको हुन्छ। कसैको गलफुला भएको छ भने कमेरो माटोलाई लेदो बनाएर गलफुला भएको ठाउँमा लेपन गरी दिएमा विस्तारै गलफुला आफै बस्छ।

तर अचेल डाक्टरकोमा गएर गलफुला बसाउनपट्टि नै लगाउने गर्छन्। कयौं अझा, धामीहरूले निःसन्तान दम्पतिहरूलाई सन्तान प्राप्तीका लागि पनि महिला-पुरूष दुवैका लागि घरेलु उपचार विधिबाट सन्तान प्राप्त गरेका उदाहरण समुदायमा प्रशस्त भेट्न सकिन्छ।

बहुला कुकुरले टोकेमा तुरून्त साबुन पानीले सफा गरेर खाने तेल र बेसार दल्नु पर्छ। अनि वनस्पतिजन्य जडीबुटी “कुर्चिला” फलको चार भागको एक भागको टुक्रापाकेको मालुवा केरामा राखेर लगातार ४ दिन चार पटक खुवाइ दिएमा रेविज रोगबाट बच्न सकिन्छ। तर अचेल त्यसको मात्र भर नपरी रेविज विरूद्धको खोप लगाउने गर्दछन्।

त्यस्तै गरी बच्चाहरू वर्षाको बेला फोहोर पानीमा हिंडेर, हिलो-

माटोमा खेलेर छालामा खुजली दाद निस्केमा निमको पात पानीमा उमालेर मन तातो बनाई नुहाई दिएमा चट्ट निको हुन्छ।

दाँतमा, गिजामा समस्या भएमा निमको मसिना हाँगाले दिनहुँ मन्जन गरेमा त्यसको समस्या समाधान हुन्छ। यसरी वनस्पतिजन्य अचुक जडीबुटीहरू हजारौं छन् यस समुदायमा। यसको खोज अनुसन्धान गर्न जरूरी देखिन्छ। त्यसैगरी जीवांशजन्य औषधीहरू पनि यस समुदायमा प्रशस्त रहेका छन्।

उनीहरूको समुदायमा कोही राती आँखा नदेख्ने रतन्धो भएमा यसको अचुक दवाई छ। अन्धाबाम (कुचिया) को मासुमा बाह्र मसला मिलाएर राम्ररी पकाई केराको पातमा राखेर मासु र च्युरा प्रशस्त खुवाई दिएमा तुरून्त त्यसको भोलिपल्टदेखि राती मज्जाले आँखा देख्न सकिने होइन्छ।

त्यसैगरी गोमन सर्पको टाउको काटेर घाममा सुकाई सुकुटी बनाएर राखेमा रामवानझैं औषधीको रूपमा काम लाग्छ। यदि गाई, भैंसी, पशुहरूको आँखा पाकेमा गोमन सर्पको टाउकाको सुकुटी थोरै एक टुक्रा केरा (कोला) को पातमा बेरेर खुवाई दिएमा तुरून्त आँखा पाकेको निको हुन्छ।

त्यसैगरी गँगटो प्रशस्त खाएमा क्यान्सर जस्तो भयानक रोगबाट बच्न सकिन्छ। त्यसैगरी सिपी घुँगी खाएमा आँखाको समस्याबाट पनि बच्न सकिन्छ। यसरी हजारौं जीवांशजन्य औषधीहरू यस समुदायमा प्रशस्त रहेका छन् जुन खोज-अनुसन्धानका विषय बनेका छन्।

यसैगरी कान पाकेमा, जन्डीस रोग लागेमा, बच्चालाई सास फेर्न गाह्रो भएमा, काटेमा, आधा टाउको दुखेमा, दाँतमा किरा लागेमा, छालाका विभिन्न रोग लागेमा, हाइड्रोशील भएमा, ग्याष्ट्रिक भएमा, वान्ता भएमा, पखाला चलेमा, घाँटी दुखेमा, कम्मर दुखेमा, हड्डी सर्के, मर्के, भाँचेमा, जले डढेमा, कपाल झरेमा, शालनाल नझरेमा, विभिन्न किसिमका घाउ निस्केमा, उच्च रक्तचाप, निम्न रक्तचाप भएमा, थुनिलो भएमा, अत्यधिक दुब्लाएमा, मोटाएमा, ज्वरो विषम ज्वरो भएमा आदि इत्यादि हजारौं किसिमका समस्याहरूको

निदानका लागि अचुक घरेलु दवाई औषधीहरू रहेका छन् । यस्ता घरेलु औषधीहरूको पनि गहनरूपले अनुसन्धान हुन जरूरी छ ।

परम्परागत उपचार पद्धति अनुसार उनीहरूमा सुत्केरी गर्ने र गराउने विशेष खालको परिपाटी थियो । त्यस समयमा समुदायको निकट बसोवास रहने हाँडी वा माझी जातिका आइमाई सुत्केरी गराउने कलामा निकै निपूर्ण मानिन्थे- जसलाई "दायानी" भनेर भनिन्थ्यो ।

त्यस समयमा डाक्टर र नर्सको अभाव र पर्याप्त अस्पताल पनि थिएन । जसले गर्दा ती दायानीहरूले नै उनीहरूको समुदायमा गाइनोलोजिष्टको रूपमा काम गर्दथे । उनीहरूले बच्चाको शालनाल काट्नु पर्दा उच्चकोटीको एन्टीसेप्टीक बाँसको बाहिरी सतह कोतरेर निकालेको धारिलो छेस्को (काम्छा) ले काट्ने गर्दथे । कथम्कदाचित शिशु जन्मनु साथ रूने कराउने केही आवाज नभएको र शिशु विल्कुल चटपट नगर्ने, मरेझैं अवस्थाको भयो भने तिनीहरूले बच्चाको शालनाल आगोमा सेकेर बच्चाको जीवन पूर्ण आगमन गराउने गर्दथे ।

त्यसपछि नवजात शिशुलाई नुहाइ धुवाइ गराउनका साथै सम्पूर्ण सरसफाइका कामहरू गर्ने गर्दथे । यी सबै काम गरे वापत घरवेटीबाट नगद, लत्ता कपडा, खाद्यान्न, दाल तरकारी गच्छे अनुसार दिई विदाई गर्ने गर्दथे ।

तर अचेल यो परम्परा पद्धति प्राय:जसो हट्दै गएको छ किनभने अहिले आएर स्थानीय निकायमै हेल्थ पोष्ट, इलाका स्वास्थ्य, निजी औषधालय, एम्बुलेन्स, नजिकै दूरीमा सुविधा सम्पन्न अस्पताल, सबै सुविधा भएकाले प्रय:गरी सबैले परम्परागत पद्धति भन्दा आधुनिक तथा सुरक्षित पद्धतितिर नै लागिरहेको पाइन्छ । अर्को कुरा के हो भने कोच आदिवासी राजवंशी समुदायमा तान्त्रिक विधि प्रकृयाबाट पनि कतिपय बिरामीलाई निको पार्ने कार्यहरू हुने गर्दछ । जस्तै: बच्चाको आमाको स्तन थुनिलो भएमा धामीले कुचोको २/४ वटा सिन्को लिएर स्तनमा छुवाई झारफुक गरेमा स्तनबाट आफैं दूध

बहन थाल्छ ।

त्यसैगरी यदि कोही माछा पकाएर खाँदै गर्दा कदाचित माछाको काँढा घाँटीमा अड्केमा, उक्त काँढालाई हटाउन धामीले एक गिलास पानी हातमा लिएर पानीको गिलासमा लगातार ३ पटक मन्त्र उच्चारण गरेर फुकफाक गरी उक्त पानी बिरामीलाई खुवाइ दिएमा तुरून्त माछाको काँढा हट्ने गर्दछ। त्यस्तै गाई वस्तुलाई कुनै कारणवश घाउ भएर किरा परेमा दुई लाइनको मन्त्र उच्चारण गरेर घाउमा झारफुक गरेमा त्यति वेला नै किरा भुइँमा झर्न थाल्छ र एक दिनमै किरा सखाप हुन्छ ।

यस्ता दुई लाइनका मन्त्रहरू निकै सम्वेदनशील हुन्छन्। उच्चारणको क्रममा केही त्रुटी भएमा उल्टो परिणाम हुने गर्दछ । तसर्थ, धामी अझाहरूले यस्ता तन्त्र मन्त्र उच्चारण गर्दा निकै होशियारी आवश्यक पर्ने हुन्छ । यसरी थुप्रै समस्याहरू तन्त्रमन्त्र विधिबाट पनि उपचार गरिने यस समुदायमा नामूद धामी/धामीयानी/अझा/कुलगुरू/गसाईहरू हुन्छन् ।

कतिपय ठाउँहरूमा तिनीहरूले देवी थान/शक्ति माता थान/लक्ष्मी माता थान/सन्तोषी माता थान/भगवति माता थान/संसारी माता थान/काली थान आदि जस्ता धार्मिक मठ मन्दिर स्थापना गरी धार्मिक जनविश्वासको आधारबाट पनि बिरामी उपचार गर्ने गराउने प्रचलन प्रशस्त भेटिन्छ ।

यिनीहरूले तन्त्र मन्त्र झारफुक मात्र होइन पूजा गर्ने विधि र सामग्रीहरू पनि बिरामीको प्रकृति अनुसार फरक फरक हुने गर्दछ। पूजा सामग्रीमा केरा, चामल, काँचो दूध, तुलसीको पात, पान, सुपारी, केराको पात, गंगाजल, पानी, घ्यू, भोगमसला, भोजपत्तर कागज, कौडी, गोवर, मह (सहद), आसनको सेतो कपडा, पैसा, आवश्यक परेमा परेवा, पाठा आदि इत्यादिको चलन रहेको छ ।

यी धामी/धामीयानी/अझा/गसाईहरूले कोच राजवंशी समुदायमा जुनसुकै बिरामीको प्रारम्भिक तान्त्रिक उपचार गर्नु पर्दा एउटा लोटा वा गिलासको पानीमा पाँच वटा तुलसीको पात राखेर तीन पटक

मन्त्र उच्चारण गरी फुकफुाक गरेर, पाँच वटा तुलसीको पात मध्ये एउटा पात गिलासको पानीमै माडेर थोरै तुलसी मिसिएको पानी खुवाउने र अर्को एउटा तुलसीको पात तेलमा या घ्यूमा माडेर जीउ भरी लगाउने अनि उक्त गिलास वा लोटामा रहेको बाँकी तीन वटा तुलसीको पात र पानी कोलाको पातले छोपेर राख्ने र बेला बेलामा थारै थोरै पानी खुवाउने तथा बिरामीको शरीरमा पानी छर्किने चलन रहेको छ ।

यत्तिकैमा बिरामी निको भएमा केही गर्नु परेन । तर बिरामी निको नभएको खण्डमा अझा या गसाईले पूजा सामग्रीहरू के के चाहिन्छ ? सबै जुटाउन लगाई दोस्रो पटक भने सिद्धि, भेद र विधि अनुसार पूजा कार्यक्रम आरम्भ गर्दछन् ।

यति गर्दा खेरी कतिपय बिरामी निको हुन्छन् भने कतिपय बिरामी निको नभएमा "अस्पताल लानु पर्छ है" भनेर सल्लाह सुझाव पनि दिने गर्दछन् । यस समुदायको सघन वसोवास भएको ठाउँमा जुनसुकै बिरामी भए पनि अझा/धामीलाई देखाउने चलन वढी छ । यस समुदायमा बिरामीलाई निको पार्न अन्य समुदायको धामी/अझालाई देखाउने पनि चलन रहिरहेको छ ।

१०.४ स्वास्थ्य कर्मीहरू

मूलवासी राजवंशी समुदायमा परम्परागत औषधी उपचार पद्धतिमा रहेका परम्परागत स्वास्थ्य कर्मीहरू यस प्रकार रहेका छन् । (१) अझा (२) गसाई ठाकुर या गुरूगसाई (३) धामी-धामयानी (४) पान्जियार (५) दायानी (६) बैद्य ।

अझाद्वारा विशेष गरी तन्त्रमन्त्र उच्चारण गर्दै झारफुक विधिबाट बिरामीको अवस्था ठिक पार्ने प्रयास गरिन्छ। अझाको पनि वर्गीकरण गर्न सकिन्छ। जस्तैः छुआती-पुआती अझा, झाटार पाके अझा, काँडी मन्तर वाला अझा, घाउर पाके अझा आदि ।

त्यसैगरी गुरुगसाईले विशेष गरी घरको कुलदेवता बिग्रेको छ भने त्यसको शान्ति नामको पूजा अर्चना गर्नु गराउनु साथै बिरामी

भएको अवस्थामा उनले आदेश गरे अनुसार पूजा सामग्री जुटाएर तोकिएको दिनमा पूजा आरम्भ गर्न लगाउने गर्दछन् ।

गुरुगसाई पनि टिकाधारी गसाई, गदिधारी गसाई, करणधरी गसाई, कानफुका गसाई रहेका हुन्छन् । प्रत्येक घर-परिवारले आ-आफ्नो गुरुगसाई अप्नाएका हुन्छन् । गुरुगसाई हुनका लागि गदिधारी गसाई हुन नितान्त जरूरी हुन्छ । त्यसैगरी धामीहरू पनि यस समुदायमा नामूद हुन्छन् । यिनले तन्त्रमन्त्रका साथमा जडीबुटी औषधी पनि प्रयोगमा ल्याउँछन् ।

यस्ता धामीहरू पुरुष वा महिला दुवै हुन सक्छन् । त्यसैगरी यस समुदायमा पान्जियारको काम बिरामीको अवस्था पत्ता लगाउने र विभिन्न दोषहरू रहेका छन् भने ती दोषहरू हटाउन के के उपायहरू हुन सक्छन् ? त्यसको बारेमा खुलस्तरूपले बताउने गर्दछन् ।

अनि उनीहरूको समुदायमा बैद्यहरू पनि रहेका हुन्छन् । तिनले तन्त्रमन्त्र भन्दा पनि विशेषगरी जडीबुटी औषधीहरूबाट बिरामीलाई निको पार्ने प्रयासरत रहन्छन् । अनि पहिले पहिले दायानीबाट सुत्केरी गराउने चलन थियो । तर अहिले हट्दै गएको छ ।

समुदायमाझ ठूलो संख्यामा परम्परागत औषधी उपचार पद्धतिहरू लोप भइसकेका छन् भने कतिपय लोपोन्मुख अवस्थामा रहेका छन् । उदाहरणका लागि-साना बच्चाहरूका लागि गरिने उपचार पद्धति ।

यदि घर-परिवारभित्र साना वच्चाहरूलाई ज्वरो आउने, निद्रामा बर्बराउने, डराएको मनस्थिति देखा पर्ने जस्ता समस्या भएमा घरमा हजुरआमा वा आमाहरूले काँशको थालमा पानी भरेर आँगनमा राखी केही मुरै, पानी भरिएको थालमा छरी दिने अनि लोटामा थोरै पटुवाको त्यान्द्रो (थितु) राखी आगो बाली, बालेको लोटा हातमा लिइ बच्चा साथमा राखेर पानी भरिएको थालमा घोप्ट्याएर एउटा हँसियाले थालमा हिर्काउँदै भूतप्रेत आत्मा धपाउने कथकहरू भन्दै बिरामी नानीको कमजोर आत्मालाई बलियो बनाउने र अन्तिममा मुरै ढाढिएको २/४ दाना बच्चालाई खुवाउदै, हँसियाले काँसको थाललाई बजाएर आजदेखि भूतप्रेत स्वाहा भएको भनि बच्चाको आत्मबल

बढाउने उपाय पद्धतिहरूको चलन रहेको थियो।

त्यतिखेर यस्तो पद्धतिलाई जिउ डाकानी भनेर भनिन्थ्यो। तर हाल यस्ता खालका परम्परागत उपचार विधिहरू लोप भई सकेका छन्। वास्तवमा यो एक मनोचिकित्साको रूपमा रहेको थियो। उनीहरूको समुदायमा बच्चाहरूलाई भुल्याउने खालका कतिपय कवितात्मक कथकहरूलाई छुआभुर्का भनिन्थ्यो; त्यसको पनि चलन हराएर गएको छ।

यसरी नै राजवंशी समुदायमा पुराना परम्परागत औषधी उपचार पद्धतिहरू, पुराना शक्तिशाली तन्त्रमन्त्रहरू र कतिपय शक्तिशाली जडीबुटीहरू लोप भइसकेका छन् भने कतिपय लोपोन्मुख अवस्थामा रहेका छन्। लोपोन्मुख अवस्थामा रहेका कुराहरूलाई खोज तथा अध्ययन(अनुसन्धान गरी अगाडि बढाउन सकिएमा यसलाई कायम राख्न सकिने सम्भावना भने अहिले पनि जीवितै छ। तर पूर्णरूपले लोप भइसकेको औषधी-उपचार पद्धतिहरू भने पुर्नजीवन प्रदान गर्ने अवस्थामा भने छैनन्।

कोच मूलआदिवासी राजवंशी समुदायमा परम्परागत औषधी उपचार पद्धति हालसम्म पनि रहदै आएको छ। यस उपचार पद्धतिको क्षेत्र आफैंमा वलवान छ भने २१ औं शताव्दीको विद्यमान औषधी उपचार पद्धतिको वैज्ञानिकीकरणले गर्दा अस्पतालको उपचार विधि पनि जीवनको अभिन्न अंग बन्न पुगेको छ।

यद्यपि अस्पतालमा उपचार गरी निको पार्न नसकेको कतिपय बिरामी परम्परागत आर्युवेदिक घरेलु औषधी उपचार विधिबाट निको पारेको समाजमा थुप्रै उदाहरण भेटिन्छन् भने परम्परागत घरेलु औषधी उपचार पद्धतिबाट पार नलागेका कयौं बिरामीहरू अस्पतालमा गएर निको हुने गरेका छन्। त्यस कारण बिरामीको प्रकृति अनुसार नै यी दुवै विधि आ-आफ्नो क्षेत्रमा वलवान मान्न सकिन्छ। अत: यी दुवैलाई नकार्न कदापि सकिदैन।

हालको अवस्थामा वदलिंदो समय कालक्रम अनुसार परम्परागत औषधी उपचार विधि तथा प्रवृत्तिहरू फेरवदल हुन जरूरी भएको

महसूस गरी कतिपय ठाउँहरूमा संस्थागत ढंगले सरकारबाट अनुमति पत्र प्राप्त गरी शुरूवात भएको पाइन्छ। उदाहरणको रूपमा निताई आयुर्वेदिक उपचार केन्द्र, महेशपुर, झापामा जसले विशेष गरी हाड-हड्डी सम्वन्धी घरेलु उपचार गर्ने/गराउने कार्य जारी राखेका छन्।

यस सम्बन्धी सरकारको तर्फबाट विशेष एक्स-रे मेशिन तालिम, पूरक औषधीहरू लगायत तयारी व्याण्डेज, बैशाखी, ह्विलचेयर, विभिन्न किसिमका पट्टी वेल्टहरू पनि विक्री वितरण गर्न पाउने व्यवस्थाको प्रवन्ध गरिएको छ। त्यस्तै सरकारको तर्फबाट हरेक स्थानीय निकायहरूमा धामीझाक्री संघ खडा गरी तिनीहरूलाई विशेष किसिमको तालिम प्रदान गरी परम्परागत औषधी उपचार पद्धतिलाई समय कालक्रम अनुसार फेरवदल गरी सुधारिएको अवस्थामा अगाडि बढिरहेको छ।

हालको अवस्थामा तान्त्रिक विधिबाट उपचार भन्दा पनि विभिन्न देवी थान, माता थान आदि इत्यादि स्थापित गरी धार्मिक प्रकृतिबाट आकृष्ट गराई तान्त्रिक र जडीबुटी दुवै पद्धतिद्वारा बिरामीको मानसिकरूपले आत्मवलमा सुधार गरेर मन र शरीर दुवैको समन्वयात्मकढंगले उपचार गर्ने गराउने कृयाकलापहरू यस समुदायमा थुप्रै ठाउँमा पाउन सकिन्छ।

तर आजको २१ औं शताव्दीको युगमा स्वास्थ्य विज्ञानको विकास चरमोत्कर्षमा पुगिसकेको अवस्थाले गर्दा आम जनमानसमा यसप्रति विश्वास अत्यधिक भएबाट परम्परागत औषधी उपचार विधि ओझेलमा पर्नु स्वभाविक हो। यद्यपि कतिपय ठूला ठूला अप्रेशन, चिरफार, सख्त घाइते, मुटुको भल्भ फेर्नु पर्ने, मृगौला प्रत्यारोपण, ब्रेन ट्युमर, क्यान्सर जस्ता सयौं हजारौं किसिमका भयानक रोगहरूको समस्याबाट मुक्ति पाउनका लागि आधुनिक अस्पताल उपचार विधिमै केन्द्रित हुनु पर्ने देखिएको छ।

१०.५ स्वास्थ्य चौकी साथै अस्पतालको सुविधा

नेपालको सुदूरपूर्व दक्षिणमा पर्ने झापा, मोरङ र सुनसरी जिल्लामा

सघन वसोवास गरी बसेका कोच मूलआदिवासी राजवंशीहरूको स्वास्थ्य चौकी, अस्पतालको सुविधा, पहुँच र प्रयोगको अवस्था सन्तोषजनक रहेको पाइदैन । यी तीनवटा जिल्लाहरूमा जम्मा ४४ वटा पालिकाहरू रहेका छन् । त्यसमध्ये कोच समुदायका अधिकांश मानिस २१ वटा गाउँ पालिकामा बढी केन्द्रित छन् भने अन्य नगर पालिका र उप-माहानगर पालिकामा वसोवास न्यून रहेको पाइन्छ ।

यसरी शहरी क्षेत्रमा स्वास्थ्य सेवा सुविधा पर्याप्त भइसकेको अवस्था भएता पनि हालको अवस्थामा स्वास्थ्य सेवाको विकासमा स्थानीय गाउँपालिका स्तरसम्म संस्थागत विकास त भएको छ । तर जनशक्ति विकास तथा सेवाको पहुँचमा राम्रो सुधार हुन सकेको छैन ।

ग्रामीण भेगमा अझै पनि बाटाघाटा, पुलपुलेसाको निर्माण नभएकाले नियमित रूपमा जनशक्ति, औषधी, औजार र उपकरण आपूर्ति गर्नु कठिनाइ भइरहेको साथै वर्षाको बेलामा बिरामी ओसार-पसार गर्नका लागि एम्बुलेन्स संचालनमा बाधा ररिरहेको छ । त्यसैगरी ग्रामीण भेगको स्वास्थ्य क्षेत्रको योजना तर्जुमा र कार्यान्वयन तथा निजी क्षेत्रमा स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाको पहुँच र गुणस्तरको प्रभावकारी अनुगमन र मूल्यांकन हुन सकेको छैन ।

अर्को कुरा के हो भने ग्रामीण भेगमा आमरूपले गरिवी र अशिक्षाले गर्दा पनि स्वास्थ्य सुविधाको पहुँचमा सकारात्मक अवस्था सृजना गर्न गाह्रो भइरहेको छ । कतिपय स्थानीय गाउँपालिका स्तरमा स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम संचालन भइरहँदा पनि लक्षित वर्ग तथा कोच मूलआदिवासी राजवंशी समुदाय पछि नै परिरहेका छन् । अनि उनीहरूको समुदायमा सुर्तिजन्य तथा मादक पदार्थको सेवनले गर्दा पनि स्वास्थ्य अवस्थामा नकारात्मक असर पुऱ्याएको अवस्था छ ।

नेपालमा ०७५/०७६ सालको आर्थिक वर्षको अनुसार नवजात शिशु मृत्यु दर २३ प्रति हजार, पाँच वर्षमुनिका बाल मृत्युदर ३८ जना प्रति हजार र मातृ मृत्युदर २५८ प्रति लाख रहेको अवस्थाले

कोच राजवंशी समुदायमा माथि उल्लिखित सूचकले देखाएको तथ्यांक भन्दा केही बढी नै हुने कुरा अड्कल गर्न सकिन्छ।

उनीहरूको समुदायमा शिक्षामा अग्रसरता, रोजगारी प्रवर्द्धन, महिला शिक्षा जस्ता कुराहरूलाई सुधार गर्न र ग्रामीण तथा शहरी क्षेत्रको स्वास्थ्य सेवाको असन्तुलनलाई राज्यबाट निराकरण गर्ने उपाय निकाल्न सकेमा मात्र कोच समुदायलाई स्वास्थ्य सेवाको पहुँचमा अगाडि ल्याउन सकिन्छ।

१०.६ खानेपानीको सुविधासँगै पहुँच

नेपालको सुदूरपूर्व दक्षिण तराई क्षेत्र अर्न्तगत पर्ने जिल्लाहरू झापा, मोरङ र सुनसरीमा सघन बसोबास गर्ने कोच मूलआदिवासी राजवंशी समुदायमा स्वच्छ खानेपानीको सुविधा अभाव रहेको छ। यी जिल्लाहरूमा धेरै जसो ग्रामीण भेगका बस्तीमा जमिनमुनिबाट निकालिने टयुवेलको पानी प्रयोग गर्छन्। यस्तो पानीमा खराव तत्व आर्सेनिक मिसिएर आउने हुँदा मानिसलाई पेट र छाला सम्बन्धी रोगले सताएको भेटिन्छ।

कोही कोही कुवा, इनारको पानी पनि प्रयोग गर्छन्। तर इनारको पानी खान भने योग्य रहदैन। यसरी पानी खानयोग्य नरहे पनि बाध्यतावश खानु परेको छ। कोही कोही पैसा हुनेले फिल्टर प्रयोग गरी जेनतेन बाँच्नु परिरहेको छ। शहर बजारमा खानेपानीको ट्याङकीको सुविधा छ। साथै शहर बजारका मानिसहरू स्वच्छ खानेपानीको लागि सचेत पनि छन्। उनीहरू आफ्नो घर बाहेक अन्यत्र जानु परेमा र केही खानेकुरा खानु परेमा सुरक्षित मिनरल बोतल वा जारको पानी खाने गर्दछन्।

वास्तवमा पानी जीवनको सबैभन्दा आवश्यक तत्व हो। कुनै पनि प्राणी पानी बिना बाँच्न सक्तैन किनभने पानी जीवन र आत्मा एवं कोमलता र शान्तिसँग सम्वन्धित छ।

पृथ्वीमा रहेका सबै मनुष्यलाई पिउने र दैनिक सरसफाइ गर्ने जस्ता विभिन्न प्रयोजनका लागि पानी चाहिन्छ। पानी नै जीवन हो।

त्यसैले हरेक वर्ष १९९८ देखि २२ मार्चलाई विश्व पानी दिवसको रूपमा मनाउने गरिएको छ । यस दिवसले सिंगो मानव जातिलाई स्वच्छ खानेपानीको पहुँचको मूल्यलाई अधिकारको रूपमा स्थापित गराउन बल पुगेको र स्वच्छ खानेपानीको महत्त्वलाई आत्मसात गराएको अवस्था छ ।

नेपालको सन्दर्भमा नेपाललाई जलस्रोतको हिसाबले विश्वको ब्राजिल पछिको दोस्रो धनी देशको रूपमा चिनिन्छ । यहाँ ५ हजार भन्दा बढी नदी, हिमनदीहरू रहेका छन् भने हिमाली हिमपात, ताल, तलैया, पोखरी, सिमसारहरू प्रशस्त रहेका छन् । तसर्थ, राज्यले पानीको उचित व्यवस्थापन गर्न सके पानीका पर्याप्त आत्मनिर्भर हुन गई बाहिर देशमा समेत स्वच्छ खानेपानी, हाइड्रोपावर, सिचाइका लागि पानी जस्ता कुराहरूको निर्यात गरी वैदेशिक मुद्रा आर्यन गर्न सक्ने अवस्था नेपालमा छ ।

हालसालै राज्यले सबै नागरिकलाई स्वच्छ खानेपानी उपलव्ध गराउन “राज्यको अभिभारा एक घर एक धारा” को नारा लिई अगाडि बढिरहेको छ । यर्थाथमा नेपालमा “काम कम, हल्ला बढी” को परिपाटीले गर्दा आम नागरिक वाक्क भएका छन् ।

हालसम्म नेपालको ग्रामीण भेगमा खानेपानीको पहुँच एकदम न्यून रहेको छ । यसले गर्दा नेपालको ग्रामीण भेगमा बढी संख्यामा वसोवास गर्ने कोच मूलआदिवासी राजवंशी समुदाय स्वच्छ खानेपानीको पहुँचबाट करिब ९०% नै वञ्चित रहेको अडकल काट्न सकिन्छ ।

अध्याय - एघार

भेषभूषा, चाडवाड, खानपान तथा लोकवार्ता

११.१ परम्परागत भेषभूषा

राजवंशी जाति तराईवासी मूलआदिवासी समूहमा पर्ने भएकाले यस जातिको भेषभूषा हल्का र पातलो कपडाको पाइन्छ। गर्मीमा प्राय: कमै मात्रामा शरीर ढाक्ने कपडाहरू हुन्छन् भने जाडोमा पनि धेरै जसो च्यादर ओढेरै दिन काट्ने गरेको पाइन्छ।

बिहेबाटुलो पाहुनापासा जाँदा र सामाजिक कार्यहरूमा सजधज भएर जानलाई केही मात्र पोशाकहरू प्रयोग गर्ने गरेको पाइन्छ। अनि कतिपय पोशाक बेहुलीको रूपमा प्रयोग गर्ने र कतिपय पोशाक नाचगानामा मात्र प्रयोग गर्ने गरेको पाइन्छ। केटाकेटी अवस्थामा, युवा अवस्थामा, बूढाबूढी अवस्थामा समेत प्रयोग हुने लुगाहरू सामान्य रूपमा मात्र फरक भएको पाइन्छ।

पुरुषहरूले प्रयोग गर्ने लुगाहरूमा पघ्री, गाम्छा, घोङोर, गेन्जी, चादर, कामिज, गोल गेन्जी, गिलाप, गालफान, ढेका, धुति, लेंङटी, तेउनिया, पाभ्कल, गाति मुख्य हुन्। साना केटाहरू १५/१६ वर्ष उमेरसम्ममा लेङटी र पाभ्कल लाएरै दिन बिताउने गर्दछन्। जाडोको समयमा शरीरमा गाति ओढने गर्दछन्।

लेंङटी भन्नाले सवाहात वा दुईहातको कपडा अगाडि कन्दनी (सिको) मा भित्रबाट हालेर अर्को छेउ दुई तिघ्रा मुनिबाट छिराएर पछाडि कन्दनी (सिको) मा बाहिरबाट भित्र उन्ने गरिन्छ भने पाभ्कल

पनि त्यही प्रकारले अगाडिबाट कन्दनी (सिको)मा छिराई केही भाग अगाडि झुन्ड्याई राखेर लामो भाग दुई तिघ्राको मुनिबाट छिराई पछाडिबाट कन्दनी (सिको) मा घुसाएको हुन्छ ।

गाति प्राय: जाडोमा पिठ्यु छोपेर कपडाको दुई छेउ काँध माथिबाट घाँटी अगाडि ल्याएर दुवै कुना गाँठो पारिदिएको हुन्छ । अर्थात् यी कपडाहरूमा कुनै सियो धागोको प्रयोग, सिलाई गर्नु परेको हुदैन । ठूलो मान्छेको हकमा पनि गर्मीमा घाँटीमा एउटा गाम्छा र जाडोमा च्यादर वा गिलाप प्रयोग गर्ने गर्दछन् ।

त्यस बाहेक लाज छोप्ने कामको लागि पाझल र अलिक सभ्य भावले भन्दा तेउनिया प्रयोग गर्ने गरिएको हुन्छ । तेउनिया भन्नाले पाझल भन्दा केही लामो कपडा हो– जुन पाझल जस्तै अगाडिबाट लगाएर अगाडिको लामो भाग कमरमा गाम्छा जस्तो लपेटेको हुन्छ । खेतमा काम गर्दा प्राय: यस्तै पहिरनमा रहेको हुन्छ र अत्यधिक रूपमा गोलगेन्जि जिउमा पहिरेको हुन्छ ।

हाट-बजार र पाहुना जाँदा वा बिहे बटुलो आदि सामाजिक कार्यहरू सहभागी हुन जाँदा भने कट्टु, कमिज, धोती र गम्छा उपयोग गर्ने गर्दथे । त्यस अतिरिक्त अलिक पछिल्लो समयमा आएर ज्वारिकोटको चलन पनि थपिएको पाइन्छ । बिहे गर्दा बेहुलालाई सेतो लामो कपडालाई गुलाबी रंगमा रंगाएर टाउकोमा पगरी लगाई दिने गरिन्छ । पगरी सोह्र हातको लामो कपडा हुनु पर्छ भनिए तापनि आजकल लामो भन्दा छोटो नै हुन थालेको छ ।

पगरी बाहेक जिउमा गन्जी वा कमेज र कमरमा लगाउन धोतीहरू पनि रातो रंगमा चोभेर सुकाइएको हुन्छ । धोती लगाउने तीन तरिका हुन्छ । साँट धोती, झुला धोती र आँटअ धोती । साँट धोती लगाउँदा अगाडि मुजा (कुचि) पारेर वा झुण्ड्याई लामो भाग कमरमै बेर्ने गर्दछन् । झुला धोतीमा अगाडिपट्टि मुजा (कुचि) पारेर झुन्ड्याएर राखेको हुन्छ र आँटअ धोतीमा हिंड्न डुल्न, काम गर्न सजिलो होस भन्ने हिसाबले घुँडासम्म उठाएर लगाउने गरिन्छ ।

आँटअ धोतीमा अगाडि मुजा (कुचि) पारेर झुन्ड्याएको हुदैन ।

साँट धोती जस्तै बढी भाग कमरमै लपेटेर राखिन्छ। आँटअ धोती अरू सामान्य धोती भन्दा छोटो नै हुने गर्दछ। सामाजिक कार्यमा जाँदा प्राय: एउटा गम्छा काँधमा बोक्ने गरिएको हुन्छ। यो गम्छा मुख पुछ्न, पसिना पुछ्न, कसैलाई ढोग्न पनि सभ्यताको रूपमा अनिवार्य हुन्छ।

कहिलेकाहीं यही गाम्छा टाउकोमा पगरी बेर्ने र कहिलेकाहीं कमरमा ढेका बनाएर पहिरने काममा पनि प्रयोग गरिने हुनाले गम्छा राजवंशी समुदायको सभ्यताको प्रतीक नै हो भन्न सकिन्छ।

महिलाहरूले प्रयोग गर्ने लुगाहरूमा गजी, पेटानी, घोङोर, बर्हती, चादर, गिलाप, झाङासारी, सल्कासारी, काँघेर काप्रा, बोटिस, मान्ता, ढेका, साँया, घाग्रिजामा, झपा आदि इत्यादि मुख्य हुन्। स-साना केटीहरू कमरदेखि तल गजी लगाउने गर्दछन्। गजी भन्नाले प्राय: एक गजको सानो अरज भएको तानमा बुनेको पेटानी जस्तै हुन्छ।

एक गज भन्दा ठूलो नहुने हुनाले गजी भन्ने चलन रहेको हो। गर्मीको समयमा यही गजीले नै दिन बिताउने गर्दछन् भने जाडोमा ठन्डीबाट जोगाउन गाती ओढाउने पनि गरिन्छ। वयस्क तरूनीहरूले ढाला पेटानी लगाउने गर्दछन्। त्यस बाहेक कमरमा ढेका (पटुकी) बाँध्ने गर्दछन्।

कामकाजको दौरानमा र बेला मौकामा बर्हती वा त्यसको साटो गम्छा नै चादर जस्तो ओढछन्। बर्हती भन्नाले गम्छा जस्तै (सल वा पछ्यौरा) कपडा हो बर्हतीको रूपमा साडीलाई या अन्य छुट्टै कपडा पनि प्रयोग गर्दछन्।

बिहेबाटुलो, पाहुनापासा, सामाजिक कार्य आदिमा सहभागी हुँदा युवतीहरू प्राय: ढाला पेटानी, बर्हती, ढेकाको प्रयोग गर्ने गर्दछन् भने पछिल्लो समयतिर आएर सारी, बटिस, साँयाको प्रयोग बढ्दै गएको छ र साना केटीहरूलाई जामा, घाग्रि, घाग्रिजामा, पनि सिलाइ लगाउने चलन बढ्दैछ।

विवाहमा बेहुलीलाई सेतो कपडालाई गुलावी रंगमा रंगाएर सुकाई त्यसैको घोङोर (घुम्टो) र त्यसैको पेटानि जस्तो बेर्ने बर्हतीको

रूपमा प्रयोग गर्ने पुरानो चलन भए तापनि पछिल्लो समयतिर झाङासारी, कुचिसारी, चिल्का घोङोर ओढने लगाउने गरेको पाइन्छ। ठूला ठूला सम्पन्न परिवारमा बूढीहरूले पनि पछिल्लो समयतिर सल्कासारी पहिरिने गरेको पाइन्छ ।

उपर्युक्त कुराहरू बाहेक राजवंशी नाचगानहरूमा पनि नाचगान अनुसार विशेष प्रकारको राजवंशी पोशाक लगाउने गरेको पाइन्छ। जुन पोशाक प्राय: राजवंशी नाचगानमा नै प्रयोग गरिएको पाइन्छ। अन्य समाजमा प्रयोग गरेको पाइन्न ।

राजवंशी नाचगानको पोशाकको हकमा सास्तरी वा ढोल साहेना नाचमा मात्र जातीय पहिरन अनुसारका पोशाकहरू पुरुषले धोती, कमिज, कुर्ता, पाइजामा, गाम्छा, पघरी आदि लाउने गर्दछन् भने महिलाको हकमा ढाला पेटानी, बर्हती, मान्ता, फता, आदि प्रयोग गर्दछन् । अन्य बतिया (जोकर) आदिले अङ्ग्रेजी टोपी, चस्मा, पाइजामा, बुट्टेकामिज आदि लगाउँछन् ।

बाउधिया (नायक), वाउधियानि (नायिका), बतिया (जोकर), बाहेक अरू कलाकारहरू साधारण राजवंशी पोशाक मै धोती, कमिज गाम्छा प्रयोग गर्दछन्। त्यस्तै पाचाली नाचमा भने झल्की (नाच्ने केटी), छक्रा (नाच्ने केटा) जो केटी नै सजिएको हुन्छ। प्राय: सारी र घोङोर प्रयोग गर्छन्। पेटानीको प्रयोग गरेको पाइदैन। नटुवा नाचमा नटुवा हुनेले त रातो चौवन्दी र रातो घाघरी लगाउने गर्दछन् भने बतिया (जोकर) ले प्राय: सबै नाचमा टोपी, चस्मा, बुट्टे पाइजामा, बुट्टे कमिज वा बुट्टे चौवन्दी लगाउने गरेको पाइन्छ। यस बाहेक पूजा कार्यमा धार्मिक नाचगानको रूपमा नाचिने गाइन, राब्नीया आदि नाचहरूमा पुच्छर भएको पघरी लगाउने गर्दछन् भने जिउमा धोती, कमिज लगाउँछन् ।

गलामा गाम्छा लिने गर्छन्। बडनाच अर्थात् बड गाअन भन्नाले नाचमा जस्तै मुखुण्डो (मखा), धार्मिक राजा महाराजा हुने किसिमको कथावस्तुको नाचमा राजा, रानी आदि दर्शाउन लगाइने पोशाकलाई चखा भनिन्छ । यस्ता कलाकारहरूले खुट्टामा सुरुवाल लगाउने

गर्दछन् । रामायण सम्बन्धी नाचमा मुखुण्डो (मखा) हरूको बढी प्रयोग गरेको पाइन्छ । तथापि, यी नाचमा धोती, कुर्था, पेटानीको प्रयोग गरेको पाइन्छ ।

जिउमा लगाउने लत्ताकपडा पोशाकहरू बाहेक राजवंशी समाजमा ओढ्ने ओछ्याउने कपडाहरूमा धक्रा, झालङ, फरस, हिरावलि, चारखेना, सेतरन्जा, विछना, कमल, वैठकी, लारि, सिटन, फाटी, पाटिया, आदि ओछ्याउने बस्ने काममा प्रयोग गरिन्छ भने चादर, राजाइ, गाडिर झाप, छतर आदि ओढने ओढाउने काममा प्रयोग हुन्छ । त्यस्तै सामान राख्न बोक्नलाई जाउली, झला, दुइजाउलिया आदि सामान कतिपय घरमै बनाउने गरिन्छ ।

११.१.२ परम्परागत गरगहना र साज सज्जा



तस्वीर नं. २५ः
दो नरीया चन्द्रहार, ठेङ बाजू, ठेङ खारू, बाजू (गलामा लाउने माला, खुट्टा लगाउने गहना)
साभारः लखनलाल राजवंशी

तस्वीर नं. २६ः
कमर कोस, (कमरमा लाउने गहना) हासली (घाँटीमा लगाउने गहना)
साभारः लखनलाल राजवंशी

गरगहना र साजसज्जा नारी जातिहरूको अलंकार भए तापनि राजवंशी समाजमा पुरुषले पनि परम्परागत रूपमा केही गहनाको प्रयोग भएको देखिन्छ । तर नारीको तुलनामा पुरुषले लगाउने गहना धेरै कम मात्रामा पाइन्छ । गहना कुनै जातिको पेवा हुन सक्दैन जस्तो कि पहाडमा बस्ने जातिहरूमा एकै किसिमको गहनाको प्रयोग आंशिक रूपमा फरक हुँदाहुदै पनि अर्को जातिका मानिसहरूले पनि प्रयोग गरेको पाइन्छ ।

त्यस्तै तराईतिरका जातिहरूको गहना पनि सामान्य रूपमा फरक पारेर एक दोश्रो जातिका मानिसहरूले प्रयोग गरेको देखन पाइन्छ । एक जातिका देखासिकी अर्को जातिले पनि प्रयोग गरेका हुन्छन् ।



तस्वीर नं. २७ः
गोट माला, चन्द्रहार, टाकारहार (घाँटीमा लगाउने चाँदीका मालाहरू)
साभारः आशिनलाल राजवंशी

तस्वीर नं. २८ः
कृष्ण चुरा, नथ (पाखुरामा लगाउने गहना, नाकमा लगाउने गहना)
साभारः आशिनलाल राजवंशी



तस्वीर नं. २९ः
सितिबन, ठेङखारू, चुराति (निधारमा लगाउने गहना, खुट्टामा लगाउने गहना, हातमा लगाउने चुरा)
साभारः आशिनलाल राजवंशी



तस्वीर नं. ३०ः
कानेर सना, माठा (**कानमा लगाउने सुन, हातमा लगाउने चुरा**)
साभारः आशिनलाल राजवंशी



तस्वीर नं. ३१ः
चुलीचापा, छरानी थका (कपालमा लगाउने गहना, सारीको पछ्यौरामा बाँधिने साँचोको झुप्पो)
साभारः आशिनलाल राजवंशी



तस्वीर नं. ३२ः

ठेङबाजू (खुट्टामा लगाउने गहना)



तस्वीर नं. ३३ः

पाथल बाला आङठी, आङठी (औलामा लगाउने औंठी)

साभार : लखनलाल राजवंशी

तस्वीर नं. ३४ः

नाकेर बेसन, कानेर माक्री (नाकमा लगाउने गहना, कानमा लगाउने गहना)

साभारः लखनलाल राजवंशी

गहना साजसज्जामा कुनै जातिले बढी मात्रामा प्रयोग गर्ने गरेको वस्तुहरूको आफ्नै प्रकारको नाम राख्नुले पनि त्यस जातिको मौलिकता झल्कन्छ। जुन जुन गहनामा आफ्नै भाषामा नाम रहेको हुदैन; त्यस्ता गहनालाई सम्वन्धित जातिको परम्परागत गहना भनेर भन्न पनि मिल्दैन।

राजवंशी पुरुषहरूले प्रयोग गर्ने गहना विशेष गरी वाल्यकालमा मात्रै बढी प्रयोग भएको पाइन्छ। त्यसरी नै महिलाहरूले गर्ने साजसज्जा पनि विवाहित र अविवाहितको रूपमा छुट्याउन सकिन्छ। यस जातिमा पनि विधवाहरूले साजसज्जा नगर्ने चलन रहेको भए तापनि विधवाले अनिवार्य सेतो लुगा प्रयोग गर्ने पर्छ भन्ने देखिदैन।

पुरुष जातिले प्रयोग गर्ने गहनाहरूमा कानमा लाउने ललुक अथवा रोल, हातमा लगाउने माठा, बाँहाँमा लाउने डरा, आँखामा लगाउने सुर्मा (काजल), औंलामा लगाउने आँङठी, निधारमा लगाउने फटा (टिका), दाँतमा रंगाउने मिसी, घाँटीमा लगाउने माला, मेन्डेल, पान, ढोप, मादली, कानको माथिल्लो भागमा लगाउने कन्सी आदि नै हो।

प्राय: वाल्यकालमा बढी लगाउने र जति उमेर बढ्दै जान्छ पुरुषहरूको गहना लगाउने चलन घट्दै जान्छ र सामान्य रूपमा कन्सी, आँङठी (औंठी), सिक्री, मादली, ढोप, पानमा मात्र सीमित हुँदै जान्छ। दाँत रंगाउने मिसीको प्रयोग भने ठूला पुरुषहरूले पनि पहिले पहिले प्रयोग गर्ने गर्दथे।

आजकल मिसीको प्रयोग अलिक अगाडिदेखि नै हराइ सकेको छ। मिसी भन्नाले एक प्रकारको कालो रंगले दाँत रंगाउने वस्तु थियो। त्यो कसरी प्रयोग र कुन वस्तुको थियो ? यस समाजमा कसैले भन्न सकेको छैन। तर त्यसको नाम अर्थात् दाँतको सजावट साधनलाई मिसी भन्ने शब्द रहिआएको छ।

कोच राजवंशी महिलाहरूको हकमा धेरै प्रकारका गहनाहरू पाइन्छ। शिरदेखि पैतालासम्म गहना प्रयोग गर्ने गर्दछन्। साजसज्जामा र एक दुई गहनाले विवाहित र अविवाहित महिला छुट्याइन्छ।

महिलाहरूले प्रयोग गर्ने साजसज्जा र गहनाहरू यस प्रकार भएको पाइन्छ ।

शिरमा लगाउने गहनामा सितिवन, मानटिका, चुलिचापा, चान, फिता (रिविन) चुलि झपा, चुलिर खपाकाटा इत्यादि हुन्। सिउँदोमा सिंन्दुर विवाहित महिलाले मात्र लगाउँछन् र रातो टिका विधुवाले बाहेक सबै महिलाले लगाउँछन् । कानमा लगाउने गहनामा सुनमा (रोल सना, जाति सना, मात्री सना) इत्यादि हुन् । जातिसनालाई अर्को शब्दमा चेप्टासना पनि भनिन्छ ।

भर्खर कान छेडेको अवस्थामा टप, सिज्गा लगाउने गरिन्छ। सना पनि दुई प्रकारले लगाउने चलन छ। सिक्रिटाना सनामा चेप्टा सना, रोल सना, मात्री सना गह्रुँगो भएमा सिक्री लगाइने हुनाले त्यस्तो सुन (सना) लाई सिक्रीटाना सना भनेर भन्ने गर्दछन् । कानमाथि पुरुषले जस्तै महिलाले पनि कन्सी लगाउने गर्छन् । अलिकपछिबाट चाकी सनाको पनि निकै प्रयोग गर्ने चलन भएको छ ।

नाकको गहनाको रूपमा किसिम किसिमका नथहरू जस्तै: सल्का नथ, सिक्रीटाना नथ, जलडुब्बा नथ, नाकेर छात्या अर्थात् वेसन पनि भन्दछन् भने कसै कसैले नाकेर फूल पनि भन्ने गरेको पाइन्छ । तर यसको वनावटमा सामान्य फरक रहेको पाइन्छ । छात्या प्राय: कानमा लाउने टप जस्तै सानो गहना हो भने नाकको फोरमा अलिक ठूलो वेसनमा फुर्का झुलाइएको हुन्छ। वेसन सामान्य रूपमा नाकको वेसन लाउने प्वाल नटालियोस् भनेर लगाउने सबैभन्दा सानो गहना हो। त्यस बाहेक नाकको दुवैपट्टिको प्वाल छुट्याउने भागमा छेडेर लगाउने गहनालाई नाकको बुलाकी (टुलटुलिया) भन्ने गरिन्छ ।

राजवंशी महिलाहरूले ओंठको सजावटमा परम्परागत रूपमा कुनै वस्तु प्रयोग गरेको नभए तापनि पछिल्लो समयमा बजारमा लिपिस्टिक उपलव्ध भए पश्चात् लिपिस्टिकलाई ठोटेर लाली भन्ने गरेको पाइन्छ ।

अनुहारमा पनि त्यसैगरी पछिल्लो समयतिर हिमाली पाउडर, क्रिमको प्रयोग बढ्दै आएको बुझिन्छ । अन्यथा परम्परागत त्यस्तो

गाला सजाउने वस्तु प्रयोग भएको कुरा इतिहासमा थाहा पाइएको छैन ।

घाँटीमा लगाउने गहनामा गोट माला, बिछ्या माला, चन्द्रहार, मुगारमाला, भोरोलमाला, सिक्रीमालामा पनि पान, मेन्डेल, मादली जडान भएको हुन्छ । मादलीलाई अर्को शब्दमा ढोप भनिन्छ । तर ढोपको प्रयोग खासगरी बालबालिकाहरूमा धामी, झाँक्रीद्वारा अभिमन्त्रित र जडि भरिएको जन्तर हो । "पान" पानकै पातको सकलमा हुन्छ भने मेनडेल पैसा जस्तो गोलो हुन्छ ।

यस बाहेक काठिमाला र पैसाको माला पनि लगाउँछन् । पैसाको माला भारतमा कम्पनी सरकार चलेदेखि चाँदीका सिक्काहरूबाट माला बनाइएको सिक्काको मालालाई टाकार हार, आदलिहार, सुकिहार भनिन्छ । टाकाहारमा रूपैयाँको प्रयोग, आदलि हारमा आधा रुपैयाँ अर्थात् आठनीको प्रयोग र सुकिहारमा टाकाको चौथाइ अर्थात् चारानीको प्रयोग भएको हुन्छ ।

पाखुरामा लगाउने गहनाहरूमा सिटी तार, झुरी तार, वासपातारी तार, रानी चुरी, कृष्णचुरा, खिलिडरा, डरा, हातबाजु आदि हुन् । सल्का डरा केटाहरू एउटा वाहामा मात्रै लगाउने गरेको पनि पाइन्छ । अन्यथा बढीमा युवती र केटीहरूले नै प्रयोग गर्ने गर्दछन् ।

नाडीमा लगाउने गहनाहरूमा झुरिखारू, जातिखारू, पिटा खारू, वालिया, सतेर खारू, चुराती, काङकन, साकअ, माठा इत्यादि हुन् । साकअ विवाहित महिलाले मात्र लगाउँछन् । अविवाहित महिलाले साकअ लगाउनु हुदैन । साकअ पनि झुरि साकअ र मुठिया साकअ दुई किसिमका हुन्छन् ।

झुरि साकअ भनेको चुरा जस्तै एक भाग मात्र भएको शंख चुरा हो र मुठिया साकअ भनेको पाट पाट छुट्टिएको धेरै शंख चुराको एकै ठाउँमा अर्थात् एक आपसमा सिंदुर थुवनको गमद्वारा टाँस्सेर बनाइएको शंख चुरा हो । एक एक वटा पाट पालो गरी हातमा छिराएर पछिबाट हातमै गमले जोड्ने गरिन्छ ।

यसरी पहिरिएर जोडिएको शंख चुरालाई मुठिया साकअ भनिन्छ ।

विधुवा हुने वित्तिकै महिलाले यस्तो चुरा फुटाउनु पर्छ र सिंदुर पनि पखाल्ने गर्नु पर्छ। सारी या पेटानीमाथि कमरमा लगाउने डिजाइनदार अर्को गहनालाई राजवंशी भाषामा कमरकोस भन्ने गरेका छन्।

यस बाहेक सारीको पछ्यौरामा सारीलाई पछाडिबाट तानेर तन्काएर राखोस् भनेर छरानी झपा भन्ने गहना पनि सारीको पछ्यौराको कुनामा झुन्ड्याउने गरिन्छ। छरानी झपा भनेको चावीको झुत्तो हो। तर वास्तविक चावीहरूको नभएर चाँदीबाट बनाइएको नक्कली चावीको झुत्तो हुन्छ।

गोडामा लगाउने गहनाहरूमा खारूआ, छारा, पाअबाजु, घुगुराबाजु आदि हुन पाअबाजु (पायल) डिजाइनदार हुन्छ। खारूआ पनि किसिम किसिमका, मोटो रूपमा बनाइएको हुन्छ भने छारा पातलो र कम्तिमा २/४ वटा गरि प्रत्येक खुट्टामा लगाइन्छ। हिंड्दाखेरी बज्ने हिसाबले लगाइन्छ। खारूआ पातलो खालको भए पनि यो २/४ वटा का दरले खुट्टामा लगाइन्छ। पातलो खारूआ बटारिएको हुन्छ भने मोटो खारूआ एउटा खुट्टामा एउटाका दरले लगाइने गरिन्छ।

उपर्युक्त प्राय: सबै गहनाहरू चाँदीका नै हुने गर्दछन्। नाक र कानको गहनाहरू भने सुनको बनाइएको हुन्छ। उहिले उहिले घाँटीमा सातसरिहार पनि लगाउने गरिन्थ्यो। हाल यो लोप भइसकेको गहना हो। यस बाहेक औंलामा आँङठी-औंठी सुनको वा चाँदीको दुवै प्रकारको लगाउने चलन छ। पुरानो औंठी (आङठी) बेरूवा औंठी हो भने पछि गएर डिजाइनदार हुन गएको हो। डिजाइनदार हुन अगाडि औंठीमा सिक्का (पैसा) जोडने पनि गरिन्थ्यो।

११.२ मुख्य मुख्य जातीय चाडवाडहरू

राजवंशी जातिका चाडवाडहरू तिथि र मिति दुवैको आधारमा मान्ने मनाउने गर्दछन्। कुनै कुनै पर्वहरू सौर्यमास अर्थात् मितिको आधारमा हुन्छ भने कुनै कुनै पर्व तिथि अर्थात् चन्द्रमासको आधारमा हुने गर्दछ। मितिको कुरा गर्ने हो भने कोच राजवंशीहरूको आफ्नै प्रकारको पात्रो हुन्छ; जसलाई भास्कर सम्वत् भन्ने गरिन्छ। उनीहरू

भास्कर सम्वत्को आधारमा चल्दछन् ।

भारतका महाराज विक्रमादित्यले चलाएको विक्रम सम्वत्को सुरू भए पछि ठिक ६ सय पचास वर्षपछि भास्कर बर्मन भन्ने महाराजले आफ्नो राज्यमा भास्कर सम्वन् चलाएका हुन् । यो सम्वत्मा गतेमा पनि एक दिनको पछि पर्दछ । विक्रम सम्वत्ले वैशाख १ गतेका दिन भास्कर सम्वत्मा चैत मसान्त पर्दछ र विक्रम सम्वत् २ गते वैशाखमा भास्कर सम्वत्को १ गते पर्दछ ।

राजवंशीमा गतेलाई तारिक भन्ने गरिन्छ । यस्तो फरक भए तापनि संक्रान्ति एउटै दिनमा मान्ने गर्दछन् अर्थात् विक्रम सम्वत्ले १ गतेका दिन संक्रान्ति पर्दछ भने भास्कर सम्वत्ले मसान्तका दिन संक्रान्ति पर्दछ ।

उनीहरूमा चाडपर्वहरूलाई पोल पावनी भनिन्छ । पोल पावनीको कुरा गर्दा आफ्ना देवी-देवताका पूजा पाठको सम्बन्ध रहेको हुन्छ । कोच राजवंशीहरूको प्रजा पाठको कुरा गर्दा यहाँ सर्वप्रथम दिनचर्याको कुरा गरिहाल्नु पर्ने देखिन्छ । दिनचर्याको कुरा गर्दा विहान ओछ्यान त्याग गरेदेखि रात्रीको खानपिनपश्चात् सुत्ने वेलासम्मको कुरा आउँछ ।

उनीहरूका गृहिणीहरू विहान उठेपछि घर आँगन बढार्ने र भान्सा अनिवार्य रूपले लिप्ने गाईगोठ, बाखाखोर आदि खाली गरी सफा गरेर आँगनमा छेरछान दिने वा पूरै आँगन गोबरले लिप्ने गर्छन् । छेरछान भन्नाले आगन लिप्नुको सट्टा गोबरको घोल बनाएर आगनमा चारैतिर छर्कनुलाई भनिन्छ ।

उपर्युक्त कार्यहरू पूरा भएपछि लुगाफाटो धुने, नुहाउने कार्य गरी कुलदेवता थान ठाकुरबारीमा ठाकुर पाट, ब्रम्हानी थान, कालिमाताका थानहरूको लिपपोत गरी त्यसमा धुप बाल्ने (आङरा धुम्ना बाल्ने) काम गरेर मात्र भात भान्सातिर लाग्ने गर्दछन् ।

ननुहाइकन भात भान्सा गर्दैनन् र भान्सा कोठालाई लक्ष्मी भएको कोठाको रूपमा मान्यता राख्दछन् । यसैगरी दिनभरको काम धन्दा पछाडि साँझतिर गाईगोठ, भरेपछि गृहिणीले ठाकुर, ब्रम्हानी, घरद्वार

सबैतिर साँझबत्ती देखाएर पुन: भात भान्सातिर लाग्ने चलन छ ।

यस बाहेक हरेक मुख्य मुख्य पर्वको बेला घर-आँगन लिपपोतका साथै सम्पूर्ण लुगा कपडाहरू धोइ पखाली (भिजासिजा अर्थात् खारपानी) गर्ने चलन छ । भिजासिजा वा खारपानी भन्नाले घरको कपडाहरू मात्र होइन कि ओढ्ने ओछ्याउने वस्तुहरू जस्तै: तन्ना, च्यादर, धक्रा इत्यादि पँधेरामा लगेर धुने कार्यलाई भनिन्छ । भिजासिजा भन्नुको अर्थ खार (सोडा) मा डुबाएर ठूलो कराही चुल्हामा बसाएर पानी तताउने उसिन्ने कार्य हो ।

अर्को, खारपानी भन्नाले पनि यही कुरा जनाउँछ। खार भन्नाले लुगा धुने सोडालाई भनिन्छ र सोडा पानीसहित तताएर पानीमा कपडा डुबाएर धुने पखाल्ने गर्दा छिटै सफा हुन्छ। पहिलेको समयमा लुगा धुने सोडा नपाउँदा खरानी हालेर कपडा धुने गरिन्थ्यो । खरानीलाई खार भनिन्छ र यस समुदायमा खारपानी भन्ने चलन रहेको छ आज कल यो चलन हराई सकेको छ ।

राजवंशीहरूको मुख्य मुख्य पूजा पर्वहरूको कुरा गर्दा सिरूवा, विसुवा, आसारी-घासारी, जगरनाथ पूजा, बस्टमसेभा, जलम अस्टमी, बेरा पावनी, अनन्त डरा, जितुआ, जात्रा पावनी, गरूवाँसी, बड एकादसी, नाँया खुआ, माघि संक्रान्ति, बार्नि सिनान, जल ढाली, फाकडोल, तिस्ता बुढी, सापेना प्रसाद, चरक पूजा इत्यादि ।

११.२.१ सिरूवा (सिरूआ) पाबनी

सबै पूजा चाडवाडहरूमा सिरूवा पर्व राजवंशीहरूको सवभन्दा ठूलो पर्व र महत्त्वपूर्णको रूपमा मानिन्छ । सिरूवा पर्व विक्रम सम्वत्ले वैशाख १ गतेदेखि ३ गतेसम्म लगातार तिन दिन जल सिरूवा, काद सिरूवा र रङ सिरूवा भनेर क्रमश: मानिन्छ ।

यसैभित्र विशुवा, गछर पुर्ना, सातसागि, चैतेर नान्धाल वैशाखत खाबार, घाटोसरी वा तिस्ता बूढि भासानी, सालसुमारी आदि पूजा पानी गर्ने कामहरू हुन्छन् । राजवंशीको भास्कर सम्वत्ले चैत मसान्तको दिन जल सिरूवा पर्दछ । यसै दिन विशुवा सक्रान्ति

मानिन्छ र विशुवा पावनी पनि भन्ने चलन छ। विक्रम सम्वत्ले यो दिन वैशाख १ गते पर्दछ। जल सिरूवाको दिन घरका ठूला बडाहरू विहानै ओछ्यान छोड्ने वित्तिकै सबै बोट विरूवाहरूमा पानी हाल्ने काम हुन्छ।

सुक्खा मौसम भएकोले यस दिन बोटबिरूवामा पानी (जल) सेचन गर्दा बोट विरूवामा बाँच्ने सास आउँछ भनेर मान्दछन्। सबै बोट विरूवामा धेरै नभए पनि अलि अलि गरेर भए पनि सबैले पानी हाल्छन्। त्यसपछि ठूलावडाले आफू भन्दा सानाहरूको शिरमा पानी हालेर आशिर्वाद दिने गर्दछन्। सानाहरूले पनि यसैगरी ठूलावडाहरूको खुट्टामा पानी हालेर खुट्टा ढोगी आशिर्वाद लिने काम गर्दछन्। त्यसपछि आफ्ना साथी संगीहरूसँग पानी छ्यापा छ्याप गरेर रमाइलो मनाउने गर्दछन्। यसैलाई जल सिरूवा भनिन्छ।

यसै दिन विशुवा संक्रान्ति भएकोले विशुवा पावनीको रूपमा हरेक घरमा लसुन र प्याज झुण्ड्याउने काम गर्दछन्। भन्दछन् घरको विष मर्छ भनेर तर अर्को महत्त्वर्ण कुरा के हो भने आउने सालको औषधी जगेर्ना गर्नु हो। पहिलेको समयमा डाक्टर बैद्यहरू थिएनन् र ओझा धामीबाट नै विमार निको पार्ने कामहरू हुन्थ्यो।

मानिसमा विमार पलाउने मुख्य कारण सर्दी र गर्मी हुनाले हुने मान्यता थियो। विमारीहरू कि त शरीरमा सर्दी बढेर अथवा कि त गर्मी बढेर नै हुन्छ भन्ने ओझा धामीको धारण थियो। सर्दी बढेमा त्यसको दवाई लसुन सेवन गर्ने र गर्मी बढ्न गए औषधीको रूपमा प्याज सेवन गरेर विमारी सम्हालिन्थ्यो भन्ने धारणा हुनाले साग तरकारीको मसलाको रूपमा लसुन, प्याज नसिद्धियोस् भनेर जोगाउनलाई यो चलन रहेको छ भन्ने एकथरी ओझा धामीहरूको भनाइ रहेको छ।

विशुवा संक्रान्तिमा ओझा धामीहरू जंगल गएर जडिबुटी बटुल्ने कामहरू गर्दछन्। त्यस दिन जडिबुटी बटुलेर राखेको धेरै काम लाग्ने हुन्छ भन्ने विश्वास राख्दछन्। यसलाई “दारूबुटी जागावार” काम भन्ने गर्दछन्। कति कतिले मैनाकाटा, विर्तिकाटा, मादारकाटा,

पथघुराकाटा, जागृत गराएर घरको पछिल्लो भागमा उनेर राख्ने चलन छ ।

यसो गरेमा अनिष्ट देवता वा शत्रुले त्यस परिवारमा कुदृष्टि लगाउन सक्दैनन् भन्ने विश्वास गर्दछन् । विशुवाकै दिन राती सातसागी पकाएर खाने चलन छ । यो दिन रातीको खाना अलिक बढी उब्रने गरी पकाउने चलन छ । सातसागी खाएपछि शरीरको पीडा हराउँछ भन्ने विश्वास हुनका साथै चैत्रमा पकाएको वैशाखमा खाने चलन पनि हुनाले बढी रूपमा खाना पकाइन्छ ।

अर्थात् यस राती सबै खाना सोहोरसाहार पारेर खानु हुदैन भोलिपल्टको लागि उवार्नै पर्छ भन्ने हो । यसैलाई "चैतेर नान्धाल बइसागत खावार" भन्ने गरिन्छ । उब्रिएको भात भोलिपल्ट पानीमा भिजाएर पन्ता भात खाने गरिन्छ । वैशाख १ तारिक अथवा विक्रम सम्वत्ले वैशाख २ गतेको दिन काद सिरूवाको दिन मानिन्छ ।

काद सिरूवाको दिन कुल देवाताका थानहरूमा नयाँ कमेरो माटो भर्ने कार्य गर्दछन् । विशेषगरी विशुवा संक्रन्तिमै राम्रो लेसिलो माटो पाइने ठाउँबाट घरमा ल्याएर राखिन्छ र यो माटो ठाकुबारीमा ठाकुर पाट, विसहरी वा ब्रम्हानी थान, माता थान, कालि थानमा भरेर लिपपोत गरिन्छ ।

त्यस दिन कूलगुरु बोलाएर वा आफैंले ठाकुरबारीमा रहेका इष्ट देवदेवीका पूजा आराधना तान्त्रिक मन्त्र उच्चारणद्वारा गरिन्छ । यस कूल देवदेवीका पूजामा चाहिने पूजा सामाग्रीहरू कोला (केरा) को पात, पाकेको कोला, दही, च्युरा, लड्डु, भोग मसला, अक्षत (अक्षेता), घिउ, काँचो दूध, तुलसीको पात, गंगाको जल, भिजाएको चना, अदुवा, अगरवत्ती, धुप, माटाको दियो आदि अनेक सामाग्री जुटाएर विधिपूर्वक कुन-कुन देवदेवी देवतालाई के के सामग्रीले पुज्ने हो ? सोही अनुसार पूजा कार्यविधि अघि बढाएर दिउँसो एक बजेसम्म कूल देवदेवीको पूजा कार्य सु-सम्पन्न गरिन्छ ।

उब्रेको कमेरो माटोको घोल (काद) बनाएर आफू भन्दा सानाहरूको निधार, गालामा काद लगाएर आशिर्वाद दिने गर्दछन्

भने सानाहरूले ठूलावडाको गोडामा काद लगाइ दिएर खुट्टा ढोगी आशिर्वाद लिने गर्दछन् र त्यस पछि आफ्ना साथीसंगीहरूसँग हिलो छ्यापाछ्याप गरी रमाइलो मानी खेल्ने गर्दछन् ।

विशुवा संक्रान्तिकै राती चना भिजाएर राखिन्छ । त्यसैले काद सिरूवाको दिन गाजिमुरी खान्छन् । गाजिमुरी भन्नाले चनाको तरकारीसित मुरैलाई गाजिमुरी भनिन्छ । यस दिन बासी भात पन्ताभात खाने शुरूवात मानिन्छ । आउँदा दिनहरूमा गर्मी बढ्दै जाने हुनाले अघिल्लो दिन भिजाएर राखेको भात पन्ता भात खानाले दिनभरि जिउ शितल रहन्छ भन्ने हेतु पन्ता भात खाने सुरूवात यसै दिनदेखि हुन्छ ।

भात विशुवाको दिन बढी पकाइ खाएर उब्रेको राती नै पानीमा फुलाएर राख्ने गर्दछन् । यसैलाई नै चइतेर नान्धा बइसागत खावार भनिएको हो । विहान यही पन्ता बासी सातसागी र गाजिमुरी खाइन्छ । साथमा (बोरि) दालकै पकौडा पनि बनाएर खाइन्छ । दिउँसो काद सिरूवा खेलेपछि साँझ पर्न अगाडि केटीहरू नजिकैको जलासय खोला नभएको ठाउँमा पोखरीमा गएर “घाटोसरी” पूजा गर्न जान्छन् । तिस्ताबूढी मान्नेले तिस्ताबूढी विसर्जन गर्न जान्छन् ।

घाटोसरी भन्नुको अर्थ घाटको ईश्वरी अर्थात् घाट कि देवी भन्ने हो । तिस्ताबूढी पूजा भन्नाले पनि प्राय: एउटै अर्थको हो । भेदेखेलिको रूपमा ठाकुरलाई खोजी हिड्दा काद सिरूवाकै दिन घाटमा ठाकुरलाई भेट भएकोले ठाकुरानी घाटकी ईश्वरी (देवी) को रूप धारण गरेको भन्ने चलनले घाटोसरी भनिएको हो । घाटोसरी वा तिस्ताबूढी पूजा गर्न जाँदा भिजाएको काँचो चना, मुरै, लसुन, प्याज, अदुआ, अठिया केरा आदि पूजाको सामग्रीको रूपमा अनिवार्य लाने गर्दछन् ।

घाटमा पुगेपछि सबैको प्रसाद सामग्री साटासाट गर्ने काम हुन्छ-जसलाई “आलाइ वालाइ” गर्ने भनिन्छ । यस बाहेक धुप, बाति, काच दूध, भोग, सिंदुर, माल्भोग केला (केरा) आदि पनि प्रसाद चढाउँछन् । समूहमा एक/दुईले छाता पनि लगेका हुन्छन् ।

केटाहरू यसै दिन (चङ) गुड्डी उडाउने गर्दछन् । भनाइ नै छ "चङ्गा उडाए पानी पर्छ" भनेर । घाट जाँदा केटीहरू "लगिन गीत" गाउँदै जान्छन् र घाटमा पुगेपछि प्रसाद चढाएर घाटोसरी वा तिस्ताबूढी गीत गाउँछन् । यसमा सामान्य फरकको कुरा के छ भने घाटोसरी भनेर पुज्ने केटीहरूले बजारबाट माटोको रंगबुट्टाले सजाएको साानो घैला किनेर ल्याउँछन् ।

सो घाटमा पूजा स्थलमा राखेर दियो बालेर प्रसाद चढाउँछन् भने तिस्ताबूढी पूजा गर्नेमा आइमाईहरू सरिक हुन्छन् र प्रसाद चढाउँछन् । भाकल अनुसार परेवा उडाउनलाई पनि लग्ने गर्दछन् । प्रजा भई सकेपछि केटीहरूले घैंटो (घैला) हरूलाई खोलामै हिलोमा गाडिदिएर प्रसाद खान्छन् ।

छाता हुनेले फेरि छाता लिएर छाता उघारेर खोलामा डुब्नु पर्दछ र अरू सबैले त्यो छाताबाट चुहेको पानी गिलास, बटुकामा थापेर लुगा फेरि घर लाग्छन् । थापेर ल्याएको पानी घरको छतमा छर्कने गर्दछन् । त्यो पानीले छतमा छर्केपछि घरमा आगो लाग्दैन भन्ने धारणा हो अर्थात् पानी घाट ईश्वरी (घाट कि देवी) को आशिर्वाद हो भन्ने मान्दछन् ।

कोही कोही घाट पूजा गरेर आएपछि वेलुका अर्थात् घरमा राती सालसुमारी पूजा गर्दछन् भने कतिले घाट जान अगाडि नै घरमा सालसुमारी प्रसाद दिइसकेको हुन्छ । लागेको नयाँ वर्षभरि "सबैमा सुख-शान्ति कायम रहोस्, परिवारमा अनिष्ट, भूतपिचासहरूले पिरोल्न नपाओस्, शत्रुहरूले हानीनोक्सानी वा अरू कुनै अनिष्ट गर्न नसकोस्" भनेर कुलठाकुरको पूजा गर्ने गर्दछन् ।

यो सालसुमारी पूजा नयाँ वर्षको पहिलो दिनमै गरेको धेरै राम्रो हो । तर पनि कुलगुरुद्वारा गराउनेले यसै दिन सबैको घरमा गएर पूजा गरिदिन नभ्याउने हुनाले वैशाखको पहिलो हप्ताभित्रै अनिवार्य गर्ने गरिन्छ । कसैकसैले आफ्नो हितैषी धामीद्वारा वा जान्नेले आफ्नो घरमा आफैंले पनि पूजा गर्ने गर्दछन् । यस पूजामा "चातर बन" वा "चातर घेरानी" गर्ने काम अर्थात् आफ्नो घर आँगनको चार

सिमाना अभिमन्त्रित गरेर छेल्ने कार्य गरिन्छ ।

यो कार्य गरेपछि सालभरि त्यस परिवारमा कसैले टुनामुना गर्न सक्दैन भनिन्छ । यो कार्य कुलगुरुहरूले वा धामीहरूले आ-आफ्नो तरिकाले गर्ने गर्दछन् । अधिकांशले चौहदिको चार कुनामा एक एक वटा गरेर चारवटा र आँगनको विचमा एउटा माटोको कल्सी (खुटि) पूजा अभिमन्त्रित गरेर गाड्ने गर्दछन् ।

माटोको कल्सी (खुटि) भित्र सियो वा बल्छी, पथघुरा काँटा, कालिया गुन्जी, मादार काँटा, आदि इत्यादि जसले जुन तवरले जानेको हुन्छ त्यही अनुसार हालेर पूजा गर्दछन् । कसै कसैले एउटै माटोको कल्सी (खुटि) मा भोज पत्र कागजमा शंका भएका शत्रुहरूको नाम लेखेर हाल्ने गर्दछन् र अभिमन्त्रित गरेर बिच आँगनमा वा ठाकुर पाटभित्रै गाड्ने गर्दछन् ।

यसै दिनमा "गछर पुना" को कार्य पनि गर्ने गर्दछन् । "गछर पुना" भन्नाले अघिल्लो सालमा समेटेर राखेको धानको विउ छर्ने काम हो । यसको लागि "हाल जात्रा" अथवा हलो चलाउने शुरूवात गरेको हुन्छ । कतिले ठाकुरबारीमै एक कुनामा खनखान गरेर माटो नरम पारेर एकमुठी बीउको धान विधिपूर्वक छर्ने अर्थात् उमार्नलाई रोप्ने गरिन्छ ।

यो कार्य घरका गृहिणीले गर्ने पुरानो चलन भए तापनि पछि गएर लोग्ने मान्छेले नै गर्न लागेको पाइन्छ । यसको महत्त्व खेतिको समय नजिकै आएको संचित गरेर राखिएको बिउ ठिक छ वा बिग्रेको छ उम्रने क्षमता छ कि छैन ? भन्ने बुझ्नलाई हो । यदि संचित गरेर राखिएको बिउ बिग्रेको छ भने समयमै बिउको खोज तलाश गर्नुलाई मौका मिल्छ भनेर हुन सक्छ ।

काद सिरूवाको भोलि पल्ट रङ सिरूवा हुन्छ । यो रङ सिरूवा, सिरूवा पर्वको अन्तिम दिन पनि हो । यस दिन बडो हर्षोल्लासका साथ (ढोल साहेना) बाजा बजाएर गाउँ गाउँमा आफ्ना इष्ट-मित्रको घर गएर रंग खेल्ने गरिन्छ ।

कोच राजवंशीहरूको विभिन्न रंगको खेल खेल्ने विशेष पर्व नै

यही दिन हो। रंग खेलिने मुख्य पर्व सिरूवा नै मानिन्छ। यसरी सिरूवा पावनीले नयाँ वर्षको शुरूवात, नयाँ कामको साइतको आरम्भ, आगो वतासदेखि सतर्कता, रोग व्याधिबाट जोगिने उपाय, समयमै जडिबुटीको संकलन जस्ता कुराहरूको ध्यान सचेतना जगाउने काम गरेको हुन्छ।

साथै विगतका दिनहरूमा इष्टमित्र तथा साथीभाइहरू विच सृजना भएका मन मुटाव तथा रिसद्वेषहरूलाई तीन दिनसम्म जल सिरूवाको रूपमा धोइ पखाली गरेर काद सिरूवा र रंग सिरूवाको रूपमा हिलो, रंगले मुछिएर नयाँ मेल मिलापको भावनालाई बढाउने तथा रंग सिरूवा कै रूपमा शुभ कामना आदान-प्रदान गर्नुका साथै खुशियाली मनाउने पर्वको रूपमा रहेको छ।

११.२.२ **कलशा, डेला तथा जात्रा पावनी (बडा दशैं)**

आश्विन शुक्लपक्ष प्रतिपदाको दिन दुर्गा पूजाको लागि घटस्थापन हुन्छ। यसैलाई राजवंशीमा कलशा भन्ने गरिन्छ। दुर्गाबाली गाइन हुने बालाको घरमा अनिवार्य रूपले दुर्गा पूजाको लागि उनीहरूले घटस्थापना गर्ने गर्छन्। कलशा स्थापना गर्ने घरमूलीले ब्रतोपवास बस्नु पर्दछ। राजवंशी पूजारीलाई "माहात" भनिन्छ र राजवंशी मालीहरू पनि माहातको काम गर्ने गर्दछन्। माहातलाई बोलाएर घटस्थापना गराइ दिन्छन् र पूजा पनि गरिदिने गर्दछन्।

कतिपयले घरमूली (मारिया) आफैले नै पूजा गरी कलश स्थापन गर्ने गर्दछन्। राजवंशी समाजमा जमरा राख्ने चलन छैन। तर आजकल केहीले जमरा पनि राख्ने गर्दछन्। पुरोहितद्वारा कलश स्थापना गर्ने शुरूवात भएकोले जमरा हाल्न पनि शुरू भएको छ।

कलश राखेपछि मारियाले प्रतिदिन विहान पूजा गर्ने र बेलुका पनि धुप धुवन बालेर चार्निवात्तीले आरती गर्ने (चुमाउने) गर्दछन्। चार्निवात्तीमा नयाँ नाङ्लोमा धान, दुवो, पान, सुपारी, केराको काँइयो, दियो, घोट, सिंदुर, राखिएको हुन्छ। चुमाउने (आरती देखाए जस्तै गर्ने) बेलामा शंख फुकी घन्टी बजाउने पनि गर्दछन्। राजवंशी

परम्परागत चलन अनुसार चन्डीपाठ गर्ने गरिदैन।

सप्तमी पूजादेखि बलि विधान शुरू हुन्छ। मारिया (घरमूली) उपवास बसेर पूजा गरेर बलि चढाउँछन्। बलि दिदा हाँस, परेवाको बलि दिन्छन्। कुखुराको बलि राजवंशीहरूले दिने गर्दैनन्। सप्तमी अष्टमीको पूजा उस्तै हुन्छ। नवमीको दिनलाई "डेला" "महापूजा" आदि भन्ने चलन छ।

डेलाको दिन पञ्चबलिको रूपमा बोका, हाँस, परेवा, कुभिण्डो र घिरौंलाको बलि चढाउँछन्। कसै कसैले मनोकामना पूरा भएको खण्डमा भाकल अनुसार राँगा, चढाउने पनि गर्दछन्। राँगा चढाए तापनि राजवंशीहरू त्यसको मासु खादैनन्। राँगा खाने जातिलाई बोलाएर जिम्मा दिने गर्दछन्। जसले जतिवटा डेला चढाउने भाकल गरेको हुन्छ- उनीहरूले त्यही रूपमा डेला चढाउने गर्दछन्।

प्राय: जसो जोर डेला चढाउने गर्छन्। जसले दुर्गा पूजा गर्दैनन्; उनीहरू पनि नजिकैको दुर्गा मन्दिर गएर डेला चढाउने गर्दछन्। भाकल भए हाँस, परेवा, बोका वा राँगा आदि पनि बलि दिने गर्दछन्।

डेला भनेको माटोको प्लेटमा एक काइँयो केरा, सबै कोसामा सिंदुरको टीका लगाएर राख्छन्। एउटा सिंगो पान र एउटा सिंगो सुपारी, कही पैसा, चिनीको लड्डु, सिंदुर पुरिया, बात्ती र अगरवत्ती बालेको सामग्रीलाई भनिन्छ। केराको काइँयोमा भरिसके १६ कोसा भएको उत्तम मानिन्छ। नभए पनि १४ कोसादेखि १८ कोशाको काइँयो पनि चढाउने गर्दछन्। दुईटा केरा एकै ठाउँमा जोडिएको भए त्यसलाई एउटै कोसाको रूपमा गन्ति गर्ने गर्दछन्।

कोच राजवंशीहरू कत्तिले नवमीकै दिन हलो जोत्ने शुरूवात (हालजात्रा) गर्ने गरेको पनि पाइन्छ। कसैकसैले नवमीमा नभ्याए दशमीको दिनमा पनि हालजात्रा गर्दछन्। हालजात्राको लागि यस दिन हलो, कोदालो, पस्नी, बन्चरो, बसिला, चुलेसी, कचिया आदि घरका सबै औजारहरू धोइ पखाली आँगनको पूर्व भागमा लिपपोत गरेर थुपार्छन्।

आँगरा धुम्ना, दिया बत्ती बालेर सेतो र रातो कमेरो माटो घोलेर प्रत्येक औजारहरूमा ५/५ वटा गरी टीका लगाइ दिन्छन् र प्रत्येक घर, कोठाको ढोकाहरूमा पनि यसरी नै टिका लगाई दिने गर्दछन् । साँझ अगाडि एकछिन खेतमा सानो (खुट्टि) गरामा घरधनी स्वयम्ले नै हलो जोत्ने गर्दछन् । पूरै गरामा (खुट्टि) नजोते पनि सर्वोत्तर कुनामा केराको पातमा पान, सुपारी राखी धुप धुमन दियो बालेर चार पाँच फन्को हलो घुमाएपछि बाँकी अरू नोकर चाकरद्वारा जोताउँछन् ।

यसलाई "हालजात्रा" अर्थात् हलो जोत्ने उद्घाटन भने पनि हुन्छ । महानवमीको दिन मन्त्र सिद्धी गर्ने धामीहरूले मन्त्र सिद्धी गर्ने कामहरू पनि गर्दछन् । यस दिन सबैले नुहाइ-धुवाइ गरेर नयाँ लुगा लगाएर मन्दिर जाने गर्दछन् ।

राजवंशी बस्ने गाउँ शहरमा जहाँ जहाँ दुर्गा मन्दिर हुन्छ- त्यहाँ दशमीको दिनदेखि पालैपालो गरेर मेला लाग्ने गर्दछ । मेला (बजार) लाग्ने क्रम पूर्णिमाको दिनसम्म चलिरहन्छ । पूर्णिमापछि दशैं मेला बन्द हुन्छ । प्राय: राजवंशीहरू दुई चार वटा मेला भर्न नगई तस्वीर बुझेका हुदैनन् । मेला भर्न जाँदा नयाँ लुगा लगाएर बयल गाडीमा झाप लगाएर (सम्पनी गाडी) चढेर मेला जाने गर्दछन् ।

नयाँ लुगा लगाएर ठूलाहरूलाई ढोग्न जाँदा ठूलाहरूले आशिर्वादको रूपमा मेलामा मिठाइ खान भनेर पैसा दिने गर्दछन् । राजवंशीमा टीका लगाइदिने र टीका थाप्ने चलन छैन । राजवंशी समाजमा मिठाइको रूपमा जुलेबी खाने प्रचलन छ । मेला भरेर घर फर्कंदा प्राय:ले बजारबाट जुलेबी किनेर घर ल्याउने गर्दछन् । जुलेबीलाई केक्रालारू, जुल्पी आदि भन्ने गर्दछन् ।

मेलाबाट जुलेबी ल्याएर घरका ठूलाहरूलाई दिइन्छ । सानाहरूको लागि मेलाबाट खेलौनाहरू किनेर ल्याइ दिने गर्दछन् । नवविवाहित जोडीहरू पहिलो वर्ष दुर्गा पूजा ससुरालीमा मनाउने गर्दछन् । ससुरालीबाट पनि छोरी ज्वाइँलाई पहिलो दुर्गा पूजाको बेला नयाँ कपडा कोशेली पठाउने चलन छ ।

११.२.३ **गरूवाँसी पाबनी** (**तिहार**)

तिहारलाई राजवंशी भाषामा वाँसी पावनी, गरूवाँसी, गारिगुरी वा अलखी पूजा पनि भन्ने गर्दछन्। तर अलखि पूजा भन्दा लखी पूजा र लखी सेभा मुख्य रूपले मान्नु पर्छ। अधिक रूपमा भने गरूवाँसी भन्ने चलन बढी छ। जात्रा पाबनीपश्चात् लगत्तै आउने कार्तिकको औंसीदेखि शुक्ल द्वितीयासम्म क्रमश: लखी पूजा, बाखर र टपा भनेर ३ दिन मनाइन्छ।

औंसीको दिनमा डाक, तारा खिलान, हुकाहुकी, लखीसेभा, वा गारिगुरी, गरू नेउतानी, दिपदान आदि कामहरू हुने गर्छ। एकाबिहानै डाक वा लखीडाक हुने गर्छ। डाकको अर्थ आह्वान र लखीडाकको अर्थ लक्ष्मीको आह्वान हो। एकाविहान उठ्ने बित्तिकै खेती गर्नेले "सोर होक, सोर होक" भन्न लाग्छन्। सोर होक भनेको 'एकनास होओस्' भनेको हो। खेतीमा फसल "एक नास बराबर होओस्" भनिएको हो।

हुकाहुकी भनेको सन्ठिको बनाइने एक प्रकारको सामग्री जुन दुई प्रकारले बनाइन्छ। देवता स्थानहरूमा चढाउनका लागि साना हुकाहुकी र केटाकेटीहरूका लागि खेलिने ठूला हुकाहुकी बनाइन्छ। यो बनाउन खोलाबाट (इलुवाखेरी) कुश काटेर ल्याई कुशले नै बेरेर हुकाहुकी बनाउने गरिन्छ।

कसै कसैले हुकाहुकीलाई उकाउकी पनि भन्दछन्। हुकाहुकी बनाइ सकेपछि आँगनको पूर्व भागमा लिपेर सबै हुकाहुकी र (टेक्ठी) तिन्टा सन्ठि गाँसेर दियो राख्ने वस्तु पनि एक ठाउँमा जम्मा गरिन्छ र धुपधुमन बाली ढोगेपछि सानो खाले हुकाहुकीहरू घरका छानाहरूमा, ठाकुरबारी, माताथान, कालीथान, सबै देवता थानमा एउटा एउटा गरी चढाएर ५ वटा हुकाहुकी आँगनमै अन्य जाने नजानेका वाह्य देवता आदिलाई सम्झेर "स्याल मन्त्रीलाई" भनेर चढाइन्छ।

यो काम गरेपछि मात्र पन्ता, गाजि मुरै आदि जलपान खाएर दिउँसोको काममा लाग्छन्। दिउँसोको कामहरूमा लाग्ने मान्छे सागबारीको लागि खनजोत गरी राखेको बारीमा गएर पटा लगाई

झार कसिंगरहरू केलाएर थुपारी राख्छन् र कच्चु (पिँडालु) खनेर ढाकीमा घर ल्याउँछन् । त्यस बेलासम्म घरतिर महिलाहरू दल कुट्न लाग्छन् ।

दल भनेको एक प्रकारको घरमै निर्माण गर्ने मल हो। पिना र ज्यामिरका पातहरू ओखलमा कुटेर मल बनाउँछन्। कसैकसैले दल भुट्ने पनि गर्छन्। तर अधिकांशले भुट्ने गर्दैनन्। दललाई एउटा माने पात ओछ्याएर डालोमा राखिदिन्छन् ।

लोग्ने मान्छेहरू कच्चु खनेर ल्याई खरमा राखेर डालो र एकमुठी सन्ठि बोकेर दल (मल) छर्न खेततिर जान्छन् भने महिलाहरू कच्चु केलाउन र नङ्ग्याउन थाल्छन् । खेतका गरा गराको विच विचमा एउटा एउटा गरी सन्ठि ठाडो गाडेर दल छर्दै जान्छन् ।

सबै खेतमा दल छरिसकेपछि दिउँसो सागबारीको लागि जोतेको झार कसिंगरहरूमा आगो सल्काएर घर फर्कन्छन् । यता घरमा कच्चु केलाई सकेपछि आइमाईहरूले दियोहरू भिजाएर ओभानो पार्न राखेका हुन्छन् र दियोमा बत्तीहरू बाल्न तयार पारेर भातभान्सामा लागेका हुन्छन् ।

रातीको भातसँग कच्चुकै दाल र कच्चुकै भाजी, त्यसमा बेसार र खोर्सानी नहाली पकाइन्छ। यस रात कच्चुको दाल, भाजी र भात लक्ष्मीको प्रसाद मानेर खाइन्छ । सबैले मिलेर दियोहरू बाल्छन् र प्रत्येक कोठा, सबै देउता स्थान, मूल ढोका, आँगन, पटाङनी, इनार, खेत आदि सबै ठाउँमा एक एक वटा दियो बाली दिइन्छ ।

इनार र खेतमा टेक्ठी राखेर त्यसमाथि दियो राखेर बालिन्छ । टेक्ठी भनेको तीनवटा दह्रो सन्ठि एक ठाउँमा बाँधेर बनाइएको दीपदानी हो । दियोहरू बाली सकेपछि आँगनमा उत्तर-दक्षिण पारेर एउटा पटुवाको मुठा खोलेर ओछ्याइन्छ र त्यसैमाथि लस्करै हुकाहुकी खेल्ने केटाकेटीहरूलाई बसाइन्छ ।

गृहिणीले चार्निबात्ती र कलश तयार पारी केटाकेटीहरू समक्ष ल्याई सबैलाई सिंदुरको टीका लगाई दिन्छन् भने घरमूलीले सबैको हातमा एक एक वटा हुकाहुकी थमाई दिन्छन्। हुकाहुकीहरूमा पनि

सिंदुरको टीका लगाई दिएर चार्निबात्तीको धान दुवो केटाकेटीलाई छर्दै, घोटको जल पनि आँपको पात (पत्ता) चोभेर छिटा दिने गरिन्छ।

झन् आरती देखाए जस्तै नाङ्लो उचालेर घुमाइ चुमाइन्छ र भन्छिन् "उलुलुलु"। त्यसपछि केटाकेटीहरू गाउँदेखि बाहिरका चौरमा हुकाहुकी खेल्न दगुर्छन् भने घरमूली सन्ठिको दुई चार मुट्ठा लिएर धानबारी गएर आगो सल्काएर खेतको सबै गरामा राँको देखाउँदै "पकामाकर दुर पाला, आए गे महालखी घर सन्धा" अर्थात् "कीरा माकुरा पर भाग, आउ लक्ष्मी माता हाम्रो घरमा बास गर" भनेर नारा लगाए जस्तै जोडले मानिसहरूले सुन्ने गरी बोल्दछन्।

तस्वीर नं. ३५ः
चुमानि डालि (देउता थान पुजिने आरती)
साभारः लखनलाल राजवंशी

तस्वीर नं. ३६ः
बिदागि चार्नि (कुलगुरु विदयीमा दिइने आरती)
साभारः लखनलाल राजवंशी

गारिगुरी घरबाट हुकाहुकीहरू निकालेर चौरमा लगि बालेर आगो खेल्ने काम राती हुन्छ। यता चौरमा गाउँका अरू केटाकेटीहरू पनि यसैगरी आ-आफ्ना हुकाहुकी समाएर भेला हुन्छन्। हुकाहुकीको टुप्पामा आगो सल्काएर "हुका लेरे हुकीले दादो दादि ओलोले" (पुर्खाहरूलाई अँध्यारोमा रात भएकोले उज्यालो लिनुस्) भनेर आकाशतिर जोडले हुत्त्याएर फाल्छन् ।

राँको भुइँमा खसेपछि फेरिबाट उठाएर माथि हुत्याउँछन् । जलेर साह्रै छोटो भएपछि सबैका हुकाहकी एक ठाउँ थुपार्छन् र आगो लगाई पालैपालो नाघ्ने गर्दछन् । आगो सकिसकेपछि निभेका रहलपहल सन्ठिहरू हातमा लिएर आफ्नो घरमा भएको फलका वोट आँप, कटहर, लिची गर्दै एक एक वटा वोटको लागि एक एक वटा सन्ठिहरू गाडेर घरमूलीसहित घर फर्कन्छन् ।

सबैजनाले भात खान्छन् । कच्चुको दाल, कच्चुको भाजी, भात खाइवरी मुख चुठेपछि फेरि भन्छन् "कच्चु सागेर हेलहेला, आँएगो माहालखी घर सन्धा" अर्थात् "प्रसादको रूपमा कच्चुको दाल खायौं लक्ष्मीमाता हाम्रा घरमा वास गर्नुस् ।" यस रात भात तरकारीहरू सोहोरेर खाइदैन किनकि भोलिपल्ट बासी खानलाई केही उवार्नु पर्ने हुन्छ ।

यसै दिन गारिगुरी सेभा वा लखी सेभा पनि गरिन्छ। यसको धेरै ठूलो खेत छ। अधिया प्रजारैतीहरू धेरै छन्। उनीहरूले गारिगुरी वा लखी सेवा पनि गर्छन्। यसको लागि पटाङनीतिर अर्थात् घरबाहिरको खुल्ला ठाउँमा वा बाहिरी आँगन (घाँसे आँगन) मा छिलछाल गरेर तीनतिर सन्ठिको बेरा, माथिबाट सन्ठिकै टाटी बनाई छानो हालेको घर जस्तो बनाउने गरिन्छ । यसको ढोका दक्षिणपट्टि राखिन्छ र ढोका पनि सन्ठिकै बनाइन्छ । यसलाई गारिगुरी सेवा घर अथवा लखी सेवा घर पनि भनिन्छ ।

यसभित्र राम्ररी लिपपोत गरिन्छ। खेतबाट राम्ररी चपरा सहितको धानको वोट ल्याएरभित्र उत्तर-पूर्वको कुनामा ठड्याएर राखिन्छ । पूजा गर्नको लागि राजवंशी माहात (पूजारी) को रूपमा विशेष गरी

मालीलाई निम्तो गर्ने गरिन्छ । माली भन्नाले देवी-देवताका मूर्ती बनाउने, कागज सन्ठिद्वारा फूल, आकृति आदिको नक्सा बनाउने व्यक्ति हो । उसले पूजा गर्नलाई चाहिने आवश्यक सल्ला (एक प्रकारको नरम सन्ठि जस्तो वनस्पति विरूवा) को र कागजले मिलाएर फूल बनाई ल्याएको हुन्छ ।

यस्तो पूजा गर्दा घरमूली पूजा नसकुञ्जेल भोकै वस्नु पर्ने हुन्छ। घरको दक्षिण पूर्व कुनामा खनेर चुल्हो बनाइन्छ। पूर्व उत्तर कुनोदेखि पूर्व-दक्षिण कुनासम्म लस्करै विभिन्न देवताहरूलाई प्रसाद चढाउँछन्। प्रसादमा भोग, केरा, दूध आदि र बत्तीहरू बालिन्छ। आँगरा धुम्ना जलाइन्छ। गृहिणी पनि भोकै हुन्छिन् र चार्निबात्ती सजाउँछिन्।

उत्तर-पश्चिम कुनामा खेल्ने हकाहकी लस्करै राखिन्छ। उत्तरतिर पनि विभिन्न देवी-देवताहरूलाई प्रसाद चढाइन्छ । प्रसादमा खिर पनि पकाएर चढाइन्छ। गृहिणीले सबै प्रसादहरूको छेउमा माटोमा चार्निबात्तीको नाङ्लोमा तेलमा मुछेको सिंदुरबाट टीका लगाई दिन्छिन्।

हुकाहुकी, धानको वोट, सबैमा टीका लगाइन्छ। धानको वोटनेर आसन दिइन्छ । आसन भन्नाले सेतो वा रातो कपडाको टुक्रामा पान सुपारी आदि मिलाएर राख्ने गरिन्छ। घरबाहिरपट्टि पनि केही देउताहरूलाई प्रसाद चढाउने गरिन्छ । प्रसादहरूका साथै हाँस, परेवाको पनि बली दिइन्छ र हाँसको अण्डा पनि चढाउने गरिन्छ।

यता अधियारहरू कच्चु छिल्ने काम गर्ने गर्छन्। उता मालिले प्रसाद दिने कार्य पूरा गरेपछि घरमूली र गृहिणीले चार्निको धान छरेर धानको वोट र अन्य देवताहरूलाई चुमाउने गर्छन् र “उलुलुलु” ध्वनिले आरती देखाई कलशको पानी छर्केर ढोग्छन्। पूजा सकेपछि लखी घरको ढोका थुनिन्छ। बाहिरपट्टि चुल्हा खनेर ठूल्ठूला हन्डिमा भात पकाउने, कच्चुको दाल, पकाउने र कच्चुकै भूजा पकाउने कामहरू हुँदै गरेको हुन्छ ।

बलि दिइसकेपछि हाँस तथा परेवाको पनि भूतला छिलछाल गरेर मासु तयार गरी भिन्दै चुल्हामा पकाउने काम हुन्छ । सबै पाकी सकेपछि अधियारहरूलाई बाहिरैपट्टि बसाएर केराको पात विछाई

खुवाउने कार्य हुन्छ । यस दिन घरकी गृहिणीले आफ्नो हातले कसैलाई केही पनि दिनु दान गर्नु हुदैन ।

अधियारहरूलाई वोलाएर घरमै खुवाएर पठाउने गर्दछन्। खुवाउने काम सकेपछि लखी पूजा (लक्ष्मी पूजा) का सर्बकाम समाप्त हुन्छ । बेलुका खेतको गह्राबाट चपरासहित ल्याइएको धानको वोट सर्लक्कै त्यहीं लगेर गाडेर आउँछन्। यसरी ल्याउने गरेको धानको वोटलाई "रज्मा वा रजमाला" आदि भन्ने गरिन्छ। दीयोवत्ती बाली सकेपछि राती गुवालीमा गाई, गोरू नेउताउने कार्यहरू गर्दछन् ।

गृहिणीले चार्निमा एउटा हाँसको अण्डा र एक काइँयो अठिया केरा पनि राख्छिन् र गुवाली घरमा प्रवेश गर्छिन् । घरमूलीले एउटा बटुकामा तेल लिएर गुवाली घर पसेर सबै गाई, गोरूहरूको सिङमा तेल दलेर पिट्यूँमा पनि तेल दल्ने गर्दछन्। गृहिणीले गाई, गोरूहरूको गोडाधोइ दिन्छन् र गोरूको निधारमा तेल, सिंदुरको टीका लगाई दिएर कलशको पानी, धान, दुवो छर्केर चार्निले आरती देखाइ "उलुलुलु" गरी चुमाउँछिन्। यसैलाई "गोरू नेउतावार" काम भनिन्छ। गोरू नेउताउने काम सकेपछि मात्र खानपिनको काम शुरू हुन्छ ।

औंशीको भोलिपल्टको दिनलाई अथवा शुक्ल प्रतिपदाको दिनलाई बाखर भनिन्छ। यस दिन राती गरिया सेभा गर्ने गरिन्छ। गरिया सेभा भनेको गोवर्धन पूजा हो । विहान गाई, गोरुहरूलाई बाखर खुवाइन्छ। बाखर दुई प्रकारका हुन्छन्- जस्तै चिती बाखर र भूसि बाखर ।

बाखर एक प्रकारको गाईवस्तुहरूलाई खुवाउने औषधी तिहारको बेला बजारमा बेच्न ल्याएका हुन्छन् र यस बाखरसँगै तारा वा तारान्जु पनि भनिने एक प्रकारको औषधी वनस्पती, नुन, भाउटी (यो पनि द्रोणपुष्पी भन्ने वनपती हो) पिपला, ओखलमा कुटिन्छ र गाई-गोरुहरूलाई कुँडो खुवाउने भाँडामा राखेर खुवाइन्छ ।

त्यस भाँडामा कुभिण्डो काटेर टुक्रा टुक्रा पारी मिसाइन्छ र साथमा काँचो हल्दीको रस मिसाएर खुवाउने गरिन्छ। वर्षभरि हलो

जोतेर गलेका गोरूहरूको शरीरको व्यथा सञ्चो हुन्छ भनेर यो औषधी बनाएर खुवाउने चलन छ। खुवाउँदै गर्दा घरमूली र गृहिणीले सिङ र जिउमा तेल दलिदिने गर्दछन्। कतिपयले त खेतबाट फल लागेकै धान नै काटेर ल्याई खुवाउने गर्दछन्। यस दिनभरि घरैमा बाँधेर घाँसपात काटेर ल्याएर खुवाउँछन्। पघा लगाउने काम गर्दैनन्।

जसकोमा राँगा-भैंसी छन्; उनीहरूलाई पनि बाखर खुवाइन्छ। राँगा हुनेहरूले राँगाहरूको लागि घरबाहिर गोठदेखि बाहिर बलियो बाँसले ढाँठ बनाएर त्यसमा हुलेर, भाउटीको विट्टाभित्र नुन हालेर, कसेर बाँधेर, बाहिर चट्टिले बेरेर, त्यसलाई टाटेपाटे रंगाई दिइन्छ। यसलाई हुर भनिन्छ र भैंसीको बथानभित्र फ्याली दिइन्छ। भैंसीहरूले हानाहान गरेर खेल्छन्। यसलाई हुर खेल्वार भनिन्छ।

बाखरकै दिन लख्वाल (गोठाला) सेभा पनि हुन्छ। लख्वाल सेभा भन्नाले गाई, भैंसी चराउने लख्वालको पूजा गर्ने कार्य हो। आँगनमा पटुवाको मुट्ठा खोलेर उत्तर-गोठाला दक्षिण पारेर बिछ्याएर त्यसैमा गोठालालाई बसाएर तेल, सिंदुर लगाई दिएर चार्निवात्तीले आरती गर्ने गर्दछन्। गोठालोको लट्ठीलाई पनि तेल सिंदुरलाई दिइन्छ।

गोठालोलाई धोती, पैसा पनि हातमा दिइने गरिन्छ। घोटको जल छर्की धान, दुवो छरिन्छ र चुमाउँदा "उलुलुलु" भनिन्छ। उलुलुलु ध्वनिलाई जइगार वा जगार ध्वनि भनिन्छ। पूजा गर्दा करध्वनि बजाउन, घण्ट ध्वनि, शंख ध्वनि आदि ध्वनि गरे जस्तै उलुलुलुलाई राजवंशीहरू जइगार ध्वनि अर्थात् शुभ ध्वनिकै रूपमा मान्दछन्।

त्यसपछि गरिया (गोवर्धन) पूजा गर्न गुवाली घरमा प्रवेश गर्दछन्। किला गाडेर कपडाले घेरेर घेराभित्र गोबरको तीन वटा मूर्ति मान्छे (आकारमा टाउको, हात, खुट्टा भएको) बनाउँछन्। यसलाई गरिया, गरियानी र छुवा भनेर भनिन्छ। यसको आकारमा दुईतिर दुईवटा अलिक ठूलो र विचमा एउटा सानो छुवा विचमा हुन्छ।

यिनीहरूलाई उत्तरपट्टि राखिन्छ अथवा गरिया ठाकुर, देब्रेपट्टि गरियानी मातालाई दाहिनेपट्टि विचमा गणेशको रूपमा स्थापित

गरेर त्यसको तलपट्टि वा दक्षिणपट्टि विचमा सिंदुर लगाएको एउटा हाँसको अण्डा ठाडो पारेर अड्याई पाँच भाग प्रसाद, केराको पातमा चढाएर धान, दुवो छ्यापि चार्निले चुमाउने गरिन्छ। कलशको जल छ्यापिन्छ ।

यस दिन चार्नि र कलशलाई दिनभर गोठमै राखिन्छ। साँझतिर गाईगोरु हुलेर गाई-गोरुहरूलाई पुनः चुमाएर अण्डा, चार्नि, कलश र घेरिएको कपडालाई झिकिन्छ। यस राती पनि ठाउँ ठाउँमा दियो बालेर राखिन्छ। भैंसी पाल्नेले त्यसको लागि गरिया पूजा धापमा त्यसरी नै गर्दछन् । भोलिपल्ट द्वितीयाको दिन गोबरका मूर्तिहरू वाटोमा लगेर फ्यालिन्छ ।

यसरी नै प्रतिपदाको दिन बाखर, हुरखेला, लख्वाल सेभा र गरिया पूजा सम्पन्न गरिन्छ। भाकल हुनेहरूले आकासवत्ती पनि बाल्ने गरेका हुन्छन्। आकासवत्ती पूर्णिमासम्म बाल्ने गर्दछन्। द्वितीयाको दिनलाई "टपा" पनि भनिन्छ। यस दिन पनि गाई-गोरूहरूलाई रहल पहल तारा, भाउटी, पिपला, धुल्पी आदि खुवाइन्छ तर "बाखर" भने खुवाइदैन। यसै दिनदेखि केटाकेटीहरू (भेलुक, हुदुरधुरा) एक प्रकारले नाचगान खेल्न शुरू गर्छन् । आफ्नो गाउँमा र वरपरका छिमेकी गाउँमा चिनजानहरू कहाँ स-साना केटाहरू आँगनमा पसेर केराको पातको दाप्चाले भुइँमा हिर्काएर पड्काउँछन् ।

घरका मान्छेले के हो ? भनेर हेर्दा भेलुक, आएको चाल पाएर चामल, पैसा दिएर विदा गर्दछन्। साना वालकले यसरी नै भेलुक खेल्ने गर्छन्। पछिल्लो समयमा पटका बजारमा किन्न पाएपछि पटका नै पड्काएर भेलुक, खेल्ने गरेका थिए। आजकल भेलुक हराइसकेका छन् र अलिक अग्रज वयस्कहरू यसै दिनदेखि हुदुरधुरा गाएर नाचेर माग्दै हिंड्ने गर्छन् ।

यसै क्रममा द्वितीयाकै दिनदेखि अन्य नाच गानहरू जस्तैः ढुल्की नाच, पाचाली नाच, गाअन, सास्तरी नाच वा गाअन वा ढोल साहेना गाअन, चापन, नाटुआ आदि नाट्यहरू साथै दतरार गीत, खमकेर गीत आदि गायनहरूको पनि शुरूवात हुन्छ र घर-घर गई प्रदर्शन

गर्ने वा गाइहिड्ने गर्दछन् । देउसीकै रूपमा र लगभग अलि अलि गर्दै एकादशीसम्म चलिरहन्छ । यसरी नै कति गाउँमा रातभर नाच हेर्नेलाई निम्त्याउने पनि गर्दछन् ।

११.२.४ बड एकादशी

गरूवाँसी पावनी (तिहार) पछाडि लगत्तै आउने शुक्ल पक्षको एकादशी तिथिलाई उत्थान एकादशी भन्ने गरिन्छ । यसैलाई राजवंशी भाषामा बडा एकादशी वा ठूलो एकादशी भनेर भनिन्छ । ज्योतिषको आधारमा भगवान हरेक एकादशीमा कुनै न कुनै प्रकारले आफ्नो क्रियाकलाप प्रस्तुत गर्नु हुन्छ, जस्तैः एकादशीमा सुत्ने, एकादशीमा कोल्टे फेर्ने, एकादशीमा जाग्ने र एकादशीमा ओछ्यान छोड्ने आदि । ठूलो एकादशीमा ठाकुर ओछ्यानबाट जाग्नु हुने गर्नु हुन्छ । यो एकादशी खास गरेर कार्तिक महिनामै पर्ने गर्दछ ।

तस्वीर नं. ३७:
बड एकादशी पाबनी (एकादशी बर्त)
साभारः लखनलाल राजवंशी

कोच राजवंशीको अरू पर्व जस्तै जितुवा, डोल, जन्म अष्टमी आदि सबै ब्रत पूजा गर्दा सजम, उपवास बस्छ र पारन गरे जस्तै यस पावनीमा पनि एकादशीको अघिल्लो दिन, दिनभर भोकै बसी राती "सजम खाने" अथवा दरखाने गर्दछन्। नयाँ हन्डिमा अलुवा चामलको भात पकाएर दूध, दही, चिनीसित वा फलफूल आदि खाने गर्दछन्।

भोलिपल्ट दिनभर उपवास बसेर ठाकुरको विधिपूर्वक पूजा गर्नका साथै रातभर जाग्राम बस्ने गर्दछन्। अनि त्यसको भोलिपल्ट विहान सूर्योदय अगावै नुहाएर केहीलाई जलपान खुवाएर मात्र आफ्नो ज्योतिष अनुसार तोकिएको समयमा पारन (जलपान खाएर ब्रत तोड्नु) गर्दछन्।

विधिवत् रूपमा नियम पालन गर्नेले एकादशीको दिन नुहाइ-धुवाइगरी निराहार भएर ठाकुरको आराधना गर्ने गर्दछ। अझ कडा नियम पालन गर्दा निर्जला अथवा पानी पनि पिउनु हुदैन भनिन्छ। कतिपयले त थुक पनि निल्नु हुदैन भन्ने गर्दछन्।

जे भए तापनि नुहाइ-धुवाइ गरी विहान ठाकुरबारीमा धुपदिप देखाएर एकादशीको बाँकी विधानको लागि ठाकुरबारीमा सम्भव हुनेले ठाकुरबारीमै तर त्यहाँ साँगुरो ठाउँ भएमा आँगनकै पूर्व स्थानमा लिपपोत गरी चार कुनामा चारवटा केराको वोट गाडेर पूजा मण्डप बनाइन्छ। मण्डपलाई रंगिन कागज, आँपको पत्ता आदिले सजाएर रातो कपडाको छतर चँदुवा हालिन्छ र मण्डपको पूर्वपट्टि विचमा एउटा अर्को सानो केराको वोट गाडिन्छ।

सम्भव भए ठाकुरको एउटा फोटो पनि राखिन्छ। ब्रत हेर्न आउनेहरूको लागि "रमाइलो होओस्" भनेर कतिपयले त नाच, गाअन वा भजन किर्तनको पनि व्यवस्था गरेका हुन्छन्। ठाकुरबारीको सामुन्ने अथवा आँगनमा भए मण्डपको साम्ने वर्त गर्ने व्यक्तिको लागि रातभरि जाग्राम बसेर रात कटाउन भनेर पराल ओछ्याइ त्यसमा झल्ला बिछौना ओछ्याइ दिने गरिन्छ।

जाडोबाट बच्न मोटो च्यादर वा एउटा रजाइ (सिरक) राखिन्छ।

रातीभरि छेउमा धुनि नै बाल्ने पनि गरिन्छ। साँझ परेपछि ज्योतिष अनुसार तोकिएको समयमा कुलगुरुद्वारा वा आफैंले आफ्नो तरिकाले ठाकुरको पूजा गर्दछन्। पूजामा केराको काइँयो, पाकेको केरा, काँचो दूध, भोग मसला, पान, सुपारी, चिनी, खिर, आदि चढाएर शंख फुकी पूजा गर्दछन्।

धुनिमा केरा, प्रसाद, चढाइ अगरवत्ती र एउटा बात्ती बालेर धुनिमा पूजा गरी आगो लगाउँछन्। मण्डपमा एउटा ठूलो माटाको दियो बालिएको हुन्छ र रातभर त्यो दियो निभ्नै नदिइकन बालेर राखिन्छ।

विधिवत् पूजा गर्नेले त्यस दिन नयाँ लुगा लगाउँछन्। नयाँ विछौनामा बस्ने गर्दछन् र रातभरिको चार प्रहरमा चारपल्ट प्रसाद दिने पनि गर्छन्। कुलगुरु रात बस्न नसकेमा चार प्रहरमा चारपल्ट ब्रतालुले नै दूध, जल सेचन गरेर शंख फुक्ने, अगरवत्ती थप्ने, अँगार धुम्ना जलाउने र दियोको तेल निरीक्षण गर्ने गर्दछन्। "रात सजिलै कटोस्" भनेर रामायण, वा गीता पाठ गर्ने सुन्ने गर्दछन्।

सक्नेले भजन किर्तन दल नै ल्याएका हुन्छन् र भजन सुन्ने गर्दछन्। अझ सामर्थ हुनेले कुनै धार्मिक नाच नै ल्याएर हेर्ने र सुन्ने गर्दछन्। यसो गर्दा एकादशी हेर्न आउनेहरूलाई मनोरञ्जन पनि हुने गर्दछ। ब्रतालुले एकादशी ब्रत गरेको र एकादशी खानलाई कुटुम्बहरूलाई विशेषगरी छोरी-ज्वाइँहरूलाई निम्तो गरेका हुन्छन्।

पाहुना बोलाउँदा र गाउँलाई पनि निमन्त्रण गर्दा उनीहरूलाई खानपिन गराउन भनेर "टहलुआ- कामकरी" (स्वयम् सेवक) हरू पनि ल्याउने गर्नु पर्छ। समय समयमा उनीहरूलाई चियापान गराउन जलपान आदि पकाउनु खुवाउन पर्ने हुन्छ। त्यसै पनि ब्रत गर्नेको काम सघाउन पनि "टहलुआ-कामकरी" हरूको आवश्यक पर्छ।

जसले एकादशी ब्रत बर्षेनी गर्ने गर्दछ उसले बड एकादशीमा नयाँ बैगन र अदुवा नचढाई खादैन। त्यसैले यस दिन पूजा गर्दा सिजनको फल आदि साथै बैगन र अदुवा पनि चढाउने गरिन्छ। रातको अन्तिम पूजा प्रसाद चढाएपछि अथवा अन्तिम प्रहरको समयमा

धुपधुमन चढाएर शंख फुकेपछि सूर्य उदय अगावै ओछ्यानाट उठेर नुहाइ-धुवाइ गरी पारनको प्रसाद पारनकै समयमा दिने गर्दछन् ।

पाहुनाहरूलाई जलपान खुवाएर मात्र आफूले जलपान ग्रहण गरेर उपवास तोड्ने गर्दछन् । उपवास तोडेर एकछिन ओछ्यानमा गएर सुस्ताउने पनि गर्दछन् । ब्रत तोड्ने दिन साँझतिर तारा नउदाइ भात खादैनन्। तारा दर्शन गरेर साँझवत्ती देखाएर मात्र खाना खाने गर्दछन् ।

११.२.५ **फाकडोल**

फाल्गुण महिनामा फाकडोल (फागु पूर्णिमा) मनाइन्छ । चतुर्दशीका दिनदेखि पूर्णिमाको भोलिपल्ट कृष्ण पक्षको प्रतिपदासम्म गरी तीन दिन यो पर्व मान्ने गर्दछन् । क्रमश: भेला घर जलाबार, पाटत बस्वार र डोलावार वा चतुर्दशीमा भेलाघर दहन, पूर्णिमामा पूजा प्रसाद किर्तन र प्रतिपदामा अविर जात्रा हुने गर्छ ।

यसैले यसलाई डोल पावनी, डोल पूर्णिमा, फाकडोल आदि इत्यादि भन्ने गरिन्छ । चतुर्दशीकै दिन मारिया (उपासक) उपवास बस्ने गर्दछ। यस दिन घर आँगन लिपपोत हुन्छ। गाउँबाहिर चौरमा भेलाघर निर्माण गर्छन्। कसैले छाप्रो नै हालेर बनाउँछन् भने कसैले कर्चीसहित ठूलो बाँसको लिङ्गो गाड्दछन् ।

गाड्न अगाडि बाँसका कर्चीहरूमा खर र पराल आदि मुठो बाँध्ने गर्छन् । यस दिन कुलगुरु र किर्तिनियाहरूलाई बोलाइएको हुन्छ । लिङ्गो गाडेको वा छाप्रो बनाएको ठाउँमा दूध, केरा, भोग, अछत, आदि चढाएर पूजा गर्छन् । कुलगुरुले पूजा गर्ने बेला किर्तिनियाहरू बाजा बजाएर गीत गाउँछन् । गृहिणीले चार्निबात्ती सजाएर आरती देखाएर चुमाउँछन् । त्यसपछि ठाकुरले त्यस छाप्रोमा अथवा लिङ्गोमा आगो लगाउन भनिन्छ । आगो दन्किएपछि एकछिन पछाडि निभ्छ र सबै घर फर्कन्छन् ।

भोलिपल्ट पूर्णिमाको दिन कसैले घरको ठाकुरबारीमा वा कसैले भेलाघर जलाएकै ठाउँमा माटो भरेर लिपपोत गरेर बाँस भाटाको

थान बनाउँछन् । थान बोकेर हिंड्न हुने गरी वा रंगिन कागज आदिले सजाएर मन्जुस बनाउँछन् । मन्जुस भनेको सानो मन्दिर जस्तो घर हुन्छ ।

यसभित्र राधा कृष्ण वा शिव पार्वतीको नग्न मूर्ति स्थापित गरिन्छ । यो थानमा राख्छन् । थानको चारतिर चारवटा केराको वोट गाडेर चँदुआ हाल्छन् । राजवंशीमा छतर भनिन्छ । छतरमा पान सुपारी दिइन्छ ।

कुलगुरुले राती यहाँ दूध, केरा, भोग, चिनी, तुलसीपात, अछत, चढाई पूजा गर्दछन् । गृहिणीले चार्निवात्ती ल्याएर राख्छन् । किर्तिनियाहरूले बाजा बजाएर सृष्टिको गीत गाउँछन् । गृहिणीले मन्जुसलाई घोटजल सेचन गरी धान दुब्राबन छ्यापी नाङ्लो उचालेर चुमाउँछन् आरती देखाउँछन्) ।

कसैले यसै राती मिठाइ परिकार पुवा(प) बनाएर चढाउँछन् । अविर पनि चढाउँछन्। तर कतिले भोलिपल्ट पुवा चढाउने र अविर चढाउने गर्छन् । कहीं रातभरि हुलिर गीत गाउँछन् । कहीं पूजा सकिएपछि घर फर्कन्छन् ।

भोलिपल्ट प्रतिपदाको दिन कुलगुरु र किर्तिनियाहरू पुनः ठाकुरबारीमा पूजा गर्न पस्छन्। यस दिन ठाकुरलाई अलुवा चामल, गुर, केला, पुआ, दूध, चिनी, अविर चढाएर पूजा गर्छन् । यसैलाई डोल भेटी प्रसाद पनि भन्ने गर्छन् ।

एउटा भाँडामा अलुवा चामल, गुर, केरा, चिनी, दूध, तुलसीपात र भोग भिन्दै मुछेर राख्ने गर्छन् । यस दिन हुलि गाउने र नाच्नेहरूलाई पनि निमन्त्रणा गरिएको हुन्छ । उनीहरूलाई खाना खुवाइन्छ । खाना खाएर उनीहरू तयारी हुन्छन् ।

एक जना पाटानी र मुखुण्डो लगाएर आइमाई बन्छन्। मुखुण्डो केराकै दाप्चाको बनाइएको हुन्छ । एउटा काठको तीनकुने वस्तु उसको कम्मरमा अगाडिपट्टि योनीको रूपमा झुण्ड्याइ दिन्छन्। अर्को एक जना लोग्ने मान्छेको रूप धारण गरी मुखुण्डो लगाएको हुन्छ ।

उसको कम्मरमा काठको लिङ्ग बनाएर अगाडि पछाडि डोरी

लगाई टाङमुनि लगाई डोरी काँधमा हालेर झुण्ड्याइ दिन्छन्। यस दिन ढाकुआरलाई पनि निम्तो गरिएको हुन्छ। ढाकुआरले ढाक बजाउने गर्छ। सहनाई बजाउने पनि हुन्छ। ठाकुरबारीमा पूजा सकेर एक पल्ट मन्जुसलाई चुमाएपछि सबै जना अविर दलेर त्यहाँबाट निस्कन्छन्।

एक जनाले मन्जुस बोक्छ। अर्कोले प्रसाद मुछिएको प्रसादको भाँडो बोक्छ। अर्का जनाले आङरा धुम्नाको भाँडो (हण्डी) बोक्छ र हुलिरगिद (सृष्टिको गीत) गाउँदै गाउँ घरतिर लाग्छन्। हुलिरगिद वा सृष्टिरगिद अश्लिल (छाडा) गीत हुन्छ। योनी र लिङ्गको वर्णन हुन्छ।

त्यसैले गीत गाउँदा जोडले ढाक बजाउँछन् वा कसैले टिन ठटाउने गर्छन्। कसैको घरमा माग्न पसेपछि मन्जुस बोक्नेले सिधै उसको ठाकुरबारीमा प्रवेश गर्दछन्। सँगसँगै प्रसादको भाँडो र आङरा धुम्ना पनि लिएर पुग्छन्। ठाकुरथानमा मन्जुस राखिदिन्छन्।

कुलगुरुले एक टुक्रा केराको पात राखी मुछिएको प्रसाद अलिकति चढाई दिन्छन्। हुलि आएको थाहा पाएपछि त्यस घरका गृहिणीले हतारका साथ ठाकुरथान लिपेर अविर तथा पुआ चढाएका हुन्छन्। यस्तो गरेको भए लिपिरहनु पर्दैन। मन्जुसको पूजा गर्न गृहिणीले थालमा चामल, पैसा, दियो बाली, अविर लिएर चढाइन्छ।

घरमूलीले सबैलाई अविर लगाई दिनु पर्छ। गाउने, नाच्ने, मान्छे आँगनमै नाच्ने गर्दछन्। ठाकुरबारीमा सबैजना नअट्ने पनि हुन्छ। जसको घरमा ठाकुर पुग्छ; सबैले चामल, पैसा, अविर, दियो चढाउँछन्। चढाएको चामल झोला बोक्नेले झोलामा हाल्छ र पैसा लिन्छ। अलिकति चामल, अविर र दीयो आंशिक रूपमा थालमै राखिन्छ।

घरपट्टिकाले त्यो अविर, प्रसादको रूपमा घरका सबैलाई लगाई दिन्छन्। त्यसपछि गाउँ डुलेर साँझतिर घर फर्कन्छन्। घर फर्केपछि राती नाचगान गर्ने र ठाकुर, किर्तिनिया, सबैलाई खाना खुवाइवरि बिदा गर्ने गर्दछन्।

जसको घरमा डोल पूजा हुदैन, उनीहरू यसै दिन आ-आफ्नो घरमा पुआ बनाएर ठाकुरबारी लिपपोत गरी पूआ चढाउने र अविर चढाउने गर्दछन्। डोल पूजा नगरे पनि कसै कसैले आफ्नो ठाकुर बोलाएर दूध, केला (केरा), गुर, अछता, चिनी आदिले प्रसाद दिने गर्छन। नभए सिधै पुआ र अविर चढाउँछन्। अनि ठूलाले सानाको निधार, गालामा अविर लगाइ दिन्छन्। र सानाले ठूलाको गोडामा अविर चढाएर ढोग्छन् र आशिर्वाद लिन्छन्। सबैले घरमा पुआ खान्छन्।

यस चाडको विषयमा दुई प्रकारको भनाइहरू पाइन्छन्। पहिलो, हिन्दुशास्त्रका कुराले होलिका दहन गरेको खुशियालीमा अविर जात्रा गरेको भन्ने छ। दोस्रो, ठाकुरले ठाकुरानीलाई “वन घुम्न जाउँ” भन्दा ठाकुरानी घर छेड्न नमानी ठाकुर एक्लै गएको बेलामा वनमा कुटि बनाएर ठाकुरानी एक्लै घरमा नबसी पछि लाग्दै आउँछे।

आशाले कुटिमा बसेको धेरै दिन भएको सुकेर झुरमुर भएको र ठाकुरानी तैपनि नआएको पिरले चतुर्दशीको रात बढी मात्रामा गाँजापान गरी बेहोस लडेको अवस्थामा चिलिमको आगो कुटिमा सल्केर कुटी जलेको रातभरि त्यसै अलमलेर बसेको भोलिपल्ट कुटिको खरानी जिउमा दलेर आइमाईप्रति विरक्त भई छाडारूपमा गालि गर्दै अन्यत्र बरालिएर ठाकुर हराएको कथा वा किम्वदन्ति बताउँछन्।

त्यसैले भोलाको घर जलेको अपभ्रंशमा भेलाघर जलेको पनि भन्छन्। यस कथामा अगाडि ठाकुरानी ठाकुरलाई साथीहरू लिएर खोज्दै हिडेकी र तिस्ताबूढीको रूपमा लिएको बताउँछन्। यसरी खोजी हिंड्दा काद सिरूवाको दिन खोलामा ठाकुरलाई भेट भएको भनेर बताउँछन्। त्यसैले यस समाजमा डोल सिरूवा पावनी भनेर डोलदेखि सिरूवासम्मको पर्वलाई गाँसेर भन्ने पनि गर्दछन्।

११.२.६ आसारी घासारी प्रसाद

कोच राजवंशी जाति परम्परागत रूपमा कृषिजीवी जातिको रूपमा चिन्हिने जाति हुन्। वैशाखमा “धानेर मुठी लिबार” अर्थात् बीउको

लागि राखिएको धान गृहिणीको हातबाट नाङ्लामा लिएर लिएर छर्ने, रोप्ने काम हुन्छ। यसैलाई "गछर पुना" पनि भन्ने चलन छ। सो पछि खेतमा विउ छर्ने काम शुरू हुन्छ भने विउ (विजन) उम्रेपछि त्यसलाई रोपाइँ गर्ने कार्य "आसारी घासारी प्रसाद" पूजा दिएर मात्र र घरकी गृहिणीले आफ्नै हातबाट सर्वप्रथम रोपाइँ गर्नु पर्ने हुन्छ।

त्यसपछि मात्र खेतमा रोपाइँको काम शुरू गर्ने चलन परम्परागत रूपमा चलिआएको छ। जसको घरमा गंगासागर भन्ने देवी छ र उसले आसारी घासारी प्रसादकै दिन गंगासागरको मनौती (थामनी) कार्य पनि गर्ने गर्दछन्। साथै हनुमान (हुल्मान) लाई झण्डा वा लिंगो (धाजा) गाढिदिने र हनुमानकै सेवकको रूपमा बस्टमलाई एउटा भाँडामा दक्षिणा राखेर (टुका) चढाउने काम पनि हुन्छ।

आसारी घासारी प्रसादमा चाहिने मुख्य पूजा सामग्रीहरूमा नउमालेको गाईको दूध (काचदुहुनी), केरा, भोगमसला, कपुर, चिनी, खिर (लग्नी प्रसाद या पकी प्रसाद), आसन, पान, सुपारी, बत्ति (भगा पेल्ता), अँगार, धुमन, वा अगरबत्ति, दही, चिउरा, सिंदुर, टुका आदि चाहिन्छ।

"टुका" भन्नाले एउटा डालोमा प्रायः पुरानो चलन अनुसार बेतको डालो जसलाई काठा भनिन्छ। त्यसमा सवासेर जति चामल, पाएसम्म उसिना चामल, एक मठ दही, एक पसर चिउरा, (अन्दाजी एक जनालाई एक छाक पुग्ने अन्दाजमा चिउरा), एक मुठी चिनी, २/४ वटा आलु, डेरमुठी मासको दाल, अलिकति हल्दी, अलिकति नुन, ५/६ वटा खुर्सानी आदि इत्यादि सामान बस्टमको दक्षिणाको भाग राखेकोलाई "टुका" भनिन्छ।

यो टुका बस्टमलाई नै दिने चलन छ। आसन भन्नाले कुलदेवतालाई सवाहात सेतो कपडा, एउटा सिंगो पान, एउटा सिंगो सुपारी, केही रुपैयाँ पैसा पूजा स्थानमा एकै साथ राखेर चढाउनुलाई भनिन्छ। पूजा गरी सकेपछि हनुमानको लागि लिंगो गाडिन्छ। लिङ्गोको झण्डामा हनुमानको तस्वीर अंकित गरिएको हुन्छ।

त्यसपछि त्यही प्रसादहरूसँगै गंगासागरलाई पनि रातो कपडाको

आसन दिइन्छ । यसमा पनि सवाहात रातो कपडा (तुल), सिंगो पान, सिंगो सुपारी र केही नगद रुपैयाँ पैसा राखिएको हुन्छ । आसारी घासारी प्रसाद दिंदा कटहर, आँप, आदि मौसमी फल पनि चढाउने चलन छ । सबै प्रसादमा खिर (पकि प्रसाद) चढाइन्छ । हनुमान (हुल्मान) को लिंगो गाडने काम घरमूली र गृहिणीले मिलेर ठाकुरबारिको इसानकुना (लखिकन) मा खनेर गाड्ने काम गरेपछि लिंगोलाई तेल सिंदुर लगाइ दिने काम हुन्छ । गंगासागरको पूजा गरेपछि रातो कपडाको आसन खुटिमा राखेर ठाकुरको स्थानमा नै गाड्ने वा कसैले भान्सा घरको इसानकुना (लखिकन)मा लगेर झुन्ड्याउने पनि गर्दछन् । कसै कसैले लिंगो गाड्ने काम गर्दैनन् । उनीहरू छोराको विहेको बेलामा यो काम गर्दछन् भने जसको गंगासागर छैन उनीहरूले गंगासागरको पूजा गर्दैनन् ।

आसारी घासारी प्रसाद दिने कार्य पूरा भएपछि गुछि लिने काम हुन्छ । यो कामको लागि एक मुठी धानको उमारेको बीउ (विजन), एउटा तुलसीको बोट, एउटा पटुवाको बोट, एउटा कच्चु (कालो जात) को वोट, सिंदुर, काँचो दूध, दियोवत्ती, अगरवत्ती, केरा आदि इत्यादि चाहिन्छ ।

नजिकै खेत हुनेले एउटा खुट्टि रोपाइँको लागि हिलो बनाएको हुनु पर्दछ । खेत नजिक नहुनेले ठाकुरबारीमै इसानकुना (लखिकन) मा कम्तिमा एक डेढ हातको लम्बाइ चौडाइमा खनेर हिल्याएको हुन्छ । गृहिणीले कम्तीमा पाँच वटा धानको विरूवा *ग* गाडेर बाँकी विजन कच्चुको बोट, तुलसीको बोट, पटुवाको बोटसहित एक मुष्ठ रूपमा सिरानतिर गाडिदिनु पर्छ । *ग* भनेको विउको एक एक इकाइ भाग हो ।

सबै रोपा धानको विरूवा *ग* मा सिंदुरको एक एक टीका लगाइ दिन्छन् । काँचो दूध, केरा, भोग चढाइदिन्छन् र सलेदो (पल्ता, भगा) जलाई अगरवत्ती बालेर गाडिदिएर ढोग्ने गर्दछन् । यसैलाई गुछि लिनु भनिन्छ । खेत नजिक हुनेले हिल्याएको गराको लखिकुनामा यसरी नै गृहिणीले आफ्नै हातले गुछि लिएर पूजा गरे पछि बाँकी रोपा

लगाउने कार्य अरू कसैले वा गृहिणी आफैंले पनि पूरा गर्ने गर्छिन्।

गुछि लिएपश्चात् रोपार खेतालाहरूले धान रोप्ने कामहरू गर्न पाउँछन्। तर जसको धान खेति वा खेतियोग्य जमिन छैन, उनीहरूले गुछि लिनु पर्दैन। जतिसुकै सम्पन्न धनी जमिन्दार भए पनि सर्वप्रथम गृहिणीले हिलो टेकेर गुछि लिने काम गर्नै पर्ने अनिवार्यताले हलि खेतालाहरूको सम्मान गरे जस्तै हो। यो गुछि लिने कामको एउटा विशेषता देखिन्छ।

आसारी घासारी प्रसाद दिनको लागि कुलगुरु किर्तिनिया बस्टमलाई पानसुपारी दिएर निम्तो (बलाहाटी) दिनु पर्ने हुन्छ। निम्ताइएका सबैलाई गोडा धुवाउने काम हुन्छ। कुलगुरु र बस्टमलाई भने पालो गरेर थालमा गोडा धोइ दिने गरिन्छ। किर्तिनियाहरू आफैंले लोटाको पानी लिएर गोडा धुने गर्दछन्। प्रसाद दिने बेलामा किर्तिनियाहरूले खोल कर्ताल (मादल झयाम्टा) बजाएर भजन गाउने गर्दछन्। बस्टमलाई विशेष गरेर दही चिउरा खुवाइन्छ र टुकासहित दक्षिणा थपेर विदा गर्ने गरिन्छ।

राजवंशी समाजमा कुनै पनि पूजाआजा प्रसाद पानी गर्ने दिन वा एक दिन अगाडि नै भिजासिजा, खारपानी गर्ने गरिन्छ। पूजाकै दिन सबै घर आँगन लिपपोत गर्ने काम अनिवार्य गर्नु पर्दछ। आसारी घासारी प्रसाद असारभरि हरिसयानी एकादसी अगावै शुभ दिन हेरेर गर्ने गरिन्छ।

आसारी घासारी प्रसाद उपर्युक्त तवरले गर्नुका साथै भाकल अनुसार “भेन्ड्रा, हरिलोट”, दिने काम पनि गर्दछन्। “भेन्ड्रा” लाई सतसेभा भन्ने पनि चलन छ। “भेन्ड्रा” वा “सतसेभा” प्रसाद दिनको लागि एउटा नयाँ माटाको हण्डि ल्याइन्छ। भाकल अनुसार सवा लिटर वा सवा दुइ लिटर गाईको दूध, भाकल अनुसार दुई चार काइयो केरा, चिनी, आटा, मैदा, चामलको पिठो, मह, सात मसला, जस्तै नरियल, किसमिस, जयदाना, अलैची, ल्वाङ, कपुर, तुलसीको पात, दिइन्छ।

कुलगुरुलाई भनेर ठाकुरवारीमै आसारी घासारी प्रसादसँगै चढाउने

वा आगनमा भिन्नै रूपले लिपपोत गरी आंग्रा, धुम्ना जलाएर पानी चढाएर ढोग्ने गरिन्छ। "भेन्ड्रा" अथवा "सतसेभा" दिए पछि कम्तिमा पनि पाँचघर निम्तो गराएर प्रसाद खान बोलाउनै पर्दछ। "हरिलोट" को भाकल रहेमा "हरिलोट" भजन (गाउने) गर्ने समूह (दल)लाई निम्तो बलाहाटी गरिएको हुन्छ। "हरिलोट" गाउनेहरू पाँच वा सात जनाको समूह वा दल हुन्छ।

यिनीहरू खोल (मृदङ), कर्ताल, आदि बाजाहरू लिएर आएका हुन्छन्। आयोजक (मारिया) ले बतासा, धानको लावा (खोए), आदि किनेर ल्याएका हुन्छन्। आगनमा पूर्व दिशातर्फ लिपपोत गरी धुपदिप बालेर बतासा, लावाहरू नयाँ ढाकीमा केराको पातमाथि राखिदिन्छन्। अर्को केराको पातले ढाकी छोपी दिएको हुन्छ।

"हरिलोट" गाउनेहरू पूर्व फर्केर पश्चिमपट्टि ठाकुरको आह्वान गाउँछन्। हरिलोटका गीतहरू तह तहको हुन्छ। आह्वान गाए पनि ठाकुरलाई "बस्नुहोस्, गोडा धुनु होस्", आदि गीतैद्वारा सुनाउँछन् र त्यसपछि लोट गर्ने गीत गाउँछन्। लोट गर्नु भनेको बतासा आदि प्रसादीहरू गाउँदै र छर्दै गर्नु हो। यतिखेर मारियाले ढाकी बोकेको हुन्छ र गाउनेहरूसँगै आगन वरिपरि घुम्दै प्रसादीहरू दर्शक श्रोताहरूतिर फाल्दै गर्दछन्। यसैलाई लोटाउनु भनिएको हो।

लोटाइ सकेपछि ठाकुरलाई "विश्राम गर्नुहोस् पूजा सकियो माफ गर्नू, आफ्नो स्थानमा प्रस्थान गर्नुहोस्" भन्ने अर्थका गीतहरू गाउँदै आगन वरिपरि थपडी बजाउँदै घुम्ने गर्दछन्। अन्त्यमा ठाकुरको जय जयकार गरेर हरिलोट समाप्त गर्छन्। हरिलोटमा पनि कम्तिमा पनि पाँच वा सात घर निम्तो गर्नु पर्ने हुन्छ।

११.२.७ जगबन्दु पूजा

राजवंशी समाजमा असारको शुक्ल पक्षमा हुने अर्को जगबन्दु पूजा जसलाई जगर्नाथ पूजा पनि भन्ने गरिन्छ। या पूजा आजकल हराइ सकेको छ। जगर्नाथ रथ यात्राकै समयमा एक हातमा झण्डा र अर्को हातमा माटोको प्लेट (ढाकन), माथि अंगार र धुमन लिएर

घर घर शंख फुक्दै मागी हिडेर नजिकैको खोला किनारमा गई विधिपूर्वक दही, चिउरा, केरा, चिनी आदि प्रसाद चढाएर, पूजा गरी प्रसाद खाइवरि घर फर्कन्छन् ।

यो पूजा गर्दा घर आँगन लिपपोत, स्नान आदि गरेर ठाकुरबारीमा वा आँगनको पूर्व दिशामा फर्केर लिङ्गो र झन्डासहित खडा गरी अंगारमा धुमन जलाएर पूजा लगाउँछन्। दुई, चारजना साथीसंगीसहित कम्तिमा पाँच सात घर लिङ्गो र अंगरा धुम्ना समेत बोकी आफन्तजनको घर आँगनमा प्रवेश गरेर शंख ध्वनि दिने गर्दछन् ।

घरवेटीले इच्छा अनुसार रूपैयाँ पैसा वा चामल दक्षिणा दिएर ढोग्ने गर्दछन् । मागिहिंड्ने सबै जना स्नानादि गरेर सफा लुगा लगाइवरि उपवास बसेका हुन्छन्। यसरी माग्दै, घर घर डुल्दै गर्दा जम्मा भएका चामल आदि बजारमा लगेर बेच्छन् । त्यस पैसाले दही, चिउरा, केरा, भोगमसला, दूध अगरवत्ती, चिनी, बतासा आदि किनेर खोला पुग्छन् ।

खोलाको बगरमा खोलाको पानीले पूजा स्थल तयार गर्छन् र भाकल अनुसार प्रसाद चढाएर मनका कुराहरू भन्दै पालो गी गरी सबैले गम्छाले ढोग गर्दै गर्छन्। पूजा समाप्त भएपछि सबै मिलेर प्रसादी बाँडेर खान्छन् र उब्रेका सरसामान, आंगरा धुम्ना, हन्डि, जुठा पातहरू सहित खोलामा विसर्जन गरी पानीमा बगाउँदछन् ।

आंगरा धुम्ना बोकेर हिंड्दा हात जल्ने हुनाले माटाको नयाँ हन्डि ल्याएर त्यसमा हरियो बाँसको कर्चिको हन्डिलाई राख्ने सिकिया वा थगा बनाउने गर्दछन्। सिकिया बनाएर तीन वटा वा चार वटा हरियो बाँसको फक्लेटा जोडेर कुनामा डोरी बाँधेर झुन्ड्याएर लिई हिंड्ने किसिमको हुन्छ अथवा दुई तीन हात लामो बाँस एकातिर चार फक्लेटामा चिरेर त्यसमा आङरा धुम्नाको हन्डि च्यापेर राखी तलबाट समाएर बोकी हिंड्न सजिलो हुनेगरी बनाइएको हुन्छ ।

खोलामा पूजा गर्न जाँदा घरबाट केराको पातहरू, बाल्टिन, बटुका आदि लग्ने गर्दछन्। पूजा गर्ने स्थलमा झन्डा गाडेर आंगरा धुम्नाको हन्डी खोलेर केराको पातमाथि राख्ने गर्दछन् ।

जगबन्दु ठाकुरलाई आसन (सवाहात सेतो कपडा, सिंगो पान, सिंगो सुपारी, सिक्का पैसा) एक टुक्रा केराको पातमा चढाउँछन् र ठाकुरबारिमा पूजा गरे जस्तै रितले पूजा गर्ने गरिन्छ। खोला गएर जगबन्दु प्रसाद दिने कार्य आइतबारको दिन गर्ने गरिन्छ र अन्त्यमा "जगन्नाथ बाबा की जय, जगबन्दु बाबा की जय" जय जय कार गर्दै घर फर्कन्छन्।

११.२.८ जन्माष्टमी र दधिकाद

जन्माटष्मीको प्रसङ्ग अनुसार द्वापर युगको कथा आउँछ। अहंकारी कंशको विनासार्थ मथुराको राजा बासुदेवको पत्नी अर्थात् कंशको बहिनी देवकीको कोखमा कंशकै कारागारभित्र कृष्ण जन्मेर गोप्य भावले गोकुलमा लगेर यशोदाको कोखमा राखेर यशोदाले जन्माएको बालिका उठाएर बन्दीगृहमा ल्याई पुऱ्याउँदा अर्थात् कंश कारागरभित्र पस्छ। बासुदेव र देवकीको कोखमा राखिन्छ। यतिहुन्जेलसम्म उता यशोदा होशमा आउँछिन् भने यता देवकी पनि होशमा आउँछिन्। बालकहरू साटासाट भएको भान उनीहरूलाई हुदैन। यो रात भाद्र महिनाको आठ घटिको रात थियो भनेर महाभारत कथा प्रसंगको कुरा आउँछ।

तस्वीर नं. ३८:
दधिकाद खेल (कृष्ण जन्माष्ठमीमा खेलिने हिले खेल)
साभार: लखनलाल राजवंशी

उता गोकुलमा यशोदाको कोखमा बालक कृष्णको जन्म भएको कुरा गोकुलभरि फैलन्छ र राजाको राजकुमारको रूपमा छोरा (कृष्ण) जन्मिएको समाचारले गोकुलवासीहरू आ-आफ्नो घरमा भएको दूध, दही, मक्खन, घिउ, आदि कोशेली बोकेर दर्शन गर्न आउनेको भीड बढ्न लाग्दछ ।

जसको घरमा उक्त वस्तु थिएन; उनीहरूले आफ्नो घरमा भएको काँक्रा, कुभिण्डो, भोगटे जे उपलब्ध हुन्थ्यो त्यही नै कोशेली बोकेर दरवार लग्ने गरेका थिए । अघिल्लो रात रातभरी मुसलधारे बर्षात् भएकोले चारैतिर हिलो भएको थियो । मानिसहरू हिलोमा चिप्लिएर लडन लागे । हिलोमा दही, दूध आदि पोखिएर कसैको हातबाट काँक्रा, कुभिण्डोहरू फुस्केर हिलोमा खसे । तर पनि हिलो मैलोको वास्तै नगरी कोशेली उठाएर दरबारभित्र तछाडमछाड गरी पसेर भेटि चढाउने गरेको स्मरणमा आज पनि “दधि काद” खेलको रूपमा “बाँस काद”, “कुला काद”, “कलगाछ काद”, “दोदलोङ काद”, “बेङाइ काद” को रूपमा दधि काद खेल गराउने चलन छ। दधि काद खेल प्रतिष्पर्धाको रूपमा खेलाइन्छ। तर जसले खेल गराउने भाकल गरेको हुन्छ; उसैले यस प्रकारको आयोजना गरेको हुन्छ ।

जन्माष्टमीको ब्रत पूजा गर्नेले सप्तमीकै दिन घर आगन लिपपोत गराई ठाकुरबारीमा धुप धुम्ना देखाई दिनभर निराहार बसी राती सजम खाने गर्दछन् । सजम खानु भनेको दर खानुलाई नै भनिन्छ । दिनभर निराहार बसेपश्चात् राती फेरि पनि धुपदिप गरेर नयाँ हण्डि (माटाको नयाँ हण्डि) मा अल्वा चामलको भात पकाइ दही, केरा, दूध, चिनीसँग खाने गर्दछन् । नुन तेल खानु हुदैन ।

सप्तमीको दिन र भोलिपल्ट अष्टमीमा दिन रात उपास (उपवास अर्थात् निराहार) बसी कुलगुरुद्वारा ठाकुरबारीमा प्रसाद दिने गर्दछन् । कसैकसैले अष्टमीको दिन जाग्राम बसी भजन किर्तन गराई नवमीको दिन पूजा पाठ प्रसाद दिने गर्दछन् । तर जसले दधि कादको खेल गराउने भाकल गरेको हुन्छ, उसले अष्टमीको राति पनि प्रसाद दिने र नवमीको विहान पनि एक छान्दा प्रसाद ठाकुरद्वारा गराउने

गर्दछन् ।

किर्तनियाहरूले किर्तन गाउँछन् र बाजा बजाउँछन् । खेल गराउँदा मारिया (आयोजक) ले बाहिर जहाँ खेल गराउँछन्। त्यसैको पूर्वपट्टि अलग्गै मन्दिर बनाउँछन्। जसको मन्दिर छ; उसले मन्दिर अगाडि नै खेल गराउने ठाउँ तयार पार्ने गर्दछन् । मन्दिर नहुनेले भने कपडा आदिले घेरेर मन्दिर सजाउँछन् र प्रसाद पनि मन्दिरमै दिन लगाउँछन् ।

आयोजकले नया नाङ्लो (नयाँ डिघल कुला) मा डालि वा चार्निवत्ती (नाङ्लोमा धान, दुवो, केराको काइँयो, दियो, काजल, सिंदुर, आदि राखी) तयार पार्छन्, सजाउँछन्। पूजा सकिएपछि उक्त चार्निवत्ती अर्थात् डालीको धान दुवो मन्दिरमा छर्केर, घोट (माटाको लोटा, सानो कलश जसमा आँपको पात राखिएको हुन्छ) को जल छर्केर जय जयकार (उलुलुइ) ध्वनि दिएर आअरती देखाउँछन् (चुमाउँछन्) र नाङ्लो उठाएर चारैतिर घुमाउँदै घुमाउँदै पूजा गर्छन्। अनि खेल गर्ने ठाउँमा नाङ्लो (डाली, चार्निवत्ती) लिएर जान्छन् । चार्निबात्ती मारियानी (आयोजक) ले र घोट (कलश) मारियाले बोकेर खेलको लागि हिल्याएको ठाउँमा पुगेपछि खेलाडीहरूलाई सिंदुरको टीका लगाइ दिएर चुमाउँछन् ।

खेलाडीहरूलाई निम्तो दिएर बोलाइएको हुन्छ भने कतिपय खेलाडी बेगर निम्तोमै खेल्न पुगेका हुन्छन् । तर जे भए पनि कम्तिमा पाँच, सात जना खेलाडीलाई निम्तो गर्नै पर्ने हुन्छ । खेलाडीलाई चुमाएर खेल्नलाई राखिएका सामानहरू जस्तै: बाँसकाद भए हिलोको विच्चमा गाडिएको लिङ्गो र अरू कुभिण्डो, काँक्रो आदिमा पनि सिंदुरको टीका लगाएर त्यसलाई पनि चुमाउने गर्छन् र त्यहाँबाट फर्कन्छन् ।

चार्निवात्ती मन्दिरभित्र नै राख्छन्। यो काम भएपछि खेलाडीहरू दधि काद खेल्न लाग्छन् । कादोमा दही हल्दी पनि छर्कने गरिएको हुन्छ। बाँसकाद भए लिङ्गोको टुप्पोमा नरिवल, केरा (केला), पान, सुपारी, पैसा आदि बाँधेर रारिएको हुन्छ । साधारण दधिकादोमा

कुभिण्डो काँक्रा हुन्छ । प्राय: गरी यही दुई प्रकारको खेल प्रस्तुत गरिएको हुन्छ ।

बाँस कादोमा चिल्लो बाँसमाथि चढेर बाँसको टुप्पोमा भएको नरिवल, केरा झिकेर मन्दिरमा लगेर चढाउन सक्ने व्यक्ति विजय घोषित हुन्छ भने कुभिण्डो, काँक्रा नरिवलले खेलिने साधारण दधिकाद खेलमा दुई दल हुन्छ । एउटाले कुभिण्डो लिएर मन्दिरमा लगेर चढाउन खोजेको हुन्छ भने अर्कोले उसलाई छेकेर उसको कुभिण्डो, नरिवल वा काँक्रो खोस्नेतिर लाग्छन् ।

जसको हातमा कुभिण्डो हुन्छ; उसले सबैलाई पेलेर मन्दिरतिर बढ्ने हुनाले पेलियार भनिन्छ भने जसले छेक्छ- उसलाई दुवारिया भनिन्छ । पेलियारको हातबाट खोस्ने वित्तिकै पहिलेको पेलियार दुवारिया बनेर उसलाई पनि छेकेर उसको हातबाट खोस्न लाग्छन् ।

यसरी जसले त्यो कुभिण्डो वा काँक्रा आदि छलेर होस् वा बलले पेलेर होस् चढाउन सफल हुने व्यक्ति विजयी घोषित हुन्छ । खेल समाप्त भएपछि खेलाडीहरूलाई सम्मानका साथ खानपिन गराएर पुरस्कार दिएर विदा गरिन्छ । मारिया मारियानीले खेलाडीहरूलाई जलपान खुवाएर मात्र खेल आरम्भ गराउँछन् । खेल शुरू भएपछि मात्र मारिया मारियानीले जलपान गर्दछन् । राती तारा हेरेर मात्र भात खान्छन् । यसलाई पारन भनिन्छ ।

११.२.८ डरा पावनी

दधिकाद वा जल्माष्टमी पछिको अर्को पर्व (पाबनी) “अनन्तडरा” वा “डरापावनी” हो । यस पावनीको प्रसँग त्रेता (तेर्तिया) युगको रामायणसँग सम्बन्धित रहेको मानो गर्दछन् । अयोध्याका राजा दशरथका छोरा राम, लक्ष्मण र सीताको १४ वर्षको वनवास कालमा लक्ष्मणले १४ वर्षसम्म निरामिस ब्रत पालन गरेको र सवरिको जुठो बयर नखाएको कुराहरू आउँछ ।

सवरिको जुठो बयर नखाएकोले इन्द्रजितसँग युद्ध गरी मुर्छा हुनु परेको र १४ वर्षसम्म निरामिस बसेकोले अन्त्यमा इन्द्रजितलाई

हराउन सफल भएको कुरा गर्दछन्। त्यसैले अनन्तडरा ब्रत पूरा गर्ने व्यक्ति लक्ष्मण जस्तै निरोगी, बलियो र शक्तिशाली होइन्छ। जहिले पनि विजयी भईरहन्छ भन्ने धारणा राख्ने गर्दछन्।

यो ब्रत गर्नेले लगातार १४ वर्षसम्म ब्रत गर्नु पर्ने हुन्छ। शुद्ध कपासको धागो, डोरी जस्तो बाटेर बाँहामा बाँधिने डोरीलाई "डरा" भनिने हुनाले र "डरा पावनी" कसै कसैले अनन्त चर्तुदशीको दिन गरिने पर्व (पावनी) भएकोले "अनन्त डरा" पनि भन्ने गर्दछन्।

डरा पावनी गर्नेले कति वर्ष पुग्यो भनेर गन्ति राख्नको लागि डोरीमा गाँठ दिने गर्दछन् र प्रत्येक वर्षमा एउटा गाँठ थपेर अर्को "डरा" बनाएर लगाउँछन्। डरा सेतो धागोको बनाएपछि हल्दीले रंगाएर पहेंलो बनाउने गर्दछन् भने कत्तिले पहेंलो डोरीकै "डरा" बनाउने गर्दछन्।

प्राय:गरी केटाकेटी उमेरदेखि नै यो ब्रतको थालनी गरिन्छ। केटीहरू विवाह अगाडि आमा-बाबुकै घरमा १४ वर्षसम्म ब्रत पूरा गर्ने गर्दछन्। विहे भयो भने पनि ब्रतगरी रहनु पर्ने हुन्छ। केटीहरूले बाँया बाँहमा डरा बाँध्छन् भने केटाहरूलाई दाहिने बाँहमा डरा लगाइ दिने गरिन्छ।

ब्रत गर्दा भाद्र शुक्ल प्रतिपदाकै दिनदेखि चतुर्दशीसम्म माछा, मासु, छेका, पेल्का, फोदगो (छार हालेको तरकारी) खानु हुदैन र त्रयोदशीको दिन दिनभर निराहार बसी राती सजम खाने (दर खाने) गर्दछन्। भोलिपल्ट उपवास वसेर कुलगुरूलाई बोलाई पूजा प्रसाद लगाउँछन्। पूजा गर्दा घर, आँगन लिपपोत, लुगाफाटा, धोई, नुहाई आगनमा चारकुना चार वटा केराको बोट र विचमा अर्को एउटा केराको वोट गरी पाँच वटा केराको वोट गाडेर मण्डप बनाइन्छ।

प्रत्येक केराको वोटमा १४ टिया केराको छरी (१४ कोसा भएको केराको काइँयो) एउटा पान, एउटा सुपारी, खुजरा पैसा हाली घोट (कलश) बसाउँछन्। घोटमा प्रत्येकमा आँपको पात (पत्ता) हालिन्छ। प्रत्येक काइँयोको प्रत्येक कोसामा सिंदुरको टीका लगाइ दिइन्छ। त्यसपछि १४ वटा आसन दिइन्छ। सेतो कपडा सवा

हातको पट्याएर त्यसमा एउटा गोटा सिंगो पान र एउटा गोटा सिंगो सुपारी र पैसा राखेको भागलाई आसन भनिन्छ।

यसरी १४ वटा आसन राखेपछि ठाकुर (कुलगुरु) ले प्रसाद लगाउँछन् । १४ प्रकारको फूलहरू चढाउँछन् । १४ वटै दीयो बालिन्छ र दूध, केरा, भोग, चिनी, तुलसीको पातको १४ ठाउँ प्रसाद चढाएर अगरवत्ती वा आँगरा धुम्ना बालेर प्रसाद दिने काम भएपछि सबैलाई बाँहमा डरा बाँधी दिन्छन्। सबैले डरा बाँध्दै पूजारी (ठाकुर) लाई फेरि (दक्षिणा) दिएर ढोग गर्ने गर्छन् र पूजा समाप्त हुन्छ।

त्यसपछि पूजारीलाई सत्कारपूर्वक खिलान पिलान (खानपिन) गराएर विदा गर्दछन् । डरा १४ दिनसम्म बाँहमा ...त्यसपछि फुकालेर सुरक्षित राख्ने गर्छन्। डरा नफुकालेसम्म माछा, मासु सेवन गर्दैनन्। अर्को वर्ष त्यो डोरा पूजा स्थानमा फेरि राखिन्छ गाँठ थपेर नयाँ डरा तयार पनि गर्ने गर्दछन्।

११.२.१० बेरा पावनी

अनन्त डरा पावनीपछि आठौं दिनमा अर्थात् भदौ महिनाको कृष्ण पक्ष सप्तमीको दिन केटीहरूले गर्ने अर्को पावनी “बेरा” पावनी हो। यो पावनी प्राय: लोप भइसकेको बुझिन्छ। बूढा-बूढीहरूको मुखबाट सुन्न पाइन्छ कि बचपनमा उनीहरूले यो पावनी गर्ने गरेका थिए भनेर। तथापि, यस पावनीको महात्म्य वा प्रशंग कसैले भन्न सकेका छैनन्।

जीवनमा सुख-शान्तिको लागि रोगब्याधी नहोस् भनेर यो पावनी गर्ने चलन रहेको बुझिन्छ। “बेरा” पावनी प्राय: जसो केटीहरूले नै गर्ने गर्दछन् । यो पावनी गर्दा दिनभरि निराहार बस्ने, घर, आँगन, लिपपोत गर्ने र साँझतिर केराको पातका दाप्चाहरू ल्याएर सवाहात-डेढहातको टुक्रा काटेर बाँसको छेस्का काटी दस-बाह्र वटा दाप्चाको टुक्रा गाँसेर नदी (डुँगा जस्तो खोलामा बगाउँदा तैरिने गरी) बनाउँछन् र चार कुनामा एक सवा हातका लामा छेस्काहरू ठाडो गाँसेर ठड्याइ त्यसमा कागज काटी झलर टाँघेर छेस्काका टुप्पाहरूमा तीनकुने कागजका झण्डा टाँसेर बनाएर राख्छन्।

यस नदीमा (डुङ्गामा) फूल प्रसाद चढाइ दीयो अगरवत्ती वाली प्रसाद चढाउँछन् । प्रसादको रूपमा दूध, केरा, भोग (कपुर), चिनी, तुलसीको पात, फूलहरू, चढाएर जल सेचन गरी पूजा गरेर ढोग्छन् । र नजिकको खोला नभए पोखरी आदि जलाशयमा बगाउने गर्दछन् । विशेष गरेर केटीहरूले गर्ने पूजा भए पनि आमाहरूले पनि आफ्ना सन्तानका लागि सुख-शान्तिको कामना गरेर यो पावनी पूजा मनाउँने पुज्ने गर्दछन् ।

भन्छन् केटीहरूले गर्ने यो पावनी भन्दा पहिले अथात् केही दिन अगाडि नै केटाहरूले पनि "कसाबेरा" को रूपमा त्यसरी नै पूजा ब्रत बसेर जलाशयमा गई बगाउने गर्दथे । "कसाबेरा" भनेर पुजिने बर्त बस्ने चलन केटाहरूमा हुने एकशिरा (हाइड्रोशिल जस्तो अण्डकोश सुनिने) रोग "निको होओस्" भनेर वा "भविष्यमा नहोस्" भनेर गर्ने गर्दथे । बालकको लागि यो "कसाबेरा" वत पूजा पनि आमाहरूले गर्ने गर्दथे । यस बेरा पावनीको कुनै अर्को किम्वदन्ती वा कसरी प्रचलनमा आयो कसैले बताउन सकेका छैनन् ।

११.२.११ **जितुवा पावनी**

जितुवा पावनीलाई कल चाउ पनि भनिन्छ । राजवंशी समाजको यो धेरै खर्चिलो व्रत हो । यसमा ब्रतालु मारिया वा मारियानीले पावनीको समयमा व्रत बसेको राति जति माग्ने आउँछन् ती सबैलाई कल (केरा), चाउ (चामल) दिएर विदा गर्नु पर्ने हुनाले यस पावनीलाई "कल चाउ" भनेर पनि भनिएको हो ।

पारिवारिक जीवनमा आइपर्ने सबै कार्यहरू पूरा गरेर घर-परिवारको लागि अब कुनै कर्तव्य बाँकी नरहेको अथवा घरजम गर्नु, छोरा-छोरी जन्माउनु, हुर्काउनु, सम्पत्ति कमाउनु वा जोगाएर राख्नु, छोरा-छोरीको विहे सम्पन्न गरिसक्नु आदि सबै कर्तव्यहरू सकेपछि छोराहरू आफैं कमाइ खाने भएपछि आफ्नो कर्ममा जित प्राप्त गरेर गरिने पावनी भएकोले जितुवा पावनी पनि भन्ने गरिन्छ ।

यो पावनीको शुरूवात कसरी र कसद्वारा भयो ? भन्ने कुरामा

बूढापाकाहरूले भन्दछन्, "द्वापर युगमा पाण्डुका छोरा युधिठिरले भिष्म पितामहको सुझाव अनुसार गर्न लागिएको" भनेर । कौरब र पाण्डवको महायुद्धमा पाण्डवहरूको जीत भएपछि युधिठिरको मन खिन्न भएकोले तीर शैयामा रहेको भिष्म पितामहलाई जीत भए पनि युद्धको दौरानमा कैयौं इष्टमित्र, बन्धु-वान्धवलाई गुमाउन परेका साथै जानअन्जानमै हुन गएको कार्यहरूबाट कसरी मुक्ति पाउनु ? मुक्ति पाउनका लागि के उपाय छ ? भन्दा पितामहले "एउटा ठूलो यज्ञ गरेर यज्ञमा आएका सबैलाई दानपुण्य गर्नू । यज्ञमा भगवानको पहिलो अवतार मत्स्य अवतार पूजा ध्यानमा रहेर दानपुण्य गरे जानअन्जानमा भएका भूल वा अपराधबाट मुक्ति मिल्छ" भन्ने सल्लाह प्राप्त भई पहिलो पटक युधिष्ठिरबाट जितुवा पर्वको सृष्टि भएको भनी बताउँछन् ।

तस्वीर नं. ३९ः
जितुआ पावनी (सोह्र श्राद्धको पूजा)
साभारः लखनलाल राजवंशी

जितुवा पर्वमा धेरै प्रकारको खर्चको आवश्यक्ता पर्दछ । जितुवामा आउने नाचदलहरूलाई जलपान भात आदि खुवाउनु पर्छ र विदा गर्ने बेलामा रूपैयाँ पैसासहित केरा र चामल माटाको प्लेट (डेला) मा दिइने गरिन्छ । पूजा सामग्रीहरूमा माटाको दियोहरू, माटाका कलशहरू, माटाका प्लेटहरू प्रशस्त मात्रामा चाहिन्छ ।

प्रसाद दिनलाई पाकेको केरा, प्रसाद वितरणमा चामल, केराको काइँयो, सबैलाई दिइने हुनाले केराको घरी नै दश बाह्र वटा चाहिन्छ । चामल पनि प्रशस्त चाहिन्छ । हेर्न र नाच्न आउने मानिसहरूलाई लगातार चिया खुवाउनु पर्ने वा जलपान खुवाउनु पर्ने हुनाले सागतरकारी, मुरै, चिउरा, भात सबैको व्यवस्था गरिन्छ ।

पूजा विधान अनुसार जन्माष्टमीपछि आउने अर्को कृष्ण पक्षको अष्टमीमा यो पर्व पर्दछ । यो पर्व गर्नेले सप्तमीकै दिन दिनभर भोकै बसेर राती एक छाक नयाँ हण्डिमा चामल पकाएर अलुवा चामलको भात त्यससित चिनी, दही, दूध वा नयाँ माटाको तावामा सुक्खा रोटी (आटाको) सेकेर दूध, दही, चिनीसित रोटी खान्छन् । सुठुनी उसिनेर, केरा, फल, आदि पनि खान्छन् । नुन, तेल सेवन गर्दैनन् र भोलिपल्ट अष्टमीको दिन दिनभर उपवास बस्छन् ।

विहान नुहाइवरि नयाँ लुगा लगाउँछन् र पूजा मण्डप सजाउने काम भइसकेपछि सानो वर्गाकार खाल्डो खनी राम्ररी लिपपोत गरिन्छ र यसमा समजोडी मागुरमाछा छोडिन्छ । यही खाल्डोको नजिक पश्चिमपट्टि छेउमै व्रत बस्नेले रातभर आसन लगाएर बस्नु पर्छ ।

मण्डप सजाउँदा चार कुनामा चार वटा केराको बोट रोपिन्छ । प्रत्येक बोटमा कलश, आँपको पात, केराको काइँयो, पान, सुपारी, मालीको घरबाट ल्याएको फूल आदि राखिदिने गरिन्छ । केराको बोटहरू वरिपरि रंगिन कागज काटेर डोरीमा झुन्ड्याइन्छ र डोरिमा आँपको पातरू पनि वाँधेर झुन्ड्याइन्छ ।

पूर्व किनारमा छाती वा कम्मरसम्म अग्ला बाँसको चोया, मुढा जस्तै वाँधेर राखिन्छ र यसमा एक एक वटा माटाको प्लेटमा एक एक काइँयो केरा, केरामामाथि एक टुक्रा सेतो कपडा त्यसमा एउटा

सिंगो पान र पानमा एउटा सिंगो सुपारी, चामल राखेर छोपी दिने गर्छन् ।

त्यसको नजिक भुइँमा माटाको दियो बालिन्छ। जति वटा केरा सजाइन्छ सबैमा दियो अगरवत्ती बाल्ने गरिन्छ। यी डेलाहरूको साम्ने कुल ठाकुरले प्रसाद दिनु हुन्छ। प्रसाद दिएपछि अर्को नयाँ नाङ्लोमा चार्नीबात्ती सजाइन्छ। चार्नीबात्ती भन्नाले नाङ्लोमा धान, दुवो, एक काइँयो केरा, एउटा दियो र एउटा माटाको सानो आँपको पातसहित पानी भरिएको कलश हुन्छ। यस चार्नीवात्तीले पूजा स्थलमा आरती देखाउँछन् ।

धान, दुवो छर्छन् । कलशको पानी छर्कन्छन् । ठाकुरले शंख फुक्छन् । पूजा स्थलमा यसरी नाङ्लोले आरती गरेपछि खाल्डोमा पानी भरेर एक जोडी जिउँदो मागुर माछा छोडिन्छ । या माछा हालेको वर्गाकार खाल्डोलाई पनि चार्नीवात्तीले आरती देखाउँछन् । धान, दुवो, कलशको जल छर्केर आरती देखाएझैं गर्ने प्रकृयालाई राजवंशी भाषामा चुमाउनु भनिन्छ।

चुमाउने बेलामा "उलुलुलु" ध्वनि मुखबाट निकालिन्छ । यसै बेला कुलगुरु (ठाकुर) ले शंख फुक्ने गर्छ । उपर्युक्त सबै काम भएपछि व्रत बस्ने मान्छे खाल्डोको पश्चिमपट्टि रातभर आसन लगाएर छेउमा सिंदुर, धानको पूल (लावा) लिएर औलामा सिंदुर लिएर माछाको टाउकोमा लगाइ दिने गरिन्छ । माछाले टाउको निकाले भनेर पानीमा धानको लावाहरू एउटा दुईटा गरी हाल्ने गरिन्छ।

मण्डपभित्रका सबै बत्तीहरू ध्यान दिई बस्नु पर्छ निभ्न दिनु हुदैन। तेल सकिए तेल थपिदिनु पर्छ। यस बाहेक व्रत बस्ने व्यक्ति नजिक धेरै माटाका प्लेटहरू, केराको काइँयोहरू र चामलको बोरा राखिएको हुन्छ । जो जो व्यक्ति माग्न आउँछन् सबैलाई माटाको प्लेट (डेला) मा चामल र केराको काइँयो राखेर दान गर्नु पर्छ।

माग्न जानेहरूले "मार्यानी गे कल चाउ दे" भन्दै आउँछन् । "जितुवा" पावनी आउन अगाडि हाट बजारमा मालीहरूले "ढाडिगनी" बनाएर बेच्न ल्याएका हुन्छन्। अनि जितुवाको दिन "कलचाउ" माग्न

भनी केटाकेटीहरूले "ढाडिगनी" किनेका हुन्छन्। "कलचाउ" माग्दा यही "ढाडिगनी" भने खेलौना फुर्रर फुर्रर घुमाइ नचाउदै "मार्यानी गे कलचाउ दे" भनेर माग्दछन्। मार्यानी भनेको आयोजक वा ब्रतालुलाई "केरा र चामल देऊ" भनेको हो।

यसरी माग्न आउनेलाई, नाच गर्नेलाई, रातभरि कलचाउ बिहान हुन्जेलसम्म दिँदै गर्छिन् र पारनको समय भएपछि त्यहाबाट उठेर नुहाइ-धुवाइ गर्न जान्छन्। पारन भनेको व्रत फुकाउनु हो र व्रत खोलिएपछि नुहाइ-धुवाइ गरेर धुप धुवन देखाएर ढोगेपछि नाच गर्न आउनेहरूलाई च्युरा, मुरै, साग, तरकारी आदि जलपान खुवाएर मात्र व्रत बस्नेले पनि जलपान खान पाउँछन्।

बेलुका आकासमा तारा नदेखिएसम्म भात खान नहुने हुनाले तारा दर्शन गरेर मात्र भात तरकारी खान पाउछन्। यो महंगो खर्च हुने पावन भएकोले आजकल कहिले भगवानको नाममा धुपदिप गर्ने र व्रत बस्ने मात्र गरेको पाइन्छ। कुनै कुनै गाउँमा मात्र एकाध घरमा पूर्णरूपले गर्ने गरेको पाइन्छ। नाच गर्ने दल धेरै आएपछि पालो नभ्याए भोलिपल्ट दिनभर नाच गान चल्ने सबैलाई खुवाउने गर्नु पर्नाले विस्तारै विस्तारै लोप हुँदै जान लागेको छ।

हुदुरधुरामा मुख्यरूपले बजाउने बाजा टेम्की, बाँसुरी, कर्ताल आदि हुन्छन्। हुदुरधुरा, खेल्नेहरूले कतिले आफैंले श्लोक वा कविताहरू रचेर लय हालेर गाउँछन्। यस्ता रचनाहरू हास्य व्यङ्गयात्मक हुन्छन्। नजान्नेले सुनेका, सिकेका रचनाहरू नै गाउने गर्दछन्। गीतको बोल र समाप्तीमा निम्न कुराहरू भन्ने चलन हुन्छ जस्तै: "हुदुरधुरा डर जर आसिचे, खिलावन ते खिलाअ माइला, घर साजिचे, खिसाए मिसाए बुढि बोस, एक्टा काथा मोक कहवा दोक" आदि।

तर आजकल "हुदुरधुरा" पनि एकदमै हराइ सकेको छ। कतिपय राजवंशी ब्रतालुको भनाइमा ब्रतबाट उठेपछि "माछा, मासु अनिवार्य खानै पर्छ" भनी भन्दछन्। तर यसै समाजमा कतिपय बुज्रुकहरूले "खानै पर्छ" भन्ने "अनिवार्यता छैन" भन्दछन्। हो, कमजोर शरीरकाले ब्रत बसेर थपिएको कमजोर भगाउन भने पोषण बढाएर

खानु अर्को कुरा हो ।

कतिपयले "खानै पर्ने नियम छैन" भन्दछन् भने "खानै पर्छ" भन्नेले दाता कर्णको कथामा भगवानले दानविर कर्णलाई छलेर "उसको छोराकै मासु पकाएर दे देऊ" भन्ने कुरा दर्शाउने गर्दछन्। एकादशी पर्वको राति पहिले पहिले रात कटाउन एकादशी नाच भनेर नाच टोली नआउँदा यही दाता कर्णकै कहानी प्रदर्शन गराउन ल्याउने गर्दथे ।

कथामा कर्ण राजाको दान गर्ने मतिको कहानी छ भनेर भगवान स्वयम् भिखारी ब्राम्हणको भेषमा एकादशीकै भोलिपल्ट पारनको समय उपस्थित भएर "मलाई तिम्रो छोरालाई काटेर मासु खुवाउनू । म भर्खरै एकादशी गरेर उठेको छु पारन गर्न मलाई मासु नै चाहिन्छ। त्यसमा पनि तिम्रो छोराकै मासु आराले काटेर पकाएर ल्याऊ" भनेको हुन्छ ।

त्यसो भनेको हुनाले व्रतबाट उठेपछि "मासु खानै पर्छ" भन्ने गर्दछन् । तर वास्तवमा पनि मासु खाएको हुदैन । ब्राम्हणले राजा रानी दुवैलाई भन्छन्, "जाऊ" बाहिर गएर कुनै एउटा केटा वा वालकलाई बोलाएर ल्याऊ अर्कोलाई भोजन नगराइ मैले कसरी एक्लै खाएर ब्रत तोड्नु ?" भन्दा राजा-रानी बाहिर निस्कन्छन् । यता ब्राम्हण अन्तरध्यान भई दिएको हुन्छ ।

राजा-रानी बाहिर जाँदा अघि काटेर पकाइएको आफ्नै छोरालाई खेलिरहेको देख्छन् र घर लिएर आएका कुरा कथामा दर्शाउँछन् । त्यसर्थ, मासु खाने कुरा मात्र हो अनिवार्य छैन। ब्रतालुले सालैपिच्छे बडाएकादशी गर्दा बाल्ने गरेका दियोहरू सुरक्षित संकलन गरेर राख्ने गर्दछन् र मर्ने बेलामा उसकै लाससँग चिहानमा पठाउने गर्दछन् ।

ब्रतालुले पहिल्यै भन्ने गर्छन्, "छोराहरूलाई मेरा दियोहरू मेरो लाशसँगै घाटमा पठाउनू" भनेर। विश्वास छ कि एकादशी व्रत गर्ने मान्छे प्राय: एकादशीमै मर्ने गर्दछन् । यदि श्रद्धापूर्वक एकादशी गर्दै रहन्छ भने अर्को एकादशीको दिन मर्ने व्यक्ति सिधै भगवान (ठाकुर) को दरवारमा वास पाउँछ ।

एकादशी गर्दा पापमुक्त भइन्छ भन्ने विश्वासले छोरा-छोरी सबैको विवाह गराएपछि एकादशी गर्ने गर्दछन् । छोरा-छोरी पाएर हुर्काउँदा गृहस्थी जीवनमा अन्जानमै हुन गएको पाप कर्मबाट मुक्ति होइन्छ भन्ने विश्वास छ । आजकल पहिलेको जस्तो रमझम र भव्यरूपमा एकादशी गर्ने चलन घटिसकेको छ । राजवंशीहरूको आर्थिक स्थिथि कमजोर हुँदै गएको हुनाले व्रत गर्नेले गर्छन्। नाचगान ल्याउन सक्दैनन् । नाचगानको व्यवस्था गरेपछि खर्च बढ्ने हुनाले व्रत गर्नेले ज्वाइँ-छोरी खलकलाई मात्र निम्तो गर्छन् ।

ब्रतालुलाई र पाहुनालाई घरमा छोरा बुहारीहरूले सम्हाल्नु पर्ने हुन्छ । व्रत बस्न शुरू गर्नेले पहिलो खेपको एकादशीमा भरिसके नाचगानको व्यवस्थाको लागि कोसिस गरिदिएका हुन्छन्। तर त्यस्ता धार्मिक नाच नभई आधुनिक किसिमका हुन्छन् । एकादशी जस्तो धार्मिक अनुष्ठानमा त्यस्ता नाचगान प्रस्तुत नगर्नु पर्ने हो तर रात बिताउने बहानामा त्यसो गरिन्छ। पहिलो पटक गरिने एकादशीहरूमा भने नाचगान नल्याई ब्रत गर्नेलाई साथ दिन भनेर रातभरि तास खेलेर बिताउँछन्। तर यो पनि असल कुरो मानिदैन ।

११.२.१२ **चरक पूजा वा भक्तियार**

चरक पूजा वा भक्तियारमा पातालको महिरावणले पुज्ने गरेको काली (भद्रकाली) को पूजा गरिन्छ। राजवंशी समाजमा सबैले यस

तस्वीर नं. ४०:
भक्तियार पूजा (चरक पूजा) **साभार**: लखनलाल राजवंशी

कालीको पूजा गर्दैनन् । भद्रकालीलाई पुज्ने मान्ने गरेमा श्रीसम्पत्ति र परिवारको वृद्धि हुन्छ भन्ने गर्दछन् । चरक पूजा वा भक्तियारको भाकल गरेर पूरा गर्न नसके सर्वनाश हुन पनि बेर छैन भन्ने गर्छन् ।

भक्तियार वा चरक पूजाको लागि भद्रकालीलाई घर परिवारमा कुनै ठूलो सम्हाल्न नसक्ने कुनै उपाय पनि काम भरोसा हुन नसक्ने स्थितिमा भाकल गर्ने गर्दछन् । वास्तवमा चरक भन्नाले भक्तियारलाई काँटा उनेर फन्को घुमाउन गाडिएको खम्बालाई भनिन्छ । चरक खम्बामा भद्रकालीको वास हुने हुनाले यसको पूजा हुन्छ ।

भक्तियार भनेको भद्रकालीको नाममा चढाइएको व्यक्तिलाई भनिन्छ । सहिअर्थमा भद्रकालीलाई नरबलिको रूपमा सुम्पिएको व्यक्ति नै भक्तियार हो भन्ने गर्दछन् । नरवली दिने प्रथामा रोक लागेकोले भक्तियार घुमाउने गरेको हो भनेर बूढापाकाहरूले बताउँछन् ।

भक्तियार वा चरक पूजा भास्कर सम्वत अनुसार चैत्र मसान्तको दिनमा गरिन्छ । यस दिन विक्रम सम्वत्ले वैशाख १ गतेको दिन पर्दछ । भक्तियार पूजा गर्न चैत्र मसान्त लाग्न आठ दिन अगावै घोट स्थापना (कलश स्थापना) गर्दछन् । अथवा भास्कर सम्वत्ले चैत्र २२ गतेको दिन घोट बसाउँछन् ।

यसको पूजा गर्ने तान्त्रिक व्यक्तिलाई "देवंशी" भन्ने गरिन्छ । देवंशीका तन्त्रमन्त्रहरू खौटी र खतरनाक हुन्छ । घोट स्थापनको लागि घर बनाइन्छ । यो घरलाई "गमिरा" घर भनिन्छ । यस घरमा शिवजी, भद्रकाली र मेचिनी देवीलाई आह्वान गरिन्छ अर्थात् जागरण गराइन्छ ।

सर्वप्रथम मेचिनीलाई त्यसपछि शिवजी अन्त्यमा भद्रकालीलाई जगाउने गरिन्छ । घोट स्थापना र देवीहरूको जागरण गर्ने काम भएपछि पूजारी देवंशीले "इच्छागन्जेर हाट लाग्यो है" भनेर द्रूत (ठूलो) स्वरले सूचना दिन्छ । यो कार्य भएको भोलिपल्टदेखि खेलाडीहरूलाई लिएर गाउँमा घर-घर ढाक बजाएर मागिहिडने काम हुन्छ ।

प्रत्येक दिन ढाक बजाएर घोट लिएर हिड्ने गर्छन् । खेलाडीहरूले अनौठो अनौठो आश्चर्य जनक खेलहरू गर्दै हिंड्छन् । यस्ता खेलहरूमा

भयंकर कसरत कारनामाहरू पनि देखाउने गर्दछन् । सातौं दिनमा चरक ठड्याउन बलियो सिधा र धेरै अग्लो किसिमको रूख काटेर ल्याउँछन् । यो रूख काटेर भक्तियारले एक्लै बोकेर चरक गाडिने (ठड्याउने) ठाउँमा ल्याउने गर्दछ । घोट बसाएको ठाउँमा प्रत्येक दिन पूजा हुन्छ ।

सातौं दिनमा देवंशीले ब्रम्हशान्तिको तन्त्र विद्याको परीक्षा एक जोडी परेवा चढाएर दिने गर्छन् । यस्तो कार्यमा दन्दनी बलेको कोइलामा देवंशी आफ्नै खाली खुट्टामा उभिन्छ वा कोइलामाथि हिंड्ने गर्दछ । गमिरा घरमा खाल्डो खनिन्छ र भक्तियारलाई त्यहाँ मुर्दा सरह सुताइन्छ ।

भक्तियारको टाउकोतिर घरमूलीको आफ्नो तिघ्रा (जाङ) दिएर सिरानी दिन्छ । देवंशीले भक्तियारको पूजा गर्छ र उसको पिठ्युँमा हुक जस्तो बनाइएको फलामको काँडा रोप्ने गर्दछन् । यो कार्य भास्कर सम्वत्ले चैत्र मसान्तको दिन पर्दछ ।

उता चरकको खाँबोलाई राम्ररी छिलछाल (ताछतुछ) गरेर तयार पार्नका साथै टुप्पोतिर चेर्कि वा बाँस अड्याएर घुमाउन मिल्ने किसिमको फलामको वा काठकै बनाएको वस्तुमा लामो बाँस जोडेर चरखा (खाँबो) गाडिन्छ । त्यहाँ भक्तियारलाई र भद्रकालीको मुखुण्डो अनि घोटसमेत लिएर पुग्छन् र खाँबो (चरक) को फेंदमा हातले भेटुन्जेल माथि दक्षिण फर्काएर बाँधिदिन्छन् ।

खाँबोको छेउमा घोट राखिदिन्छन्। बोका, परेवा काटेर चरकको पूजा गरिन्छ । ढाक बजाउनेले ढाक सहनाइ बजाउनेले सहनाइ बजाइ रहेका हुन्छन्। पूजा भइसकेपछि भक्तियार बाँसको एक छेउमा कमरमा डोरी लगाएर उनेका काँडो फलामको हुक जस्तो सुइरोको सहारामा झुण्डाइन्छ । सर्वप्रथम भक्तियार आफैंले ढाक लिएर ढाक बजाउँदै अढाइ फन्को घुम्छ । घुम्नलाई बाँसको अर्को छेउमा डोरी बाँधी तल त्यस डोरीलाई तानेर मान्छेहरूले घुमाइ दिने गर्छन् ।

अढाइ फन्को घुमाएपछि कपडाको झोला जस्तो भक्तियारको काँधमा दिइन्छ । त्यसमा केराको काइँयोहरू चामल हुन्छ र एक

जोडी परेवा पनि त्यसैमा रारिएको हुन्छ र पुन: उसलाई घुमाइन्छ। घुमाउँदा भक्तियारले परेवालाई हातले मुन्टो चुडाएर रगत खान्छ र भुइँतिर फालिदिन्छ।

त्यसपछि चामल र केराहरू चुडाउँदै दर्शकहरूतिर फाली दिने गर्छ। मूल भक्तियारसँगै अरू पनि भक्तियारहरू आएका छन् भने उनीहरू पनि त्यसमा घुम्ने पालो लिन्छन्। तर उनीहरू घुम्ने काम मात्र गर्छन्। मूल भक्तियार आक्वारा (कन्नेकेटा) भक्तियार हुन्छ। अर्थात् कहिलेकाहीं भक्तियार नभएको नयाँ मान्छेलाई आक्वारा (नयाँ) भक्तियार भनिन्छ। यसको लागि उसले जे जति रकम माग गर्छ, त्यति नै उसलाई दिएर किनिएको हुन्छ।

यो कार्य देवंशीले नै गर्दछ। अर्थात् एकपल्ट भक्तियार भएको मान्छे अर्कोपल्ट काम आउँदैन। यतिकै घुम्ने रहरले भक्तियार पुजिने ठाउँमा चरकमा झुण्डिएर घुम्ने गर्दछ। यस्ता पुराना भक्तियारहरू देवंशीसँग पूजा गर्न जाने ठाउँमा गएर विभिन्न खेला देखाउने काम आउँछन्।

सात दिनसम्म मागेर हिंड्ने बेलामा यिनै पुराना भक्तियारहरूले खेल तमासा देखाइ हिंड्ने गर्दछन्। आएका अरू भक्तियारहरूलाई पनि घरमूलीद्वारा देवंशीले पैसा दिलाउने गदर्छन्। ७/८ दिनसम्म सबै भक्तियारहरूलाई घरमूलीले खानपिन र बस्ने व्यवस्था गरेको हुन्छ। भक्तियार पूजा भएपछि भोलिपल्ट नयाँ वर्ष १ गतेका दिन विक्रम सम्वत् वैशाख २ गतेका दिन बिस्साल तान्त्रिक खेल खेलाउँछन्।

देवंशीले भक्तियारहरूमध्येको जिउमा तान्त्रिक विधिले जलछिटा दिएपछि तमासा शुरू हुन्छ। जसलाई बाघ बनाउने मन्त्रले अभिमन्त्रित गर्छ, ऊ बाघझैं गर्जन्छ। जसलाई हनुमानको (बाँदर) मन्त्रले अभिमन्त्रित गर्छ। ऊ बाँदर जस्तो रूखहरूमा उफ्रेर हिड्ने, चढने गर्छ। यसरी नै जसलाई बकुल्लाको मन्त्रले अभिमन्त्रित गर्दछ ऊ बकुल्ला जस्तै हुने इत्यादि खेललाई बिस्साल खेलाउने भनिन्छ।

यसै दिन अन्तिम दिन हुन्छ। सबै देवंशीहरू खानपिन गरी दक्षिणा लिएर विदा हुन्छन्। चरक पूजा सकिएको दिनले आठौं दिनमा

आठुआरी प्रसाद दिने गरिन्छ। यस दिन कुलगुरू बोलाएर पूजा प्रसाद दिन्छन् । घरका अरू देवी-देवताहरूलाई पनि मालिद्वारा पुजिन्छ र सम्पूर्ण कार्य समाप्त हुन्छ ।

राजवंशी समाजमा भक्तियार हुन कोही पनि चाहदैनन् । भक्तियार वाास्तवमै देवंशीले उपलब्ध गराउँछन् । भक्तियार भएपछि मानिसहरूमा तल्लो बर्गको रूपमा गनिन्छ । किनभने ऊ कालीलाई बलि चढाइएको र कालीको अधिनस्त व्यक्तिको रूपमा गनिन्छ ।

भक्तियार बन्ने व्यक्तिलाई शुरूमै देवंशीद्वारा उसको काजक्रिया र पितृहरूको श्राद्ध तर्पण दिइसकेको हुन्छ । भक्तियार एक प्रकारले कर्मकाण्डद्वारा मृत्यु भइसकेको घोषित व्यक्ति भएकोले समाजमा उसलाई तल्लो श्रेणीमा राख्ने गर्दछन्। भक्तियार बन्ने मानिस जुनसुकै जातको पनि हुन सक्छ। भक्तियार बनेका मान्छेको हातबाट समाजमा कुनै पनि देवकार्य चलाउँदैनन् र चल्दैन भनेर तिरष्कृत गर्ने गर्दछन्। लेखक डा. केशव कुमार श्रेष्ठकै कृति *नेपालका राजवंशी परम्परा र परिवर्तन* अनुसार नेपालमा झापाका एक दुई राजवंशीहरूको घरमा भक्तियार रहेको र यदाकदा पुजेको पाइन्छ ।

११.२.१२.१ **माघी सिनान**

राजवंशी समाजमा आफ्नो सम्वत् अनुसार माघ १ गतेदेखि माघभरि प्रत्येक दिन सूर्योदय अगाव खोलामा गएर नुहाउनाले जाडो सहने क्षमता बढ्छ। चर्म विकारहरू हुन पाउदैन र रोग प्रतिरोधक शक्ति पनि बढ्छ भन्ने विश्वास छ । हुन त जाडो पौषमा नै अधिक बढी भइसकेको हुन्छ। तर पुस थोरै दिनको छोटो महिना भएकोले हेर्दाहेर्दै बिति सक्छ। त्यसैले भन्दछन्, “पुषेर जार फुस, माघेर जार बाघ” अर्थात् ‘पुसको जाडो फुस्स कटिहाल्छ’ तर माघमा विस्तारै दिन लामो हुदै जाने र संक्रान्तिपश्चात् वतास चल्न शुरू पनि हुने हुनाले जाडो सहन गाह्रो हुन्छ। त्यसैले “माघको जाडो बाघ जस्तै डरलाग्दो हुन्छ” भनेर भन्ने गर्दछन् ।

११.२.१२.२ अन्य संस्कारहरू

आतर चातर घेरबार- नयाँ वर्षको पहिलो दिन घरका मूलीले बेलुका आफ्नो घरको चार कुनामा प्रसादी गाडेर तोरी छर्किंदै चौहद्धी घेर्ने काम गरिएको हुन्छ ।

घाटोसरि

तस्वीर नं. ४१ः
घाटोसरी, (माटाका भाँडाहरू, खोलामा भाँडाहरू खोलामा सेलाउदै)
साभारः लखनलाल राजवंशी

गाउँ घरका सबै महिलाहरू नयाँ वर्षको दोश्रो दिन दिउँसो उपवास रही माटाका भाँडा (घाटो), चना, मुरही, पूजाका सामान बोकी खोलामा गएर पूजा लगाएर माटाका भाँडा खोलामा सेलाएर चना, मुरही प्रसादीको रूपमा खाएर घर फर्कन्छन् ।

तिस्ताबूढी, साजि

तस्वीर नं. ४२ः
तिस्ताबूढी, साजि (साजी नामको देउताको लागि गाउँ घर डुल्दै)
साभारः लखनलाल राजवंशी

पुर्खाले मानी आउने वा (परुवा) महिलाले मात्र गर्ने पूजा हो यो। जो महिलाले सानो साजि (ढाकी) बोक्छिन्; उनलाई तिस्ताबूढी भन्दछन्। सानो ढाकी बोकी घर-घर डुलिहिंड्दा गीत गाउनको लागि चाहिने महिलाहरूको समूह (भेदेखेली) लिई नयाँ वर्षको दोश्रो दिन दिउँसो उपवास रही चना, मुरही, पूजा का सामान बोकी खोलामा गएर पूजा लगाएर सानो ढाकी खोलामा सेलाएर, चना मुरही प्रसादीको रूपमा खाएर घर फर्कन्छन्।

आसारी घासारी प्रसाद-असार महिनामा रोपाइँ गर्नु भन्दा पहिला आफ्नो कुलदेवतालाई (ठाकुबारीमा) प्रसाद चढाउँछन्।

गुछी लिबार-

तस्वीर नं. ४३:
आसारी-घासारी प्रसाद (असार महिनामा धान रोपाइँको शुरूवातको पूजा)
साभार: लखनलाल राजवंशी

घरमूली महिलाले ब्रत बसी खेत बारीमा गएर दुई आलिको विचमा (पाटा गाछ, कच्चु गाछ), पूजा प्रसाद लगाई सकेपछि रोपाइँ गर्ने चलन रहको छ।



तस्वीर नं. ४४ः
गुछि लिबार (धान रोपाइँको शुरूवातको पूजा) **साभार**ः लखनलाल राजवंशी



तस्वीर नं. ४५ः उँका-हुकाहुकि, उँका-हुकाहुकि चुमानि (सन्ठीको अगुल्टो, ती अगुल्टोहरूलाई आरती गरिदै)।
साभारः लखनलाल राजवंशी

उँका (हुका हुकी) खेल्वार- तिहारको समयमा लक्ष्मी पूजा गरिसकेपछि बेलुका सन्ठिको मुठो बाधेर (उँका) बनाउँछन् र बालेर काखमा सानो ढाकी (काठा) मा तोरीको पिना (खएला) छिटाउँदै आफ्नो खेतको परिक्रमा गर्छन्। घर आइपुग्दा त्यो उब्रिएको सन्ठिको मुठो खाली ठाउँमा आकाशतिर फ्याँकी "सोरा..सोरा..हुका ले रे उँका ले......दादो दादी ओलोए ले..." भन्दै खेल्छन् । बलेको सन्ठिको मुठोमाथि हुत्याउने अवस्था नरहेपछि पालैपालो एक एक वटा सन्ठि भुइँमा गाड्छन् ।

खेमारी खुल्बार प्रसाद- खेतधनीले धान काटेर (खमार) मा थनक्याई सकेपछि केही दिनपश्चात् धान झाट्ने, पंखा लाउने काम गर्नु पर्छ । यसको लागि दिनको टुङ गरेर घरमूली महिलाले ब्रत बसी खमारमा गएर प्रसाद लगाउँछन् ।

चोर-चुर्नी पूजा-

तस्वीर नं. ४६:
चोर चुमानी प्रसाद (चोर चुमानी देवता पूजा) ।
साभार: लखनलाल राजवंशी

परम्परागत हिसाबले मानिआउने घर-परिवारले मात्र यो पूजा लाउने र आफ्ना बच्चाहरूलाई नयाँ पोशाक पहिऱ्याइ पाँच घर डुलाउनु पर्ने हुन्छ। यसको लागि ब्रतालु घरका महिलाले ब्रत बस्दा अपनाउनु पर्ने सम्पूर्ण प्रकृयाहरू अपनाउनु पर्ने हुन्छ। तिहारको लक्ष्मी पूजाको दिन बिच आँगनमा पूजा लगाई बच्चालाई मुकुट पहिऱ्याइ पूजामा ढोग गर्न लगाउँछ।

नयाखुवा प्रसाद- घरमूली महिलाले ब्रत बसी नयाँ धान ओखलीमा कुटेर चामल तयार गरी खिर पकाई देउता स्थान (ठाकुरबारीमा) प्रसाद चढाई सकेपछि मात्र सो चामल प्रयोगमा ल्याउने परम्परा छ।

सब चुलिया–

तस्वीर नं. ४७:
चुलि फेका (भाकल अनुसार कपाल काटने पूजा) **साभार**: लखनलाल राजवंशी

बच्चाका अभिभावकले बच्चाको चिरायुको कामनाको लागि सब चुलिया (कपाल पाल्ने) भाकल तीन वर्ष या पाँच वर्षपछि भाकल पूरा गर्नको लागि घरमा पूजा लगाई बच्चाको कपाल खौरिने गर्दछन्। यस पूजामा इष्टमित्र, छरछिमेक, बंश गोतियाका साथै कुल पुरोहितलाई निम्तो गरी बोलाउनु पर्ने हुन्छ र भोज भतेर गरेर यो विधि पूरा गर्नु पर्ने हुन्छ।

११.२.१३ परम्परागत खानासँग प्रचलित चलनहरू

कोच जातिका मानिसहरू मांसाहारी हुन् तर यिनीहरूमा जाँड-रक्सी खाने चलन छैन। मांसाहारी भए तापनि खसी, हाँस, परेवाको मासु बाहेक अन्यको मासु खाने चलन छैन। परम्परागत खानामा अन्नको हकमा चामलका विभिन्न परिकारहरूको बढी चलन छ।

गहुँको रूपमा आटाबाट रोटी, पुरी, प्राय: कमै मात्रामा चल्दछ। त्यस बाहेक सागसब्जी, चोखा, चटनी, अचार आदि खाने चलन छ। यसरी राजवंशी खाद्य वस्तु निरामिस, आमिस दुई भागमा विभाजन गर्न सकिन्छ तिनको तल एक एक वर्णन गरिएको छ।

निरामिस परिकारहरू: धानबाट चामल निकालिन्छ। राजवंशीको मुख्य अन्न चामल नै हो। चामलको भात पनि विभिन्न प्रकारले खाइन्छ। अधिक रूपमा धान उसिनेर सुकाई चामल बनाएर उसिना चामल खाने भए तापनि अलुवा चामल पनि उही रूपमा प्रयोग गरिन्छ। संस्कार आदि विधि-विधानमा पनि अलुवा र उसिना दुवैको प्रयोग गर्ने गरेको पाइन्छ।

भातको प्रकारमा साजुआ, मान्डी, खरखरा र पन्ता भात बनाएर खाइन्छ। साजुआ भात भन्नाले भर्खर पकाएको माड तारेको भातलाई भनिन्छ। मान्डी भात भन्नाले माड नतारेको भात हो। यो पनि सुक्खा मान्डी भात र पेच्रा भात दुई प्रकारले पकाइन्छ। पेच्रा भात गिलो भातलाई भनिन्छ। खरखरा भात भनेको बासी भात भुटेर खाइने भात हो। जाडोको समयमा प्राय: खाइन्छ।

पन्ता भात गर्मीको समयमा खाइन्छ। यो पनि साजुआ पन्ता र बास्या पन्ता गरी दुई प्रकारले खाइन्छ। साजुआ पन्ता भनेको विहान पकाएको भात बेलुका पानीमा भिजाएर खाने गरिन्छ भने बास्या पन्ता राती पकाएको भात भोलिपल्ट पानीमा भिजाएर खाइने भात हो।

भात बाहेक उसिना चामल भुटेर पनि खाने चलन छ। सिधै भुटेर नुन, तेल साँधेर खाइनेलाई भाजाचाउ भनिन्छ। भाजाचाउ भुट्ना साथ पानीमा डुवाएर राखेपछि पानी खिलाचाउ भनिन्छ। भाजाचाउलाई फेरिबाट भात जस्तो पकाएर खानुलाई करी भन्ने चलन

छ। भाजाचाउलाई कुटेर सातु बनाएर पनि खाइन्छ। चामलबाट मुरै, चिउरा पनि बनाएर खाइन्छ।

उसिना चामल नुनमा साँधेर सुकाई बालुवामा भुटेर मुरै बनाइन्छ। त्यस्तै धानलाई भिजाएर ओभानो पारी भुटेर ओखलमा कुटेर चिउरा बनाइन्छ। चिउरालाई फेरि भुटेर दोभाजा चिउरा पनि खाइन्छ। मुरैलाई कुटेर सातु बनाएर पनि खाइन्छ। त्यस्तै चिउरालाई पनि भुटेर ओखलमा कुटेर सातु बनाएर खाने चलन छ।

गुड पकाएर मुरै मिसाई लड्डु बनाएर पनि खाइन्छ। यसलाई मुरियालारु (तस्वीर नं. ४८) भनिन्छ भने यसरी नै चिउरा भुटेर पनि गुडमा मुछेर चिउरालारु (तस्वीर नं. ४८) बनाएर खाइन्छ।

तस्वीर नं. ४८:
मुरियालारु, चिउरालारु (मुरही र चिउरा बाट बनेको मिठाई)।
साभार: यु ट्यूब च्यानल





तस्वीर नं. ४९:
लावा-खोइ, लावालारू (धान भुटेर खेवा, खेवाको मिठाई)।
साभार: यु ट्यूब च्यानल

यस बाहेक अर्को प्रकारको धानलाई “बर्नी धान” भनिन्छ । यसलाई भुटेर निक्लेको फूल लावा (खोइ) को पनि गुडसित लड्डु बनाएर खाने चलन छ ।

तस्वीर नं. ५०:
भाका, पिठ (चामलको पिठोबाट बनाइएको परिकार) ।
साभार: लखनलाल राजवंशी

तस्वीर नं. ५१:
पअ (चामलको पिठोबाट तयार पारेको परि**कार**) ।
साभार: लखनलाल राजवंशी

यसको अतिरिक्त चामलको पिठोबाट जाडोमा भाका, पिठ, पेटारी, पेरपेरी, पअ, बेल्नीरूटी, हातरूटी आदि इत्यादि पकाएर खाने चलन छ। चामलको पुआ पनि बनाएर खाने गरिन्छ। खाएर उब्रिएको भातलाई सुकाइ राखी पछि भुटेर खाइन्छ। यसलाई चर्चरी भनिन्छ।

बर्नी धानबाट चामल बनाई पिठो कुटेर पेचेङेर (केरा) पातमा मुछेर पोको पारी पोलेर वा बफ्याएर पनि खाइन्छ। यसलाई गेद्र भनिन्छ। यस बाहेक चामल र दाल हाली खिचडी पकाएर पनि खाइन्छ। कनिकाको भातलाई खुदि भात भनिन्छ।

दूध वा चामल हालेर खिर पनि पकाएर खाइन्छ। यसरी समय र मौसम अनुसार अनेक प्रकारले धान चामलको उपभोग गर्ने गरिन्छ। धान चामल बाहेक अन्य अन्नमा मकै काँचोमा पोलेर, उसिनेर मात्र खाइन्छ भने गहुँबाट आटा पेलेर सुक्खा रोटी, पुरी, दाल आदि खाइन्छ। यस बाहेक काउनी, कोदो, फापर आदिको नगन्य रूपमा प्रयोग हुन्छ।

सागसब्जीमा निरामिस, आमिस दुवै प्रकारको खाने चलन छ। निरामिस तरकारी र परिकारहरूमा आलु, कोपी, बैगुन, टमाटर, लौका, फर्सी, कटहर, करेला, चिचिन्डो, लाहातारी पाहातारी आदि अनेक छन्। लाहातारी पाहातारी भन्नाले सागपात जस्तै फर्सीको लौकाको मुन्टा, पुइ साग, लहराको मुन्टाहरूलाई लाहातारी साग भनिन्छ भने अन्य सागमा पाटा, लाफा, पालङ, खुरिया, तेलथुआ, बथुआ आदि हुन्।

सागहरू तीन तरिकाले खाने चलन छ- नुनतेली साग, कान्जी सागको रूपमा र खारी सागको रूपमा। नुनतेली साग सिठ र झोल दुई प्रकारले खाइन्छ। सिठ भन्नाले रस नभएको सुक्खा साग हो। झोल वा रस भएको सागलाई नुनतेली भनिन्छ।

पत्ताको सागमा सोडा हालेर झोल बनाएकोलाई पेल्का भनिन्छ। अन्य तरकारीमा सोडा हालेर झोल बनाई पकाए खारी भनिन्छ। खारीमा अन्न मिसाए फोदगो बन्दछ। साथै चामलको पिठो चिउराको पिठो वा मुरैको सातु र साग वा तरकारीमा सोडा हाली मिसाएर

पकाएकोलाई फोदगो (तस्वीर नं. ५२) भनिन्छ ।

सागमा अमिलो वा अमिलै जातको सागलाई खाटा अथवा कान्जि भनिन्छ । अमिलोको लागि काँचो आम, चुक आदि पनि मिसाएर पकाइन्छ । अमिलो जातको सागहरूमा चुका साग, आम्लिया साग, नाकिचुका सागहरू हुन्छन् । यसमा अमिलो मिसाउनै पर्दैन । पेल्का, खारी, कान्जि, फोदगो, खाटा, छेका जस्ता परिकार पकाएर खान यी जातिहरू निपूर्ण हुन्छन् यी परिकार झोलीय परिकार हुन् जसलाई दाल झैं परिकारको रूपमा खाने गरिन्छ ।

पेल्का साग

फोदगो साग


खारि साग

तस्वीर नं. ५२ः पेल्का साग, फदगो साग, खारि साग (च्युरा, मुरहीको पिठो र सागमा सोडा हालेर पकाइएको तरकारी) । **साभार**ः लखनलाल राजवंशी

कोच राजवंशीहरूको विशेष प्रकारको सब्जी कच्चु हो। कच्चुको पात, डाँठ, गाभा, फूल, लारा, सबै विभिन्न प्रकारले खाइन्छ । कच्चुको माउलाई माथा भनिन्छ । यसको छेका खाइन्छ । त्यस्तै कच्चुको डाँठ र पातको पनि छेका खान्छन् । कच्चुको गानोलाई फुती भन्ने गर्दछन् । गानोको भाजी, झोल, दाल, चोखा, हरेक

प्रकारले खाइन्छ। कच्चुको गाभालाई पेप भनिन्छ र गाभाको चटनी साह्रै मीठो मानी खान्छन्। साथै गाभाको चटनीलाई भार्ता भनिन्छ। कच्चुको फूललाई पेनेनेत भन्दछन्। पेनेनतको दाल पनि साह्रै मीठो मानी खान्छन् । खासमा कच्चुको सबै प्रकारको परिकार स्वादिष्ट मानेर खाने चलन छ ।

अरू सब्जीहरू पनि भुजा, झोल, छेका आदि पकाएर खान्छन्। उपर्युक्त सागसब्जी बाहेक पटुआको साग सुकाउँदै र माड्दै गरेर सुकाती बनाएर पनि खान्छन्। सुकाती साग तीतो हुन्छ। च्याउलाई कुनढुक भनिन्छ। यसको पनि चटनी, झोल, भुजा बनाएर खाइन्छ।

कटहरलाई पनि काँचो अवस्थामा तरकारी खाइन्छ । बाँसको कलिलो टुसा वा गाभालाई तामा भनिन्छ । तामाको पनि भुजा, झोल, दुवै खाने गर्दछन् । कतिले अचार पनि बनाउँछन्। पिंडालु, तरूल आदि पनि खान्छन् ।

कुनै पनि चटनीलाई साना भनिन्छ। साना आलुको, कच्चुको, चटेलाको आदि धेरै चिजको खान्छन् । भार्ता पनि एक किसिमको चटनी नै हो। भार्ता खासगरी कलिलो पातबाट बनाइन्छ। कच्चुको गाभा, बेथुको मुन्टा, फर्सीको मुन्टा आदिको भार्ता बनाइन्छ ।

केराको बुङाको पनि झोल, भुजा, साना बनाएर खान्छन्। काँचो आँप, टमाटर, आम्लिया, चुको, नाकिचुका आदिको अमिलो चटनी र भाजी बनाएर खाइन्छ। कोच जातिहरू आँप, खुर्सानी, कागती आदि अचार अधिक मात्रामा बनाउँछन् ।

यस बाहेक मौसमी साग तरकारीहरू रूचाएर खान्छन्। च्याउ, निगुरो, काँडेलुडो, जंगली कच्चु, तरूल, बेथु, नाकिचुका, टोटूलाको फूल आदि अनेक प्रकारले जंगली सागहरू पकाएर खाने चलन छ। बरी भनेको चप पकौडी जस्तै हो। बरी दालको, कच्चुको, कलिलो मकैको, प्याजको, आलुको आदि अनेक चिजको पकाएर खान्छन्।

दूधको परिकारहरूमा यिनीहरू खेवा, खिर्सा, दही, घिउ, खिर आदि खाने चलन छ । जीवजन्तुबाट पाइने वस्तु भए पनि अरू सामाज जस्तै यस समाजले पनि दूध र दूधबाट बन्ने परिकारहरूलाई

निरामिस खाद्य नै मान्ने गर्दछन् ।

कोच जातिहरू अण्डा खान्छन् तर अण्डालाई मांसाहारी खाद्यको रूपमा मान्दछन् । हाँसको अण्डा, माछाको अण्डा, बाहेक अरू चराचुरूङ्गीको अण्डा खाने चलन छैन । यिनीहरूले कुखुरा पाल्न र छुन पनि हुदैन भन्ने धारणा भएकोले कुखुराको अण्डा खाँदैनन् ।

आमिस परिकारहरूमा मांसाहारी खाद्यमा खसीको मासु प्रमुख हो। यस बाहेक जंगली जन्तु हरिण आदि पनि खान्छन्। राँगा, भैंसी गाई, सुँगुर, कुखुरा, बंगुर आदि कोच जातिले खाँदैनन्। पंक्षीहरूमा हाँस, परेवाका मासु खान्छन्। जलीय वा जलचर जीवहरूमा हरेक प्रकारको माछा, कछुवा, अन्धावाम, गँगटो, झिंगेमाछा, सिपी, घुङ्गी आदि रूचाए जति प्रायः सबै खाने गर्दछन्।

सामुद्रिक जीवहरू त्यति रूचाउदैनन् । धेरै जसो नदीनाला, पोखरीकै चलि आएका जलचर जीवहरू खान्छन्। अक्टोपस, भ्यागुता, जुका, जस्ता जीवहरू छुन पनि हुदैन र खाँदैनन् ।

निचा माच

लदियारि माच

पुठि माच

तस्वीर नं. ५३ः
निचा माच, लदियारी माच, पुठि माच (झिङे माछा माछाहरू)
साभारः लखनलाल राजवंशी

यिनीहरू आफू जुन चिज खान्छन्; त्यही चिजवस्तुहरू बाहेक अन्य चिजवस्तुहरू भोजभतेर, पूजा पाठ, संस्कार आदिहरूमा चढाउने गर्दैनन् । थुप्रै सामाजिक कार्यहरूमा धान चामलको प्रयोग हुन्छ । पर्वहरूमा गृहिणीहरूलाई कामको धौ धौ पर्ने हुनाले चनाको तरकारी पकाएर मुरै र पन्ता भातसँग खाने चलन छ ।

अन्य तिस्ताबूढी, घाटोसरी पूजामा काँचो चना, मुरै, अठिया केरा चढाउने चलन छ। दही-चिउरा शुभ कार्यहरूमा चाहिन्छ। असारमा आसारी घासारी पूजामा खिरको आवश्यक्ता पर्छ र असारमा खिर खाने चलन छ । भदौ महिनामा दाजु-भाइहरू दिदी-बहिनीको घरमा जाँदैनन्, जानु हुदैन र दिदी (बहिनीहरू नै दाजु-भाइहरूलाई खिर खुवाउन जाने चलन छ ।

पाहुनाहरूलाई सत्कारपूर्वक दही, चिउरा, माछा, मासु खुवाउने चलन छ । गरुवाँसीको विशेष प्रसाद नै कच्चुसाग हो भने हाँसको अण्डा गरिया पूजा गर्न चाहिन्छ। त्यस बाहेक अठिया केराको पनि आवश्यक्ता पर्छ। हरेक पर्वमा पूजाको एक दिन अगाडि (सजम) दर खाँदा अलिनो नै खाइन्छ भने उसिना चामल पनि आसारी घासारी पूजा को बेला टुकामा चढाउनु पर्ने हुन्छ ।

डोल पावनी (होली) मा ठाकुरलाई पुआ चढाउनु पर्छ। यसरी नै देवीहरूलाई जस्तै काली, माता, ब्रम्हानी, आमाती आदि पूजामा बोका, हाँस, परेवाको बली दिने चलन छ। अत: खानपिनको संस्कार, पूजा पर्व, पाहुनापासा आदिको विषेश महत्त्व रहेको पाइन्छ ।

११.२.१३.१ **लोकवार्ता**

लोकवार्ता भनेपछि भाषा तथा मानव जीवनको सम्पूर्ण पक्षसँग सम्बन्धित विषय हो । भाषा नभएपछि वार्ता हुनै सक्दैन । कोच राजवंशीहरूको आफ्नै भाषा छ, जसलाई राजवंशी भाषा भन्ने गरिन्छ। हुन त यिनीहरूको पुरानो भाषा भोट-वर्मेली भाषा परिवार समूहको थियो; तर हजारौं वर्ष अगाडि नै सो भाषा लोप भइसकेको छ ।

एकाध शब्दहरू खोज गरेमा अवशेषको रूपमा अवश्य रहेको

होला। तर हिन्दु प्रभाव बढ्दै गई भाषाको पनि रूपान्तर भइसकेको छ। त्यसर्थ, अहिले राजवंशी भाषा भनेर जुन भाषा बोलिन्छ यो भाषा भारोपेली समूहमा पर्ने भाषा नै हो। हजारौं वर्ष पहिलेदेखि रूपान्तरण भएकोले र यो भाषा एक समयमा राज्य भाषाको रूपमा प्रयोग भएको हुनाले पनि यो भाषा आफू आफैंमा सम्पन्न छ। तर लिलित रूपमा भने नगन्य रूपमै रहेको छ। लिखित साहित्यहरूमा कमजोर भए तापनि अलिखित साहित्यको ठूलो भण्डार छ।

यस भाषामा आफ्नै व्याकरणीय पक्षका सबै विषयहरू प्राप्त गर्न सकिन्छ। उखान टुक्का, गाउँखाने कथा, बाल लहरी, बालबालिकाका खेलकुदमा गाइने, बोलीमै अनुप्राशात्मक वाक्यहरू, शिलोकहरू, अनुकरणात्मक शब्दहरू, द्वित्व, समास, अलङ्कारका कुराहरू प्रशस्त मात्रामा पाउन सकिन्छ।

अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई हस्तान्तरण गर्दै आएका अनेकौं गाउँखाने कथा, दन्त्य कथा, कहानी, किम्वदन्तीहरू मात्र होइन कि संस्कार, संस्कृति आदिहरूमा पनि प्रयोग हुने शब्द, बोलीहरू र गीतहरूमा मात्र सीमित नभई आफनै संस्कार संस्कृतिमा राजवंशी भाषा रमाएको छ, नाचेको छ, हाँसेको छ, खेलेको छ।

लोक गीतहरूकै मात्र कुरा गर्ने हो भने मनोरन्जनात्मक, धार्मिक गरेर दुई समूहमा छुट्याउन सकिन्छ। मनोरन्जनात्क र अन्तर वेदनाका लोक गीतहरूलाई एउटा समूहमा र संस्कार आदि कार्यहरू पूजा पाठका कार्यहरूमा गाइने गीतहरू अर्को समूहमा राख्न सकिन्छ। मनोरन्जनात्मक, माया-पिरती, अन्तर वेदनाका गीतहरू भन्नु पर्दा भावाया, लाहांकारी, लग्नी गीतहरूलाई लिन सकिन्छ।

यसरी नाचगान, नाटकीय विधामा पनि सास्तरी, पाचाली, गीतहरूलाई लिन सकिन्छ। सास्तरीमा समाजमा घटेका माया पिरतीका घटनाहरूलाई लिएर तयार पारिएको गीति नाटकलाई भनिन्छ। अर्को शब्दमा सास्तरी नाचगानलाई ढोल साहेना नाचगान पनि भन्ने गरिन्छ। पाचाली नाचगान अनेक प्रकारका हुन्छन्।

तिनमा हास्य व्यङ्गय, सामाजिक घटनाका साथै माया-पिरतीका

कुराहरू पनि आउँछन्। कतिपय पाचाली नाचगानहरू लोक कथाहरूमा आधारित पनि हुन्छन् । पाचाली नाचगानलाई पनि अर्को शब्दमा ढुल्किर नाचगान भनेर पनि भन्ने गरिन्छ । हुन त पाचाली लोक लय र छन्दमा धार्मिक कथाहरूलाई पनि मन्चन गर्दै गरेका हुन्छन् ।

तसर्थ, पाचाली नाचगान मनोरन्जनात्मक सामाजिक लोक नाटक मात्र नभएर धार्मिक लोक नाट्यको रूपमा पनि लिन सकिन्छ । सास्तरी नाचगानहरू मात्र होइन कि पाचाली नाचगानहरू पनि आजकल लोप हुदै गइरहेका छन्। यस्ता नाटकहरूका रचना गर्नेलाई अस्ताद भनिन्छ । तर यस्ता लोक नाट्यहरू नै मन्चन गर्ने लहर सेलाउँदै गएको हुनाले रचनाकार अस्ताद हराई सकेका छन् ।

धार्मिक नाचगान भन्नाले धार्मिक कथा वस्तुमा आधारित लोक नाट्यहरूलाई भन्न सकिन्छ । यसलाई पनि दुई भागमा बाँडन सकिन्छ । पहिलो, मनोरन्जनका लागि मन्चन गरिने नाचगानहरू जुन रामायण, महाभारत, पुराण आदिबाट लिइएको हुन्छ भने दोश्रो प्रकारका नाचहरू पूजा भक्तिको रूपमा नचाउनु, गाउनु पर्ने हुन्छ ।

यस्ता लोक नृत्यहरूमा गाइन, राब्निया, लंका नाचगानहरूलाई लिन सकिन्छ । राब्निया नाचगान भनेपछि खासगरी रामायणबाट हनुमानको गाथाको वर्णन गर्ने नाचगान हो भने गाइन नाचगान ब्रम्हाणीको शान्तिको लागि नचाउने नाचगान हो । यसैगरी भाकल अनुसार लंका नाचगान अर्थात् राम, रावण युद्धको नाचगान हो ।

यस बाहेक केवल गाउने र गाएर हिडने लोक गीतहरू पनि धार्मिक गीतहरूमा लिन सकिन्छ । यस्ता गीतहरू भेदेखेली गीतहरू जसलाई तिस्ताबूढी वा घाटोसरी पनि भनिन्छ । अनि हुलिर गीत वा डोलेर गीत भजन, किर्तन, हरिलोट, किर्तिनियाका गीतहरू पनि यसभित्र आउँछन् ।

यसरी सम्पूर्ण किसिमका गीतहरूको नाम भन्नु पर्दा मुख्यरूपमा गाइन, रान्विया, किर्तिनिया, घाटोसरी, वा तिस्ताबूढी, हुलिर गीत, नाटुआर गीत, सास्तरी गीत, पाचालि गीत, बिहेमा गाउने गीत, हुदुरधुरा गीत, गुनेर गित, हुदुम पूजा र गीत, लाहांकारी गीत,

भावाइया गीत, लग्नी गीत, गोपी चन्देर गीत, कुआलि गीत, चोर चुर्नि गीत आदि अनेकौं प्रकारका गीतहरू छन् ।

सबैको एक एक वर्णन गर्न र लेख्न साध्य छैन। तर राजवंशी समाजको खस्किँदो परिस्थितिले गर्दा अरू त के धार्मिक पूजा कार्य आदिमा अनिवार्य गायन गराउनै पर्ने भएकोले नाचहरू पनि घट्दै हराउँदै गइरहेका छन्। देवतालाई थमौती गर्ने पूजा पाठ मात्र गर्ने चलन बढ्दै गइरहेको छ ।

विस्तारै सबै अमूर्त भइरहेका छन्। एकपछि अर्को लोप भइरहेका छन्। भावी पुस्ताले यस लोक साहित्यको कुरासम्म पनि भन्न नसक्ने स्थिति बढिरहेको छ। हरिलोट गराउन छोडी सकेको र तिस्ताबूढी गीतहरू हराई सके। सास्तरी, पाचाली, नाटुआ नाचहरू हराइसकेको अवस्थामा पुगिसकेका छन् ।

यस्ता लोक गीतहरूको संकलनकर्ताहरूलाई पाउन धौ धौ भएको छ । बिहे बाटुलोमा गीत नपाएर गाउनै छोडी सकेका छन् । गुणगान विर्सिसकेका छन्। नमूनाको रूपमा एकाध गीतहरू आजउरा प्रतिष्ठानको सहयोगमा छापिएको भए पनि त्यसलाई गाउने कसरी कसैले भन्नै सक्दैनन् ।

अत: संकलन गरी लेखेर, राखेर मात्र होइन कि त्यसको भाका र लयको पनि अडियो रेकर्डको आवश्यक्ता छ। केही मौलिक लोक गीतहरू अनुसूची (१ देखि ६ सम्म) मा राखिएका छन्। अनुसूची-१ मा घाटोसरी गीत, अनुसूची-२ मा विवाहको गीत, अनुसूची -३ मा गाइन गीत, अनसूची - ४ मा किर्तिनिया गीत, अनुसूची- ५ मा पाचाली गीत र अनुसूची - ६ मा नाटुआ गीत नमूनाको लागि सूचीकृत गरिएका छन् ।

११.२.१३.२ लोक बाजाहरूको सांस्कृतिक पक्ष

कोच राजवंशी समाजमा केवल मनोरन्जनकै लागि मात्र होइन कि विभिन्न संस्कार, संस्कृति, पूजा, पर्वमा समेत गीत संगीतमा बाजाको प्रयोग हुँदै आएको छ । यस समाजमा प्रयोग हुने सबै प्रकारका

बाजाहरूको लेखाजोखा गर्दा सायद अन्य समाजमा भन्दा बढी प्रयोग राजवंशी समाजमै भएको हुन सक्छ ।

सम्पूर्ण बाजाहरूको प्रयोगको हिसाबले वर्गीकरण गर्ने हो भने (१) पूजा संस्कार आदि कार्यहरूमा प्रयोग गरिने बाजा (२) मनोरन्जनार्थ प्रयोग गरिने बाजा र (३) दोहोरो (अर्थात् पूजा संस्कारमा र मनोरन्जनार्थ पनि) रूपमा प्रयोग गरिने बाजाको रूपमा विभाजन गर्न सकिन्छ ।

यहाँ तल बाजाको प्रकृति र बजाइने किसिमको हिसाबले अलग अलग बाजाहरूको प्रयोग भई आएको छ। त्यसपछि कुन कुन कार्यमा कस्ता कस्ता बाजाहरूको प्रयोग भई आएका छन् ? त्यसको लागि चर्चा वा विचार गरिएको छ:

(क) पिटेर वा ठोक्काएर बजाइने बाजाहरू जस्तै ढोलक, तबला, झ्याम्टा आदि बाजाहरू यस समूहमा पर्छन्। यिनलाई पनि दुई प्रकारले विभाजन गरिएको छ ।

(अ) पहिलो समूह हो- काठ, छाला माटोबाट निर्मित वस्तुमा छालाले छोपेर हातले वा लौरोले हिर्काएर बजाइने बाजाहरू जस्तै: ढोलक, मिर्दङ, ढुल्की, खोल, टेम्की, ढोल (टाँसी), कार्हा (तुर्वुरी), नागरा (तस्वीर नं. ४५) आदि ।

(आ) दोश्रो प्रकारको बाजाहरू धातुबाट मात्र बनेको र दुई हातले आपसमा ठोक्काएर बजाइने बाजाहरू जस्तै: कर्ताल, मन्जिला, झाल, झुनझुनिया (मुटुक), घण्टी (ठेन्ठेनी), घुगुरा (तस्वीर नं. ५४) आदि ।

यहाँ घुगुरा खुट्टामा लगाएर नाच्दा छमछम गरी बजाइन्छ । त्यस्तै धातुबाट निर्मित घागर कम्मरमा पेटी जस्तो बाँधेर नाचेर उफ्रेर बजाइन्छ । अनि यस्तै अपवादभित्र राम कर्ताल एक हातले बजाइन्छ- जुन काठबाट मात्र बनेको हुन्छ । अर्को खुट्टामा गहना जस्तो लगााएर बजाइने वस्तु नेपुर पनि हो ।

यस बाहेक फुकेर, कोट्याएर र औंलाले थिचेर बजाइने बाजाहरू

जस्मा हावा भर्न फुकिन्छ र कतिलाई औंलाले कोट्याएर या घोटेर बजाइन्छ। यिनीहरूलाई पनि दुई प्रकारले विभाजन गरिएको छ।

(अ) फुकेर हावा दिएर बजाइने बाजा: फुकेर वा हावाको दवाव दिइ औंलाले थिचेर स्वर निकाल्नेमा साहेना, बाँसी, सुस्कारी, सँक, हार्मनी इत्यादि पर्दछन्।

(आ) तार बाला बजाइने बाजा: तारबाला बजाइने बाजाहरूमा एकतारा, खमक (घुगुमुगु), दतरा, सेरेन्जा, बेहेला आदि हुन्। यिनीहरूलाई औंलाले कोट्याएर वा रेटेर दुवै तरिकाले बजाउने गरिन्छ।

यसरी राजवंशी बाजाहरू सम्पूर्ण गरी गन्दा एकतारा, खमक, दोतारा, सेरेन्जा, बेहेला, ढोल, खोल, तबला, नागरा, टेम्की, घागर, घुगुरा, घण्टि, ठेनठेनी, कर्ताल, झाल, ढाक, तुर्वुरी, ढुल्की, मिर्दङ, नेपुर, बमबाजा, बेना, मन्जिला, मुटुक (झुनझुनिया), राम कर्ताल, साहेना, सँक, हारमनी, फुलट, सुस्कारी, चिम्टाकाटा इत्यादि लगाएर ३०/३२ प्रकारका बाजाहरू छन्।

काम व्यवहारको हिसाबले भन्ने हो भने पूजा पाठ आदिहरूमा किर्तिनियाहरूले खोल र झाल बजाउँछन्। झाललाई राजवंशीमै कासा पनि भनिन्छ। किनभने झाल भन्नाले झ्याम्टा हो झ्याम्टा काँस भन्ने धातुबाट बनेको हुन्छ। यसरी हरिलोटमा गाउनेहरूले खोल, कर्ताल, बाँसी, सेरेन्जा, दतरा, खमक, बजाउने गर्छन्। कालीमाता, दुर्गा पूजाहरूमा ढाकुआरलाई बाजा बजाउन बोलाइन्छ र ढाकुआहरूले ढाक, तुर्वुरी, साहेना बजाउँछन्।

ढाक भनेको ठूलो ढोलक जसको एकापट्टि मात्र दुवै हातमा दुईटा लट्ठी लिएर बजाउने गर्छन्। साहेना भनेको सहनाइ हो। तुर्वुरी पनि दुवै हातले बजाउने बाजा हो। यसैगरी गाइनहरूले खोल, कर्ताल, मन्जिला, नेपुरको प्रयोग गर्दछन्। दुर्गावाली गाइनले मन्जिला मात्र बजाउँछन्।

यस अतिरिक्त नेपुर, कर्ताल पनि बजाउँछन्। राब्निया नाचमा

रामकर्ताल, कर्ताल, मन्जिला, नेपुरको प्रयोग हुन्छ । हुलि अथवा फाकडोलमा शंख, कर्ताल, खोल वा मृदङ प्रयोग गर्छन् । यसको अतिरिक्त ढाकुआरलाई पनि निम्त्याइन्छ । विवाह आदि कामहरूमा बेहार बाजाको रूपमा ढोल-टाँसी, साहेना-सहनाइ, तुर्वुरी-कार्हा, ठेन्ठेनी-घन्टी, बमबाजा, मुटुक-झुनझुनिया आदि बजाउने गरिन्छ ।

यस बाहेक मनोरन्जनात्मक कार्यक्रमहरूमा नाटुआ चापन, सास्तरी, हुदुरधुरा, पाचाली आदि नाचगानहरूको पनि आ-आफ्नो किसिमको बाजाहरू प्रयोग गर्ने गरिन्छ । जस्तैः नाटुआ नाचगानमा मृदङ, कर्ताल, घागर, नेपुर, घुगुरा, प्रयोग हुन्छ । चापनमा खोल, बाँसी, टेम्की, कार्हा-तुर्वुरी बजाइन्छ ।

सास्तरी नाचगानमा ढोल-टाँसी, साहेना, बाँसी, कर्ताल बजाउँछन्। हुदुरधुरा नाचगाअनमा टेम्की, बाँसी, कर्ताल आदि बजाउँछन् । पाचाली नाचगानमा तबला, ढुल्की-ढोलक, हार्मनी, सेरेन्जा-सारंगी, बेहेला-बेलाबाजा, बाँसी, घुगुरा, दतरा, फुलट आदि प्रयोग गर्छन् ।

राजवंशी गीतहरूमा, भावाइया गीतहरूमा दतरा, सेरेन्जा, बाँसी, हार्मनी, ढुल्की, ढोल, कर्ताल आदि गीत अनुसार अन्य अन्य बाजाहरू पनि बजाउने गर्दछन् । यस बाहेक ठाकुर सयनासीका गीतहरूलाई बाउल गीत भनिन्छ । यस्ता गीतहरूमा खमक, एकतारा, दोतारा, बेहेला, सेरेन्जा, कर्ताल, चिम्ठाकाटा, खन्जरी, बाँसी, मुरली, आदि प्रयोग गर्ने गर्दछन् । कुआलीहरूले भने एक हातले मन्जिला बजाएर गाउने गर्दछन् ।

तस्वीर नं. ५४: बाजनाला (बाजाहरू) । **साभार:** लखनलाल राजवंशी

उपर्युक्त बाजाहरूमा अधिकतम् खरिद गरेर ल्याउनु पर्ने हुन्छ भने कतिपय सानोतिनो बाजाहरू सीप भएकाले घरैमा बनाउने पनि गर्छन् जस्तै: टेम्की, राम कर्ताल, खमक, एकतारा, दोतारा, सेरेन्जा आदि । यिनमा पनि केही सामग्रीहरू बजारबाट किनिल्याएर जोडनु पर्ने हुन्छ । जान्नेले बाँसुरी आफैं बनाउने गर्दछन् ।

राजवंशी लोक संस्कृतिका कुनै खास दह्रो संस्थाहरू नरहेकोले धार्मिक नाचगान समूहका मूली गाइन, राब्नीया, किर्तिनियाहरूलाई नै सम्झिनु पर्छ । यिनीहरू बाउ-बाजेदेखि छोरा-नातिसम्ममा वंशानुगत सर्दै आउने गर्दछन्। मनोरन्जनात्मक गीत संगीतमा भने मनोरन्जनार्थ समूह बनेर पछि काम सकेपछि समाप्त भइहाल्छ ।

सांगठनिक र दिगो रूपमा रहेको छैन । त्यसैले कतिपय नाचगानहरू आफैं पनि लोप भइरहेका छन्। आर्थिक स्थिति कमजोर भएर जानु र रोजीरोटीको समस्या बढ्नाले साथै उचित सहुलियत, हौसला, पुरस्कार आदिको अभावले गर्दा पनि यस्तो हुनुको कारण हो भन्न सकिन्छ ।

सरकारद्वारा बाजा निर्माण खरिद र संगीत शिक्षाको तालिमको व्यवस्था हुन गएमा मात्र बचाएर राख्न सकिने परिस्थितिमा पुगिसकेको छ । अन्यथा राजवंशी समाजले आफैंले आफ्नो लगानिमा गर्न सक्ने सम्भावना नगन्य रूपमा देखिन्छ ।

११.२.१४ लोक गीत संगीत परम्पराको वर्तमान स्थिति

लोक गीत संगीतका धनी कोच राजवंशी समाजको वर्तमान स्थिति बहुतै धरापमा पुगिसकेको छ । नयाँ पिढीका युवा-युवतीहरूलाई आधुनिकताको आवरणले ढ्याप्पै छोपी सकेको छ। सास्तरी, पाचाली, नाटुवा नाचगानहरू कस्ता थिए ? भन्ने स्थितिमा छन् ।

झापा पूर्व किनारका समाजले भने भारतबाट ल्याएर पाचाली नाचगान हेर्ने, सुन्ने गरेका छन्। तर सास्तरी नाचगान भने लोप नै भइसकेको छ । यसरी नाटुआ नाचको कुरा गर्ने हो भने आजसम्म बाँच्न भ्याएका समाजका एकाध बूढापाकाहरूले कार्यक्रमहरूमा यदाकदा

टुटेफुटेको रूपमा देखाउन भने भ्याएका छन् ।

बड गानको रूपमा भाकल अनुसार नचाइने लंका गान गर्ने मानिसहरूको अभावमा साथै खर्चको ठूलो भार पर्ने हुनाले भाकल गर्नसम्म डराउनै लागेका छन्। यस्तै स्थिति ६ कुलदेवताहरूको शान्तिको लागि नचाइने गाइन नाचगाअन र राब्नियाँ नाचगाअनहरूको पनि स्थिति । एकरात एक दिनसम्म प्रदर्शन गर्नु पर्ने यस्ता नाचगाअनहरू भाकल पूरा गर्ने रूपले मात्र केवल एक दुई अंशको रूपमा डेर-दुई घण्टामै अधुरो नचाएर देवतालाई विन्ति भक्ती गरी मनसाउने काम मात्र गर्ने गरेका छन् ।

यसरी अरू त के खर्च नै गर्न नपर्ने भेदेखेली अर्थात् तिस्ताबूढी गीतहरू आजका युवतीहरूले गाउनै छोडेका छन्। तिस्ताबूढी देवीको भाकल गरेर मात्र हुदैन। नयाँ युवतीहरूलाई गाउन आउँदैन र गाउने महिलाहरूको अभावले गर्दा केवल काद सिरूवाको दिन विसर्जन गर्ने कार्य मात्र गरिरहेका छन् ।

यसरी नै विहे बाटुलोमा युवतीहरूले गाउने गरेका मंगल गीत र वर-कन्याको बखानहरू पनि गाउन छोडी सकेका छन् । बिहे बाटुलोमा युवतीहरू बिहेका गीतहरू गाउनुको सट्टा डिजेको आधुनिक हिन्दी वा नेपाली गीतहरूको तालमा उफ्री उफ्री नाच्ने रमाउने गरेको पाइन्छ ।

बिहेमा गाउने गरेका गीतहरू कस्ता थिए ? र कसरी कुन भाकामा गाइन्छ? भन्ने कुरा पनि न त जान्दछन् न त जान्ने चाहना नै लिने गरेका छन्। तर आधुनिक गीतका अनेकौं अडियो क्यासेटहरू भने प्रकाशित हुन लागि सकेका छन्। किनकी अल्बम निकाल्ने र आधुनिक गीत मन पराउने र त्यसमा नाच्ने रमाउनेहरूका चाहना बढिरहेकोले लोक गीतहरूतिर सबैको चासो हराई सकेको छ ।

बिहे बाटुलोमा विवाहमा गाइने गीतहरूको पनि एल्वमहरू निकाल्न सके पनि लोक गीतहरूको संरक्षण हुन सक्ने थियो। आज भवाइया, लाहाङकारी, लग्नी जस्ता लोक गीतहरू सुन्नको लागि छिमेकी भारतका संगीत प्रेमीहरूले इन्टरनेट यु युट्युबमा हालेका

गीतहरू खोजेर हेर्नु परेको छ ।

साधु सन्यासीहरूले खमक, दतरा, कर्ताल, सेरेन्जा, बाँसुरी आदि बजाएर गाउने बाउल गीतहरूको पनि यस्तै नै हालत छ। तिहारको रमाइलोको रूपमा देउसी स्वरूप घर घर गएर गाइहिंड्ने चापन, हुदुरधुरा जस्ता खोल कर्ताल, बाँसुरी वा टेम्की बजाएर गाउने नाच्ने गीतहरू पनि हराई नै सकेको छ ।

कसरी गाउँथे र नाच्थे ? भनेर खोज्दा पनि मुस्किल भइरहेको छ। सोधकर्ताहरूले पनि राम्ररी बटुल्न पाएका छैनन्। फाट्टफुट्ट रूपमा यस्ता गीतहरूका शब्दहरू प्राप्त भए पनि त्यस्ता गीतहरूको लोक लय धुन र संगीत दिन गाह्रो मान्दछन् ।

फाक डोल (फगुवा) को बेलामा गाउने हुलिर गीतलाई राजवंशीमा सृष्टिर गीत पनि भन्दछन्। हराएको धेरै समय भइसक्यो। तर यस्ता गीतहरूका शब्दहरू अश्लिल हुन्थ्यो । त्यसैले बताउने मानिस पनि पाउन गाह्रो छ । वर्षात्को महिनामा बर्षा नहुँदा खेतीपातीमा ठूलो असर पर्छ। यस्तो बेला (मेघ) बादल देवतालाई खुशी पार्न आकाशले र छोरी (बेटी) अर्थात् जसको कोखमा एउटै मात्र छोरी जन्मेकी हुन्छे; उसलाई साथमा लिई मानिसहरूका घर घरमा गई गाउँदै पानी मागी हिंड्ने हुदुमा, हुदुमी गीतलाई बाह्रमास्या गीत भनिन्छ । आज यी सबै गीतहरू हराइ सकेका छन् ।

यसरी दिउँसो गाउँदै पानी मागेर राति एउटा भ्यागुतो समातेर सबै सुतेको समयमा एकान्त स्थानमा गएर भ्यागुताको पूजा गर्नका साथै हलो, कोदालो, ओखल आदि लगेर खेला गरी गाउने अश्लिल गीतहरू हुन्थ्यो भन्ने कुरा सुन्न पाइन्छ। तर कस्ता शब्दहरू थिए, कसरी गाउँथे, कसरी पूजा गर्थे ? भन्ने कुरा बताउने महिलाहरू पनि पाइदैन। यो कार्य महिलाहरूले नै गर्ने गर्दथे भनेर सुनिन्छ। यथार्थ कुरा कसैले बताउन सकेका छैनन् ।

यसरी लोक साहित्यमा धनि राजवंशी समाजका अनेकौं गीतहरू हराउँदै गइरहेका छन् । हजुर वा हजुर आमाका नजिक बसेर जाडोको समयमा आगो ताप्दै नानीहरू खेल्ने बाल लहरीहरू पनि

हराइसकेको छ। नानी फुल्याउन गाइने यस्ता बाल लहरीहरू अबका बूढापाकाहरूले पनि बिर्सिँदै गएका छन् ।

यस्ता उपर्युक्त कुराहरू सोध गरी जगेर्ना गरी राख्ने.आवश्यकता छ। तर शोधार्थीहरूको पनि अभाव नै छ। शोध गर्न चाहने व्यक्तिले पनि खर्चको मारले आफ्ने पेट र रोजी रोटीको समस्याले गर्दा शोध गर्न पछि पर्नु परेको छ। कथुम्कदाचित कसैले भ्याइ नभ्याइ शोध सङ्ग्रह गरे पनि प्रकाशनको समस्या छ। प्रकाशन गर्ने संस्थालाई जिम्मा दिए पनि उसलाई न प्रोत्साहन मिल्छ न पुरस्कार मिल्छ।

यसैले एकपल्ट आँट गरेर प्रकाशनलाई जिम्मा दिए पनि अर्को पटक फेरि आँट गर्न सकेका छैनन् । तर शोधखोज गर्ने समय अहिले पनि केही हदसम्म रहेको छ। भोलिका दिनहरूमा अहिलेका बूढापाकाहरू पनि समाप्त भएपछि यी पुराना पुस्ताहरू फेरिएर नयाँ पुस्ता आएपछि टुटेफुटेको रूपमा पनि पाउन गाह्रो छ। अनि त करौडौको खर्च गरेर नै के हुन सक्छ? सबैले सोच्ने बेला छ।

११.२.१५ **दैनिक तथा विशेष बेलामा प्रयोग हुने सामग्रीहरू**

राजवंशीहरूले परम्परागत दैनिक उपयोग गर्ने अत्यावश्यक सामग्री तथा औजारहरूमा फलामबाट निर्मित औजारहरू बाहेक प्राकृतिक वस्तुहरूवाटै निर्माण गरिएका वस्तुहरू नै थिए । तिनीहरूमा पनि अधिकांश वस्तुहरू पुरूष आफ्नै सीप र कलाबाट निर्माण गरेर प्रयोग गर्ने गर्दथे ।

यस्ता वस्तुहरू प्राय: माटोको, काठको, बाँस-भाटाको, पटुआको, र अन्य खर पराल, लहरा, पात आदिका हुने गर्दथे । केही यस्ता वस्तुहरू आज पनि प्रयोग गर्ने गरेको पाइन्छ। पहिलेको समयमा खर परालको छानो, बाँस भाटाको टाटी, बेरा, ढोका र माटोले लिपपोत भएको घरका भित्ताहरू हुने गर्दथ्यो ।

अधिकतर भाँडाकुडाहरू पनि माटाका हुन्थे। माटाकै भाँडाकुडामा पकाउने र केरा आदिको पातमा खाने कुरा खाने गर्दथे । त्यति मात्र होइन अधिकांश भोजभतेरमा पनि केराकै पात चलाउने गर्दथे।

ओछ्याउन, ओढनलाई परालको गुन्द्री माथि पटुआको झल्ला (धक्रा), कपासको धागो निर्मित झालङ (विछौना) आफैंले वा गाउँघरमा बनाइएको प्रयोग गर्ने गर्दथे ।

तराईमा अधिकांश जंगल हुने, खोलाको किनारमा गाउँ बस्ती बस्ने हुनाले शिकार गर्ने काम ज्यादा गर्दथे । जंगली शिकार बाहेक माछाको शिकारका लागि पासो वा औजारहरू बाँस भाटा आदिबाट पुरूष आफैंले निर्माण गर्ने गर्दथे । घरको अन्य कामको लागि पनि आवश्यक सामाग्रीहरू जस्तै: डालो, टोकरी, नालो, खरेटो आदि आफैंले बनाउने र प्रयोग गर्ने गर्दथे ।

यस्ता अन्य काम तथा अन्य आवश्यक वस्तुहरू गर्ने अलग अलग शिल्पकारहरू हुने गर्दथ्यो । घर बनाउने शिल्पकारहरूलाई घारामी भनिन्छ । माटाको वस्तु निर्माण गर्ने शिल्पकारहरूलाई कुम्हाल भनिन्छ । बाँस, भाटाबाट टोकरी, डालो, नाङ्लो, बनाउने शिल्पकारहरूलाई हारी भनिन्छ। फलामको काम गर्ने शिल्पकारहरूलाई काम्हार भनिन्छ । हलो जोत्ने, खेती गर्नेहरूलाई हालुआ भनिन्छ । बिहे बाटुलोमा र पूजा पाठ आदिको लागि फूल, तस्वीर, महरा, मन्जुस, तथा माटाको प्रतिमा (मूर्ति)हरू बनाउनेलाई माली भनिन्छ । काठको काम गर्नेलाई मिस्त्रि भनिन्छ। पाकेको बाली काट्ने, थुपार्ने, र माड्ने जस्ता काम गर्नेलाई दिनीयार आदि भनिने गरिन्थ्यो । तर पनि कतिपय कामहरू शिल्पकारहरूको मद्दत विना आ-आफैंले पनि बनाउने निर्माण गर्ने गर्दथे ।

आफूलाई आवश्यक पर्ने वस्तु सामग्रीहरू बनाउने कामहरूमा महिलाहरू मात्र होइन कि किशोर र युवा युवतीहरू सबैले सघाउने पनि गर्दथे । घरका महिलाहरू घरको धाप, टाटी, बेहरा, लिप्ने, पोत्ने, टाटीका भित्तामा चाका, मखा आदि बुट्टा भर्ने सिपालु हुन्थे ।

यस बाहेक चुल्हा बनाउने, अन्न चामल आदि संचय गरी राख्न माटाकै कठी बनाउने, हाँस, परेवा पाल्ने खोर पनि कलात्मक ढंगले बनाउने काम समेत महिलाहरूले नै माटोबाट तयार पार्ने गर्दथे । मुढा बनाउने, ढाकी, नाङ्लो, खरेटो आदि काममा आउने वस्तुहरूमा

पनि महिलाहरूको राम्रो सीप थियो ।

अरू त के झल्ला, धक्रा, फाटी, गुन्द्री, पाटिया, झोला, जाउँली आदि बनाउनमा पनि महिलाहरू सिपालु थिए । यसरी हेर्दा यस समाजमा प्रयोग गर्ने प्रमुख सामग्रीहरूलाई निम्न रूपले बाँड्न सकिन्छ । यसमा महिला, पुरुष, युवा, युवती र आंशिक रूपमा किशोर-किशोरीहरूको पनि हात हुन्थ्यो । यस्ता सामग्रीहरूमध्ये निम्न प्रकारका रहेका छन् ।

माटाका सामाग्रीहरू: कल्सी, हान्डी, काक्री, डुकी, खुटीस, दियो, धुपदानी, ससरवात्ती, ढाकन, तारी, चिलिम, ताक्री, कठी, जागा, चुल्हा, परेवाखोर, हाँसको खोर, घोट, कहवुरा, चाका, मखा आदि ।

धुप दानी

डिफा (चेराक)



हान्डि

तस्वीर नं. ५५:
मातिर सामानला (माटाका सामानहरू)
साभार: दलसिंह राजवंशी



मुखि ससरबाति

ढाकन

कहबुरा



कासा भाजा आख

तस्वीर नं. ५५ः
माटिर सामानला (माटाका सामानहरू) । **साभारः** दलसिंह राजवंशी



माटिर आखअ

माटिर कल्सि

माटिर चारचोक
(मास्ला राखा)



चेराक दानि

डुकि

माटिर जागा

चुका



खल्ति



मुर्हि भाजा हान्डि

तस्वीर नं.५६ः
माटिर भान्डाला (माटाका सामानहरू) ।
साभारः दलसिंह राजवंशी

बाँस भाटाका सामाग्रीहरूः फदगा हुक्का, ढाकी, नाङ्लो, खरेटो, भाज्नाती, मुडा, घसापारा, खादा, भाँती, चङा, थुरी, थर्का, बाङुआ, चार्चिला, ढेरा, उटकन, कुग्जी, पांखा, बिनोइ, पटाहा, घाटनी, कुग्जी, गुर्डहा आदि र गाडीका पार्टसहरू, झल्ला बुन्ने आवश्यक पार्टस्हरू, माछा मार्ने सामानहरू प्रायः बाँस भाटाकै हुन्थे भने घरका पार्टसहरू पनि बाँस भाटाबाट बनाउने गर्थे ।



हाडि कुला



गोल कुला

ढाकि, काठा, खुचि

बिनअ

तस्वीर नं. ५७:
बाँससे बेनाल सामनला (बाँसबाट बनेका सामानहरू) ।
साभार: पामर राजवंशी

काठका सामाग्रीहरू: खाट, खुटली, ढेरा, उडकन, मालो, पिर्हा, बेलन, दाल घाट्नी, बाकस, कठत, हलो, ओखल, मुस्लो, किलो, आदि बाहेक गाडीका पार्टस्हरू, झल्ला बुन्ने सामग्रीहरू, घरका ढोका आदि सामानहरू, जोतखनका सामानहरू पनि काठकै हुन्थ्यो ।

गाहिन

खरङ

किया

तस्वीर नं. ५८ः
खुटासे बेनाल सामानला (काठबाट बनेका सामानहरू)।
साभारः लखनलाल राजवंशी

पटुआ, सन्ठिबाट बनेका सामानहरूः झल्ला, धक्रा, झालङ, फाटी, झोला, जाउली, लेम्जा, डोरी, रस्सी, टेक्ठी, हुकाहुकी, दाम्लो, गुटाली, फुर्लि आदि बाहेक घरको टाटी बेहरा आदि सामग्रीहरू पनि पाटासी आदिबाट बनाइन्थ्यो।



फाउरि



पिर्हा

कुग्जि

बेल्नि

तस्वीर नं. ५९ः
रेखा तस्वीर खुटासे बेनाल सामानला (काठबाट बनेका सामानहरू) ।
साभारः दलसिंह राजवंशी

जाउँलि

झालङ

झला

तस्वीर नं. ६०ः
पाटार सुतासे बेनाल सामानला (धागोबाट बनेका सामानहरू) ।
साभारः पामर राजवंशी

काठा

बिन्डा

सुता

रस्सि

गटालि

तस्वीर नं. ६१ः
पाटा, बैंत, पुआलसे बेनाल सामानला, (सनपाट, बेंत, परालबाट बनेका सामानहरू)
साभारः पामर राजवंशी

फलामका औजारहरू: हसिया, कचिया, आरा, फाली, किला, चुलसी, चक्कु, दाअ, करौती, बसिला, खन्ति, कोदालो, बन्चरो, खुर्पि, छेनी, सनासो, चिम्टा, करौती, रेती, बटारी, हथौडा, पिलास, गिर्मिट आदि ।

कदाल



कुर्हालि

दाअ

केचिया

बक्टि

भाङा कात्ति

सरता

पसनि

तस्वीर नं. ६२ः
लुहार सामानला (फलामबाट बनेका सामानहरू) ।
साभारः लखनलाल राजवंशी

अन्य धातुहरूबाट निर्मित वस्तुहरू अलिक पछिल्लो समयमा आएर घडा, लोटा, गिलास, थाल, वटुका, कराही, वालटीन, टिन, झारी, कर्ताल, झाल, घन्टी, घुगुरा, आदि तामा, पितल, काँसबाट बनेका सामानहरू प्रयोगमा लिन थालेका छन् ।

माछाहरू मार्ने साधनहरू: अधिक रूपमा बाँस भाटाबाटै बनाइने गरिन्थ्यो जस्तै: खादा, भाँती, दिहारी, ढक्सा, जाखोइ, छिप, जालेर छिटी, भाउरि जाल, जाल, माहाजाल, पल्ह, धर्नि, थुसी, छेर्का आदि इत्यादि ।

ढकसा



डिहारि



जाल

लाफि जाल

छिटि जाल



तस्वीर नं. ६३:
माच मारा सामानला (माछा मार्ने सामग्रीहरू)
साभार: लखनलाल राजवंशी

पेलह

डिहारि

भाँति

थर्का

तस्वीर नं. ६४:

बाँस से बेनाल माच मारा सामानला (बाँसबाट बनेका माछा मार्ने सामानहरू)।

साभार: लखनलाल राजवंशी







तस्वीर नं. ६५:

रेखा तस्वीर माच मारा सामानला (माछा मार्ने सामानहरू)।

साभार: दलसिंह राजवंशी

बेत, लहरा, खर, पात आदि विभिन्न वस्तुहरूबाट निर्मित वस्तुहरू पनि हुन्थे जस्तैः जाबी, मुखारी, काठा, खुची, पाल्ला, विन्डा, खस्ला, पाटिया, घुति, ढेका, जुन्डा, नारियल हका, गवरेर गठा आदि इत्यादि ।

झल्ला बुन्ने तस्वीर र घरायसी उपकरण

ताक्री

सुतार गटालि



तान



झल्ला, पेटानि गर्हा

तस्वीर नं. ६६ः
धक्रा, झालङ बेना सामानला (झल्ला, तन्ना बुन्ने उपकरण) ।
साभारः पामर राजवंशी

गाडीका तस्वीर र भागहरूको नाम





गोरु गाडी मुनीका भागहरूको नाम

तस्वीर नं. ६७:
गरू गाडिर सामानलार नाम (गोरु गाडाका पार्टस्‌का नामहरू)।
साभार: पामर राजवंशी

हाल जंगाल



दार



बेधा



डालघाटनी



खाटिर बाधिन

झाटा बाधिन

सिंदुर दानी

तस्वीर नं. ६४ : रेखा तस्वीर ।
साभार: दलसिंह राजवंशी, खेति किसानि आर भान्सा घरेर सामानला) ।

भान्सा घरका सामानहरू



भान्सा घरका सामानहरू

तस्वीर नं. ६५ :
रेखा तस्वीर
साभार: दलसिंह राजवंशी, भान्सा घरेर सामानला (भान्सा घरका सामानहरू) ।



कृषि औजारहरू



कृषि औजारहरू

तस्वीर नं. ६८ः
रेखा तस्वीर, खेती किसानी सामानला (कृषि औजारहरू)।
साभारः दलसिंह राजवंशी



माछा मार्ने औजारहरू



माछा मार्ने औजारहरू

तस्वीर नं. ६९:
रेखा तस्वीर, माच मारा सामानला (माछा मार्ने सामानहरू)।
साभार: दलसिंह राजवंशी



दर्हिया

बांधुवा (ग्रुँडहाँ)

कर्हा

तस्वीर नं. ७०:
रेखा तस्वीर, भार बुका सामानला, (भारी बोक्ने औजारहरू)।
साभार: दलसिंह राजवंशी

अध्याय - बाह्र

निष्कर्ष

कोच राजवंशी जातिको संस्कार र संस्कृतिमा कुन कुन कुरामा निरन्तरता छ ? कुन कुन पक्षमा परिवर्तन भएको देखिएको छ ? परिवर्तनका सकारात्मक र नकारात्मक असरहरूलाई विषय उठान गर्नु पूर्व एउटा कुरा के बुझ्न जरूरी छ भने आफ्नो बाउ सबैलाई नायक लाग्छ भने आफ्नो आमा सबैलाई सबैभन्दा प्यारो हुन्छ ।

जुन जनजीवनमा ऊ हुर्कन्छ, बढ्छ, हाँस्छ, खेल्छ, रून्छ, त्यो लोकमान्य संस्कृतिलाई चटक्कै छोडेर ऊ कतै भाग्न सक्दैन । तर समय र परिस्थिति, व्यवहार र वातावरणले संस्कृतिलाई उथल-पुथल पारेको हुन्छ । संस्कृति मानव जातिको संस्कारगत गुण हो ।

आदिम कालदेखि आजसम्म मानव समाजमा जीवन शैली परिवर्तित रूपमा अगाडि बढेको पाइन्छ । हिजोको मान्यता आज ग्राह्य हुन पनि सक्छ, नहुन पनि सक्छ । त्यसैले आजको भोलि के हुने हो ? भन्न सकिन्न । भौतिक उन्नतिका साथ साथै मानवको बौद्धिक एवं मानसिक धारणाहरू पनि परिवर्तन हुदै जान्छन् । कुन कुन कुरामा निरन्तरता छ ? वा परिवर्तन भएको कुरा आजको भोलि भन्न सकिदैन ।

विश्वका हाल अविकसित वा विकासोन्मुख देशहरूले विकसित देशहरूका नौला नौला आनीबानी र संस्कारहरूलाई अन्धाधुन्द अपनाउने होड चल्न थालेकोले आफ्नो संस्कृतिमा तीव्र गतिले परिवर्तन हुदै आफ्नोपन नै लोप हुन थालेको पाइन्छ ।

अझ आधुनिकताको पृष्ठपोषक तथा सभ्य कहलाउन चाहने सीमित वर्गले आधुनिकताका नाममा जुनसुकै विषयमा पनि विदेशी सिको गर्न

खोज्दा जातीयपन नै कता कता बिलाएझैं अनुभव हुन्छ। सहरी क्षेत्रमा मात्र हैन ग्रामिण क्षेत्रमा पनि हाम्रो लोक संस्कृतिको मौलिकता हानिप्रति दिन ह्रास हुँदै जानु झन् चिन्ताको विषय बन्न पुगेको छ।

परिवर्तनका सकारात्मक र नकारात्मक असरहरूको विषयमा कुरा गर्दा हामीले आफ्नो अस्तित्व, आफ्नोपनलाई जोगाउन वा जोगाई राख्न हाम्रो लोकमान्य लोक संस्कृतिलाई निरन्तरता दिनु जरूरी देखिन्छ भने अर्कोतर्फ आजको वैज्ञानिक प्रगतिलाई पनि आत्मसात् गर्दै अगाडि बढ्नु परेको छ।

आजको वैज्ञानिक युगमा विज्ञानले विकास गरेका राम्रा र उपयुक्त संस्कारहरू, मान्यताहरू अपनाउनु हाम्रा लागि हानिकारक अवश्य हुदैन। तर आफ्नो जुनसुकै संस्कार र संस्कृतिलाई पुरानो, थोत्रो र सभ्यताको बाधक ठान्ने र पराइको सबै नै राम्रो मान्ने परम्परा वा सोचाइ भने आफ्ना लागि घातक सिद्ध हुनेछ।

उदाहरणको लागि राजवंशी समुदायमा प्रचलित मिथक अनुसार चाँन्दो सौदागरका एक जना परम मित्र थिए। धन्तरी (धमन्तरी) संख अझा, संख अझा मन्त्र विद्या र जरी (जडी) विद्यामा निपूर्ण थिए। उनी मृत शरीरमा पनि जीवन दिने क्षमता राख्दथे।

उनको आफ्नो विशिष्टतम् क्रियाकलाप समाजले एक पुस्ताले अर्को पुस्तालाई छोड्दै गएको तान्त्रिक वा औषधीय विद्या अहिलेको समाजमा पनि निरन्तरता पाइरहेको छ। राजवंशी समुदायमा अझै निरन्तरता पाइरहेका अझाली संस्कारले कतिलाई राहत प्रदान गरको छ भने कतिको आधुनिक युग अनुसारको उपचार हुन नपाउँदा अकालमै जीवन गुमेको छ।

हामीले यस उदाहरणबाट के बुझ्न जरूरी छ भने जुनसुकै कुरामा असलका साथ साथ खराव पनि मिसिएको हुन्छ। त्यसैले नयाँ वा पुरानाको भेद नगरी असल पक्षलाई अंगाल्नु पर्दछ। "मेरो गोरुको बाह्रै टक्का" भनेझैं कुसंस्कार, कुरीतिहरूको अन्धानुशरण नगरी जाँची, पारखी राम्रा संस्कारहरूलाई संरक्षण र संवर्द्धन गर्ने परिपाटी बसाल्नु पर्दछ भने पराई वा आयातित संस्कारबाट पनि

आफ्नो समाज सुदाउँदो बुँदाहरू केलाएर र आफ्नोपनमा ढाल्दै लैजानु समयोचित हुने देखिन्छ ।

यसो गर्न सकिएमा हामी आफ्नो मान्यता, परम्परा र धारणा अनुसार लोक संस्कृतिलाई जिउँदो राख्न सक्ने थियौं। तर त्यस्तो हुन सकिरहेको छैन। यस्तै हो भने हामी "घरको न घाटको" हुनेछौं।

समय, परिस्थिति, व्यवहार र वातावरणले जाति वा समुदायको संस्कृतिलाई उथलपुथल पारेको हुन्छ । संस्कृति मानव जातिको संस्कारगत गुण हो। त्यसैले यो जतिको शाश्वत् केही हुदैन। मानव सभ्यताको उत्पत्ति कालदेखि आजसम्म मानव समाजमा जीवन शैली परिवर्तित रूपमा अगाडि बढेको पाइन्छ । भौतिक उन्नतिसँगसँगै मानव वा जातिको बौद्धिक एवं मानसिक धारणाहरू पनि परिवर्तन हुँदै जान्छन् ।

यही परिवर्तित धारणाबाट नौला नौला संस्कारको जन्म हुन्छ । व्यवहारको प्रादुर्भाव हुन्छ र संस्कृतिको नाममा मान्यता पाउँदै जान्छ र आफ्ना संस्कार बिर्सन्छन् र नयाँ संस्कारले प्रभाव जमाउँछ ।

कुनै पनि व्यक्ति, जाति, समप्रदाय वा समुदायको सांस्कृतिक वा सामाजिक स्थिति परिवर्तन गर्ने गराउने आर्थिक पक्ष पनि एक हो। जुन समुदायको आर्थिक पक्ष बलियो छ; त्यस समुदायले आफ्नो सांस्कृतिक वा सामाजिक मूल्य मान्यतालाई आफू अनुकूल राख्न वा बनाउन सक्छ। तर समय र परिवेशले आफ्नो प्रभाव नदेखाइ छाड्दैन। समय र परिवेशले पनि धेरै कुराको उथल पुथल गर्न सक्छ ।

समग्रमा भन्ने हो भने समय र परिवेशको चपेटाबाट बच्न कुनै पनि जाति वा समुदाय अछुत छैन। अतः समय सँगसँगै यस समुदायले धेरै उतारचढाब खेप्दै आफ्नो भाषा (टिबेटो-बर्मन भाषा बाहेक), खानपान, भेषभूषा संस्कारगत मूल्य-मान्यता, रीतिरिवाज, जीवनशैली, रहनसहनलाई कायम राख्न केही हदसम्म सफल देखिए पनि समय र परिवेशले यो पनि प्रभावित हुनबाट जोगिन सकेको देखिएन ।

... **इति** ...

अनुसूचीहरू

अनुसूची- १

घाटोसरी गीत-१
आगाबारी रपाइचु मुई,
झुमरी गुआ गे ....
माता गे ... पाछाबारी रपाइचु मुई,
डेन्ठाली पान ग .... ॥ १ ॥

कुन लाकाशी दे तुरीमु मुई,
झुमरी गुआ ग ....
माता गे ... कुन लाकाशी दे तुरीमु मुई,
डेन्ठाली पान ग .... ॥ २ ॥

सनार लाकाशी दे तुरीमु मुई,
झुमरी गुआ ग ....
माता गे ... रूपार लाकाशी दे तुरीमु मुई
डेन्ठाली पान ग .... ॥ ३ ॥
कुन डालुआत राखिमु मुई,
झुमरी गुआ ग ....
माता गे ... कुन डालुआत राखिमु मुई
डेन्ठाली पान ग .... ॥४ ॥

सनार डालुआ त राखिमु मुई,
झुमरी गुआ गे ....
माता गे ... रूपार डालुआ त राखिमु मुई
डेन्ठाली पान ग .... ॥ ५ ॥

स ह पान खाए गेले गछेर ग्राम गे ....
ग्राम गे... गभी गेल गभी गेल ... निल सारी दाँत गे ....
स ह पान खाए गेले गछेर काली गे ...
काली गे. गभी गेल, गभी गेल, निल सारी दाँत गे........ ॥ ६ ॥

स ह पान खाए गेले तिष्टा माता गे ....
माता गे ...गभी गेल, गभी गेल, निल सारी दाँत गे ....
स ह पान खाए गेले खरली माता गे ....
माता गे. गभी गेल, गभी गेल, निल सारी दाँत गे .... ॥ ६ ॥

स ह पान खाए गेले तिष्टा माता गे ....
माता गे.....गभी गेल, गभी गेल, निल सारी दाँत गे ....
स ह पान खाए गेले झरली माता गे ...
माता गे. गभी गेल, गभी गेल, निल सारी दाँत गे .... ॥ ७ ॥

संकलन
हंशा राजवंशी, बाह्वदशी-३

घाटोसरी गीत-२
गाए ग्रामेर थानते
किसेर भगा हे जलेचे ?
हो देख, देख रे, गाअर लोकला
घिउँर भगा हे जलेचे .... ॥ १ ॥

कालो माएर थानते
किसेर भगा हे जलेचे
हो देख, देख रे गाअँर लोकला
घिउँर भगा हे जलेचे .... ॥ २ ॥

तिष्टा माएर थानते
किसेर भगा हे जलेचे
हो देख, देख रे गाअँर लोकला
घिउँर भगा हे जलेचे .... ॥ ३ ॥
खरली माएर थानते
किसेर भगा हे जलेचे
हो देख, देख रे गाअँर लोकला
घिउँर भगा हे जलेचे .... ॥ ४ ॥

झरली माएर थानते
किसेर भगा हे जलेचे
हो देख, देख रे गाअँर लोकला
घिउँर भगा हे जलेचे .... ॥ ५ ॥

संकलन

हंशा राजवंशी, बाह्रदशी-३

अनुसूची - २

बेहार गीत-१

धुती जामा पिन्हिए बाबा,
धुती जामा पिन्हिए बाबा,
ठाकुरेर अरजी लेछ्न् ।
ठाकुर हामा बेहा करने जाछी .... ॥ १ ॥

जाअ रे सेबक, जाअ रे सेबक
बेहा करने जाअ
सेबक हामार रन-बन
जितिए आसन .... ॥ २ ॥

धुती जामा पिन्हिए बाबा,
धुती जामा पिन्हिए बाबा,
बापेर अरजी लेछन् ।
बाउ हामा बेहा करने जाछी .... ॥ ३ ॥

जाअ रे बेटा, जाअ रे बेटा
बेहा करने जाअ
बेटा हामार रन-बन
जितिए आसन .... ॥ ४ ॥

धुती जामा पिन्हिए बाबा,
धुती जामा पिन्हिए बाबा,
माएर अरजी लेछन् ।
आइ हामा बेहा करने जाछी .... ॥ ५ ॥

जाअ रे बेटा, जाअ रे बेटा
बेहा करने जाअ
बेटा हामार रन-बन
जितिए आसन .... ॥ ५ ॥

संकलन
हंशा राजवंशी, बाह्रदशी-३

बेहार गीत-२

बाबा रे बाप ट गे ....
साउ सौदागर गे, साउ सौदागर गे
ओ गे घरार पर चह्रिया ....
कासाए किने .... ॥ १ ॥

आम्कीर बाप ट गे ....
जलमेर बन्हियार गे जलमेर बन्हियार गे
ओ गे दकाने दकाने ....
कासाए माङ्गे .... ॥ २ ॥

बाबा रे बाप ट गे ....
साउ सौदागर गे, साउ सौदागर गे
ओ गे सनार पतिलाए ....
कासा भाजे .... ॥ ३ ॥

आम्कीर बाप ट गे ....
जलमेर बन्हियार गे जलमेर बन्हियार गे
ओ गे माटी पतिलाए ....
कासाए भाजे .... ॥ ४ ॥

बाबा रे बाप ट गे ....
साउ सौदागर गे, साउ सौदागर गे
ओ गे सनार छ्रामते ....
कासाए कुटे .... ॥ ५ ॥

आम्कीर बाप ट गे ....
जलमेर बन्हियार गे जलमेर बन्हियार गे
ओ गे खुटार छामते ....
कासाए कुटे .... ॥ ६ ॥

संकलन

हंशा राजवंशी, बाह्रदशी-३

अनुसूची - ३

गाइनेर -

बेहुला सुन्दरिर बिदाइ :-

बेहुला - आरे ओइ बिदाइ देअ जननि मा'
ओ जननि मा' बिदाइ दे .... (२)
ना कान्द जननि मा', कान्द ना गे भाल
बाप माएर घरे मुइ, रोहिमु क'त काल
ना कान्द जननि मा', कान्दना खेमा क'र .... ॥

माअ - रान्डा लिए बारि नाइ, बेटि लिया घर
सनार खुरि उब्जिले बेटिडा, ता'ह परार घर ....
बारय बच्छर बेटि तोर नाइ गे पुरे
केमने बन्दिबो बेटि ससुरेर घरे .... (२)
सास ससुर बेटि बरय दुर्जन
अल्पए बएसे बेटि जाबो परार घर ....
मुइना सिकाचु बेटि, मर्हे सिका धर
अल्प बएसे बेटि जाबो परार घर .... (२)
आसिबो बाला लखिन्दर पुत्र सखा सङ्ग लया
पिर्हा पानि दिबो बेटि हेट मुन्ड हया ....
पिर्हा पानि ना दिबो बेटि, आपुनारे दुआरे
सुन्दर पिठित मार दिबे, दुरलप बाला लखिन्दरे ...(२)
पाछाय थाकिबो बेटि, आगाए उठिबो

सास सासुरिर आगे, सुहाग लहिबो ....
बेहाने उठिया बेटि, दिबो छे'र छान
छय जाअक धरिया जाबो सागरे सिनान .... (२)
छय जाअ सिनाबे बेटि, पहिरन खुलाया
तुइ सिनाबो बेटि पहिरन धारिया ....
सिनान धुनान कोरिया बेटि, टिकरे उठिबो
चतुरपास देखिया बेटि, पहिरन गालिबो .... (२)
तिन गटा नारिकल टिहिरा खिचिबो
चन्डिक सुहारन करे, नान्धन ते जाबो ....
प्रथमे अन्न दिबो ससुर साउदागर
तारपाछुत,अन्न दिस माथार छतर(पति बाला लखिन्दर)...(२)
तार पाछुत अन्न दिस, सासुरि तोर माअ
तार पाछे अन्न दिस, रान्डि छय जाअ ....
तार पाछे अन्न आपुने लइबो
दुइ लङ जोखिया बेटि ग्रास करिबो .... (२)
भोकेर चोटे बेटि खाबो बर-बर गास
छय जाअ उठिया कोहोबे, भिकिरि आसिले घरे ... ॥

साभारः

कोच राजवंशीर संस्कार सस्कृतिला- २०७८

अनसूची -४

किर्तिनिया गीत

ओइ प्रेम जागे अन्तरे आरे आमार
आमार आरे अन्तरे गउराङ्ग जागे रे
आमार हृदयेर माझे सधाए जाने रे .... ॥ १ ॥
ओइजे तेल हलिद्रा जागे कुम्भ कुम्भ केसरि
स्याम अङ्गे माइख कोइराछे नब नब नागरि
आमार आन्जुरि आन्जुरि कुस्प, सुर धनि तिरे रे ... ॥ २॥
नदियार महन्त सब हरि बले मुखे

ओइरे कलसाय कलसाय जल ढाले गरार गाए
के'ह सखि मुख मुछाए, के'ह बसन पहिराए रे .... ॥ ३ ॥

साभार

कोच राजवंशीर संस्कार सस्कृतिला- २०७९

अनुसूची - ५

पाचाली गीत

आजि तोक धरिया ओ मोर बरए जाला हइलो रे ....
ओ रे बाच्छा ....
मन कान्दे चे रह्या-रह्या ....
कि ना कइस्नु हामि रे प्रान सामि आए रे आए ...(२)
दारून बिधि रे, दारून बिधुता आ...आ...
एइ कि छिनु अभागनि कपाले ....
दारून बिधि रे ....
दारून बिधुता ....
एइ किलो अभागनि कपाले .... (२)

साभार

कोच राजवंशीर संस्कार सस्कृतिला- २०७९

लेखक तथा सम्पादक-सुपरिवेक्षक परिचय



नाम :- : **टेक नारायण राजवंशी**
ठेगाना :- : बाह्रदशी गा. पा. वडा नं. १, बक्राभ्फारी,
: जिल्ला भ्फापा, कोशी प्रदेश, नेपाल
जन्म मिति :- : वि.सं. २००४ साल चैत १ गते
बुवाको नाम :- : अमर लाल राजवंशी
आमाको नाम :- : तारादेवी राजवंशी
शैक्षिक योग्यता - : अर्थशास्त्रमा स्नात्तोकोत्तर, त्रिवि, नेपाल
सामाजिक योगदान :- : भ्फापा जिल्ला पञ्चायतको पूर्व सभापति,
: आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको संस्थापक सदस्य
: श्रम तथा यातायात पूर्व राज्यमन्त्री
: फोन नं. ९८०१०४३८८३

नाम :- : **पवन कुमार राजवंशी**
ठेगाना :- : कन्काई न. पा. वडा नं. ९, घैलाडुब्बा, मन्त्रीबारी,
: जिल्ला भ्फापा, कोशी प्रदेश, नेपाल
जन्म मिति :- : बि. स. २०२४ साल पुष ४ गते
बुवाको नाम :- : कुलदिप राजवंशी
आमाको नाम :- : जलेश्वरी राजवंशी
शैक्षिक योग्यता :- : स्नात्तक (ललितकला)

सामाजिक योगदान :- : राजवंशी भाषा समाचार सम्पादन (कन्चन जङ्घा एफ.एम. बिर्तामोड)
: कार्यकारी सदस्य, नेपाल पत्रकार महासंघ झापा,
: शिक्षक (चित्रकला)
: फोन नं. ९८४२६३३६२६

नाम :- : **रण कुमार राजवंशी**
ठेगाना :- : बाह्रदशी गा. पा. वडा नं. २, राजगढ पुर्णाहाट
: जिल्ला झापा, कोशी प्रदेश, नेपाल
जन्म मिति :- : वि.सं. २०२६ साल असोज १४ गते
बुवाको नाम :- : भवक लाल राजवंशी
आमाको नाम :- : देववत्ती राजवंशी
शैक्षिक योग्यता :- : बि.ए.बि.एड, त्रिवि, नेपाल
सामाजिक योगदान :- : धुप कविता संग्रह, प्रकाशक - २०५० साल,
: हामार कबिता संग्रह, सम्पादक - २०५७ साल,
: बागडुम्का कबिता संग्रह, लेखक - २०८० साल,
: फोनं. ९८०४९३३६८८

नाम :- : **पानी लाल राजवंशी**
ठेगाना :- : मे.न.पा. वडा नं. १३, दुहागुडी
: जिल्ला झापा, कोशी प्रदेश, नेपाल
जन्म मिति :- : बि. स. २०१० साल वैशाख १ गते
बुवाको नाम :- : हिरा लाल राजवंशी
आमाको नाम :- : फागनी राजवंशी
शैक्षिक योग्यता :- : एस.एल.सी. नेपाल
सामाजिक योगदान :- : रा.स.वि.स. पूर्व केन्द्रीय सदस्य
: कोच राजवंशीको छोटो एतिहासिक परिचय, लेखक - २०७४

: राजवंशी लोक साहित्य, लेखक - २०७६,
: फोन नं. ९७०४७२५२८०

नाम :- : **लखन लाल राजवंशी**

ठेगाना :- : बिर्तामोड.न.पा., वडा नं. ४,
पुरानो बिजुली अफिस,
: जिल्ला झापा, कोशी प्रदेश,
नेपाल
जन्म मिति :- : वि.सं. २०१२ साल असोज ४
बुवाको नाम :- : जामा लाल राजवंशी
आमाको नाम :- : कलमसरी राजवंशी
शैक्षिक योग्यता :- : एस.एल.सी.नेपाल
सामाजिक योगदान :- : *कोच राजवंशी र संस्कार सस्कृतिला*, लेखक -२०७९,
: राजवंशी धरम संस्कार, झापा जिल्ला पूर्व अध्यक्ष,
: राजवंशी समाज बिकास समिति (केन्द्रीय सचिब),
: फोन नं. ९८०७९६०३६५/९८४२७५९९९०

नाम :- : **दल सिंह राजवंशी**

ठेगाना :- : मे.न.पा. वडा नं. १०,
धुलाबारी बजार
: जिल्ला झापा, कोशी प्रदेश,
नेपाल
जन्म मिति :- : वि.सं. २०१० साल श्रावण १० गते
बुवाको नाम :- : भन लाल राजवंशी
आमाको नाम :- : चिल्हो राजवंशी
शैक्षिक योग्यता :- : एस.एल.सी. नेपाल
सामाजिक योगदान :- : रा.स.बि.स. झापा, पूर्व अध्यक्ष,
: रा.स.बि.स.पूर्व केन्द्रीय सदस्य
: *राजवंशी व्याकरण*, लेखक - २०७७ साल
: फोन नं. ९८०४९३८४१२

नामः- : **पामर प्रसाद राजवंशी**

ठेगानाः- : गौरीगंज गाउँपालकिा, वडा नं २

जन्ममितिः- : २०२३ साउन ८

बुवाको नामः- : सतनु राजवंशी

आमाको नामः- : ढेनी राजवंशी

शैक्षकि योग्यताः- : बी.कम. (व्यापार तथा वाणिज्य स्नातक), त्रिवि

सामाजकि योगदानः-

- "राजवंशीर संसार", सृजनात्मक लेख तथा रचना संग्रह, वि.सं. २०५५
- "ओजोत, भाग १ तथा २", राजवंशी अनौपचारिक शिक्षा सामग्री, वि.सं. २०६४
- "सरल नेपाली शिक्षा", राजवंशी साक्षरता कार्यक्रमको परिपुरक पुस्तक
- "राजवंशी भासा सिक्छा", राजवंशी मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यक्रमका पाठ्यपुस्तकहरू, कक्षा १-२०७० असाढ; कक्षा २-२०७० चैत्र; कक्षा ३-२०७० चैत्र; कक्षा ४-२०७१; कक्षा ५-२०७२ चैत्र

नोट- उल्लिखित सम्पूर्ण सामग्रीहरूका प्रकाशकः नेपाली राष्ट्रिय भाषाहरू संरक्षण संस्थान, काठमाडौं

नामः- : **कमल प्रसाद राजवंशी**

जन्ममितिः- : २०२५ फागुन ३

बुवाको नामः- : स्व.दुर्गा प्रसाद राजवंशी

आमाको नामः- : स्व. चिन्तादेवी राजवंशी

शैक्षकि योग्यताः- : बी.कम.

स्थायी ठेगानाः- : गौरीगञ्ज गा.पा., वडा न. ..., खजुरगाँछी, झापा

पेसा :- : समाजसेवी, शिक्षक सेवा, सदस्य सचिव, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

डा. लाल–श्याँकारेलु रापचा, पोष्ट-पीएचडी
सुपरिवेक्षक, समीक्षक एवं भाषा सम्पादन

Dr. Lal-Shyãkarelu Rapacha is working in Nepal's education system and indigenous research for about three decades. In course of his academic journey, he has earned his Ph.D. from Jawaharlal Nehru University, New Delhi in his own Kiranti-Kõits mother tongue's grammar and carried out his Post-Doctoral research on Asian Studies, Languages, and Cultures as a Humboldt Fellow funded by AvH Stiftung (Foundation) in Germany with specific research topic on 'Kiranti-Bayung Grammar, Texts and Lexicon' (one of the endangered indigenous Kiranti languages of Province 1, East Nepal) from February 2008 to June 2010. He has published Eighteen books to his credit and his recent eighteenth publication is on *Kiranti-Kõits Grammar, Texts and Lexicon* (2022) published by LINCOM EUROPA Academic Publications, Germany. Also, he has published Thirty-six research articles in national and international journals, edited Ten journals, and edited Forty-six books on indigenous issues of Nepal. His research interest is focused on Global Indigenous and Decolonial Studies and its inclusion in main-stream education curriculum of Nepal's education system along with future zeal and dream of establishing Nepal Indigenous Peoples' University (NIPU) in the country.

E-mail: kiranti.rapachalal@gmail.com

Refrences

Chatterji, S. K. 1998 [1951 orig]. *Kirata-Jana-Krti.* Calcutta: The Asiatic Society.

Choudhury, A. C. 1993 (5th edn.). *Varieties.* Bongaigaon: Ratnapeeth Prokashan.

Gait, Edward. 1905. *A History of Assam.* Guwahati: Eastern Book House.

Sarkar, K. Ch. 2017. *In Quest of Roots:* Tufanganj, Cooch Bihar, N. K. B.

Nath, R. M. 1978. *The Background of Assamese Culture.*

Baruwa, Kanak Lal. 2007, *The History of Upper Assam*

Wilde, Christopher P. (2008). *A Sketch of the Phonology and Grammar of Rājbanshi* (Ph.D. thesis). University of Helsinki. hdl:10138/19290

सन्दर्भसूची

उपाध्याय, द्रोण कुमार वि.सं.२०५५, राजवंशी जाति एक परिचय :(अप्रकाशित सोध ग्रन्थ), भद्रपुर झापा, राजवंशी भाषा प्रचार समिति केन्द्रीय कार्यालय।

देवी, लखी, १९८४, असम देशेर बुरङजी : लरेन्स रोड दिल्ली, खगेन्द्र नारायण देवरूवा।

पोखरेल, राजकुमार, वि.सं.२०४४, हिन्दु धर्म र नेपाली समाज : (लेख) काठमाडौं, *विस्रान्ती* पत्रिका, वर्ष १, अंक ३।

राष्ट्रिय जनगनना २०६८, २०७८ राष्ट्रिय तथ्याङ्क विभाग : नेपाल सरकार राजवंशी पानीलाल, २०७४, *छोटो ऐतिहासिक परिचय* : बागडुम्का प्रकाशन, बिर्तामोड, झापा।

राजवंशी फुलसिंह, २०५७, *जागरण* : राजवंशी त्रैमासिक पत्रिका, गोपाल च्यारेटी ट्रष्ट के. का. धरान, जि.सि.टि. प्रेस राजविराज।

राजवंशी लखनलाल २०७९, *कोच राजवंशीको संस्कार संस्कृति* : ललितपुरः आ.ज.उ.रा.प्र.सानेपा, क्लासिक प्रिन्टर्स सर्भिस, अनामनगर, काठमाडौं।

समावेशी स्मारिका २०७६, हल्दिबारी-४, वडा कार्यालय सङ्बाङ्भे, जय (सं. २०६९)। नेपाल : लिम्बूवान भूमिको नालीबेली। ललितपुरः सङ्बाङ्भे मेहन्द्र बहादुर।

सिंह, उत्पल, इ.सं.२०२१, *कोच राजवंशी लोक संस्कृति एक भूम्की* : राजगढ, गोवाहाटी।







9 789937 961097